जि.प्र.का. काठमाडौं, द.नं. : ३६३/०७४/०७५

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कून

नेफ्स्कूनको त्रैमासिक प्रकाशन

वर्ष ६ | अंक २० | मुल्य रु. १००/- | माघ-चैत्र २०७८



## साकोस सुदृढीकरण:
# स्तरीकरण स्थिरीकरण

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७८०२०१,
४७८३०७१, ४७८४६५९, इमेल : nefscun@nefscun.org.np

www.nefscun.org.np

नयाँ वर्ष

# २०७९ को

हार्दिक मंगलमय

# शुभकामना



नेफ्स्कून

नेफ्स्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आबद्धता

नेफ्स्कून

**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी
संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता


**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरु**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
सञ्जयराज तिमिल्सीना

**सह-सम्पादक**
राधा पौडेल
रञ्जनमणि पौड्याल

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा.लि.
न्यूप्लाजा, काठमाडौं
०१-४५३६९८६१

**मुल्य**
रु.१००/-




# यस भित्र

| | |
|---|---|
| ६५औं राष्ट्रिय सहकारी दिवस देशभर मनाइयो ................ | १ |
| प्रविधि रुपान्तरणको आयाम ................ | ५ |
| सहकारी क्षेत्रका सकारात्मक नकारात्मक पक्ष ................ | १६ |
| स्थिरीकरण कोषको परामर्श बैठक ................ | २० |
| सहकारी समन्वय सञ्जालको ४८औं बैठक ................ | २५ |
| अभियानमा समन्वयकारी भूमिका आवश्यक ................ | २९ |
| लैङ्गिक मुलप्रवाहिकरण र महिला सशक्तीकरण ................ | ३३ |
| सहकारी यात्रा ................ | ३९ |
| तरलता जोखिम व्यवस्थापन ................ | ४९ |
| बलियो संघ निर्माणका लागि सक्षम टीम ................ | ५२ |
| सहकारीमा एनएफआरएसको प्रयोग ................ | ५४ |
| वित्तीय स्थिरताका लागि तरलता व्यवस्थापन ................ | ५६ |
| लघु उधमबाटै नरमायाको नसोचेको सफलता ................ | ७५ |
| सदस्यहरुमा आर्थिक सशक्तीकरणको ज्योति ................ | ८० |

**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
केन्द्रीय कार्यालय: नयाँ बानेश्वर, काठमाडौं,
फोन नं.: ०१-४७९१९६३, ४७८०२०१, इमेल: nefscun@nefscun.org.np
वेबसाइट: www.nefscun.org.np

**यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक**

# मर्यादित व्यवसाय र प्रविधिमा सहकारी

वित्तीय सहकारीको समावेशी एवम् स्मार्ट सेवा सुनिश्चित गरी सदस्यको जीवनस्तरमा सुधार गर्ने नेफ्स्कूनको ध्येयमार्फत सबल र दिगो वित्तीय सहकारीहरूको साझा सञ्जालको परिकल्पनाले सहकारीमार्फत सेवाको रणनीति सुनिश्चित गरेको छ । नेफ्स्कूनको ४ बर्षे रणनीतिक योजनाले पनि उच्च प्रविधिको व्यापकता मार्फत संस्थाहरूमा डिजिटल रूपान्तरण आधारभूत विषय बन्न पुगेको छ । चैत्र २० गते सहकारी अभियानले ६५औं राष्ट्रिय सहकारी दिवस मनायो । अभियानको शीर्षस्थ संघ राष्ट्रिय सहकारी महासंघले यस बर्षको सहकारी नारा "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" तय गर्‍यो । मर्यादित सहकारी प्रविधियुक्त हुने र प्रविधियुक्त सहकारी मर्यादित हुने भएकोले दुबैबीचको अन्योन्याश्रित सम्बन्धले सहकारीलाई प्रविधिमार्फत सबल, सक्षम र सुशासित बनाउन सकिन्छ भन्ने परिकल्पना गरिएको छ ।

विश्वव्यापी कोभिड प्रभावले पनि भौतिक संसारलाई डिजिटल संसारमा रूपान्तरणको चुनौतिमा विजयप्राप्ति गरेको छ । प्रविधिको आविष्कारले आज मानिसको जीवनपद्धतिलाई सहज, विश्वसनीय, सुरक्षित राख्न सहजता प्रदान गरेको छ । सदस्यहरूलाई सम्पूर्ण वित्तीय समाधान दिन मुख्य डिजिटल लेनदेनका सेवाहरू अनलाइन र मोबाइल बैकिङ, अनलाइन भुक्तानी र अनलाइन ऋण प्रशोधन, बीमा विप्रेषण लगायतका सुविधाहरूले सहकारी अभियानभित्र सञ्जाल निर्माण र व्यवस्थापनमा डिजिटल च्यानलहरूको उपयोगिता सहज बनाइदिएको छ । सदस्यहरूलाई सम्पूर्ण वित्तीय समाधानको लागि संस्थागत पुँजीको विकास गर्दै वित्तीय सहकारीले निरन्तर उच्च प्रविधिमा आधारित गुणस्तरीय सेवा दिनु पर्दछ । दिगो वित्तीय सेवाको लागि संस्थाले सञ्चालन खर्च, लागत खर्च, बचत र ऋणमा स्वच्छ ब्याजदर, सेयरमा उचित लाभांश, वित्तीय सुचकांकको सन्तुलित, सुरक्षित विश्वसनीयताको अवस्थामा ध्यान दिई सदस्यको विश्वास, प्रविधि र उपकरणको प्रभावकारी सञ्चालनको माध्यमबाट संस्थाको दिगोपना र स्थायित्वको प्रत्याभूति गर्नु पर्दछ । प्रविधिको युगान्तकारी परिवर्तनले वित्तीय प्रविधिमा नयाँ विकासका आयामहरूलाई सम्बोधन गरेको छ । आधुनिक युगमा सेवा सहितको सफ्टवयेरको विकास भईरहेको सन्दर्भमा यसको सञ्चालन प्रणालीलाई प्रभावकारी बनाउन डिजिटल रूपान्तरणलाई उपयोग गर्दै परम्परागत संरचनालाई बदल्नु पर्दछ । विश्व ऋण परिषद् (WOCCU) ले Challenge 2025 भनेर विश्वव्यापी रूपमा डिजिटाइजेशन र सर्भिटाइजेशनमा नयाँ प्राविधिक आयामहरूलाई सम्बोधन गर्न नयाँ रणनीतिक प्रक्षेपण गरेको छ ।

वित्तीय बजारमा क्रमिक रूपमा विकास हुँदै गएको पैसा रहित र चेक रहित वित्तीय कारोबार तथा कागज रहित प्रशासनिक प्रणालीको प्रभावकारी सञ्चालन र कुशल व्यवस्थापनका लागि नयाँ खोज र सोचलाई उच्चतातर्फ लैजानु आवश्यक छ । त्यसमा नेफ्स्कूनले रणनीतिक योजना सहित उच्चस्तरको प्रविधिको विकल्प पहिचान गरी कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको छ ।

संरक्षक: परितोष पौड्याल, अध्यक्ष, नेफ्स्कून

सूचना तथा प्रकाशन उपसमिति संयोजक: चन्द्र प्रसाद ढकाल । सदस्यहरू: विपिन शर्मा, लिला थापा, जगदिश भट्टराई, सालिकराम पुडासैनी

सम्पादक: सञ्जयराज तिमिल्सीना

सह-सम्पादक: राधा पौडेल, रञ्जनमणि पौड्याल

**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

केन्द्रीय कार्यालय: नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७९११९६३, ४७८०२०१, इमेल: nefscun@nefscun.org.np
वेबसाइट: www.nefscun.org.np

# ६५औं राष्ट्रिय सहकारी दिवस देशभर विविध कार्यक्रम गरी मनाइयो




“मर्यादित व्यवसाय र प्रविधिमा सहकारी” भन्ने यस बर्षको सहकारी नारा सहित ६५औं राष्ट्रिय सहकारी दिवस देशव्यापी रूपमा हर्सोल्लासका साथ मनाइएको छ । नेपालमा सहकारी स्थापना भएको दिनको स्मरणमा हरेक वर्ष चैत्र २० गते सहकारी दिवस मनाइन्छ । सहकारी अभियानको सम्भवतः सबैभन्दा ठूलो पर्वका अवसरमा देशभर नै प्रारम्भिक संस्थादेखि, जिल्ला, प्रदेश र केन्द्रीय स्तरमा समेत विविध सप्ताहव्यापी कार्यक्रमहरू सहित दिवस मनाइएको थियो । राष्ट्रिय सहकारी महासंघले दिवसको पूर्वसन्ध्यामा चैत्र १९ गते विशेष समारोहको आयोजन गरेको थियो । कार्यक्रममा सहकारी व्यवसाय मर्यादित एवम् प्रविधियुक्त बन्नुको विकल्प नरहेकोमा सरोकारवालाहरूले जोड दिएका थिए ।

मर्यादित व्यवसाय र प्रविधिमा सहकारी भन्ने ६५औं राष्ट्रिय सहकारी दिवसको नाराले सुशासन र प्रविधिलाई जोड दिएको भन्दै वक्ताहरूले मर्यादित सहकारी प्रविधियुक्त र प्रविधियुक्त सहकारी नै मर्यादित हुने भएकोले दुबैबिच अन्योन्याश्रित सम्बन्ध रहेको स्पष्ट पारेका थिए । महासंघका अध्यक्ष मिनराज कडेलको अध्यक्षता, राष्ट्रिय योजना आयोगका सदस्य दिलबहादुर गुरूङ, महासंघका निवर्तमान अध्यक्ष केशव बडाल, संस्थापक अध्यक्ष दिपकप्रकाश बाँस्कोटा, सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डित, नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल लगायतको आतिथ्यता कार्यक्रममा रहेको थियो ।

सोही अवसरमा राष्ट्रिय सहकारी महासंघले सहकारी क्षेत्रका उत्कृष्ट व्यक्ति तथा संघ संस्थाहरूलाई सम्मान तथा पुरस्कारको घोषणा समेत गरेको थियो । सम्मान तथा पुरस्कृत घोषित हुनेहरूमा राष्ट्रिय सहकारी पुरस्कार २०७८ बाट वरिष्ठ सहकारी अभियन्ता विजयराज घिमिरे, उत्कृष्ट सहकारी कर्मचारी पुरस्कार, २०७८ बाट जिल्ला बचत तथा ऋण सहकारी संघ लि., भक्तपुरका व्यवस्थापक बालकृष्ण ध्वजु, उत्कृष्ट सहकारी पुरस्कार २०७८ बाट जिल्ला सहकारी संघ लि., दोलखा पुरस्कृत घोषित भएका छन् ।

महासंघले उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, २०७८ अन्तर्गत सातवटै प्रदेशका उत्कृष्ट सहकारीलाई पुरस्कृत गर्ने घोषणा गरेको हो जसमध्ये प्रदेश नं. १ बाट मेची बहुउद्देश्यीय सहकारी संस्था लि., दमक झापा, मधेश प्रदेशबाट बागदेव दुग्ध उत्पादक सहकारी संस्था लि., निजगढ बारा, बागमती प्रदेशबाट हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि., तिनकुने, काठमाडौं, गण्डकी प्रदेशबाट



कालिगण्डकी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि., पैंयुपाटा, बागलुङ्, लुम्बिनी प्रदेशबाट सिको बचत तथा ऋण सहकारी संस्था लि., ठाकुरबाबा, बर्दीया, कर्णाली प्रदेशबाटबाट जनहितकारी बचत तथा ऋण सहकारी संस्था लि., वीरेन्द्रनगर, सुर्खेत र सुदुरपश्चिम प्रदेशबाट एकता प्रगतिशील बचत तथा ऋण सहकारी संस्था लि., गोदावारी, कैलाली पुरस्कृत हुने भएका हुन् ।

त्यसैगरी सहकारी दिवसका अवसरमा चैत्र २० गते सहकारी विभागले पनि विशेष कार्यक्रम आयोजना गरेको थियो । विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितको अध्यक्षता तथा सहकारी अभियानका मूर्धन्य व्यक्ति एवम् नेफ्स्कूनका पूर्व अध्यक्ष कैलाशभक्त प्रधानाङ्गको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा सहकारी क्षेत्रलाई सुशासित, मर्यादित र प्रविधिमैत्री बनाउन अभियान र सरकार हातेमाले गरेर अघि बढ्नुको विकल्प नभएको धारणा व्यक्त भएको थियो ।



भक्तपुरको चाँगुनारायण नगरपालिका र नगर सहकारी सञ्जालको संयुक्त आयोजनामा चैत्र २० गते सहकारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको थियो । नगर उपप्रमुख विना बास्तोलाको अध्यक्षता तथा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल र महासचिव दामोदर अधिकारीको क्रमशः प्रमुख र विशेष आतिथ्यता रहेको थियो ।

अध्यक्ष पौड्यालले ६५औं राष्ट्रिय सहकारी दिवसको थिम "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" लाई आत्मसाथ गर्दै नगरपालिकाद्वारा आयोजित अन्तरक्रिया समयसान्दर्भिक रहेकोमा धन्यवाद साथै शुभकामना व्यक्त गर्नुभएको थियो । नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले सहकारी नारा "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" साथै सहकारीका समसामयिक सबालहरूमा कार्यपत्र प्रस्तुतीकरण गर्नुभएको थियो ।

जिल्ला सहकारी संघ काठमाडौंले सहकारी दिवसको पूर्वसन्ध्यामा अनाथ आश्रमका बालबालिकाहरूमा खाद्यान्न, नगद तथा एक थान कम्प्यूटर सहयोग उपलब्ध गराएको थियो । जिल्ला सहकारी संघ काठमाडौंका अध्यक्ष ज्ञानबहादुर तामाङको अध्यक्षता तथा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालद्वारा काठमाडौंको गागलफेदीमा रहेको हाम्रो सुनौलो संसार अनाथ आश्रमका बालबालिकाहरूका लागि सहयोग सामग्री हस्तान्तरण गरिएको थियो ।



सहकारी दिवसका अवसरमा सिद्धार्थनगर नगरपालिका र मूल समारोह समिति सिद्धार्थनगरको संयुक्त आयोजना तथा भैरहवा क्षेत्रका ३९ सहकारी संस्थाहरूको सक्रियतामा राष्ट्रिय सहकारी दिवस २०७८ तथा पुरस्कार र सम्मान कार्यक्रम गरिएको थियो । नगरपालिकाले विभिन्न विधामा उत्कृष्ट हुने पाँच सहकारी संस्थाहरूलाई सम्मान तथा पुरस्कृत गरेको थियो । पुरस्कृत हुनेमा एकीकरण पछिको लुम्बिनी उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था लि, उत्कृष्ट व्यवसाय तर्फ नेपाल बहुमुखी सहकारी संस्था लि, उत्कृष्ट सहकारी व्यवस्थापनमा अंकुर बचत तथा ऋण सहकारी संस्था लि, सहकारी अभियानको क्षेत्रमा उत्कृष्ट व्यवस्थापक तर्फ लुम्बिनी बचत तथा ऋण सहकारी संघ लि. का प्रबन्धक राम प्रसाद बराल र उत्कृष्ट सहकारी




अभियान तर्फ गौरवान्वित बचत तथा ऋण सहकारी संस्था लि.पुरस्कृत तथा सम्मानित भएका थिए भने प्रभातफेरीमा सहभागी सम्पूर्ण ३८ वटा सहकारी संस्थाहरूलाई सम्मान गरिएको थियो ।

जिल्ला सहकारी संघ लि. मोरङको आयोजनामा लेटाङमा सहकारी दिवस विशेष कार्यक्रमको आयोजना गरिएको थियो । संघका अध्यक्ष डिल्ली पोखरेलको सभापतित्वमा आयोजित कार्यक्रममा प्रदेश नं १ का मुख्यमन्त्री परशुराम खापुङ प्रमुख अतिथि, मोरङ क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित घनश्याम खतिवडा, प्रदेश नं १ का भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री ओमप्रकाश सरावगी, प्रदेशका यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्र प्रसाद घिमिरे, राष्ट्रिय सहकारी महासंघ नेपालका उपाध्यक्ष रमेश प्रसाद पोखरेल, लेटाङ नगरपालिकाका नगरप्रमुख, कानेपोखरी गाउँपालिकाका प्रमुख तारा बहादुर काफ्ले, नेफ्स्कून सञ्चालक सदस्य गोमा नेपाल, संघका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल लगायतको सहभागिता थियो ।

भक्तपुर जिल्ला बचत संघको आयोजनामा जिल्लास्थित जिल्ला सहकारी संघ, जिल्ला कृषि सहकारी संघ र जिल्ला बहुउद्देश्यीय सहकारी संघहरूको समन्वयमा प्रभातफेरीको कार्यक्रम सहित भक्तपुर टौमढीमा विशेष समारोहको आयोजना गरिएको थियो । प्रभातफेरी कार्यक्रममा १२४ वटा संस्थाहरूबाट ३००० जनाभन्दा बढी सहकारीकर्मीहरूको सहभागिता रहेको थियो ।

मकवानपुर गाउँपालिकाले वडा नं ६ स्थित भालुखोलामा सहकारी दिवस विशेष समारोहको आयोजना गरेको थियो । गढी गाउँपालिका–५ को धादिङ बजार र वडा नं. ६ को गुर्दम खोलाबाट र्‍याली प्रदर्शन गरेको थियो भने समारोहमा सहकारी क्षेत्रमा उच्च योगदान गरेका सहकारीकर्मीहरूलाई सम्मान समेत गरेको थियो ।

सहकारी अभियानमा अग्रसर प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायण प्रसाद देवकोटा र जिल्ला सहकारी संघका पूर्व अध्यक्ष, केन्द्रीय सहकारी महासंघका पूर्व सदस्य बद्री प्रसाद लम्साललाई सम्मान गरेको थियो ।


गाउँपालिकामा विभिन्न कृषिकर्म तथा पशुकर्म गर्ने किसानलाई, दिवसमा उत्कृष्ट र्‍याली प्रदर्शन गर्ने सहकारी संस्थालाई र गाउँपालिकाभित्र रहेका विभिन्न उद्देश्य बोकेका सहकारीलाई सम्मान गरेको थियो ।

त्यसैगरी ललितपुर मूल समारोह समिति, हेटौंडा मूल समारोह समिति र कास्की जिल्ला सहकारी संघले पनि विविध कार्यक्रमको आयोजनासहित ६५औं राष्ट्रिय सहकारी दिवस मनाएका थिए ।

नेफ्स्कून दाङ फिल्ड कार्यालय र जिल्ला बचत संघ दाङले पनि सहकारी दिवसको अवसरमा बृहत रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । त्यसैगरी जिल्ला जिल्लामा विविध कार्यक्रमको आयोजना सहित विभिन्न विषयत संघहरू र प्रारम्भिक सहकारी संस्थाहरूले सहकारी दिवस सभ्य र भव्य रूपमा हर्सोल्लासका साथ सम्पन्न गरेका थिए ।



# समृद्धिमा सहकारीको महत्वपूर्ण भूमिका




भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले राष्ट्रिय सहकारी विकास बोर्डको सह–अध्यक्षमा नियुक्त मित्रराज दवाडीलाई नियुक्ति पत्र प्रदान गर्नुका साथै प्रतिबद्धता जाहेर गराउनुभएको छ । माघ १३ गते आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले खारेजीको चरणमा पुगेको सहकारी बोर्डले पुर्नजीवन पाएको बताउँदै सहकारी क्षेत्रलाई सही दिशामा लैजान बोर्डले अहम् भुमिका खेल्नुपर्ने बताउनुभयो । हालै मन्त्री परिषदले चितवनका सहकारी अभियन्ता दवाडीलाई बोर्डको सह अध्यक्षमा नियुक्त  गरेको थियो । सहकारी बोर्डको अध्यक्ष समेत रहनुभएकी मन्त्री श्रेष्ठले नीतिगत रूपमा देखिएका समस्या हल गर्दै सहकारी क्षेत्रलाई अनुशासित र मर्यादित बनाउन जोड दिनुपर्ने बताउनुभयो । सहकारीका सर्वमान्य सिद्धान्त, मूल्य र मान्यता अनुसार सहकारीलाई अगाडी बढ्न र बढाउन सहकारी बोर्डको भूमिका महत्वपूर्ण हुने मन्त्री श्रेष्ठले बताउनुभयो ।

सहकारी बोर्डको आवश्यकता र औचित्य अझै छ भन्ने कुराको पुष्टी गर्नु आवश्यक रहेको उहाँको भनाइ थियो । नवनियुक्त सहअध्यक्ष दवाडीले सहकारी क्षेत्रमा रहेका समस्या समाधान गर्न नीतिगत पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# साकोस व्यवस्थापक गोष्ठी सम्पन्न




'साकोस व्यवस्थापक गोष्ठी –२०७८' सुनसरीको इटहरीमा चैत्र १९ गते सम्पन्न  भएको छ । बचत तथा ऋण सहकारी संघ लि., सुनसरी को आयोजना, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून र राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सञ्चालित दुईदिने गोष्ठीले साकोस सुदृढीकरणका लागि दीर्घकालिन रणनीतिक मार्गचित्र तय गर्ने विश्वास सहभागीहरूले लिएका छन् ।

प्रदेश नं. १ का भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री ओमप्रकाश सरावगीले चैत्र १८ मा उद्घाटन गर्नुभएको गोष्ठी राष्ट्रिय सहकारी महासंघकी सञ्चालक अमृता सुब्बाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

विशिष्ट अतिथि, अतिथि एवम् स्थानीय साकोस प्रतिनिधिहरू सम्मिलित गोष्ठीमा ५६ बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापकहरूको सहभागिता रहेको थियो । दुई दिने गोष्ठीमा सहकारी अभियानका समसामयिक विषय, विद्यमान तरलता संकट, साकोसको प्रभावकारी सञ्चालनका लागि सञ्चालक व्यवस्थापक बीचको सम्बन्ध, सहकारीमा आयकर सम्बन्धी कानुनी व्यवस्थाहरूको विषयमा विस्तृत अन्तरक्रिया भएको थियो ।

कार्यक्रममा सहभागी साकोस व्यवस्थापकहरूबाट साकोसको रणनीतिक योजना निर्माणको प्रतिबद्धता समेत जाहेर भएको नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत पोखरेलले जानकारी गराउनुभयो । दुइ दिवसीय गोष्ठी साकोस सुदृढीकरणका लागि कोशेढुङ्गा बन्ने विश्वास लिइएको उहाँले व्यक्त गर्नुभयो ।

गोष्ठीको पहिलो दिन नेफ्स्कूनका निवर्तमान कोषाध्यक्ष केशव पोखेलबाट वित्तीय संकट र तरलता व्यवस्थाप र राष्ट्रिय सहकारी महासंघका सञ्चार अधिकृत राम सुदन तिमिल्सिनाबाट सञ्चालक र व्यवस्थापन बीचको सम्बन्ध विषयक प्रस्तुतीकरण भएको थियो भने दोस्रो दिन नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलबाट सहकारीमा रणनीतिक व्यावसायिक योजना र आन्तरिक राजश्व कार्यालय धरानका प्रमुख गोविन्दराज आचार्यबाट सहकारी संघ संस्था सम्बद्ध आयकरका कानुनी व्यवस्थाहरू विषयक कार्यपत्र प्रस्तुतीकरण भएको थियो ।



# नेफ्स्कूनले परिकल्पना गरेको प्रविधि रुपान्तरणको आयाम



**परितोष पौड्याल**
**अध्यक्ष**
नेफ्स्कून

परिकल्पनाले ध्येयको सेवा गर्ने कि ? ध्येयले परिकल्पनाको सेवा गर्ने ? भन्ने विषयमा परम्परागत रूपमा चल्दै आएको मान्यतालाई परिमार्जन गर्दै नेफ्स्कूनले परिकल्पनाले ध्येयको सेवा गर्ने रणनीति अंगिकार गऱ्यो । वित्तीय सहकारीको समावेशी एवम् स्मार्ट सेवा सुनिश्चित गरी सदस्यको जीवनस्तरमा सुधार गर्ने ध्येयलाई सबल र दिगो वित्तीय सहकारीहरूको साझा सञ्जालको परिकल्पनाले सेवा गर्ने विषयलाई सुनिश्चित गऱ्यो । विगतमा बलियो संघ बनाउने रणनीतिहरू तर्जुमा गर्दथ्यो । यो पटक देखि संघले बलिया र स्तरीकृत संस्थाहरू बनाउने रणनीतिलाई अंगिकार गरेको छ । उच्च प्रविधिको व्यापकता संस्थाहरूलाई डिजिटल रूपान्तरण आधारभूत विषय बन्यो । यहि बिषयलाई मध्यनजर गर्दै विश्व ऋण परिषदले डिजिटलाईजेशनलाई सम्बोधन गर्न (Challenge 25) चुनौति २०२५ एउटा गन्तब्यको रूपमा अगाडि सारेको छ । भौतिक संसारलाई डिजिटल संसारमा रूपान्तरणको चुनौतिमा विजयप्राप्तिको लागि डिजिटलाईजेशनको मापनको रूपमा संस्थाको सम्पूर्ण वित्तीय क्रियाकलापहरूलाई तीन आधारभूत विषयहरू सिर्जना, नवसिर्जना (अनुप्रयोग) र समावेशितामा बर्गीकृत गरिएको छ ।

**सिर्जना**: सिर्जना मावन सभ्यताको यस्तो विषय हो जुन आविष्कारसँग जोडिएको हुन्छ । यस्तो उपकरण वा प्रविधिको आविष्कारले मानिसको जीवनपद्धतिलाई सहज, विश्वसनीय, सुरक्षित, पारदर्शी, भरपर्दो र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ ।

**नवसिर्जना**: सिर्जना मानिसको चिन्तन पद्धतिलाई व्यवहार, प्रयोग र अभ्यासमा ल्याउने कला हो जुन अनुप्रयोगको माध्यमले प्रकट हुन्छ । यसले मानव सिर्जनालाई प्रभावकारी बनाउँछ र उपयोगिता बढाउँछ ।

**समावेशिता**: सहकारी अभियानलाई प्रविधिमैत्री बनाउनका लागि विद्युत्तीय उपकरण तथा प्रविधिमा सदस्य संस्थाको सुलभ पहुँच र वित्तीय समाधानका अनुप्रयोगहरूमा संस्थाका सदस्यलाई उपयुक्त छनौटको अवसर सिर्जना गर्नु पर्दछ । उदाहरणको लागि मोबाइल सिर्जना हो भने मोबाइलमा प्रयोग हुने एप्लीकेशन अनुप्रयोगहरू नवसिर्जना हुन । सदस्यको बीचमा वित्तीय प्रविधिको प्रयोग, सेवा र उत्पादनको लागत घटाएर सञ्चालनलाई सुव्यवस्थित वा सदस्य अनुभव सुधार गरेर मुल्य अभिवृद्धि गर्न डिजिटलाईजेनको अपरिहार्यता बढेर गएको छ । डिजिटल युगमा प्रवेश गर्नको लागि मुलत ५ प्रकृतिका वित्तीय विद्युत्तीय प्रविधिहरूमा हाम्रा कानुनी संहिताहरूले सम्बोधन गर्नु पर्दछ ।

- **डिजिटल च्यानलहरू** : सदस्यहरूलाई सम्पूर्ण वित्तीय समाधान दिन मुख्य डिजिटल लेनदेनका सेवाहरू अनलाइन र मोबाइल बैंकिङ, अनलाइन भुक्तानी र अनलाइन ऋण प्रशोधन, बीमा र विप्रेषणका अनुप्रयोगहरूको उपयोग, राष्ट्रिय पुँजी निर्माण र सामाजिक पुँजीको निर्माणमा सञ्जाल व्यवस्थापन जस्ता विषयमा डिजिटल च्यानलहरूको उपयोग गर्नु पर्दछ ।
- **साझा प्लेटफर्महरू** : साकोसहरूलाई राष्ट्रिय भुक्तानी प्रणालीसँग एकीकृत हुने गरि साझा भुक्तानी प्रणालीमा जडान गरि मोबाइल भुक्तानीको अनुमति लिनु पर्दछ । राष्ट्रिय भुक्तानी सेवा प्रदायकको रूपमा वित्तीय सहकारीलाई स्वीकार गर्नु पर्दछ ।
- **जोखिम व्यवस्थापन** : वित्तीय कारोबारलाई सुरक्षित र भरपर्दो बनाउन सदस्यहरूको पहिचान र सदस्यहरूको डाटालाई डिजिटल आक्रमण र घुसपैठबाट जोगाउन राष्ट्रिय नियमहरूको पालना गर्न साइवर सुरक्षा प्रणालीको कार्यान्वयन गर्नुपर्छ ।
- **डाटा विश्लेषण** : सदस्यहरूको इच्छा, आवश्यकता र चाहना अनुरूपको थप सेवा प्रस्तावहरू निर्धारण गर्न डाटा विश्लेषण प्रयोग गर्दै वित्तीय शिक्षा, सेवाको परिपुर्ति, विद्युत्तीय प्रविधिका आधारमा जीवनका समाधान दिन सहज हुन्छ ।
- **वित्तीय प्रविधिको शिक्षा** : नागरिकमा शैक्षिक स्तर भएता पनि वित्तीय प्रविधिको प्रयोगको अभ्यास नहुँदा वित्तीय प्रविधिको माध्यमबाट रकमान्तर गर्न वित्तीय प्रविधिको शिक्षा (fintech education) लाई आम नागरिकको दैनिकीसँग जोडनुपर्दछ ।

बदलिंदो वर्तमान र आसन्न भविष्यमा वित्तीय मध्यस्थता र वित्तीय उपकरणको प्रयोगमा सिर्जना र नवसिर्जनाका क्रियाकलापहरू तीव्र रूपमा विकसित भईरहेका छन । यसले वित्तीय क्षेत्रमा समय, स्रोत, संशाधन र सञ्चालन लागतलाई न्यून गर्दैछन । वित्तीय सहकारीले सदस्यले स्वीकार गर्नसक्ने मुल्य निर्धारण गरि सदस्यलाई दिने सेवाका लागि संस्थालाई वित्तीय सक्षमता, सदस्यलाई वित्तीय उपलब्धता र सदस्यहरूको वित्तीय पहुँचलाई सुनिश्चित र प्रभावकारी बनाउनु पर्दछ । सहकारीमा अवसरको उपलब्धतामा र वित्तीय पहुँचमा समानता हुन्छ । सहकारीको स्थापना समाजमा बहिष्करण र वाधाहरूका विरूद्ध उस्तै विचार भएका मानिसलाई संगठित र सम्बोधन गर्न हो । आधुनिक युगमा नेपालको सन्दर्भमा सहकारी समाजवाद निर्माणमा आर्थिक नेतृत्व र देशको नेतृत्वको मुख्य धारको सोच हो । नेपालको अर्थराजनीतिको संवैधानिक दायित्व पुरा गर्न औपचारिक वित्तीय प्रणाली मार्फत विशाल जनसंख्यामा कारोबार, भुक्तानी, बचत, ऋण र बीमाको पहुँच भरपर्दो र दिगो रूपमा विस्तार गर्नु हो । सदस्यहरूले सैद्धान्तिक गति र कुशल अनुभवबाट सदस्यहरूलाई उपयोगी र सस्तो वित्तीय उत्पादन र सेवा स्थायी रूपमा र आपसी समझदारीमा पुरा गर्दछन् । यस्तो वित्तीय समावेशीकरण गरिबी निवारण र समृद्धिको आधार हो ।

## दिगो वित्तीय सेवा :

सदस्यहरूलाई सम्पूर्ण वित्तीय समाधानको लागि संस्थागत पुँजीको विकास गर्दै वित्तीय सहकारीले निरन्तर उच्च प्रविधिमा आधारित गुणस्तरीय सेवा दिनु पर्दछ । सम्पूर्ण वित्तीय क्रियाकलापमा बचत, ऋण, बीमा, विप्रेषण, सामाजिक पूँजी निर्माण र सदस्य मार्फत औद्योगिक लगानीका अधारहरू



सिर्जना गर्नु पर्दछ ।  दिगो वित्तीय सेवाको लागि संस्थाले सञ्चालन खर्च, लागत खर्च, बचत र ऋणमा स्वच्छ व्याजदर, सेयरमा उचित लाभांश, वित्तीय सुचकांकको सन्तुलित, सुरक्षित विश्वसनियताको अवस्थामा ध्यान दिई सदस्यको विश्वास, प्रविधि र उपकरणको प्रभावकारी सञ्चालनको माध्यमबाट संस्थाको दिगोपना र स्थायित्वको प्रत्याभूति गर्नु पर्दछ ।

दिगो वित्तीय सेवाका लागि दुई आधार हुन्छन् : वित्तीय कारोबारको दिगोपना र संस्थाको दिगोपनाको लागि वित्तीय बजारमा सहकारीलाई डिजिटलाईजेशन गर्नु पर्दछ । सुलभ वित्तीय पहुँच र वित्तीय सक्षमता, बचत र ऋणमा प्रतिस्पर्धात्मक व्याजदर सहितको स्थान, अध्यावधिक नीति र आधुनिक प्रविधिको आधारमा प्रभावकारी सञ्चालन र कुशल व्यवस्थापन तथा कर्मचारीको सन्तुष्टि, सदस्यताको विस्तार तथा सन्तुष्टि, अनिवार्य नियमित बचत तथा उद्यमशीलतामा आधारित ऋणको आकारमा वृद्धिको माध्यमबाट दिगो वित्तीय सेवालाई सुनिश्चित गर्नु पर्दछ । यसको आधारको रूपमा अब साकोसको यात्रा वित्तीय सेवाको प्रभावकारी सञ्चालन हो । वित्तीय क्षेत्र अत्यन्त गतिशील क्षेत्र हो, हामीले प्रयोग गरेका प्रविधिहरू समयक्रममा बदलिन्छन्, परिवर्तित हुन्छन् । आर्थिक नीति, मौद्रीक नीति, वित्तीय प्रविधि, मुद्रास्फीति दर, उत्पादन र सेवाको विविधिकरणको आधारमा प्रविधिको रणनीतिक विकास गर्नुपर्दछ । यो नियमित प्रक्रिया पनि हो ।

नेपालको संविधानले जसरी सहकारी क्षेत्रलाई प्राथमिकतामा राख्यो ऐन कानुन खासगरि वित्तप्रणालीसँग जोडिएका कानुनहरू, राष्ट्र बैंकको कानुनी संहिताहरू सहकारीमैत्री बनाउन सकिएको छैन । प्रविधिको युगान्तकारी परिवर्तनले वित्तीय प्रविधिमा नयाँ विकासका आयामहरूलाई सम्बोधन गरेको छ । बहुच्यानल विधिले एकचोटी प्रिन्ट, विज्ञापन, एटीएमहरूबाट क्रमिक रूपमा मोबाइल अनुप्रयोगहरू, सामाजिक सञ्जालहरू, वेबसाइटहरूको प्रयोग मार्फत गुणस्तरीय सेवाका लागि बहुच्यानल विधिको प्रयोग गर्न थालिएको छ ।

नवप्रवर्तन प्रकाशको गतिमा सर्छ । अब वित्तीय सहकारीको व्यवसायमा फिनटेकले उन्नत प्रविधि, वस्तु र सेवाको इन्टरनेट, कृतिम बुद्धिमत्ता, मेशिन लर्निङ, पूर्वअनुमान विश्लेषण, क्लाउड प्लेटफर्म, मोबाइल समाधान जस्ता नयाँ आयामलाई सम्बोधन गर्नु पर्दछ । सेवाको विश्वसनीयता र सर्वस्विकार्यतामा आधारित डिजिटाइजेशन, डिजिटलाईजेशन र डिजिटल रूपान्तरण र सर्भिटाईजेशन सेवा सहितको सफ्टवेयर जस्ता प्रविधिमा देखिएका विविधिकरणले मानव सभ्यता नयाँ उचाइमा पुग्दै छ । आधुनिक युगमा सेवा सहितको सफ्टवेयरको विकास भईरहेको सन्दर्भमा यसको सञ्चालन प्रणालीलाई प्रभावकारी बनाउन डिजिटाइजेशन, डिजिटलाईजेशन र डिजिटल रूपान्तरणलाई उपयोग गर्दै पम्परागत संरचनालाई वदल्नु पर्दछ । विश्व ऋण परिषद (WOCCU) ले Challenge 2025 भनेर विश्वव्यापी रूपमा डिजिटाईजेशन र सर्भिटाईजेशनमा नयाँ प्राविधिक आयामहरूलाई सम्बोधन गर्न नयाँ रणनीतिक प्रक्षेपण गरेको छ ।

वित्तीय वजारमा क्रमिक रूपमा विकास हुँदै गएको पैसा रहित र चेक रहित वित्तीय कारोबार तथा कागज रहित प्रशासनिक प्रणालीको प्रभावकारी सञ्चालन र कुशल व्यवस्थापनका लागि नयाँ खोज र सोचलाई उच्चतातर्फ लैजाँदैछ । वित्त प्रणालीमा artificial intelligence ले स्थान लिंदै जाँदा सबै कारोबार प्रणालीलाई द्रुत, भरपर्दो, पारदर्शी, प्रभावकारी बनाईरहेको छ । डिजिटलाईजेशनको विकास सँगै मोबाइल बैंकिङ, एप्लीकेशनहरूको प्रयोग अब शाखारहित वित्त प्रणाली, मानवरहित कारोबार प्रणालीको विकास हुँदै छ । संसारमा डिजिटलाईजेशनको तीब्र विकासले सेवालाई सफ्टवेयर मार्फत सञ्चालन गरि मानिसको समय, शक्ति र क्रियाकलापमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गर्ने तथा मानव उपयोगिताका सबै प्रकृतिका उत्पादन एवम् सेवामा मानव रोर्वट, स्वचालित उपकरण र अनुप्रयोगको प्रयोग मार्फत उपयोग गर्ने विधिलाई सर्भिटाइजेशन भनिन्छ । यसरी डिजिटाईजेशन र सर्भिटाईजेशनले मानिसको उर्जा र शक्तिलाई अनुसन्धान, विकास, प्रवर्द्धन र नव प्रवर्तनमा प्रयोग गर्ने वातावरणको सिर्जना गर्दैछ । जसले हाम्रो जीवनमा प्रत्यक्ष र परोक्ष प्रभाव पार्दैछ । त्यसैले अव वित्तीय सहकारी अभियानको महत्वपूर्ण क्षेत्रको रूमपा अनिवार्य विकासको हाम्रो भविष्य डिजीटाइजेशन र सर्भिटाइजेशन हुनेछन् ।

## वित्तीय विद्युतीय शिक्षा :

सिर्जना र नवसिर्जनाले नै विद्युत्तीय कारोबारमार्फत संस्थाको सञ्चालन लागत कम गर्दछ र सेवाको प्रभावकारितालाई सुनिश्चित गर्दछ । विद्युत्तीय वित्तीय कारोबार सञ्चालन, व्यवस्थापन र विकास गर्न ज्ञान, सीप र क्षमताको वृद्धि गरि सेवा प्रदायकसँग प्रतिस्पार्धाको माध्यमले उत्कृष्टता स्थापित गर्न सहयोग पुग्दछ । संस्थाले आफ्ना सदस्यलाई आर्थिक, सामाजिक, लोकतान्त्रिक र व्यावसायिक विकासको लागि व्यक्तिगत वित्त परिचालन, पैसाको हस्तान्तरण र लगानी प्रवर्द्धन सहित वित्तीय शिक्षा र सक्षम वित्तीय साक्षरताको ज्ञान दिनुपर्छ । वित्तीय शिक्षा, तालिम र प्रशिक्षण मानव जीवनको अपरिहार्यता हो ।

समयको सापेक्षतामा विकास भएका बचत, ऋण, ऋणको वृहत्तर प्रयोग, वित्तीय योजना र व्यक्तिगत र पारिवारिक बजेटको माध्यमबाट आर्थिक विकास कुल ग्राह्स्थ उत्पादनमा बृद्धि, राष्ट्रिय आयमा बृद्धि र प्रतिव्यक्ति आयमा योगदान पुऱ्याउनु पर्दछ । सहकारी संस्थाले हरेक सदस्यलाई

आफ्नो वित्तीय स्रोत र आवश्यकताको सुनिश्चिताको लागि मात्र नभएर सदस्यको जीवनस्तर विकासको लागि पनि वित्त परिचालनको प्रभावकारी निर्णय लिने कौशलता र वित्तीय ज्ञानको लागि सीप, तालिम र सूचना दिनु पर्दछ । संस्थाले सदस्यलाई सदस्यका आधारभूत अधिकार, सहकारी संस्थाका आधाभूत मान्यता र व्यक्तिका मुख्य दायित्वको शिक्षा पनि प्रदान गर्नु पर्दछ । सदस्यलाई आत्मनिर्भरता, आर्थिक बृद्धि र वित्तीय स्थिरताको लागि सहयोग पुग्छ । सदस्यको जीवनमा वित्तीय मार्गचित्र दिन्छ । वित्तीय शिक्षाले व्यक्तिगत वित्तसम्बन्धी विषयलाई कुशल तरिकाले व्यवस्थापन गर्न सदस्यलाई सहयोग पुग्दछ ।

व्यक्तिगत वित्तपोषण, बीमा, विप्रेषणको उपयोग, बचत विविधिकरण, ऋणको उपयोगिता, करयोजनाको भूक्तानी, पुँजी बजारको ज्ञान र लगानी प्रवर्द्धन, जस्ता विषयमा व्यक्तिगत निर्णयगर्ने क्षमताको विकास गर्दछ । सदस्यले विद्युत्तीय वित्तको उपयोगले सदस्यलाई लाभमा आधारित बचत, ऋणको उपयोगिता र पैसाको समयको मुल्य लगायतका विषयमा वित्तीय निर्णय लिन सबल बनाउँछ । आजको युग प्रविधिको युग हो, त्यसैले हरेक व्यक्तिले आफुमा पूर्णता दिन विद्युत्तीय वित्त प्रणालीको अनिवार्य शिक्षा लिनु पर्दछ । समाजमा उत्कृष्ट नागरिक बन्न र प्रतिस्पर्धामा श्रेष्ठता र बरिष्ठता कायम गर्न पनि विद्युत्तीय वित्तीय शिक्षाको विकल्प छैन । जटिल कामलाई सरल, भरपर्दो र छरितो बनाउँछ । लेनदेनमा हुने त्रुटिको जोखिमलाई हटाई प्रमाणिक र पुष्टाई हुने डकुमेन्ट उपलब्ध गराउँछ । संस्थामा मानव संशाधनको परिचालन लागत कम गरि संस्थाको लाभबृद्धिमा सहयोग पुऱ्याउँछ । हरेक क्षण निरन्तर प्रभावकारी सेवा प्रदान गर्दछ ।

नेफ्स्कूनले आफ्ना नेटवर्कमा रहेका संस्थाको वित्तीय सक्षमता र प्रतिस्पर्धात्मक स्थान कायम राख्न साकोसहरूको कार्यहरू सुधार गर्न र सदस्यहरूलाई सेवा दिने विभिन्न तरिकाहरू पहिचान गर्न सक्षम बनाउने उद्देश्य राखेर कार्यारम्भ गरेको छ । कोभिड पश्चात् एकै समयमा यी प्रविधिको उदयले चुनौतिपूर्ण व्यवसायको लागि अवसरहरू सिर्जना गरेको छ । डिजिटल रूपान्तरण व्यवस्थापन गर्न, थप पारदर्शिता र विश्वासको लागि सरोकारवालाको माग पुरा गर्न आवश्यक छ ।

नेफ्स्कूनले सहकारी अभियानमा विद्युत्तीय प्रणालीहरूको स्तरबृद्धि गर्ने र साकोसहरूलाई व्यावसायिक कार्यहरूमा दक्षताका साथ काम गर्ने र उपकरण र प्रविधिको प्रयोगमा थप चुस्त तरिका लागु गर्नेतर्फ काम गर्दैछ । सदस्यहरूलाई सम्पूर्ण वित्तीय समाधान दिन, नविन अनलाइन बैंकिङ, डिजिटल प्लेटफर्महरू, विभिन्न च्यानलहरूको अन्वेषण र निर्माण, सदस्यहरूको वित्तीय क्षेत्र (बचत, ऋण, बीमा, विप्रेषण, राष्ट्रिय पुँजी निर्माण, सामाजिक पुँजीको विकास) मा नविन अनुप्रयोगहरूको माध्यमबाट रिर्पोटिङ, डाटाको गुणस्तर सुधार मार्फत व्यापक सूचना प्रदायकहरूमा रूपान्तरण गर्दा हाम्रा अभ्यासमा रहेका पुरानो शक्ति र संरचनाहरू नाटकीय रूपमा परिवर्तन हुँदैछन् । सदस्य सेवादेखि मेसिन लर्निङसम्म, आर्टिफिसियल इन्टेलिजेन्टदेखि गतिशीलतासम्म, प्रतिस्पर्धात्मक विद्युत्तीय वित्तप्रणालीमा वित्तीय सहकारी अभियानलाई सापेक्षित बनाउन र विद्यमान संरचनालाई भरपर्दो बनाउन संस्थागत श्रोतको एकीकृत योजनामा परिमार्जन गर्दैछौं । नेफस्कून कोर बैंकिङ प्रणाली, लेखा प्रणाली, सम्पत्ति र दायित्वको व्यवस्थापन, व्यापारिक कार्यविधि र कानुनी संहिताको व्यवस्थापन, स्तरीकरण कार्यक्रमको सुपरिवेक्षण, मानव संशाधन, पैसाको भुक्तानी समायोजन, तालिम, सूचना प्रणाली आदि विषयलाई डिजिटलाईज र डिजिटलाईजेशन गर्ने गरि तयारीमा जुटेको छ ।

नेफ्स्कूनले साकोसको सम्पूर्ण क्रियाकलापलाई डिजिटाईजेशन र सर्भिटाईजेशन गर्दैछ । डिजिटाईजेशन भनेको कम्प्युटरहरूद्वारा पहिचान गरिएको डेटा भण्डारण, रूपान्तरण, प्रशोधन वा स्थानान्तरण गर्ने विधि हो । डिजिटलाईजेशन भने क्लाउड, ठुला डेटा, सामाजिक सञ्जाल वा मोबाइल अनुप्रयोग जस्ता उदीयमान प्रविधिहरूको विकास हो । नेफ्स्कूनको वित्तीय सेवाहरूमा डिजिटल रूपान्तरणको उद्देश्य सबै बजार र सदस्यहरूले भाग लिन सक्ने इकोसिस्टम विकास गर्नु, नयाँ व्यापारका मोडेलहरू तय गर्नु हो ।

## वित्तीय सहकारी अभियानमा डिजिटल रूपान्तरणको आवश्यकता र महत्व

### उच्च मानकीकरण वा स्तरीकरण

वित्तीय सहकारीहरू बैंक भन्दा बिस्तारित हुन्छन् । यस्ता संस्थाले दिने वित्तीय सेवा सँगै सदस्यको सम्पूर्ण वित्तीय समाधानमा केन्द्रित रहनु पर्दछ । सेवा सहितको सफ्टवेयर सदस्यको बीचमा पुऱ्याउने र सम्पूर्ण समाधान दिनको लागि उच्च प्रदर्शनको रूपमा विचार गर्न आवश्यक हुन्छ । यसको लागि वित्त बजारमा भएका प्रविधि र व्यावसायिक समाधानहरूलाई एकीकृत गरेर उच्च मानकीकरणमा जानु पर्दछ ।

### स्वचालित कार्यहरूको प्रभावकारी सञ्चालन

नविन प्राविधिक उपकरणहरूले अपनाउने सेवाहरूको लागि उच्च स्वचालन प्रक्रिया जस्तै खरिद आदेश, सदस्यको जानकारी, प्रमाणिकरण, बचत, ऋण, रेमिट्यान्स, बीमा, पुँजी निर्माण, इन्भ्वाइस आदिको व्यावसायिक समाधानमा कागज रहित, पैसा रहित र मानव रहित बनाउनु पर्दछ ।

### आन्तरिक सञ्चालनको कार्यहरूको कुशल व्यवस्थापन

डिजिटलाईजेशन वित्तीय क्षेत्रको स्रोतलाई सदस्यको लेनदेनमा मात्र केन्द्रित गर्नुको सट्टा प्रतिस्पर्धात्मक कुशलता प्राप्त गर्नमा थप ध्यान केन्द्रित गर्नु पर्दछ । वित्तीय कारोबारका सवै क्षेत्रलाई व्यापकता दिन कर्मचारीको सीप, क्षमता र अभ्यासलाई आम नागरिकको जीवनचक्रमा सहयोगी साथीको रूपमा उतार्दै मानव जीवनको लक्ष्य प्राप्तिका लागि परिणाममुखी बनाउनु पर्दछ ।

### भरपर्दो र विश्वसनीयता

वित्तीय सहकारीमा ठूला तथ्यांक र मेसिन लर्निङ उपकरणहरू जस्ता उदीयमान प्रविधिहरू अपनाएर छोटो समयमा वढी उपलब्धि प्राप्त गर्न सहज हुदैछ । बजेटको भविष्यवाणी गर्न पूर्वानुमान गर्न सजिलो हुनुपर्दछ । परिस्कृत सदस्य र कर्मचारीको अनुभव वित्तीय सहकारीमा डिजिटलाईजेशन अपनाएर सदस्य र कर्मचारीलाई एउटै समयमा तथ्य र तथ्यांकको जानकारीको लागि समान स्तर प्रदान गर्दछ । यसरी कारोबारको तत्काल विवरण थाहा पाउँदा लेनदेनमा कम अराजकता र बढी विश्सासनीयता प्राप्त हुन्छ ।



### राम्रो सेवाको उपलब्धता

वित्तीय सहकारीले प्रतिस्पर्धात्मक स्थान कायम राख्न र सेवामा उत्कृष्टता प्राप्त गर्न डिजिटल रूपान्तरणको रणनीति तर्जुमा गरि सञ्चालन प्रणालीलाई स्वचालित गर्नु पर्दछ । वित्तीय प्रणालीमा डिजिटल रूपान्तरणले नीरस कार्यहरूः संहिताको अनुपालन, साइवर जोखिमको न्यूनीकरण, लेखा, खाता र रिपोर्ट र विश्लेषणलाई अध्यावधिक गर्न सहजता सिर्जना गर्दछ । नयाँ प्रविधिमा आधारित अन्तरसम्बन्धित र अन्तरनिर्भर वैधानिक प्रणालीले वित्त प्रणालीको सञ्चालन मोडेलमा परिवर्तन ल्याएका छन् जसको कारणले सेवाको उपलब्धतामा निरन्तर सुधार वाञ्छनीय हुन्छ ।

### अनुपालन, रिपोर्टिङ र सुरक्षा

वित्तीय सहकारीमा केही जटिल र कडा अनुपालन र नियामकीय मुद्दाहरू हुन्छन् । यसलाई नियमन गर्न सहकारी विभागले कोपोमिस, सम्पत्ति शुद्धीकरण रिपोर्टिङ, अनुगमनका मापदण्डहरू परिपालनाको स्तर डिजिटल ढाँचामा फिट गर्नु पर्दछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा खतराको बढ्दो दायरालाई प्रतिबिम्बित गर्न प्रविधिले अझैपनि नवप्रवर्तन र बृद्धिलाई सम्बोधन गर्ने च्यानलहरू सञ्चालत गर्नु पर्दछ । यसको लागि सुरक्षा प्रोटोकल बढाउनु, तथ्य र तथ्यांकलाई साइवर हमलाबाट जोगाउनु पर्दछ ।

### प्रमाणीकृत सफ्टवेयरहरूको उपयोग

बढ्दो विद्युत्तीय प्रविधिमाथिको निर्भरताले प्रतिस्पर्धात्मक बजारमा विभिन्न सफ्टवेयरहरू भित्रिन्छन् । सफ्टवेयरहरूमा आधारभूत मानकहरूको सुनिश्चितताको लागि सम्वद्ध र सरोकारवाला निकायहरूले प्रविधि र उपकरणहरूलाई संस्थागत रूपमा प्रमाणीकृत गर्नु पर्दछ ।

बदलिंदो परिवेशमा वित्तीय सहकारीहरूले परम्परागत रूपमा सञ्चालन गरेर आफ्नो अस्तित्व बचाउन सक्दैनन् । वित्तीय सहकारीको स्थायित्व, सुरक्षा र दिगो विकासको लागि डिजिटल रूपान्तरणको रणनीति लागु गर्नुपर्दछ । अब संस्था सञ्चालनका प्रक्रियाहरू स्वचालित बनाउनु पर्दछ । समयबद्ध कार्य गर्न, नियामक निकायका समयसिमा पुरा गर्न, वित्तीय परिचालन र लेनदेन जोखिमहरू सूचना प्राप्त गर्न, सहकारी अभियानको स्रोतको एकीकृत उपयोग गर्न र प्रविधिमा लगानी गरेर साकोस अभियानलाई अझै प्रतिस्पर्धी बनाउन नेफ्स्कूनले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । नेफ्स्कूनले आफ्ना सदस्य संस्थाको व्यापर प्रक्रियाहरूलाई अनुकूलन गर्न, प्रभावकारी रूपमा सञ्चालन गर्न र कुशल व्यवस्थापन गर्न सेवाको गुणस्तरलाई अझ सहज गर्नु पर्दछ । व्यापारमा देखिएको विविधिकरणलाई एउटामात्र सफ्टवेयर सिर्जनाको माध्यमबाट वित्तीय क्षेत्रका सम्पूर्ण समाधान दिन नवसिर्जनाहरू सम्बोधन गर्दैछ । नेफ्स्कून यतिबेला स्मार्ट, छिटो र थप प्रभावकारी प्रणालीमा आफ्नो फोकस बनाउँदै नेफ्स्कूनका सदस्यहरूलाई डिजिटल च्याम्पियन बनाउन लागि परेको छ । नेफस्कूनका सदस्य संस्थाको यिनै चाहनालाई सम्बोधन गर्न थप व्यापक संगठनात्मक सञ्जाल निर्माण, प्रक्रियागत दक्षता बृद्धि, सुध्रिएको सदस्य सूचना प्रणाली, उचित लाभको लागि उत्प्रेरकको रूपमा प्रविधि विकास गर्न सम्पूर्ण शक्ति, समय र ध्यान केन्द्रित गरेको छ । वित्तीय सहकारीमा वित्त प्रणालीमा स्थिरता कायम गर्न, प्रविधि र उपकरणको सुलभ उपलब्धतालाई सुनिश्चित गर्न र सफ्टवेयरमा एकरूपता कायम राख्न नेफ्स्कूनले एकीकृत स्रोत योजनाको रणनीतिलाई कार्यान्वयन गर्दैछ ।

# अर्घाखाँचीमा अभियान र स्थानीय सरकारको सहभागितामा विभिन्न कार्यक्रम सम्पन्न

अर्घाखाँची जिल्ला बचत तथा ऋण सहकारी संघको छैठौं वार्षिक साधारण सभा, जिल्ला सहकारी संघका नव निर्वाचित सञ्चालक समितिको प्रमाण पत्र वितरण तथा नेफ्स्कूनको अभिमुखीकरण अर्घाखाँची जिल्लाको सन्धिखर्कमा सम्पन्न भएको छ । जिल्ला बचत संघका अध्यक्ष द्रोण प्रसाद भुषालको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख अतिथि नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल रहनुभएको थियो भने विशेष अतिथिमा संघका महासचिव दामोदर अधिकारी, सन्धीखर्क नगरपालिकाका नगरप्रमुख कमल प्रसाद भुसाल, मालारानी गाउँपालिकाका प्रमुख बालकृण आचार्य, छत्रदेव गाउँपालिकाका अध्यक्ष लेखनाथ पोखरेल रहनुभएको थियो ।

कार्यक्रमको अतिथिहरूमा जिल्ला सहकारी संघका अध्यक्ष प्रकाश भुषाल, ४ वटा पालिकाका सहकारी शाखा प्रमुखहरू, पत्रकार महासंघका जिल्ला अध्यक्ष अशोक खनाल, स्थानीय सहकर्मी गरी ६५ जनाभन्दा बढीको सहभागिता थियो ।

प्रमुख अतिथि नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले कोभिड १९ को समय सहकारी सञ्चालनमा अन्योल भएको बेला केन्द्रीय संघले १९ बुँदे मापदण्ड जारी गरेर सहज बनाएको बताउँदै सबै क्षेत्र बन्द हुँदा जोखिमको बीचबाट सहकारी संस्थाहरूले नेफ्स्कूनले जारी गरेको त्यही मापदण्डका आधारमा सेवा प्रवाह गरेको बताउनुभयो । उहाँले कोभिडले सदस्यको जीवन, सदस्यको व्यवसाय र तेस्रो आर्थिक मन्दीको अवस्था गरी ३ चरणमा प्रभाव पारेको जानकारी गराउँदै अहिले आर्थिक मन्दीको सामना गर्नु परिरहेका धारणा राख्नुभयो ।

सदस्यको जीवनस्तर परिवर्तन गर्न नसके सहकारीको आवश्यकता






कमजोर भएर जाने भएकाले उच्च मनोबलका साथ नेफ्स्कूनको अगुवाइमा कानुनको परिपालन गरी उत्प्रेरित भएर काम गर्न अध्यक्ष पौड्यालले सबैलाई अपिल गर्नुभयो । जिल्लाका सहकारी संस्थाहरूको संस्थागत विकासका लागि जिल्ला संघ साझेदारी र आधारशिला मार्फत नेफ्स्कून स्थानीय तहसँग सहकार्य गर्न उत्साहित भएको समेत अध्यक्ष पौड्यालले उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले सहकारी व्यवस्थापन, सदस्य तथा सम्भावित सदस्य अभिमुखीकरण, अभियानका जोखिमहरू, आधारशिला कार्यक्रमको परिचय, नियामक निकायको भूमिका लगायतका विषयमा गहनतम प्रस्तुतीकरण गर्नु भएको थियो ।

प्रकाश भुसालको अध्यक्षतामा २०७८ फागुन १४ गते निवार्चित ११ सदस्यीय सञ्चालक समिति र बालकृष्ण आचार्यको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समितिलाई उक्त अवसरमा प्रमाण पत्र प्रदान गरिएको थियो । जिल्ला सहकारी संघका अध्यक्ष भुसालले समग्र जिल्लाको सहकारीको अवस्था तथा अभियानको समन्वयमा राखिएको कार्यक्रमको उद्देश्य बारे चर्चा गर्नुभएको थियो ।

छत्रदेव गाउँपालिकाका अध्यक्ष लेखनाथ पोखरेलले सहकारी संस्थाहरूले साहुहरूको चर्केको ब्याजको अन्त्य गरेको र पालिका सहकारीको प्रर्वद्धन र विकासको लागि प्रतिबद्ध रहेको धारण राख्नुभयो । सो अवसरमा नेफ्स्कूनका अध्यक्ष पौड्याल, महासचिव अधिकारी र फिल्ड कार्यालय इन्चार्ज धमलाले संघमा आवद्ध जिल्लाका अगुवा साकोसहरूकोको स्थलगत भ्रमण गर्नु भएको थियो ।

# एक्सेस प्रथम ब्याचमा आबद्ध साकोस र नेफस्कूनबीच समसामयिक विषयमा अन्तरक्रिया




एक्सेस प्रथम ब्याचमा आबद्ध साकोस र नेफस्कूनबीच समसामयिक विषयमा अन्तरक्रिया सम्पन्न भएको छ । संघका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा माघ १८ गते संघको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा एक्सेस प्रथम ब्याचमा आबद्ध ७ साकोसका अध्यक्ष, व्यवस्थापक, संघका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, विभागीय प्रमुखहरू र उच्च व्यवस्थापनको सहभागिता रहेको थियो ।

छलफलमा साकोस स्तरीकरण कार्यक्रम (एक्सेस, प्रोबेसन र कर्ब्स) को प्रभावकारिता अभिबृद्धि, स्थिरीकरण कोषमा आबद्धता, साकोस एकरूपता प्रणाली कार्यान्वयनमा तीब्रता, प्रविधिगत एकरूपता, समसायमयिक तरलता अभावको व्यवस्थापन लगायतका विषयमा छलफल केन्द्रीत थियो ।

संघका अध्यक्ष परितोष पौड्यालले साकोस अभियानका दुई प्रमुख स्तम्भ स्तरीकरण र स्थिरीकरण कोषमा साकोसहरूको आबद्धता सुनिश्चितताको विषयलाई लिएर मन्त्रालय र विभाग गम्भीर बनेको प्रष्ट पार्नुभयो । विषयगत मन्त्रालय र विभाग समक्ष नियमित दफाबार छलफल गरेर अन्तिम टुङ्गोमा पुग्दैछौं, विभाग पनि नेफस्कूनको स्तरीकरण कार्यक्रमका सन्दर्भमा अत्यन्त सकारात्मक रहेको छ । उहाँले भन्नुभयो, "हामी कोभिड महामारीबाट अब न्यू नर्मलमा जाँदैछौं । अन्तर्राष्ट्रिय स्तरको गुणस्तर सुनिश्चितताको कार्यक्रम एक्सेसको ब्राण्ड निरन्तरताका लागि पनि एसियाली ऋण महासंघसँगको छलफलबाट न्यू इनोभेसनको प्रक्रियामा अगाडि बढेका छौं ।"

स्थिरीकरण कोष अभियानको कोष हो । स्तरीकरण विना स्थिरीकरण सम्भव छैन । उहाँले भन्नुभयो, "अभियानका सम्पूर्ण स्तरीकृत साकोसहरूको आबद्धता कोषमा अपरिहार्य रहेको छ, कोषमा तत्काल योगदानका लागि स्तरीकरण कार्यक्रममा आबद्ध सम्पूर्ण साकोसहरूलाई अनुरोध गर्दछु ।"

संघका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले सहकारीको विकास र प्रवर्द्धनको पाटोमा नेफस्कूनले अगाडि बढाएको स्तरीकरण कार्यक्रमका सन्दर्भमा सहकारी विभाग सकारात्मक रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "सबै संस्थालाई स्तरीकरणमा लैजान र स्थिरीकरण कोषमा आबद्धता अभिबृद्धि गर्न तपाईहरू लाग्नुहोस्, के सहयोग गर्नुपर्छ हामी त्यसका लागि तयार छौं भन्ने अभिव्यक्ति विभागबाट पाएका छौं, त्यसकारण पनि अभियानमा स्तरीकरण र स्थिरीकरण कोषको विकल्प छैन ।"

कार्यक्रममा सहभागी एक्सेस प्रथम ब्याचमा आबद्ध साकोसका प्रतिनिधिहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय ब्राण्डिङ कार्यक्रमबाट नेफस्कूनले साकोसको संस्थागत सुधारको क्षेत्रमा र अभियानको छवि उच्च बनाउने दिशामा महत्वपूर्ण भूमिका खेलेको भन्दै ब्राण्डिङ कार्यक्रमको प्रभावकारितामा जोड दिन अनुरोध गर्नुभएको थियो । कोभिड परिवेशका कारण पछिल्लो समय संस्थाको विशिष्टीकृत कार्यशैली र प्राविधिक अनुगमनमा देखिएका कमी कमजोरीमा पनि सुधार गर्दै नेफस्कूनले ब्राण्डिङ् कार्यक्रमको प्रभावकारिता लागि साकोसहरूलाई पुनः झक्झक्याउन अनुरोध गर्नुभएको थियो ।

एक्सेस प्रथम ब्याचमा दोलखाको जनसचेतन, काभ्रेका विन्ध्वासिनी, वुडोल सामुदायिक, सामुदायिक, भक्तपुरका उपकार, बाराही र सिद्धिगणेश गरी ७ वटा साकोस रहेका छन् ।

# सहकारी क्षेत्रमा आवश्यक उच्च शिक्षा हासिल गरेका जनशक्ति पहिचान गरिने







सहकारी क्षेत्रमा आवश्यक उच्चशिक्षा हासिल गरेको जनशक्ति पहिचानको लागि सर्वेक्षण गरिने भएको छ । सहकारी क्षेत्रमा उच्चशिक्षा हासिल गरेको जनशक्ति ठूलो संख्यामा आवश्यक रहेको निष्कर्षसहित त्यस विषयमा प्रारम्भिक सहकारी तहमा सर्वेक्षण गरिन लागेको हो ।

देशभरका बचत ऋण सहकारीहरूको केन्द्रीय निकाय नेफ्स्कून र पोखरा विश्वविद्यालयको अग्रसरतामा सहकारी क्षेत्रका लागि अत्यावश्यकीय कामहरूको सुरूवात हुन लागेको हो । त्यसका लागि नेफ्स्कून र पोखरा विश्वविद्यालयबीच समन्वय एवम् सामुहिक निर्णयमा सहजीकरण गर्न दुबै पक्ष सम्मिलित नेफ्स्कून–पोखरा विश्वविद्यालय समन्वय कार्यदल गठन गरिने सहमति भएको छ । उक्त कार्यदलमार्फत सर्वेक्षण पश्चात खोज अनुसन्धान र पाठ्यक्रम विकास लगायतका कार्य तत्काल प्रारम्भ गर्ने, सहकारी सम्बन्धी पाठ्यक्रम विकासका क्रममा सहकारी क्षेत्रका सरोकारवालाहरूको पृष्ठपोषणलाई प्राथमिकता दिने लगायतका काम गरिने विषयमा द्विपक्षीय सहमति भएको छ ।

फागुन ३ गते नेफ्स्कूनमा आयोजित कार्यक्रममा सहकारी क्षेत्रमा जनशक्ति आवश्यकता पहिचान सम्बन्धी अन्तरक्रिया कार्यक्रमका क्रममा उक्त सहमति भएको हो । कार्यक्रमले विश्वविद्यालय मार्फत उत्पादित जनशक्ति नेफ्स्कून मानव स्रोत बैंक (Human Resource Bank) मार्फत बजारीकरण एवम् व्यवस्थापन गर्ने, अध्ययन अध्यापनको लागि नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सहकारी प्रशिक्षण केन्द्र एवम् प्रशिक्षालयहरूको भौतिक पूर्वाधार उपयोग गर्ने निश्कर्ष निकालेको छ । त्यसैगरी विभिन्न देशमा सञ्चालित सहकारी कलेज र सम्बन्धित विश्वविद्यालय तहमा दुबै पक्षबाट आवश्यक समन्वय र सहकार्य गर्ने, नेफ्स्कून–पोखरा विश्वविद्यालय समन्वय कार्यदलले सहकार्यका सन्दर्भमा विस्तृत कार्ययोजना बनाई दुवै पक्षबाट नीतिगत एवम् सैद्धान्तिक सहमति प्राप्त गर्ने लगायतका निश्कर्ष निकालेको छ ।

नेफ्स्कूनकी उपाध्यक्ष एवम् सदस्य सेवा व्यवस्थापन उपसमिति संयोजक शान्ति अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा पोखरा विश्वविद्यालय विषय समितिका अध्यक्ष प्रा. डा. महानन्द चालिसे, सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रकी प्राचार्य पार्वती अर्याल, विश्वविद्यालयका डिन डा. दयाराज ढकाल उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, महासचिव दामोदर अधिकारी, कृषि केन्द्रीय सहकारी संघका अध्यक्ष खेम प्रसाद पाठक, लेखा सुपरिवेक्षण समितिका संयोजक नवराज सापकोटा, सञ्चालक गोमा नेपाल, मन्दरा मिश्र, जिवसराज खड्का, राष्ट्रिय सहकारी बैंकका प्रमुख जोखिम अधिकृत भरत चिमरिया, विश्वविद्यालयका सहायक प्राध्यापक रविन्द्र घिमिरे, संघका विभागीय प्रमुख र व्यवस्थापन कर्मचारीहरू सहभागी हुनुहुन्थ्यो ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरलले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रम सञ्चालन नेफ्स्कून शिक्षा तथा स्रोत केन्द्रका प्राचार्य सञ्जयराज तिमिल्सिनाले गर्नुभएको थियो ।

# नेफ्स्कूनद्वारा बधाई तथा शुभकामना



राष्ट्रिय सहकारी विकास बोर्डका सह–अध्यक्ष मित्रराज दवाडी, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत र सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितलाई फागुन ३ गते नेफ्स्कूनद्वारा स्वागत, बधाई एवं शुभकामना प्रदान गरिएको थियो । त्यसैगरी विभागका निवर्तमान रजिष्ट्रार झलकराम अधिकारीलाई विदाई तथा शुभकामना प्रदान गरिएको थियो । सह–अध्यक्ष दवाडी माघ १३ गते, परिषद्का कार्यकारी उपाध्यक्ष बस्नेत पुस २३ गते र रजिष्ट्रार पण्डित फागुन २ गते नियुक्त हुनुभएको हो । नेफ्स्कूनको आयोजनामा नयाँ बानेश्वरमा आयोजित बधाई, स्वागत, शुभकामना एवं विदाई कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, संघका सल्लाहकार द्वय मिनराज कडेल, डी.बी. बस्नेत, नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, उपाध्यक्ष शान्ति अधिकारी, महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दिपक पनेरू, लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटा, सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल लगायत उच्च व्यवस्थापन कर्मचारीहरूको उपस्थिति थियो ।

कार्यक्रममा संघका अध्यक्ष परितोष पौड्याल, सल्लाहकार र पदाधिकारीहरूले नवनियुक्त सह–अध्यक्ष, कार्यकारी उपाध्यक्ष र रजिष्ट्रारलाई बधाइ एवं स्वागत गर्नुभएको थियो भने निवर्तमान रजिष्ट्रार अधिकारीलाई विदाइ तथा शुभकामना प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा बोर्डका सह–अध्यक्ष दवाडीले संविधानको मर्म बमोजिम सहकारी क्षेत्रको नीति, रणनीति निर्माण गरी सरकारलाई सहयोग गर्ने लक्ष्यका साथ बोर्ड अगाडि बढेको र त्यसका लागि सहकारी क्षेत्रका सबै सरोकार पक्षको साथ सहयोगको अपेक्षा आफुले गरेको बताउनुभयो । सदस्य, पुँजी र रोजगारीका हिसाबले सहकारीको क्षेत्र निकै विस्तार भएको छ, सहकारीमा आउने सानो हलचलले मात्र पनि समुदायमा निकै ठूलो प्रभाव पर्नसक्छ । उहाले भन्नुभयो, "यसप्रति सरकार गम्भीर हुनु जरूरी छ ।"

पछिल्लो समय सहकारीमा व्याजदरको विषयले निकै ठूलो समस्या सिर्जना गरेको छ, यसप्रति सहकारी विकास बोर्ड लगायत सहकारीका शीर्ष निकायमार्फत् हिजो मात्रै तालुक मन्त्रालयहरूमा सुझाव पेश भएको छ, यदि समस्या तत्काल समाधान भएन भने र नेपाल राष्ट्र बैंकले पनि बैंकहरूमा हस्तक्षेप नगर्ने हो भने विष्फोटको अवस्था आउन सक्ने उहाँले बताउनुभयो ।

उहाँले सहकारी नीति तथा ऐन परिमार्जनको आवश्यकता रहेको औंल्याउँदै यसले अभियानको भावना सम्बोधन गर्न नसकेको बताउनुभयो । ८८ हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएको सहकारी क्षेत्रमा दक्ष जनशक्तिको अभाव छ, यसलाई पूर्ति गर्न केही विश्वविद्यालयहरूको सहकार्यमा को–अपरेटिभ बिजनेस एड्मिनिस्ट्रेसन विषयको अध्यापनलाई अगाडि बढाउन सकिन्छ, यसमा सम्पूर्ण सहकारी अभियानबाट सहकार्यको अपेक्षा गरेको पनि उहाँले सुनाउनुभयो । नेफ्स्कूनले सिटिइभिटिसँगको सम्बन्धनमा छोटो अवधिका नन एकेडेमिक सहकारी कोर्षको पढाइ अगाडि बढाएकोप्रति प्रशंसा पनि गर्नुभयो ।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष बस्नेतले मुलुकको कुल जनसंख्याको ४० प्रतिशत हिस्सा ओगट्ने युवा समुदायको विकास र सशक्तीकरणमा परिषद्को जोड

रहेको र त्यसको सफलताका लागि सहकारीसँगको सहकार्य फलदायी बन्ने विश्वास व्यक्त गर्नुभयो ।

सहकारी विभागका नवनियुक्त रजिष्ट्रार रूद्रप्रसाद पण्डितले सहकारी क्षेत्रको विकास, प्रवर्द्धन र सुशासन कायम गर्ने सवालमा अभियानसँग सकारात्मक सहकार्य गर्न विभाग तयार रहेको बताउनुभयो । उहाँले सहकारीको बास्तविक तथ्यांक पत्ता लगाएर मात्र यस भित्रका बास्तविक समस्या तथा चुनौतिहरू पत्ता लगाउन सकिने उल्लेख गर्नुभयो । अभियानसँगको सकारात्मक सहकार्य, सहअस्तित्व र समन्वयको माध्यमबाट मात्रै सहकारीको विकास सम्भव हुने उहाँले दाबी गर्नुभयो ।

विभागका निवर्तमान रजिष्ट्रार एवं नेपाल सरकारका सहसचिव झलकराम अधिकारीले सहकारीमा रजिष्ट्रारको भूमिका मात्रै फेरिएको तर सहकारी मनबाट आफू कहिल्यै पनि बाहिर निस्कन नसक्ने बताउनुभयो । छोटो अवधिमा पनि कानुनको अधिकार प्रयोग गरी सहकारी क्षेत्रको सुशासन प्रवर्द्धनका लागि पहिलो पटक एकीकृत निर्देशिका जारी भएको छ । सहकारी संघ संस्थाहरूका लागि जारी ८८ बुँदे निर्देशिकाको प्रभावकारी कार्यान्वयका लागि नवनियुक्त रजिष्ट्रार र अभियानसमक्ष मेरो अनुरोध छ, उहाँले भन्नुभयो । सहकारी अभियानमा परिपक्क नेतृत्व छ, सहकारी क्षेत्रमा स्थापित मूल्य मान्यतालाई पुँजी मानेर जान सकियो भने नेपालमा सहकारीको भविष्य राम्रो छ ।



सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गर्दै नेफ्स्कूनले स्थिरीकरण कोष सञ्चालनको तयारी अन्तिम चरणमा पुर्‍याएको छ, केही थ्रेसहोल्ड रकम अपुगका कारण सञ्चालन रोकिएको छ, कोषको शिघ्र सञ्चालनका लागि समेत उहाँले शुभकामना व्यक्त गर्नुभयो । सहकारीको विकास, प्रवर्द्धन र सुशासनको क्षेत्रमा अगाडि बढ्न सहकारीका हरेक मुद्दालाई सामूहिक मुद्दाको रूपमा अगाडि बढाउन समेत सुझाउनुभएको थियो । सहकारी क्षेत्रमा केही गर्ने सोच भएता पनि कारणबश त्यसलाई पुरा गर्न नसकेको प्रति गुनासो गर्नुभयो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष एवं नेफ्स्कूनका सल्लाहकार मीनराज कडेलले सहकारीका नीतिगत सुझाव र अनुसन्धानका क्षेत्रमा राष्ट्रिय सहकारी विकास बोर्डको प्रभावकारी संलग्नता रहेको प्रष्ट पार्नुभयो । उहाँले सहकारी अभियानलाई उचाईमा पुर्‍याउने दिशामा सह–अध्यक्षको भूमिका महत्वपूर्ण रहने विश्वास व्यक्त गर्दै कार्यकाल सफलताको शुभकामना प्रदान गर्नुभयो । त्यसैगरी नवनियुक्त कार्यकारी उपाध्यक्ष र रजिष्ट्रारलाई पनि बधाइ एवं सफलताको शुभकामना व्यक्त गर्नुभयो भने निवर्तमान रजिष्ट्रार अधिकारीको सहकारी क्षेत्रप्रतिको सकारात्मक सोच, कार्यशैली र अविस्मरणीय भूमिकाको खुलेर प्रशंसा गर्नुभयो ।

सल्लाहकार डी.बी. बस्नेतले निवर्तमान रजिष्ट्रार अधिकारीले अत्यन्त मेहनतका साथ र सहकारी अभियानसँगको बारम्बारको छलफल पश्चात सहकारी संघसंस्थाहरूका लागि जारी गर्नुभएको एकीकृत निर्देशिका निकै महत्वपूर्ण रहेको बताउनुभयो । छोटो समयमा पनि सहकारी अभियानमा महत्पूर्ण छाप छोड्न सफल हुनुभएकोले निवर्तमान रजिष्ट्रार अधिकारी सहकारी अभियानकर्मीहरूका लागि सधैं सम्झिरहने पात्रको रूपमा रहेको उहाँले बताउनुभयो ।

संघका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले कार्यक्रममा स्वागत गर्दै सहकारी विकास बोर्डका नवनियुक्त सह–अध्यक्ष, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष, विभागका नवनियुक्त रजिष्ट्रार र निवर्तमान रजिष्ट्रार सबै नै अभियानमा महत्वपूर्ण आकर्षक व्यक्तित्व रहेको र सबैजना सहकारीको संवेदशीलताप्रति गम्भीर रहेको चर्चा गर्नुभयो । उहाँले नियामक निकायको रूपमा रहेको विभाग, अन्य अभिभावक निकाय र सल्लाहकारहरूको हार्दिकतापूर्ण निर्देशनबाट सहकारी सदस्यहरूमा नयाँ उत्साह, उर्जा र उचाई प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रम सञ्चालनका क्रममा संघका महासचिव दामोदर अधिकारीले सहकारी अभियान सहकार्यात्म अभियान भएकोले साझेदार निकायहरूसँगको साझेदारीका कार्यक्रमहरूलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा संघद्वारा महत्वपूर्ण निर्णयहरू गरिएको चर्चा गर्नुभयो । साथै उहाँले स्वागतको रमाइलो पक्षसँगै भारी मनका साथ निवर्तमान रजिष्ट्रारको विदाइलाई समेत जोड्नुपर्दाको अनुभव साट्नु भयो ।

कार्यक्रमको समापन गर्दै संघका उपाध्यक्ष शान्ति अधिकारीले सहकारी क्षेत्रका विविध समस्याहरूको समाधानका लागि निवर्तमान रजिष्ट्रारसँगको छलफल र सहकार्यबाट संघ निकै आशावादी रहेको विचार व्यक्त गर्नुभयो । बचत तथा ऋण सहकारी संस्थामा विशेषत वित्तीय जोखिम रहने हुँदा यसको प्रभावकारी अनुगमन र सुशासन कायम गराउन विभाग र नेफ्स्कूनको संयुक्त पहलमा सुरू गरिएको स्तरीकरण कार्यक्रमको महत्वमाथी प्रकाश पार्नुभयो । सहकारी विभागले २०६८ मै सहकारी संघ संस्थामा पर्ल्स अनुगमन प्रणाली (मापदण्ड) पालना गराउन खोजेको भएपनि हालसम्म पूर्णता नपाएकोले समस्या कायमै रहेको प्रष्ट पार्नुभयो ।

# सहकारी विभागका रजिष्ट्रार पण्डितद्वारा पदबहाली



सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डितले फागुन २ गते पदबहाली गर्नुभएको छ ।

गृहमन्त्रालयमा कार्यरत पण्डित केही दिनअघिमात्र सहसचिवमा बढुवा भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह) मा आउनुभएको थियो । मन्त्रालयले विभागको रजिष्ट्रारमा पण्डितलाई पठाउने निर्णय आइतबार गरेको हो । पदबहाली पश्चात् सामाजिक सञ्जालमार्फत जानकारी गराउँदै रजिष्ट्रार पण्डितले सहकारी संस्था र सदस्यहरूको बृहत्तर हितका लागि प्रशिक्षण, नियमन, सुपरिवेक्षण र सुशासन प्रवर्द्धनको कार्यमा भूमिका रहने अभिव्यक्त गर्नुभएको छ ।

२०२५ साल पौष १९ गते प्यूठान जिल्लामा जन्मिनुभएका पण्डितको सरकारी सेवा प्रवेश तीन दशक भन्दा बढी भएको छ । २०४३ सालदेखि रजिष्ट्रार पण्डितको ललितपुर महानगरपालिका-२५, सैंबुस्थित स्थायी बसोबास रहेको छ । कुशल प्रशासकका रूपमाम चिनिनुभएका पण्डितले यस अघि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा रहेर महिलाहरूद्वारा सञ्चालित सहकारी र सहकारीको योगदानको विषयमा जानकार रहेको साकोस आवाजसँगको कुराकानीका क्रममा बताउनु भएको छ ।

गत कार्तिक ८ गते विभागको रजिष्ट्रार नियुक्त हुनुभएका झलकराम अधिकारीको भने ४ महिनामात्रै विभागको जिम्मेवारी सम्हालेसँगै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह) मा सरूवा भएको थियो ।

## सन्दर्भः राष्ट्रिय सहकारी दिवस

**हरेक वर्ष चैत्र २० गते राष्ट्रिय सहकारी दिवस मनाइन्छ । यस वर्ष "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" को नारा सहित ६५औं राष्ट्रिय सहकारी दिवस सम्पन्न भइसकेको छ । राष्ट्रिय सहकारी महासंघले हरेक वर्ष नारा सार्वजनिक गर्ने र दिवसका कार्यक्रम सम्पन्न गर्न अभियानमा आव्हान समेत गर्ने गर्दछ । यस वर्ष पनि सुशासित, मर्यादित र व्यावसायिक सहकारी निर्माणमा प्रविधिको विकासको निर्विकल्प आवश्यकता सहित दिवसका कार्यक्रमहरूमा अभियानले ऐक्यबद्धता जनाएको छ । हरेक वर्ष सार्वजनिक हुने नाराको औचित्व पुष्टी हुन र सहकारी क्षेत्रको वास्तविक विकास र प्रवर्द्धनका लागि पूर्ण रूपमा काम हुन जरूरी छ ।**

**सहकारी क्षेत्रको विद्यमान अवस्था र भावी दिनमा गर्नुपर्ने कामहरूका विषयमा सहकारी क्षेत्रका विज्ञ एवम् जानकारहरूसँग गरिएको कुनाकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ ।**

# सहकारी क्षेत्रका सकारात्मक नकारात्मक पक्षहरुको समिक्षा जरुरी



**डा. खगराज शर्मा**
**अध्यक्ष**
लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि.
लुम्बिनी प्रदेश, रुपन्देही

खासगरी दिवस भन्ने वित्तिकै सिङ्गो सहकारी अभियानमा के छ ? विश्वव्यापी सहकारी अभ्यास कस्तो छ ? नेपालको सहकारी अभियानमा हालसम्म के कस्ता उपलब्धि भएका छन् ? भन्ने कुराको विश्लेषण र समिक्षा आवश्यक छ । दिवस वास्तवमा सन्देश प्रचार प्रसार गर्ने अथवा फैलाउने दिन हो । दिवस मनाउने सवालमा कतै अन्धाले हात्ति छाम्दा कान समाउनेले हात्ती सुपो जस्तो पो रहेछ ? भने जस्तो पो भएको हो कि भन्ने लाग्छ । दिवसको सार्थकता र मर्म अनुरूप काम आवश्यक छ ।

सहकारी अभियानले साँच्चै गर्न खोजेको कुरा के हो ? सहकारीको नाम र यसले दिन खोजेको दिशा एउटा काम अर्कै तिर जान खोजिरहेको अवस्था छ । संविधानले तीन खम्बे अर्थनीतिमा सहकारीको महत्वका साथै समाजवादी अर्थतन्त्र निर्माणमा सहकारीको योगदान उल्लेख गरेको छ । २०७२ सालदेखि आजसम्म आइपुग्दा समिक्षात्मक ढंगले अबको सहकारी अभियानलाई कसरी लैजाने भन्ने सन्देश फैलाउनुपर्छ ।

अभियानको नेतृत्व गर्ने राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघहरूले विश्व अभ्यासलाई क्षेत्रगत रूपमा र मुलुकको आवश्यकताका आधारमा लागु गराउन सक्नुपर्छ ।

सहकारी अभियानले संविधान बनाउँदाको मर्म र भावलाई बुझेर हालसम्मको समिक्षा गर्दै भविष्यका लागि वेआउट दिनुपर्छ भन्ने नै हो । २०४८ सालमा सहकारीको सोच अर्कै थियो । सहकारी बचत ऋणको कारोबारमा नै बढी सीमित देखिए, कृषि, बहुउद्देश्यीय, उपभोक्ता, सामाजिक उद्यमी आदि जे नाम भए पनि अधिकांशबाट साकोसहरूले गरिरहेकै काम पछ्याई रहेको अवस्था रह्यो जुन अहिले सम्म निरन्तर नै छ तर अब त्यतिले पुग्दैन, हामी सहकारीमा प्रविधिकरण, सञ्जालीकरण एवं सहकार्यका साथै वृहत उत्पादन योजनाका कुरा गर्दैछौं ।

हाल भै रहेका कामबाट निराश नै हुनु त पर्दैन तर विश्वमा सहकारीले गरेका राम्रा उदाहरण मध्य छिमेकी राष्ट्र भारतमा सहकारी अभियान मार्फत् अमुल र इफ्कोले गरे जस्तै हाम्रो आवश्यकतामा आधारित भएर त्यस्तै नमुना कामहरूलाई हामीले पनि पछ्याउन सक्नुपर्छ । नेपालमा पनि त्यस्तै उदाहरणीय काम गर्दै गरेका र गरिरहेका सहकारीहरूलाई आवश्यक सहयोग तथा प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ साथै त्यस्ता संस्थाहरूको अवलोकन एवं सिकाइ योग्य सहकारीका रूपमा समेत तिनको पहिचान गर्नु आवश्यक छ ।

वास्तविक सहकारी मोडेलको रूपमा उत्पादनमूलक क्षेत्रमा काम गरेका वा गर्न लागि परेका सहकारीहरूलाई नीतिगत रूपमा परेका जटिलतामा समेत आवश्यक संशोधन गर्नुपर्ने विषयलाई समेत दिवस मार्फत् सन्देशको रूपमा प्रवाह गरौं । सहकारी अभियानले दिवसको अवसर पारेर गर्ने विभिन्न सामाजिक गतिविधि नियमित क्रियाकलाप भित्र पर्दछन्, यस बाहेक उपलब्धिहरूको समिक्षा गरी सन्देशमूलक दिवस मनाउन जरूरी देखिन्छ ।

सहकारी मार्फत् ठूला ठूला उत्पादनमूलक क्षेत्रमा जान विशिष्टिकृत सहकारी संघ गठनको व्यवस्था सहकारी ऐन २०७४ ले गरेको छ । कानुनले सबै प्रकारका सहकारी मिलेर विशिष्टिकृत संघ बनाएर उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरेको भए पनि बचत तथा ऋण सहकारीले ५ प्रतिशत भन्दा बढी गैरवित्तीय लगानी गर्न हुँदैन भन्नु र उत्पादनशील क्षेत्रमा गरिने लगानीलाई पनि गैर वित्तीय लगानी मान्नुले  नेपालमा वर्तमान अवस्थामा सहकारी मार्फत ठूलो लगानी नगर भन्नुनै हुन जान्छ । किनकी वर्तमानमा हेर्दा बचत ऋण सहकारीमा ७० प्रतिशत भन्दा बढी रकम प्राथमिक पुँजी कोष (सेयर र जगेडा कोष) मा रहेको छ । जसले गर्दा औद्योगिक लगानीमा बचत तथा ऋण सहकारीको योगदान हुनु अनिवार्य देखिन्छ । सम्बन्धित साकोसले आफ्नो वित्तीय लगानी संरक्षण एवं व्यवस्थापन गर्न सक्ने आधारमा प्राथमिक पुँजी कोषको रकम साधारणसभाबाट म्याण्डेट लिएर सदस्यहरूको आवश्यकताका आधारमा उत्पादनमूलक क्षेत्रमा लगाउन सक्नुपर्छ । साकोसहरूले प्राथमिक पुँजी कोष (सेयर पुँजी र जगेडा कोष) को रकम मध्यबाट ३० देखि ४० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा लगानी नगर्ने हो भने नेपालमा सहकारी मार्फत ठूला उद्योग बन्न सक्ने अवस्था रहँदैन । यो सन्देश अब व्यापक रूपमा यस्ता दिवस मार्फत प्रवाह हुन जरूरी छ ।

अब सहकारी क्षेत्र मार्फत् वृहत स्तरवाट उत्पादनमूलक क्षेत्रमा लगानी गरेर राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्नुपर्छ त्यसका लागि एक आपसमा बाझिएका चार दर्जन भन्दा बढी ऐन तथा नियमहरू संशोधनको प्रक्रियाले पूर्णता पाउने र कानुनमा नमिलेका सबै विषयहरू व्यवस्थापन गर्न प्रमुखता दिनुपर्छ । सहकारी मार्फत उत्पादनमूलक क्षेत्रका ८/१० वटा मेघा प्रोजेक्ट विशिष्टिकृत मोडेलमा देशका विभिन्न भूगोलमा सञ्चालन गर्ने हो भने कुल ग्राहर्स्थ उत्पादनमा सहकारीको योगदान १५ देखि १८ प्रतिशत पुग्न कुनै कठिनाई हुने छैन ।

तर अहिले सहकारी अभियान गफ गर्ने र घुमघाम गर्ने थलो बनेको छ । आफ्ना स्वार्थमा अल्झिने, सिङ्गो कानुनलाई व्यक्तिगत स्वार्थसिद्धिका हिसाबले तोडमोड गराउने र कानुन अर्कैतर्फ ढल्काउने काम समेत भएका छन् । अब अभियानका सबै लिडर, विषयविज्ञ र प्राविधिज्ञहरूको समुह सहित विशिष्ट छलफल गरी सहकारी अभियानले एउटा ठोस निश्कर्ष निकाल्ने हो भने अबको ५/७ वर्षमा सहकारीमार्फत उत्पादनको क्षेत्रमा ठुलो उपलब्धि हासिल गर्न सम्भव छ ।

---



**इन्द्रराज ज्योति पौडेल**
**पूर्व सञ्चालक**
नेफ्स्कून

मूलत राष्ट्रिय सहकारी दिवस सहकारीमा एउटा पवित्र दिनको रूपमा रहेको छ । अर्थको हिसावले पवित्र दिनलाई स्मरण गरेर त्यसको मर्म र सन्देशलाई भावी पुस्तासम्म पुऱ्याउने माध्यमको रूपमा दिवस मनाउने गरिन्छ । तर यसको मर्म, धर्म, सन्देश भावी पुस्तासम्म पुऱ्याउने भन्दापनि परम्परागत रूपमा कर्मकाण्डी र औपचारिकता निभाउने काम धेरै भएका छन् ।

वास्तवमा सहकारीले राष्ट्र, समाज र घरलाई एउटै परिवारको मालामा गाँसेर समाजमा विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक विकृति विसंगति हटाउन ऐक्यबद्ध आवाज बुलन्द गर्नुपर्छ । सदस्यहरूबाटै बचत संकलन गरी सदस्यहरूकै जीवनस्तरमा परिवर्तन ल्याउन, गाउँगाउँमा सहकारीको सन्देश पुऱ्याउन र राज्यलाई पनि सहकारीको बास्तविक सन्देशमार्फत सहकारीप्रतिको दृष्टिकोणमा सकारात्मकता अभिबृद्धि गराउन अभियान जाग्नुपर्छ । तर अझैसम्म पनि न त गाउँगाउँमा सहकारीको शिक्षा पूर्ण रूपमा पुगेको छ, न त राज्य नै सहकारीप्रति पूर्ण जानकार छ । जसले गर्दा सहकारीको मर्म, दर्शन एकातिर सहकारी सञ्चालन अर्कोतिर मोडिएको छ ।

सहकारी व्यवसाय राम्रो हो । सहकारीका दर्शन, सिद्धान्त, मूल्य मान्यताले सहकारी सञ्चालनमा पवित्र

संकेत दिन्छ । रोजगारी बृद्धि गरी सभ्य समाज निर्माणको सन्देश यसमार्फत फैलिनु जरूरी पनि छ ।

सहकारीमा पनि विकृति विसंगति धेरै छ । कतिपय पैसा धेरै भएका ठूला सहकारीमा त कतै मझौला र कतै गाउँ गाउँका पैसा कम भएका साना सहकारीमा सुशासनको कमी छ । नीति नियमको पालना नभएर त कतै जानाजान नियतबस कमी कमजोरी भएका छन् ।

सहकारीमा जम्मा हुने पैसा भनेको बच्चाका न्वारानका पैसा, टिकाटालो दक्षिणाका पैसा, चेलीले माइतबाट ल्याएका पैसा हुन् । सदस्यको यस्तो बचत सहकारीमार्फत कसरी उपयोग भइरहेको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । सदस्यको बचतमा घुमफिर र मुक्तिनाथको दर्शनले पक्कै पनि बचत र बचत मार्फत सदस्यको जीवनस्तर परिवर्तनमा मुक्ति प्राप्त हुन्छ भन्ने मलाई लाग्दैन ।

आज सबै सहकारी दिगो, सक्षम र आत्मनिर्भर छैनन्, जबसम्म सहकारीको संस्थागत विकास गर्न सकिँदैन तबसम्म सदस्यको जीवनस्तरमा परिवर्तन सम्भव छैन । सहकारीको संस्थागत विकास र सहकारी मार्फत सदस्यको जीवनस्तरमा समय सापेक्ष परिवर्तन गर्नेतर्फ सबैको ध्यान जाओस् । सहकारी सामाजिक काम तर्फ केन्द्रीत हुनको लागि नेफ्स्कूनदेखि लिएर सबै मार्फत सहकारीको भूमिका, सदस्यको उत्थान, समृद्ध समाज निर्माणमा लाग्न सहकारी दिवस उन्मुख रहोस् । शुभकामना !



**बमबहादुर बि.सी.**
**अध्यक्ष**
वीरेन्द्रनगर साकोस, सुर्खेत

सहकारी दिवस प्रत्येक बर्ष स्वभाविक रूपले मनाउँदै आइरहेका छौं । सहकारी क्षेत्रमा देखा परेका सकारात्मक नकारात्मक पक्षको समिक्षा गर्ने दिवसको रूपमा लिइनुपर्छ भन्ने लाग्छ । सकारात्मक पक्षको विश्लेषण र नकारात्मक पक्षको समिक्षा गरेर आगामी योजना निर्माणसहित सहकारी क्षेत्रलाई अगाडि बढाउने पहल गर्ने दिवसको रूपमा सहकारी दिवस रहोस् भन्ने कामना गर्दछु ।

सहकारी क्षेत्रमा बचत तथा ऋण सहकारी (साकोस) को हिस्सा फराकिलो छ । साकोस अभियानको गुणस्तर कायम गर्ने दौरानमा नेफ्स्कूनको भूमिका महत्वपूर्ण छ । तर गुणस्तर सुधारका सबालमा नेफ्स्कूनका क्रियाकलापहरू कहाँ कहाँ, के भइरहेका छन् ? कहि कतै करेक्सनको आवश्यकता अभियानमा महसुस भएको हो कि ! यसप्रति गम्भीर समिक्षा गरिनुपर्छ । अभियानको गुणस्तर खस्किदो अवस्थामा छ । त्यसलाई सही ठाउँमा तत्काल सुधारको प्रयासमा जानुपर्छ ।

राज्यले आर्थिक विकासका प्रमुख तीन खम्बामध्ये सहकारी क्षेत्रलाई प्रमुख एक खम्बाको रूपमा परिभाषित गरेको छ । संविधानत सुनिश्चित विषय संस्थागत गर्ने सबालमा राज्यनै उदासिन छ । नीतिगत उपलब्धिको कार्यान्वयन पक्ष कमजोर बनेको छ भने एक आपसमा बाझिएका कानुनको कार्यान्वयन जटिलता उत्तिकै चुनौतिपूर्ण छ । सरकारले अब ढिलो नगरि यसतर्फ ध्यान दिनुपर्छ । यसका लागि अभियानको जागरूकता सबल बन्नुपर्छ ।

सहकारी एकीकरणको विषय त्यत्तिकै महत्वपूर्ण विषय हो । राज्यले एकीकरण नीति ल्याएको छ, तर अभियानले त्यसको कार्यान्वयमा तदारूकता देखाएको दिखिन्न । राज्यलाई झक्झकाउने र नीति कार्यान्वयका सबालमा अभियान अगाडि बढ्नुपर्छ ।

अर्कोतर्फ स्वायत्त अधिकार प्रयोग गर्दै सरकारका तीन तहः केन्द्र, प्रदेश र स्थानीयले आफूखुसी ऐन निर्माण गरे । एकआपसमा ऐन बाझिएका कारण आज कार्यान्वयमा समस्या उत्पन्न भएको छ । जसको प्रत्यक्ष असर अभियानका रचनात्मक कार्यमा परेको छ । कानुन कार्यान्वयमा देखिएका समस्या समाधानका लागि पनि समग्र सहकारी अभियानले तीन तहकै सरकारसमक्ष वहस पैरवी गर्दै कानुनी एकरूपताका लागि क्रियाशिल बन्नुपर्छ ।

पछिल्लो समय सहकारी क्षेत्र फेशनको रूपमा विकृति फैलाउँदै अगाडि बढेको पनि पाइएको छ । सहकारीका नाममा बचत संकलन गर्ने, राज्य र विभिन्न निकायका अनुदान हात पार्ने र केही समयपछि गायब हुने प्रचलनले सहकारीका सदस्य मारमा परेका उदाहरण प्रशस्तै छन् । सहकारीका नाममा हुने यस्ता विकृति विसंगतीलाई निर्मूल पार्न अभियानको ऐक्यबद्धता जरूरी छ । सहकारीमा बढ्दो देखासिकी, राजनीतिक दाउपेच, अस्वस्थ प्रतिपर्स्धाजस्ता विषयलाई सहकारीमा प्रवेश निषेध गर्न अब अभियानले समिक्षा गरेर योजनाबद्ध रूपले अगाडि बढ्नुपर्छ ।

सहकारी मार्फत गरिबी निवारण गर्ने मूल ध्येय पुरा गर्न प्रतिबद्धताका साथ लाग्नुपर्छ । रोजगारी सृजना, गरिबी निवारण र आर्थिक समृद्धिको अभियान अगाडि बढाउन यस ६५औं राष्ट्रिय सहकारी दिवसले प्रेरणा प्रदान गरोस् ! हार्दिक शुभकामना ।



**कल्पना श्रेष्ठ**
**अध्यक्ष**
मकवानपुर जिल्ला बचत संघ

दिनलाई उत्सवका रूपमा मनाईने भयो भने त्यो दिवस बन्छ । दिवस मनाईरहँदा मनाउने पक्षको हित प्रवर्द्धन गर्न, त्यसका आवश्यकता एवं औचित्यतालाई उजागर गर्न थप मद्दत पुग्छ । यसैले सहकारी कर्मीहरूले हरेक वर्ष चैत्र २० लाई राष्ट्रिय सहकारी दिवसको रूपमा मनाउँदै आएका छौं । नेपालको इतिहासमा वि.सं. २०१३ सालमा पहिलो सहकारीको रूपमा बखान ऋण सहकारीको स्थापना भएको दिनलाई आधार मानेर यो दिवस मनाईने गरिएको हो ।

वि.सं. २०६३ साललाई सहकारी स्वर्ण महोत्सवको रूपमा भव्यतापूर्वक मनायौं । हरेक वर्ष सहकारी दिवस भनेर मनाउँदै आएका हौं । तर त्यो वर्ष विशेष थियो । ३ महिना देखि निक्कै करसरत भएको थियो । जिल्लामा डिभिजन सहकारी कार्यालय सहितको जिल्ला सहकारीहरूको सञ्जालको मूल समारोह समितिको पनि विविध साप्ताहिक कार्यक्रमहरू थिए । विषयगत सहकारी संघहरूको आ–आफ्ना कार्यक्रमहरू थिए । सबै सहकारीहरूलाई आ–आफ्नो ठाउँमा कार्यक्रम सञ्चालन गर्न आव्हान गरेका थियौं । सहकारीमय थियो माहोल ।

सहकारी बहस, सहकारी हाजिरीजवाफ, सहकारी दोहोरी प्रतियोगिता, बृहद रक्तदान, सहकारी बक्तृत्वकला, सहकारी स्लोक, कविता प्रतियोगिता, भव्य बाजागाजा, झाँकी सहितको र्‍याली, विभिन्न नाराहरू, मागहरू प्रशस्त सडक भरी छरिएका थिए । गाउँ सहर भरी गुञ्जायमान भएको थियो । त्यसैको प्रभाव स्वरूप सहकारीको मन्त्रालय पनि स्थापना हुनगयो । सहकारी मापदण्ड जारी भयो । डिभिजन सहकारी कार्यलयको बजेटहरूमा केही सुधारहरू भएर आए । समुदायमा सहकारी भनेको छुट्टै पहिचान भएको सेवा प्रदायक संस्था हो भन्ने परिचय पनि स्थापित गर्न मद्दत पुग्यो ।

हरेक वर्ष सहकारी दिवस मनाउँदै गर्दा यस्ता किसिमका कार्यक्रमहरू, मागहरू दिवस भित्र दिवस अघिपछि पनि हुँदै आएका छन् । सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ जारी भई सहकारीका विभिन्न संस्थागत संरचनाहरू खडा हुनुपर्ने व्यवस्था भएको भए पनि सो कार्यान्वयन हुन सकेको छैन । कर्जा सूचना केन्द्र, कर्जा न्यायाधिकरण, कालोसूची व्यवस्था, स्थिरीकरण कोष सञ्चालन लगायतका सहकारीलाई व्यवस्थित र अनुशासित बनाउने संरचनाहरूको स्थापनामा सरकार र अभियान चुकिरहेको छ । जसले गर्दा सुशासनमा चल्न प्रयासरत सहकारी संस्थाहरूलाई समेत बदनामीको रापले पोलिरहेको छ ।

नेतृत्वका लहडहरूले स्वयमसेवी रूपमा सञ्चालनमा रहेका अभियानका अंगहरूको जराहल्लाउने कोसिसहरू समेत भैरहेको छ । देश काल परिस्थिति अनुरूप भैरेहका संरचनाहरूलाई जबरजस्ती मास्ने कोसिसका कारण जसरी डिभिजन सहकारी कार्यालय हटी स्थानीय तहमा सहकारीको सम्पूर्ण जिम्मेवारी जाँदा तथ्यांक, ऐनकानुन व्यवस्थापन तथा कार्यान्वयन लगायतका विषयमा समस्या उत्पन्न भैरहेको तथ्य हामीसँग छ । त्यसै गरी कोही व्यक्तिको कुनै देशको भ्रमण एवं सिकाई कै प्रभाव स्वरूप अभियानमा संशोधनका प्रयासहरू भैरहेको छ । जसले सहकारीको जुन मर्म र भावना छ । सदस्यहरूको प्रत्यक्ष संलग्नताको परिकल्पना सहकारी अभियान भित्र छ, त्यो पुरा हुन सक्ने छैन । कमसेकम यो नेपालको परिवेशमा यसको नकारात्मक प्रभाव प्रत्यक्ष रूपमा सहकारीका सदस्यहरूले भोग्नु पर्ने हुन्छ । यसैले पनि हामी सहकारी कर्मीहरूले सहकारी दिवसहरू मनाउँदै गर्दा हरेक पक्ष र परिस्थितिहरूको विश्लेषण गरेर मात्र कुनै पनि विषयको माग उठान हुनुपर्छ ।

Like
Comment
Share

साकोस आवाज
सहकारी सँगै सञ्चार
कृपया सहकारी समाचारका लागि:
saccosaawaj.coop.np मा जानुहोला ।
यदि तपाईंसँग कुनै समाचार भएमा
saccosaawaj@gmail.com मा पठाउनुहोला ।




# स्थिरीकरण कोषको परामर्श बैठक

स्थिरीकरण कोषको दोस्रो वार्षिक परामर्श बैठक फागुन १३ गते भर्चुअल रूपमा सम्पन्न भएको छ । बैठकको प्रमुख अतिथि सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डित रहनुभएको थियो भने अध्यक्षता कोष सञ्चालन समितिका अध्यक्ष एवम् नेफ्स्कूनका समेत अध्यक्ष परितोष पौड्यालले गर्नुभएको थियो ।

कार्यक्रममा नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, उपाध्यक्ष शान्ति अधिकारी, महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दिपक पनेरू, लेखा समिति संयोजक नवराज सापकोटासँगै सञ्चालकहरू, कोष सञ्चालन समितिका सदस्य एवम् नेपाल राष्ट्र बैंकका उप निर्देशक रामकाजी खाइजूसँगै अन्य सदस्यहरू, कोष सञ्चालन समितिका सदस्य सचिव एवम् नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, कोषमा योगदान गर्ने साकोसहरूका प्रतिनिधिहरू, नेफ्स्कून उच्च व्यवस्थापन लगायतको सहभागिता थियो ।

बैठकका प्रमुख अतिथि सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डितले बचत ऋण सहकारीहरूलाई अवन्नतिको बाटोमा नजान, संस्थालाई सही बाटो देखाउन, बचत ऋण सहकारीहरूको हितको निम्ति स्थिरीकरण कोषको प्रावधान राखिएको उल्लेख गर्दै एउटा साकोसलाई परेको समस्या अरू सबै साकोसहरू मिलेर समाधान गर्ने उपाय कोष भएको बताउनुभयो । यो 'एकका लागि सबै, सबैको लागि एक' मा आधारित अवधारणा हो, रजिष्ट्रार पण्डितले भन्नुभयो, 'अन्य वित्तीय संस्थाहरू समस्यामा पर्दा राष्ट्र बैंकले व्यवस्थापन जिम्मा लिन्छ तर बचत ऋण सहकारीहरू समस्यामा पर्दा एकले अर्कालाई सहयोग गर्ने माध्यम हो स्थिरीकरण कोष ।'

स्थिरीकरण कोष दुःखमा साथ दिने जगेडा कोष भएको उल्लेख गर्दै रजिष्ट्रार पण्डितले यसलाई साकोस अभियानको अभिभावकको संज्ञा दिनुभयो । रजिष्ट्रार पण्डितले भन्नुभयो, 'कोषमा नेपाल सरकारले योगदान गर्नुपर्छ, त्यसका लागि हामी पहल गर्छौं । कोष सञ्चालनको दिशामा छिटो अघि बढ्नुपर्ने धारणा उहाँको थियो । उहाँले कोषको अवधारणा, कानुनी प्रावधानको चर्चा गर्दै यसलाई छिटो भन्दा छिटो सञ्चालनमा ल्याउन विभागको पूर्ण सहयोग र ऐक्यबद्धता रहने बताउनुभयो ।

कोष सञ्चालन समितिका अध्यक्ष एवम् नेफ्स्कून अध्यक्ष पौड्यालले कोषको कानुनी व्यवस्था, औचित्य, कोभिडले निम्त्याएको चुनौतीहरूसँगै पछिल्लो समयको तदारूकताका बारेमा बैठकमा जानकारी गराउनुभएको थियो । उहाँले भन्नुभयो, 'कोषलाई संस्थागत गर्न हामी अघि बढेका छौं । सबैको साथ र सहयोगमा अब यसै वर्षभित्रबाट कोष खडा हुन्छ । 'यसै वर्ष खडा गर्छौं' अध्यक्ष पौड्यालले भन्नुभयो, 'सबै बचत ऋण सहकारीहरूलाई ऐक्यबद्धतासहित योगदान गर्न आग्रह गर्दछु ।' विभागीय मन्त्रालयले पनि कोष सञ्चालनको विषयलाई पहिलो प्राथमिकतामा राखेको उहाँले जानकारी गराउनुभयो । साकोस अभियानको २ पाङ्ग्राको चर्चा गर्दै अध्यक्ष पौड्यालले स्वनियमनमा आधारित स्तरीकरण र योगदानमा आधारित स्थिरीकरण कोष सबै बचत ऋण सहकारीका लागि अनिवार्य विषय भएको उल्लेख गर्नुभयो । अध्यक्ष पौड्यालले बचत ऋण सहकारीहरूको बचाउ, संरक्षण, संस्थागत विकास र व्यवस्थापन गरी ४ महत्वपूर्ण विषयहरू कोषको उद्देश्य भएको बताउनुभयो । उहाँले समस्याग्रस्त सहकारीको व्यवस्थापनको विषय सदस्यहरूको हकमा मात्र लागू हुने प्रष्ट पार्नुभयो । अध्यक्षले भर्चुअल रूपमा प्राप्त जिज्ञासाहरूको समेत सम्बोधन गर्नुभएको थियो ।

शुभकामना मन्तव्य राख्दै नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले सहकारी ऐन कार्यान्वयनको सवालसँगै नेफ्स्कूनले कोषलाई अघि बढाएको बताउनुभयो । उहाँले कोषलाई साकोस अभियानको सुरक्षा कवचको रूपमा लिनुपर्छ भन्ने ध्येयका साथ नेफ्स्कूनले यसको गतिविधिलाई अगाडि बढाइरहेको जानकारी गराउनुभयो । 'हामी कोषलाई सोचे अनुरूप गन्तव्यमा पुर्‍याउन लागि परेका छौं, 'वरिष्ठ उपाध्यक्ष ढकालले भन्नुभयो, 'सबैको सहयोग, योगदान र ऐक्यबद्धताको बलमा हामी यसै वर्षको अन्त्यसम्मबाट कोष पूर्ण सञ्चालनमा ल्याउने तयारी जोडतोडका साथ भैरहेको छ ।'

पछिल्लो समय कोषमा योगदान र सदस्य बृद्धि भैरहेको भन्दै योगदान गर्नेले मात्रै लाभ लिन सक्ने उहाँले उल्लेख गर्नुभयो । योगदान गर्ने संस्थाहरूलाई परेका समस्यामा रेस्क्यू र कोषको रकमलाई कार्यविधि बनाएर न्यून ब्याजदरमा सदस्य संस्था र सदस्यहरूलाई व्यवसाय उन्मुख र समृद्धिका लागि पुँजी उपलब्ध गराउने वातावरण बनाउन

सकिने पनि बरिष्ठ उपाध्यक्ष ढकालको भनाइ थियो । उहाँले भन्नुभयो, 'यो सदस्यको समृद्धिसँग जोडिने कोष हो । हामी यो पूर्ण सञ्चालनको धेरै नजिक छौं ।' त्यसका लागि आजको बैठक निर्णायक बन्न सकोस भन्ने कामना पनि उहाँले गर्नुभयो । उहाँले स्थिरीकरण कोष नेफ्स्कूनको छुट्टै नभई साकोस अभियानको संयुक्त कोष भएको समेत प्रष्ट पार्नुभयो । 'योगदान गर्ने संस्थाहरूको कोष हो यो, ' हयाण्डलिङ' मात्र नेफ्स्कूनको हो ।'

बैठकमा स्वागत मन्तव्य राख्दै कोष सञ्चालन समितिका सदस्य रामकाजी खाइजूले नेपालमा कोषको अवधारणा भित्राउन अग्रजहरूले गरेको योगदानको चर्चा गर्नुभयो । उहाँले बचत ऋणलाई परेको समस्या सामूहिक समाधान गर्ने उपाय कोष भएको बताउनुभयो । एउटा सहकारीमा पर्ने समस्याको असर सञ्जालमा पर्ने भएकाले सामूहिक जगेडा कोषको रूपमा स्थिरीकरण कोष रहने उल्लेख गर्नुभयो । उहाँले नेपालमा सन् २००९ बाटै कोषको अवधारणा आएपनि कानुनी अभाव भने सहकारी ऐन २०७४ ले पूर्ति गरेको चर्चा गर्नुभयो । उहाँले नेफ्स्कूनको अग्रसरतामा कोष स्थापनाको पहल अघि बढेको उल्लेख गर्दै सोही अग्रसतारले ऐनमा सम्बोधन भएको भन्दै खुसी व्यक्त गर्नुभयो ।

बचत ऋण सहकारी अभियानको लामो अपेक्षाको मार्ग प्रशस्त ऐनले गरेको तर औपचारिक स्थापनाका लागि १० करोड पुऱ्याउन सबै साकोसहरूले हातमा हात मिलाउनुपर्ने उहाँले बताउनुभयो । सदस्य खाइजूले भन्नुभयो, 'सबै बचत ऋण सहकारीहरूलाई कोषमा योगदान पुऱ्याउन कोष सञ्चालन समितिका तर्फबाट अनुरोध गर्छु । कोष अभियानको सम्पत्ति भएकाले अभियानकै योगदान आवश्यक हुन्छ ।' उहाँले निकट भविष्यमै बाँकी रकम जम्मा भई कोष पूर्ण सञ्चालनमा आउने विश्वास व्यक्त गर्नुभयो

कोष सञ्चालन समितिका सदस्य सचिव एवम् नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत पोखरेलले कार्यक्रम सञ्चालन गर्दै साकोस अभियानको केन्द्रीय जगेडा कोषले सदस्यहरूको बचतको सुरक्षण गर्ने, कुशल व्यवस्थापन कायम राख्न सहयोग गर्ने, नियमित प्राविधिक अनुगमन गर्ने, तरलता सापटी र दायित्व भुक्तानीमा सहयोग गर्ने लगायतका सुविधाहरू बारे जानकारी गराउनुभएको थियो । उहाँले कोषको कार्य प्रगतिका मुख्य बुँदाहरू समेटिएको प्रस्तुतिकरण गर्नुभएको थियो ।

बैठकमा प्रस्तुत गरिएको आर्थिक वर्षको प्रगति विवरणहरू समेटिएको अध्यक्षको प्रतिवेदन, चालु आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट, लेखा परिक्षण प्रतिवेदन र बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोष संस्थापना तथा सञ्चालन कार्यविधि २०७६ को संशोधन प्रस्ताव पारित गरिएको थियो । बैठकमा कोषमा योगदान गर्ने सँगै सम्भावित योगदानकर्ताहरूको उपस्थिति थियो ।

# स्थिरीकरण कोष
## चाँडै पूर्ण सञ्चालनमा ल्याउन त्रिपक्षीय सहमती



स्थिरीकरण कोष यथाशिघ्र पूर्णसञ्चालनमा ल्याउनुपर्ने भन्दै त्यसका लागि आवश्यक जस्तो सुकै सहयोग र समन्वय गर्न तयार रहेको प्रतिबद्धता सहकारी मन्त्रालय र विभागले जनाएका छन् । सहकारी ऐन २०७४ को कार्यान्वयनमा बिशेष जोड दिदैं दुवै निकायले बचत तथा ऋण सहकारी अभियानको सुरक्षा कवचका रूपमा कोषको विकल्प नभएकाले यसलाई छिटो भन्दा छिटो पूर्ण कार्यान्वयनमा ल्याउनुपर्ने धारणा राखेका हुन ।

कोषमा बचत ऋण सहकारीहरूको संख्यात्मक योगदान वृद्धि गर्दै आवश्यक १० करोड रूपैयाँ संकलन गरी चालु आर्थिक वर्षभित्रै सञ्चालनमा ल्याउने तयारीमा जुट्न भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत सहकारी महाशाखा प्रमुख लीलाप्रसाद शर्मा र सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीले आग्रह गर्नुभएको थियो ।

सहकारी ऐनमा व्यवस्था भएको कोषका सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहकारी विभागको आधिकारीक धारणा सहित बचत तथा ऋण सहकारी संस्थाहरूका लागि स्थिरीकरण कोष सम्बन्धी नेफ्स्कूनले माघ

१६ मा आयोजना गरेको भर्चुअल अन्तरक्रिया कार्यक्रममा जिम्मेवार सरकारी अधिकारीहरूले कोष सञ्चालनप्रति गम्भीर चासो व्यक्त गर्दै सहयोग, समन्वय र सहजीकरणको वचन दिनुभएको हो । नेफ्स्कूनका अध्यक्ष एवम् स्थिरीकरण कोष सञ्चालन समितिका अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा भएको कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, उपाध्यक्ष शान्ति अधिकारी, पदाधिकारी साथै स्थिरीकरण कोष सञ्चालन समितिका सदस्यहरू, कोषका सदस्य सचिव एवम् नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलसहित देशभरबाट सहकारी अभियानकर्मीहरू सहित ६०० भन्दा बढीको सहभागिता थियो ।

कार्यक्रममा सहकारी मन्त्रालयका महाशाखा प्रमुख शर्माले स्थिरीकरण कोष शीघ्र सञ्चालन गर्न मन्त्रालय, विभाग र नेफ्स्कून सहितको संयुक्त कार्यदलले कोषसँग सम्बन्धित कार्यविधिमा सैद्धान्तिक र व्यवहारिक रूपमा नमिलेका विषयहरूलाई मिलाएर जाने र परिणाममुखी बनाउने विषय तीव्र रूपमा अगाडि बढेको बताउनुभयो ।

'राम्रो कामको सुरुवात राम्रो कामबाटै हुन्छ यी दुइवटै लक्षण देखिएको छ,' उहाँले भन्नुभयो, 'मन्त्रालयको पूर्ण साथ सहयोग र समर्थन छ । कार्यविधिलाई समयानुकुल बनाउन र तत्काल कोष सञ्चालनमा जानका लागि नेफ्स्कूनसँग मन्त्रालय सदैव सँगसँगै रहेको छ ।'

उहाँले मौजुदा स्थिरीकरण कोषमा कानुनले तोकेको १० करोड कसरी पुऱ्याउने भन्ने विषयमा अभियानमा आबद्ध संस्थाहरूको प्रतिबद्धता रहनुपर्नेमा जोड दिनुभयो । उहाँले प्रदेश र स्थानीय तहको नियमन क्षेत्रमा रहेका सहकारीलाई पनि कसरी समेटेर जाने र स्थिरीकरण कोषलाई दीर्घकालिन बनाउने भन्ने विषयमा कार्यविधि उपायोगी र परिणाममुखी बनाएर जानुपर्नेमा जोडदिनुभयो ।

सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीले कोषलाई तत्काल र प्रभावकारी कार्यान्वयनमा जानेगरी नेफ्स्कूनको गतिमा विभागको तर्फबाट पूर्ण समर्थन रहेको स्पष्ट पार्नुभयो । उहाँले सहकारी संस्थामा सुशासन कायम गर्न र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनका लागि कार्यविधिमै केही सुधार गर्नुपर्ने भएपनि त्यसमा सुधार गर्न कार्यदलले उपयुक्त र परिणाममुखी काम गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

स्थिरीकरण कोषको अपरिहार्यतामा विभाग दृढ रहेको र यसलाई समन्यायिकताका आधारमा अगाडि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो । रजिष्ट्रार अधिकारीले, 'चैत्र मसान्तभित्रै कोषको शुभारम्भ गर्नेगरी तयारी गर्नुहोस्, बचत तथा ऋण सहकारी संस्थालाई मुलधारमा ल्याउने गरी अगाडि बढाइएको काममा विभागको कहाँ के सहयोग चाहिन्छ, त्यसमा हामी प्रतिबद्ध छौं ।'

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले सरोकारवालाहरूको सुझावलाई ग्रहण गर्दै कार्यदलमार्फत ठोस निष्कर्षमा पुग्ने विश्वास व्यक्त गर्नुभयो । स्थिरीकरण कोषमा उठेका केही सवालहरू सम्बन्धी केही विषयहरूमा नियमावली संशोधनमा जानुपर्ने भएकाले तत्काल त्यो संशोधनमा नभएको स्पष्ट पार्नुभयो । 'तत्काल स्थिरीकरण कोष कार्यान्वयनमा जानका लागि जे जस्तो वैधानिक अवस्था छ, त्यसैलाई कायम राखेर अगाडि बढ्नुपर्ने हुन्छ' अध्यक्ष पौड्यालले भन्नुभयो, 'कोषको कार्यविधिमा भएको व्यवस्था अनुरूप यतिबेला ठूला संस्थाले ठूलो योगदानमा जानुपर्ने देखिनसक्ने भन्दै आफ्नो संस्थाको स्थायित्व र सुरक्षाको प्रत्याभूतिका लागि संस्थागत सुरक्षाको सन्दर्भमा कोषको कार्यविधि अगाडि बढेको हो ।' समग्र अभियानलाई समृद्ध, उन्नत र गहन बनाउन नेफ्स्कून प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । अर्को एक प्रसङ्गमा उहाँले अभियानको भाव अनुभूति गर्दै वृहत्तर छलफल बाट साधारणसभामार्फत सदस्यता शुल्कमा ५ रूपैंयाबाट घटाएर ३ रूपैंया कायम गरिएको जानकारी समेत गराउनुभयो ।

नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले सहकारी ऐनको पूर्ण कार्यान्वयन अहिलेको प्राथमिक विषय भएको भन्दै कोषको सञ्चालन पनि त्यसैसँग प्रत्यक्ष जोडिएको बताउनुभयो । हालसम्म झन्डै ७ करोड बढी रकम संकलन भएको बताउँदै उहाँले कोषालाई जोखिम व्यवस्थापन टुल्सको रूपमा अंगिकार गर्नुपर्नेतर्फ सहभागी साकोसहरूको बिशेष ध्यानाकर्षण गराउनुभयो । नेफ्स्कूनका प्रवक्ता समेत रहनुभएका बरिष्ठ उपाध्यक्ष ढकालले साकोस अभियानको 'ब्याकअप फन्ड' स्थिरीकरण कोष भएको स्पष्ट पार्दै 'आफ्नै लागि आफैले योगदान' गरेर अभियान शुद्धीकरण, पारदर्शिता र आत्मसहयोगको दिशामा अघि बढ्नुपर्ने धारणा राख्नुभयो । उहाँले मन्त्रालय, विभाग र कोष सञ्चालन समिति सहभागी भएर सुन्ने सुनाउने गर्विलो र ओजस्वी भर्चुअल मञ्च आज आयोजना गरिएको भन्दै अपनत्व लिन, अभियान चाहिन्छ, फेडेरेशन नै अभियान हो, यसैलाई बलियो बनाउनुपर्ने तर्क गर्नुभयो ।

सकेसम्म छिटो कोष कार्यान्वयनमा लाने प्रतिबद्धता बरिष्ठ उपाध्यक्ष ढकालले दोहोऱ्याउनुभयो, 'यो सालभरमा पूर्ण सुरुवात गर्ने गरी अघि बढेका छौं । २०७८ सालभित्रै कार्यान्वयन गर्छौं ।' साथै उहाँले सहकारीका लागि र अभियानलाई दिगो बनाउने रूपमा मन्त्रालयका महाशाखा प्रमुख शर्मा र विभागका रजिष्ट्रार अधिकारीले उर्जा दिइरहनुभएको भन्दै कृतज्ञता पनि व्यक्त गर्नुभयो ।

कार्यक्रम सञ्चालन नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत एवम् स्थिरीकरण कोषका सदस्य सचिव प्रकाश प्रसाद पोखरेलले गर्नुभएको थियो ।

# चितवनको सहकारी अभियानमा अझ धेरै गर्न बाँकी छ

**नवराज सापकोटा बचत तथा ऋण सहकारी अभियानमा परिचित नाम हो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को लेखा सुपरिवेक्षण समितिका संयोजक सापकोटाको सहकारी यात्रा चितवन जिल्लासँग निकट छ । सहकारीको जननी जिल्लाको रूपमा रहेको चितवन मै स्थायी बसोबासरत सापकोटाले चितवनको सहकारी अभियानमा सुरूवाती अवस्थादेखि योगदान पुर्‍याउँदै आउनुभएको छ । २०५३ सालदेखि सहकरी अभियानमा जोडिनुभएका सापकोटाको सहकारीयात्रा २५ वर्ष पाको भएको छ । सुरूवाती चरणमा चितवनकै तत्कालीन जनसेवा साकोस साथै चित्रवन साकोस र राष्ट्रसेवक साकोसमा आबद्ध रहनुभयो । २०५३ साल फागुन २९ गते गठित चितवन जिल्ला बचत तथा ऋण सहकारी संघको स्थापनाका लागि निरन्तर पहल गर्नुभएका सापकोटा बचत संघका संस्थापक सचिव हुनुहुन्छ । त्यसपश्चात निरन्तर संघको सल्लाहकारका रूपमा रहनुभएका सापकोटा २०६८ साल कार्तिक १५ गते अध्यक्ष निर्वाचित हुनुभयो । चितवनको सहकारी अभियानमा पुर्‍याउनुभएको योगदानका विषयमा सहकारी अभियन्ता सापकोटासँगको कुराकानीमा आधारित रहेर तयार पारिएको सामग्री यहाँ प्रस्तुत गरिएको छ ।**



**नवराज सापकोटा**
**संयोजक**
लेखा सुपरिवेक्षण समिति
नेफ्स्कून

चितवन सहकारी इतिहासको जननी जिल्ला हो । २०१३ चैत्र २० गते चितवनको शारदानगरमा "बखानपुर सहकारी ऋण समिति" स्थापनासँगै नेपालमा सहकारी अभियानको सुत्रपात भएको हो । यसै दिनको स्मरणमा हरेक बर्ष चैत्र २० गते राष्ट्रिय सहकारी दिवस मनाउँछौं । यस बर्ष पनि ६५औं राष्ट्रिय सहकरी दिवस विविध कार्यक्रम गरी मनायौं ।

चितवनमा सहकारी अभियानको सुरूवातलाई दुई चरणबाट हेर्न सकिन्छ । एउटा पञ्चायत काल पूर्वको अभियान र अर्को २०४६ साल पछिको अभियान । २०४६ सालभन्दा पूर्व सहकारी अभियान राज्य नियन्त्रित रह्यो । २०४६ पश्चात, सहकारी ऐन २०४८ आयो, यसले सहकारी संस्था दर्ताको लागि सदस्यहरूमा जागरण अभियान चल्यो । त्यो वेला पनि धेरै नागरिकहरूमा सहकारी सरकारको हो, यसमा जम्मा गरेको पैसा सरकारको हुन्छ भन्ने बुझाइ थियो । हामीले धेरै कुरा सदस्यहरूमा बुझायौं । सहकारी ऐन २०४८, ले सदस्य भनेको सहकारीका सिद्धान्त अनुसार सञ्चालन हुने, स्वायत्तता र स्वतन्त्रता यसका मूल्य मान्यता हुने र यसैभित्र रहेर सहकारी सञ्चालन हुने भएकोले सदस्यका पैसा सदस्यले नै कार्यविधि बनाएर आफै परिचालन गर्न पाइन्छ, यसमा सरकारको कुनै किसिमको हक लाग्दैन र कर पनि लिँदैन (त्यो बेला कर छुट थियो) भनेर बुझायौं । त्यसरी सदस्यहरूलाई सहकारीप्रति उत्प्रेरित गर्दा त्यो बेला दुग्ध उत्पादनका र कृषिका केही सहकारी संस्थाहरू स्थापना भए । बचत ऋणका सहाकरी अलि कम खुले ।

२०५३ सालमा हामीले चितवन जिल्ला बचत तथा ऋण सहकारी संघको स्थापना गर्‍यौं । त्यो बेला चितवनमा १९ वटा सहकारी संस्था थिए । तर संघ स्थापना गर्ने क्रममा जम्मा ९ वटा सहकारी मात्र आबद्ध भए । त्यतिवेला सोमराज खनिया संस्थापक अध्यक्ष र म आफै सचिव भएर स्थापना गरेको संघले यहि फागुन २९ गते रजतमहोत्सव पुरा गरेको छ ।

त्यसपछि भने चितवनको सहकारी अभियान विस्तारै अन्य जिल्लाको तुलनामा त्यति राम्रोसँग देखिने गरेर, नमूनाको रूपमा लामो समयसम्म अगाडि बढ्न सकेन । चितवनको सहकारी अभियानमा जानकार राख्ने भएकोले पूर्व, पश्चिमका जिल्लाहरू घुम्दा साथै छिमेकी जिल्लाहरू नवलपुर, नवलपरासीमा सञ्चालित विकू, किसानले काम गरेको देख्दाखेरी यी संस्थाहरू कसरी यस्तो बनाउन सकिन्छ भन्ने लाग्थ्यो । २०६८ साल कातिक १५ गते म चितवन जिल्ला बचत संघको अध्यक्ष बनेर आएँ । यो भन्दा पूर्व

नै म नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) सँग परिचित थिएँ । नेफ्स्कूनका पूर्व अध्यक्ष कैलाशभक्त प्रधानाङ्ग पनि चितवन पटक पटक जानुहुन्थ्यो । बचत संघलाई चितवनको नमूना संघ बनाउने उहाँको प्रयत्न थियो । चितवनको बचत अभियानलाई कसरी अगाडि बढाउने भन्नेमा पनि पूर्वअध्यक्ष प्रधानाङ्गको योगदान थियो । पछि मिनराज कडेल सरको पनि अभियानको विकासमा त्यतिकै योगदान रह्यो ।

नेफ्स्कूनले प्राविधिक सहयोग गर्न पर्‍यो, हामी यसलाई अगाडि बढाउन सक्छौं भनेर कुरा राख्यौं । पहिलो पटक नेफ्स्कूनको प्राविधिक सहजीकरणमा संघको रणनीतिक योजना निर्माण गर्‍यौं । त्यो बेला जिल्लामा जम्मा २ सय ८४ वटा बचत तथा ऋण सहकारी संस्था दर्ता भइसकेका थिए भने संघमा जम्मा ६९ संस्था मात्रै आबद्ध थिए । संघमा ६९ हजार पुँजी र ३ लाख बचत थियो । संघमा बचत गर्न संस्थाहरू हिच्किचाउँथे, सदस्य संस्थाहरूले बचत गर्दैनथे ।

संघले पहिलो रणनीतिक योजना अनुरूप तालिम शिक्षा र सदस्यहरूमा जागरण ल्याउने उत्प्रेरणामुलक कार्यक्रम अगाडि सार्‍यौं । धेरै साथीहरू सहकारीप्रति उत्साहित हुनुभयो । धेरै हदसम्म योजनाले तोकेका लक्ष्यहरू पुरा गर्न सफल भयौं । चितवनमा जागरणको अभियानसँगसँगै अब स्तरीकरणको अभियानमा जानुपर्छ भन्ने लागेपछि नेफ्स्कूनको २ सय ३१औं केन्द्रीय बैठक चितवन जिल्ला बचत संघको आयोजनामा २०६९ सालमा चितवनमा सम्पन्न भयो । चितवनको अभियानलाई उठाउन एउटा स्तरीकरण कार्यक्रम दिनुपर्छ भन्ने माग हामीले राख्यौं ।

सहकारीमा पर्ल्स अनुगमन प्रणाली मात्रै प्रचलनमा थियो । एसियाली ऋण महासंघले भर्खरै मात्र नेफ्स्कूनमार्फत एक्सेस कार्यक्रम सुरूवात गरेको थियो । अन्य स्तरीकरणका कार्यक्रमहरू विकास भइसकेका थिएनन् । त्यसपछि एक बर्षको छलफल पछि मात्रै पूर्ण तथा व्यावसायिक क्षमतायुक्त सहकारी निर्माण गर्ने भनेर पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम प्रोबेसन ल्याइयो । नारायणी प्रोबेसन क्लष्टर भनेर पहिलो चोटि चितवनबाट साकोसहरूमा स्तरीकरण कार्यक्रमको सुरूवात भयो । क्लष्टरमा १२ वटा सहकारी संस्था सहभागी थिए । अहिले गुणस्तर सुनिश्चितताका कार्यक्रममा चितवनका साकोसहरू निकै अग्रपंक्तिमा छन् । दर्जनौं साकोसहरूले गुणस्तर प्रमाणीकृत ब्राण्ड प्राप्त गरिसकेका छन् । चितवनका धेरै साकोसहरू नेफ्स्कूनको सेवा तथा व्यवसायसँग जोडिएका छन् ।

हामीले सही बेलामा सही निर्णय गरेका रहेछौं भन्ने लाग्छ, जसले गर्दा चितवनको अभियान सही समयमा अगाडि बढ्ने मौका पायो । अहिले चितवनमा धेरै संस्थाहरू नेफ्स्कूनद्वारा सञ्चालित गुणस्तर सुनिश्चितताका कार्यक्रमहरू एक्सेस, प्रोबेसन, कर्ब्स आबद्धताले सुरक्षित र जोखिम रहित यात्रा तय गरिरहेका छन् । जसले गर्दा चितवनको सहकारी अभियान प्रभावकारी छ भन्न सकिन्छ, तर पर्याप्त छैन । अभियानको विकास र प्रवर्द्धनमा अझ धेरै गर्न बाँकी छ ।

अब बचत तथा ऋण सहकारी अभियानमा साकोस ऐनको आवश्यकता महसुस गरेका छौं । ६५औं राष्ट्रिय दिवस मनाउँदै छौं । राष्ट्रिय सहकारी महासंघले यस बर्ष पनि गत बर्षकै थिम "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" लाई निरन्तरता दिएको छ । नेफ्स्कूनले धेरै पहिले देखि सहकारी संस्थामा नीति, विधि र प्रविधि प्रयोगमा जोड दिँदै आएको पनि हो । अब प्रविधिमा सम्पूर्ण संस्थाहरूलाई जोड्ने र सबै खालको सेवा एकीकृत प्रविधिमार्फत प्रदान गर्ने उद्देश्यका साथ नेफ्स्कूनले प्रविधिमा एकरूपता ल्याउन इआरपी सेवा सञ्चालनमा ल्याएको छ । सहकारीको विश्व अभ्यासलाई हेर्ने हो भने पनि प्रविधिको माध्यममार्फत आफ्ना सदस्यहरूलाई सहकारीले पर्याप्त सुविधा दिन सकेका उदाहरणहरू छन् । अब नेफ्स्कूनले पनि डिजिटाईजेशनको माध्यममार्फत सदस्य संस्थाहरूलाई प्रविधिमा जोड्ने पहलकदमी चालेको छ । यसले अवश्य पनि सहकारी अभियान प्रविधिकीकरणमा सफल हुनेछ भन्ने अपेक्षा लिएका छौं ।

सहकारी संस्थालाई उत्पादनमा कसरी जोड्ने र सदस्यहरूलाई कसरी व्यावसायिक बनाउने भन्ने विषयमा अब राज्यले पनि आवश्यक सहयोग गर्नुपर्छ । सदस्यहरूको आर्थिक क्षमतामा बृद्धि कसरी ल्याउने, आयातलाई प्रतिस्थापन कसरी गर्ने भन्ने सवालका लागि सहकारीले उत्पादनमा जोड्नु आवश्यक छ । अब धेरै संस्थाहरू मिलेर गाउँगाउँमा उत्पादनका क्लष्टर जस्तैः धान, मकै, गहुँ, बाख्रा पालन, अण्डा, तरकारी, फलफूलका क्लष्टर बनाउनतर्फ सहकारीले जोड दिनुपर्छ भने सहकारीको लगानी पनि त्यसतर्फ लगाउन नीतिगत व्यवस्था गर्नुपर्छ ।

सहकारीले आफ्ना हरेक सदस्यहरूलाई व्यावसायिक बनाउन सक्यो भने अब उद्योगमा जानसक्ने बातावरण बन्दछ । सदस्यका व्यवसाय र उत्पादनलाई उद्योगमा रूपान्तरण गर्न सकियो भने एकातर्फ उत्पादनमा लागत मूल्य घट्न सक्छ र निर्यात प्रवर्द्धनको सम्भावना रहन्छ ।

उत्पादनमा लागत मूल्य कम गरेर प्रतिस्पर्धामा जान सकियो भने मात्रै उत्पादनले वास्तविक प्रतिफल दिन्छ । यसका लागि सरकार र सहकारी अभियानले विशेष ध्यान दिनुपर्छ । यसले मात्रै सहकारी अभियानको सार्थकता झल्किन्छ ।





# सहकारी समन्वय सञ्जालको ४८औं बैठक सम्पन्न

सहकारी समन्वय सञ्जालको ४८औं बैठक नेफ्स्कूनको सौजन्यमा चैत्र १४ गते नयाँबानेश्वरमा सम्पन्न भएको छ । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलको अध्यक्षतामा आयोजित बैठकका प्रमुख व्यक्ति भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव राम प्रसाद थपलिया र विशिष्ट व्यक्ति सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डित हुनुहुन्थ्यो ।

बैठकलाई सम्बोधन गर्दै सहकारी सचिव राम प्रसाद थपलियाले सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि अब हिजोका एजेण्डा होइन नयाँ एजेण्डा लिएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ । संघीय संरचना आफैमा 'यूनिक' हो । संघ,  प्रदेश र ७ सय ५३ वटै स्थानीय तहबाट एकसाथ प्रभावकारी कामहरू हुन नसकेपनि लड्दै सिक्दै अगाडि बढेको अवस्था छ, उहाँले भन्नुभयो, "आज जति पनि स्थानीय तह सहकारीको विषयमा कन्भिन्स छन्, त्यहाँ सहकारी निकै फस्टाएका छन् । सहकारी अभियानले हरेक ठाउँमा सरकारलाई सहयोग पनि पुऱ्याएको छ ।"

सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डितले सहकारी क्षेत्रमा जतिसुकै सुन्दर योजना ल्याइएपनि सहकारीको वास्तविक तथ्यांक एकीकृत रूपमा नआएसम्म समस्या रहिरहने दाबी गर्नुभयो । सहकारीमा अहिले डाटा सबैभन्दा महत्वपूर्ण विषय हो, उहाँले भन्नुभयो, "सरकारले सहकारी क्षेत्रको तथ्यांक व्यवस्थित गर्न सहकारी सूचना प्रणाली (कोपोमिस) सञ्चालनमा ल्याएपनि सहकारीहरूले त्यसको कार्यान्वयनमा प्रभावकारीता नदेखाउँदा तथ्यांक संकलनमा ढिलाइ भइरहेको छ ।" त्यसैगरी सहकारीमा सम्पत्ति शुद्धीकरणको नियमन गर्ने निकाय विभाग हो, त्यसमा पनि सहकारी संघ संस्थाहरू तीब्र कार्यान्वयनमा जानका लागि उहाँले अनुरोध गर्नुभयो । कर्जा सूचना केन्द्र स्थापनाको विषयमा सहभागीले राखेको जिज्ञासाप्रति सम्बोधन गर्दै रजिष्ट्रार पण्डितले विभागले विशेष समिति उपसमिति गठन गरेर छिट्टै कर्जा सूचना केन्द्र ल्याउने प्रक्रिया अगाडि बढाएको जानकारी गराउनुभयो ।

कार्यक्रममा महासंघ, सहकारी मन्त्रालय, सहकारी विभाग, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, कृषि विभाग, पशुसेवा विभाग, महिला विकास विभाग, राष्ट्रिय चिया तथा कफि विकास बोर्ड, राष्ट्रिय दुग्ध विकास बोर्ड, गैर बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, जिल्ला समन्वय समिति महासंघ, विषयगत केन्द्रीय सहकारी संघहरू र अन्तर्राष्ट्रिय श्रम संगठन नेपाल (आइएलओ), अन्तर्राष्ट्रिय असल छिमेकी नेपाल, सिमडिपी लगायतका साझेदार निकायहरूको समेत सहभागिता रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलले सरकारको आगामी आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेटमा सहकारी क्षेत्रको तर्फबाट प्रस्तुत गर्ने राय तथा सुझावका लागि सहभागीहरूसमक्ष अनुरोध गर्नुभयो । साथै ६५औं राष्ट्रिय सहकारी दिवसको अवसरमा देशभर सप्ताहव्यापी कार्यक्रमहरू सञ्चालन भइरहेको र महासंघले पनि चैत्र १९ गते सहकारी दिवसको कार्यक्रम आयोजना गर्ने जानकारी गराउँदै सहभागिताका लागि आव्हान गर्नुभयो । त्यसैगरी महासंघले यहि चैत्र अन्तिम साता घोषणा गरेको राष्ट्रिय युवा उद्यमशिलता गोष्ठीको प्रभावकारिताका लागि सम्पूर्ण सरोकारवाला र साझेदार निकायहरूसँग समन्वयका लागि अपिल गर्नुभयो ।

सहकारी सचिवमा नियुक्त भएपछि पहिलो चोटी नेफ्स्कून प्रवेश गर्नुभएका सचिव थपलियालाई नेफ्स्कूनका अध्यक्ष

परितोष पौड्याल र बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाले स्वागत गर्नुभएको थियो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी महासंघका नायव महाप्रबन्धक बाबुल खनालले गर्नुभएको थियो । कार्यक्रमका नेफ्स्कूनका निमित्त प्रमुख कार्यकारी अधिकृत सञ्जयराज तिमिल्सिनाले नेफ्स्कूनको सेवा तथा व्यवसाय, रणनीतिक मार्गचित्र, साझा सञ्जालको अवधारणा सहित सामना शक्ति विकासका लागि संघले अगाडि बढाएको अभियानबीचको सद्भावपूर्ण सहकार्यका सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी बक्ताहरूले सहकारी क्षेत्रलाई राज्यले विशेष चासो देखाउनुपर्नेमा जोड दिनुभएको थियो । उत्पादनमूलक सहकारीमा अनुदान सहयोग, सहुलियतपूर्ण कृषि ऋण, प्रविधिमा जान प्रोत्साहन र अनुदान लगायतका बिषयमा नीतिगत पहलका लागि सचिवसमक्ष अनुरोध गर्नुभएको थियो । त्यसैगरी सहकारी एकीकरण, सहकारी दर्ता प्रक्रिया, कर्जा सूचना केन्द्र स्थापना, कर्जा असुली न्यायाधिकरण लगायतका विषयको सञ्चालनमा ढिलाई भइरहँदा सहकारीमा समस्या निरन्तर बढिरहेको सहभागीहरूले बताएका थिए ।

बैठकले केही महत्वपूर्ण निर्णयहरू सहित सञ्जालको आगामी बैठक जेठ दोस्रो साता सानाकिसान लघुवित्त संस्था, बबरमहल काठमाडौंको सौजन्यमा आयोजना गर्ने निर्णय समेत गरेको थियो ।

२०६६ सालमा गठित सहकारी समन्वय सञ्जालले सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका निम्ति सरोकारवालाहरू समक्ष नियमित छलफल साथै समसामयिक सवालहरूमा अन्तरक्रिया गर्ने गर्दछ । सरकारको नीति कार्यक्रम तथा बजेटमा अभियानको तर्फबाट राय सुझाव पेश गर्नपनि सञ्जालको महत्पूर्ण भूमिका रहेको छ ।

# सहकारी विभागद्वारा सहकारी संघ संस्थाहरुका लागि ८८ बुँदे एकीकृत निर्देशन जारी

सहकारी विभागले सहकारी संघसंस्थाहरूका लागि फागुन १ गते आइतबार ८८ बुँदे एकीकृत निर्देशन जारी गरेको छ । सहकारी अभियानसँगको लामो छलफलपछि विभागले एकीकृत निर्देशन जारी गरेको हो । सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को नियम ७६ (झ) बमोजिमको अधिकार प्रयोग गर्दै विभागका रजिष्ट्रार झलकराम अधिकारीले निर्देशन जारी गर्नुभएको हो । विभागबाट पहिलो पटक जारी भएको एकिकृत निर्देशनको प्रभावकारी कार्यान्वयनबाट सहकारी क्षेत्रमा सुशासन कायम गर्न महत्वपूर्ण भूमिका रहने विश्वास रजिष्ट्रार अधिकारीले गर्नुभएको थियो । विभागले सहकारीहरूलाई निजी कम्पनीमा लगानी गर्न कडाइ गर्नुका साथै सेवा केन्द्र स्थापना, बचत तथा ऋण परिचालन, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्था र सहकारी ऐन तथा नियामावली कार्यान्वयनमा विभागले जोड दिएको हो ।

निर्देशनमा सेयर तथा बचत संकलन गरी सदस्यहरूलाई नै व्यक्तिगत ऋण वा सदस्य समूह निर्माण गरी सामूहिक जमानीमा लघुवित्त ऋण को कारोबार गर्न सक्ने सहकारीको सैद्धान्तिक अवधारणा विपरित हुने गरी कारोबार गरेको देखिएमा PEARLS Monitoring System को E6 सीमा भन्दा बढी लिन दिन परेमा जोखिम विश्लेषण कार्यविधि बमोजिम सीमा कायम गरिने उल्लेख छ ।

निर्देशनमा एकाघरका सदस्यहरूको मञ्जुरीनामा लिएको बाहेक सदस्य तथा गैर सदस्यहरू धितो राखेर ऋण लगानी गर्न नपाउने व्यवस्था गरेको छ । यसैगरी सहकारीहरूले कुल पुँजीकोषको १० प्रतिशत मात्र ऋण प्रवाह गर्न पाउने, जलविद्युत आयोजना, अस्पताल, विद्यालय क्याम्पस, होटल, पेट्रोल पम्पलगायतमा लगानी गर्नका लागि विनियममा स्वीकृत नगरी गर्नुपर्ने र विनियम स्वीकृत गरेर लगानी गर्दा समेत संस्थाको पूर्ण स्वामित्व हुनेगरी लगानी गर्नुपर्ने र बचत रकम लगानी गर्न नपाइने व्यवस्था राखिएको छ ।

यसैगरी सञ्चालक समितिका पदाधिकारीमध्ये ४९ प्रतिशतले मात्र ऋण लिन पाउने, एटिएम, क्युआरकोड, मोबाइल बैंकिङ चलाउन विनियममा उल्लेख गर्नुपर्ने प्राइभेट कम्पनीको सेयर, डिबेन्चर बोण्ड खरिदबिक्रीका साथै घरजग्गामा लगानी गर्न नपाउने, सामाजिक सञ्जालबाट समेत बचत संकलनका लागि उपहार प्रलोभनसहितको प्रचार गर्न नपाउने, विशिष्टकृत संघमा लगानी गर्दा साधारणसभाबाट स्वीकृत गरेर मात्र लगानी गर्नुपर्ने व्यवस्था गरेको छ ।

# एकीकृत निर्देशन संशोधन गरिने



सहकारी विभागका रजिष्ट्रार रूद्र प्रसाद पण्डितले अभियानको सुझाव समेटी मन्त्रालयको स्वीकृतिमा ८८ बुँदे एकीकृत निर्देशन संशोधन गरिने बताउनुभएको छ ।  विभागले अयिभानसँग यथेष्ट छलफल नगरी ८८ बुँदे एकीकृत निर्देशन जारी गरेको गुनासो आइरहेको सन्दर्भमा नियाकम निकायको यस्तो धारणा सार्वजनिक भएको हो । नेपाल सहकारी पत्रकार समाज (सीजेएन) ले फागुन १८ गते राजधानीमा आयोजना गरेको एकीकृत निर्देशनसम्बन्धी छलफल कार्यक्रमका प्रमुख अतिथि रजिष्ट्रार पाण्डेले निर्देशन संशोधनका लागि सरोकारवालाहरूलाई पत्राचार गरिसकिएको भन्दै सबैको भावना प्रतिनिधित्व हुने गरी मन्त्रालयको सहमतिमा एक डेढ महिनाभित्र संशोधन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेल, नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेती, काठमाडौं जिल्ला सहकारी संघका अध्यक्ष ज्ञानबहादुर तामाङ लगायत सहभागी कार्यक्रममा रजिष्ट्रार पाण्डेले भन्नुभयो, 'नीति योजना कार्यक्रम बनाउने तालुकदार मन्त्रालयसँगको समन्वयमा निर्देशन संशोधन हुन्छ । मन्त्रालय 'सोल रेस्पन्सीबीलीटी' लिने निकाय हो । सहकारी विभागले हतारोमा गत फागुन १ गते सहकारी संघ संस्थाहरूका लागि ८८ बुँदे एकीकृत निर्देशन जारी गरेको आवाज अभियानले उठाउँदै आएको छ ।

रजिष्ट्रार पाण्डेले निर्देशन रिभ्यु गर्न विभागका उप रजिष्ट्रार टोलराज उपाध्यायको संयोजकत्वमा ५ सदस्यीय उपसमिति गठन भएको जानकारी गराउँदै सरोकारावाला निकायहरूको सुझावहरू समावेश गरी शीर्षकगत खण्डीकरण गरेर परिमार्जन गरिने बताउनुभयो । उहाँले विभिन्न निकायहरूबाट व्यापक सुभावहरू आएको र आउने क्रम जारी रहेको भन्दै करिब डेढ महिनाभित्र संशोधन गरिने उल्लेख गर्नुभयो । निर्देशन जारी भएको केही दिन भित्रै विभागले सार्वजनिक सूचना जारी गर्दै संशोधनका लागि सुझाव मागेको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलले सबैसँग थप व्यापक छलफल गरेर निर्देशन जारी भएको भए हुने भन्दै संशोधनका बुँदाहरूमा रजिष्ट्रारको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले सहकारी ऐन र नियमावलीका विषयहरू सम्बोधन नभएको र कतिपय विषयहरू बेमेल भएको भन्दै बुँदागत रूपमा संशोधनको औचित्य पुष्टि गर्नुभयो ।

यसैगरी, नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले कर्जा सूचना केन्द्र, ऐक्यबद्धता कोष, ऋण असुली न्यायाधिकरण, स्थिरीकरण कोष, लगायत ऐनले व्यवस्था गरेका विषयहरूमा निर्देशनमा नसमेटिएको भन्दै संशोधनमा धेरै विषयहरू 'इन्कर्पोरेट' गर्नुपर्नेतर्फ नियामक निकायको ध्यानाकर्षण गराउनुभयो । उहाँले बचत ऋण सहकारीहरूमा सुरक्षा र प्रभावकारिताका ४ आधारभूत विषय निर्देशनमा सम्बोधन हुन नसकेको औंल्याउनुभयो । उहाँले नेफ्स्कूनले संशोधनका लागि तीन महले तयार गरेको भन्दै थुप्रै प्राविधिक विषयहरू पनि अटाउन बाँकी रहेको उल्लेख गर्नुभयो । अध्यक्ष पौड्यालले भन्नुभयो, 'निर्णय प्रक्रियामा फराकिलो सहभागिता भएन भने कार्यान्वयनमा चुनौती आउन सक्छ ।'

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेती र काठमाडौं जिल्ला सहकारी संघ लि. का अध्यक्ष ज्ञानबहादुर तामाङले पनि ऐन र नियमावलीका विषयहरू हुने र अभियानका माग समाविष्ट हुने गरी निर्देशन संशोधन हुनुपर्ने बताउनुभयो । सिजेएनका अध्यक्ष काजी श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन समाजका सचिव अर्जुन खतिवडाले गर्नुभएको थियो । सिजेएनमा नयाँ नेतृत्व आएपछि समाजले विभागसँगको सहकार्यमा आयोजना गरेको यो पहिलो औपचारिक कार्यक्रम थियो ।

# म्यानेजर्स क्यूरीको प्रथम बैठक सम्पन्न



म्यानेजर्स क्यूरीको प्रथम बैठक फागुन १३ गते काठमाडौंमा सम्पन्न भएको छ । म्यानेजर्स क्यूरी नेफ्स्कून-साकोस म्यानेजर्स क्लबलाई आवश्यक सर सल्लाह सुझाव प्रदान गर्ने स्थायी प्रकृतिको ५ सदस्यीय विज्ञ सल्लाहकार समूह हो । क्यूरीको वर्तमान संयोजक एवम् रूपन्देहीस्थित कोलिय देवदह साकोसका प्रमुख कार्यकारी अधिकृत विनोद पराजुलीको अध्यक्षतामा बसेको बैठकमा नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत एवम् नेफ्स्कून-साकोस म्यानेजर्स क्लबका संरक्षक प्रकाश प्रसाद पोखरेलको बिशेष उपस्थिति रहेको थियो ।

बैठकमा म्यानेजर्स क्यूरीका सदस्यहरू थानकोटस्थित चन्द्रागिरि साकोसका प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठ, नवलपुरस्थित विकू साकोसका प्रमुख कार्यकारी अधिकृत माधव पौडेल र ललितपुरस्थित कल्याणकारी साकोसका प्रमुख कार्यकारी अधिकृत कुमार खत्री सहभागी हुनुभएको थियो । क्यूरीको अर्का एक सदस्य काभ्रेको सामुदायिक साकोसका प्रमुख कार्यकारी अधिकृत मदन बस्नेत हुनुहुन्छ ।

बैठकमा नेफ्स्कून-साकोस म्यानेजर्स क्लबका संयोजक दोलखास्थित हाम्रो जनकल्याण साकोसका प्रमुख कार्यकारी अधिकृत दिपक बस्नेत, नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख दुर्गा प्रसाद ढकाल, बरिष्ठ अधिकृत प्रेम वाग्ले, व्यवसाय अधिकृत सौभाग्य भट्टराईको पनि उपस्थिति थियो ।

बैठकले साकोस म्यानेजर्स क्लबले आगामी दिनमा गर्नुपर्ने कामहरूका बारेमा विभिन्न सुझावहरू प्रस्तुत गरेको छ । क्यूरीले सहकारी क्षेत्रमा अनुसन्धान तथा विकासको टड्कारो आवश्यकता बोध गर्दै क्लबले यसमा चिरस्थायी काम गर्नुपर्ने भन्दै त्यसका लागि आफ्नोतर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

यस्तै, मानव संशाधन सम्मेलनको पनि आवश्यकता रहेको भन्दै यसका लागि क्लबलाई आग्रह गर्ने र क्यूरीको तर्फबाट सहयोग गर्ने, साकोसमा काम गर्नेहरूको व्यावसायिक विकासमा सहयोग गर्ने खालका कामहरू गर्न पनि क्यूरीले क्लबलाई सुझाएको छ ।

# अभियानमा समन्वयकारी भूमिका आवश्यक छ



**बाबुराम घिमिरे**
**अध्यक्ष**
सर्लाही जिल्ला बचत संघ लि.

सर्लाही जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष एवम् सर्लाहीको हरिवनस्थित सगुन बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बाबुराम घिमिरे एक कुशल सहकारी अभियन्ता हुनुहुन्छ । सहकारी क्षेत्रको विकास र प्रवर्द्धनमा अग्रगामी सोच राख्ने अध्यक्ष घिमिरेले सहकारी क्षेत्रमा उदाहरणीय काम सुरू गर्नुभएको छ भने नेफ्स्कूनसँगको सहकार्यमा जिल्ला संघ र साकोसमार्फत विविध कार्यक्रमहरू समेत अगाडि बढेका छन् । नेफ्स्कून-जिल्ला बचत संघ साझेदारी कार्यक्रम, स्थिरीकरण कोष, स्तरीकरण कार्यक्रम, सञ्जाल सहकार्य र समन्वयका साथै तरलता व्यवस्थापन आदि विषयमा सहकारीकर्मी घिमिरेसँग गरिएको कुराकानीको सारसंक्षेप प्रस्तुत गरिएको छ ।

नेफ्स्कूनले अभियानलाई अगाडि बढाएको छ । सहकारी क्षेत्रमा आमुल परिवर्तन ल्याएको छ । परिवर्तन सँगसँगै व्यावसायिक रूपमा पनि स्थानीय स्तरमा त्यो व्यवसायलाई पुऱ्याउने माध्यमको रूपमा जिल्ला बचत संघहरूलाई अगाडि सार्दै आएको छ । नेफ्स्कूनले जे जे काम गरेको छ, त्यो कामहरूलाई जिल्ला बचत संघहरूमार्फत साझेदारी मार्फत काम गरेर अझ प्रभावकारी बनाउने प्रयास गरेको छ । त्यो कुरा एकदम सह्रानीय र राम्रो पनि छ । त्यो अनुसार जिल्ला बचत संघहरू साझेदारीका लागि तयार हुनुपर्ने, साझेदारीका कामहरूमा अगाडि बढ्नुपर्ने आवश्यकता छ । तर त्यो आवश्यकता महसुस गरिरहँदा नेफ्स्कूनले अहिले पनि केही सीमित विषयहरू तोकेर साझेदारीका कामहरू गराउने प्रयास गरिरहेको छ, त्यो चाँहि अलि अपुग भयो कि । त्यसलाई अलि पूर्ण रूपमा सबै खालका कारोबारहरू, सबै खालका व्यवसायहरू, सबै खालका तालिम प्रशिक्षण लगायतका कार्यक्रममा साझेदारी हुनुपऱ्यो त्यसमा नेफ्स्कूनले आफ्नो अभिन्न अंगको रूपमा जिल्ला बचत संघलाई विकास गरेर लैजानुपर्छ जस्तो मलाई लाग्छ । साझेदारीका विषयमा नेफ्स्कून त्यो दिशामा अगाडि बढ्नुपर्छ भन्ने मेरो धारणा रहेको छ ।

नेफ्स्कूनमार्फत स्तरीकरण कार्यक्रम अन्तर्गत साझेदारीको कुरा पनि जोडिन्छ । संस्थाहरूमा सञ्चालकहरूलाई प्रशिक्षित गराउने कुरा, तरलता व्यवस्थापनका कुरा, व्यवस्थापन पक्षलाई प्रशिक्षित गराउने कुरा यी सबै कुराले संस्था, नेफ्स्कून र जिल्ला बचत संघ बीचमा सुमधुर सम्बन्ध बन्ने वातावरण सृजना हुन सक्छ, एउटा पाटो भने अर्को ज्ञानको विकास भएर सहकारी कसरी चलाउने, सहकारी कस्तो बनाउँदा राम्रो हुन्छ भन्ने विषयमा पनि जानकरी प्राप्त हुन्छ । समय बलबान छ, हामी आज कुनै विषयमा जानकार छौं भन्ने धारणा राखेका हुन्छौं, तर त्यसमा केही अपडेट भइसकेको हुन्छ, नयाँ विषय प्रवेश गरिसकेको हुन्छ । त्यो अनुसार निरन्तर रूपमा प्रशिक्षित गराएर अगाडि लैजाने, संस्थाहरूलाई सुशासानमा राख्ने, संस्थाहरूलाई एकदमै प्रशिक्षित र परिष्कृत बनाएर लैजाने वातावरण आवश्यक छ । त्यो बनाउनका लागि सम्बन्धित संस्थासँग यहाँबाट निर्देशन गरेर अथवा फोनमा वा अरू माध्यम प्रयोग गर्नुभन्दा पनि संस्था, जिल्ला संघ र नेफ्स्कूनबीचमा छोटो समयमा सोझो सम्पर्क हुने माध्यम नै अपनाउनुपर्छ । त्यो भन्नाने नेफ्स्कूनको कर्मचारी संस्थाको लेभल सम्म पुग्ने र संस्थालाई हरेक कुरा सिकाउने वातावरण निर्माण गरेर जानुपर्छ । अनिमात्रै संस्थाहरूमा प्रत्यक्ष अनुगमन गर्नुपर्ने आवश्यकता देखिएको छ, अनुगमन गरियो भने मात्रै संस्थाहरू सुधारिएर नेफ्स्कूनले अगाडि सारेको स्तरीकरण कार्यक्रम सफल हुने अवस्था देखिन्छ । मैले अनुभव संगालेको आधारमा यो विचार यहाँ राखेँ ।

त्यसैगरि स्थिरीकरण कोषको कुरा ऐनमै आइसकेको छ । प्रारम्भिक सहकारी संस्थाहरूले धेरै मेहनतका साथ आफुलाई नाफामा लगेका हुन्छन् । स्थिरीकरण कोष नेपालको सहकारी अभियानमा अत्यावश्यक विषय हो । यो कोष सफल बनाउनुपर्छ, यो कामलाई अगाडि बढाउनुपर्छ यसमा कुनै

दुइमत छैन । यो अपरिहार्य पनि छ । मान्छेको काबु भन्दा बाहिर र देशककाल परिस्थिति, समाज र समयको काबुभन्दा बाहिरको परिस्थितिले नियतवश खराब नहुँदा पनि संस्थालाई कहिलेकाही अप्ठ्यारो पर्न सक्छ । त्यसका लागि पनि हामीले यो कोषलाई अगाडि बढाउनुपर्छ, कोष अभियानलाई आवश्यकता नभएको विषय भने होइन ।

तरपनि हामीले के देखेका छौं भने यो कोषमा संस्थाहरू सहभागी भइरहँदा र यो कोषलाई अगाडि बढाइरहँदा अहिलेको कार्यविधिमा केही कुराहरू समावेश गर्नुपर्ने आवश्यकता देखिएको छ, कोषमा जतिपनि रकम जम्मा गरिएको छ, त्यो कोषकै रूपमा रहोस्, त्यो खर्चको रूपमा नलेखियोस् । संस्थामा, संघमा अथवा कुनै पनि केन्द्रीय संघहरूले योगदान रकम जम्मा गर्दा त्यो संस्थाको आफ्नो अपनत्व, आफ्नो स्वामित्व पनि त्यसमा कायम रहने गरी अगाडि बढ्ने वातावरण बनायौं भने यो कोष सफल हुन्छ । यसमा अलिकति सुधार गरेर जान सक्यौं भने यसले आफ्नो बाटो लिन सक्छ र यो कोष अगाडि आउन सक्छ ।

वास्तवमा नेपालमा ज-जसले जे जे भने पनि बचत ऋण अभियान सहकारी क्षेत्रमा सबभन्दा अगाडि रहेको अभियान हो । कामका दृष्टिकोणले बचत ऋण सहकारी अभियानमा सजिलो अप्ठ्यारो दुवै छ । तरपनि यो मान्छेमा सबभन्दा पहिलो आवश्यकता पैसामै गएर अडिंदो रहेछ । त्यसपछि अन्य व्यवसाय गर्ने रहेछ । बचत ऋण अभियान अन्यभन्दा सशक्त रूपमा अगाडि आएको अभियान हो । यसलाई व्यवस्थित गर्न बचत ऋणको छुटै ऐन आवश्यकता महसुस हामीले गरेका छौं । यसमा दुइमत नै छैन । बचत ऋणको छुटटै ऐन हुनुपर्ने, त्यो ऐनले बचत ऋणलाई अनुगमन गर्ने वातावरण बनायौं भने मात्रै हामीले बचत ऋण अभियान सशक्त बनाएर लान सक्छौं भन्ने कुराको महसुस हामीले गरेका छौं । वास्तवमा ऐनमा जुन थ्री टायर्स को कुरा छ, त्यो एकआपसमा डिपेन्डेन्ट हुने खालको टायर्स भएर आउनुपर्ने, अहिले स्वतन्त्र टायर्सको रूपमा रहेको हुँदा व्यवसायमा प्रतिस्पर्धा छ, जस्तै राष्ट्रिय सहकारी महासंघ, सहकारी बैंक, नेफ्स्कून तीनवटैले बास्तवमा तल्लो तह/ग्रास रूटमा एउटा प्रारम्भिक संस्थामा गएर तालिम दिने वातावरण बनाइरहेका छन् । कस्को ट्रेनिङ लिने भनेर संस्थाहरू अलमलमा रहिरहेका छन् । तहगत रूपमा पनि एकैठाउँमा इन्टिग्रेट गरेर अगाडि बढ्ने वातावरण बनायौं भने यो अभियानलाई सशक्त बनाएर लान सक्छौं जस्तो लाग्छ । महासंघ लगायत केन्द्रमा रहेका संघहरूले पनि उसको कामको दायरा कतिसम्म हो त्यो कुरालाई पर्गाल्नुपर्ने आवश्यकता हामीले महसुस गरेका छौं । जहाँसम्म अहिलेको परिस्थितिः संस्थाहरूमा २/४ महिनादेखि एकदम पैसाको अभाव हुने अवस्था जुन किसिमले देखिएको छ, त्यसले तरलताको अभाव सृजना गर्दैछ । आजसम्म सहकारीको पैसा ठूलो ब्यालेन्स सिटको आधारमा घटेको अवस्था त छैन तर पनि ऋणमा रहेको पैसा ऋणमै लगानीमा रहेको र यता बचत नआइरहेको अथवा बचत आउने क्रममा बन्देजै भएको अवस्था छ, हुनत यो बर्षेनी देखिने समस्या हो, यो कहिले समयमै समाधान भएर जान्छ, कहिले समस्या भिषण रूपमा देखिन्छ । त्यो तरलता व्यवस्थापन गर्नका लागि सहकारी संस्था सञ्चालन गर्नेहरूले समुदायमा रहेर सहकारी संस्था सञ्चालन गर्नुपर्‍यो एउटा, अर्को भने हाम्रा छाता संगठन मध्ये कुन ठाउँमा उपयुक्त छ, सहकारीको पैसा सहकारीमै पुर्‍याउने, सञ्जालभित्रै यो पैसा घुमिरहोस, सञ्जालभन्दा बाहिर पैसा नजाओस् । बाहिर जाने एउटै मात्र सिस्टम होस्, त्यो खालको वातावरण बनाएर जाऔं भन्न चाहन्छु । केन्द्रीय संघहरूले पनि संस्थाहरूलाई परेको बेलामा सहयोग गर्ने वातावरण बन्न सक्छ भने अर्कोतर्फ संस्थाहरूले पनि हाम्रो संघसँग तरलता पर्याप्त छ, हामीसँग कुनै अप्ठ्यारो परिस्थिति पर्नेछैन भनेर व्यवस्थापन मिलाएर काम गर्ने वातावरण बन्न सक्छ ।

अहिले जल्दोबल्दो रूपमा देखिएको विषयमा पनि हामी अभियानको तर्फबाट सहकारी संघ संस्थाहरूलाई आव्हान गर्न चाहन्छौं कि यदि बैंक तथा वित्तीय संस्थामा पैसा छन् भने सहकारीका संघ संस्था भित्रै पैसा ल्याउनुपर्ने आवश्यकता हामीले देखेका छौं ।

त्यो काममा सबै साथीहरू लाग्नुपर्‍यो, अभियान अभियान नै हो, तपाई बैंक वा अन्य कतै कारोबार गराइरहनुभएको छ भने तपाईं त्यहाँ ग्राहक नै हो, सहकारीसँग कारोबार गरिरहनुभएको छ भने तपाई त्यहाँ सेयरहोल्डर नै हो । सदस्य नै हो । त्यसैले हामी अभियानसँग नजिक रहनुपर्छ । अभियानसँग बसिरहँदाखेरी संरक्षित पुँजी फिर्ताकोष लगायतका कुराहरूले पनि हामीलाई केही न केही उपलब्धि दिने वातावरण बनेको हुन्छ । हामीले त ग्रासरूटका एउटा साधारण सदस्य सँगपनि यो कुराको अभियान लैजानुपर्ने आवश्यकता छ । त्यो कुरा गरिरहँदाखेरी हामी संस्थाहरूले पनि हाम्रा संघ, छाता संगठनहरूमै पैसा जम्मा गरेर बलियो बनाउनुपर्ने आवश्यकता महसुस गरेका छौं यसरी नै हामी अगाडि बढ्यौं भने अवश्य नै सहकारी अभियानको भविष्य नेपालमा उज्वल छ । त्यसका साथ साथै हामीले एकअर्कामा समन्वयकारी भूमिका निर्वाह गरेर र एकअर्कामा आपसी सरसल्लाहका साथ प्रारम्भिक संस्था, जिल्ला संघ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, महासंघ लगायतसँग आफ्नो अधिकार क्षेत्र प्रयोग गर्दै समन्वय सहित अगाडि बढ्न सक्यौं भने अवश्यनै अभियान सहि किसिमले अगाडि बढ्न सक्छ जस्तो मलाई लाग्छ ।

# रणनीतिक समिक्षा तथा क्षमता अभिवृद्धि कार्यक्रम



नेफ्स्कूनको आयोजनामा 'रणनीतिक समिक्षा तथा क्षमता अभिवृद्धि कार्यक्रम २०७८' फागुन १६ गते सम्पन्न भएको छ । नेफ्स्कूनले अवलम्बन गरेको रणनीति अन्तर्गत हालसम्म प्राप्त उपलब्धिहरूको समिक्षा सँगै संघमा कार्यरत मानव संशाधन (फिल्ड कार्यालयका प्रमुखहरू लक्षित) को क्षमता विकासका लागि आयोजित ३ दिने कार्यक्रमको संघका अध्यक्ष परितोष पौड्यालले एक समारोह बीच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बागमती प्रदेश भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव बलराम निरौला, नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारी, महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दिपक पनेरू, लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटा, सञ्चालक एवम् नेफ्स्कून चितवन फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक विद्या कोइराला, सदस्यहरू गोपाल प्रसाद गौतम, प्रेम कृष्ण खनाल, दिपक राज खनाल, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, व्यवसाय विभाग प्रमुख दुर्गा प्रसाद ढकालसँगै संघको देशैभरिका फिल्ड कार्यालयका इन्चार्जहरूको सहभागिता थियो ।

कार्यक्रममा संघका अध्यक्ष पौड्यालले नेफ्स्कून सिकाइको केन्द्र भएको चर्चा गर्दै यसले अवलम्बन गरेका अभ्यासहरू सहकारी र साकोस अभियानका राष्ट्रिय अन्तर्राष्ट्रिय समुदायले अनुकरण गर्ने गरेको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, 'नेफ्स्कून एकेडेमी हो, महाविद्यालय हो । त्यसैकारण यसमा कार्यरत स्मार्ट मानव संशाधनले सिकाइ र बृद्धिलाई सँगै लानुपर्छ ।' उहाँले साकोस अभियानको विश्व परिवेश र प्रविधिकरणको द्रुत विकासलाई आधार मानेर मानव संशाधनले आफुलाई तिखार्दै र निखार्दै लानुपर्ने आवश्यकता औल्याउनुभयो । 'सबैभन्दा मुख्य कुरा हो शिक्षा, शिक्षा, शिक्षा,'अध्यक्ष पौड्यालले भन्नुभयो, 'निरन्तरको सिकाइका माध्यमबाट नेफ्स्कूनको मानव संशाधन अब्बल र अनुकरणीय बन्नुपर्छ । त्यसैले लर्न एन्ड लीड ।' यसैगरी, उहाँले स्तरीकरण, स्थिरीकरणसँगै साकोस ऐनको उपादेयता र हाल भैरहेका नयाँ उपलब्धिहरूको बारेमा पनि जानकारी गराउनुभएको थियो भने सरकार र अभियानबीचको बढ्दो घनिष्ठ सम्बन्धको चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा बागमती प्रदेश भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव बलराम निरौलाले सरकार सहकारी अभियान मिलेर अघि बढ्नुपर्ने बताउनुभएको थियो । उहाँले वित्तीय सुशासन, व्यवस्थापन

सुशासन र सदस्य केन्द्रीयता गरी सुशासनका ३ वटा आयामबारे चर्चा गर्दै यी विषयलाई नेफ्स्कूनले पनि बिशेष महत्व दिएको उल्लेख गर्नुभयो । सचिव निरौलाले सहकारी भित्र सुशासन कायम गर्न सरकार र अभियान मिलेर काम गर्नुपर्ने भन्दै नेफ्स्कूनले सुरू गरेका कतियप अभ्यासहरू सरकार र सरकारले विकास गरेका कतिपय कुराहरू सहकारी अभियानले लागू गरेको भन्दै उहाँले दुई बिचको अन्तर्निहित सम्बन्धको चर्चा गर्नुभयो ।

यसैगरी, नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीले सरकार र अभियानबीच सम्बन्ध प्रगाढ बन्दै गएको र पछिल्लो समय सहकारी विभागले जारी गरेको ८८ बुँदे मागनिर्देशनले बचत तथा ऋण सहकारीहरूको धेरै कुराहरू सम्बोधन गरेको बताउनुभयो । उहाँले सदस्यको इच्छा र चाहना प्रतिबिम्बित हुने गरी संघको मानव संशाधनले थप सक्रियता र इमान्दारीका साथ जिम्मेवारी पूरा गर्नुपर्नेमा जोड दिनुभयो । 'सदस्य सेवा प्रमुख काम हो' उपाध्यक्ष अधिकारीले भन्नुभयो ।

कार्यक्रममा नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले काममा टीम वर्क (सामुहिक भाव), ट्रस्ट (विश्वास) र ट्रान्सपरेन्सी (पारदर्शिता) आवश्यक हुने बताउँदै कर्मचारीहरूले यी विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने बताउनुभयो । उहाँले सदस्यहरूलाई केन्द्रमा राखेर काम गर्नाले जस्तो सुकै संकटको पनि सहज सामना गर्न सकिने विश्वास दिलाउनुभयो । 'सदस्यले माया गर्दा तरलता संकट पनि हुँदैन' महासचिव अधिकारीले भन्नुभयो, 'जस्तोसुकै संकटको अवस्थामा पनि नेफ्स्कूनको सेवामा कुनै कमी आएको छैन ।' यसैगरी उहाँले नेफ्स्कूनको रणनीतिक मार्गचित्र अनुरूप साझा सञ्जालको महत्वलाई घनीभूत रूपमा अघि बढाइएको चर्चा गर्दै सञ्जालीकरणले दुबै पक्षलाई लाभ हुने बताउनुभयो ।

नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरूले नेफ्स्कूनको गौरवपूर्ण इतिहास स्मरण गर्दै मानव संशाधनले संघको बृद्धि र विश्वासका लागि थप सक्रिय भएर जिम्मेवारीहरू पूरा गर्नुपर्ने बताउनुभयो । फिल्ड कार्यालयहरूको जिम्मेवारी एकदमै महत्वपूर्ण हुने भन्दै प्रतिस्पर्धामा खरो उत्रने गरी काम गर्न पनि उहाँले सबैलाई आग्रह गर्नुभयो । कोषाध्यक्ष पनेरूले नेफ्स्कूनको मानव संशाधन सबै भन्दा अब्बल हुनुपर्ने भन्दै उहाँले सबैले आफ्ना भूमिकाहरूलाई थप संवेदनशीलताका साथ लिई नतिजामुखी काम गरेर देखाउनुपर्नेमा सबैको ध्यानाकर्षण गराउनुभयो ।

यस्तै, नेफ्स्कूनका लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटाले नेफ्स्कूनलाई जीवन्त राख्ने मेरूदण्ड कर्मचारीहरू भएको बताउँदै संघलाई थप उर्जाशील बनाउन कर्मचारीहरूको थप मिहेनत र लगाव आवश्यक भएको उल्लेख गर्नुभयो । उहाँले सुशासनको पक्षलाई संघले उच्च महत्व दिएको बताउँदै कर्मचारीहरूलाई पनि त्यस विषयमा बिशेष हेक्का राख्न आग्रह गर्नुभयो । संयोजक सापकोटाले सौराहाको ३ दिने बसाइपछि थप उर्जा प्राप्त गरेर कर्मचारीहरू काममा अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेफ्स्कूनकी सञ्चालक विद्या कोइरालाले स्वागत मन्तव्य राख्दै साकोस अभियानलाई अघि बढाउन संघले थप सशक्त कार्यक्रमहरू सञ्चालन गर्दै जाने बताउनुभयो । उहाँले संघको ध्येय, परिकल्पना र उद्देश्य अनुरूपका गतिविधिहरूलाई निरन्तरता दिदाँ सदस्य सेवामा ईटा थपिने धारणा राख्नुभयो । कार्यक्रम सञ्चालन संघका व्यवसाय विभाग प्रमुख दुर्गा प्रसाद ढकालले गर्नुभएको थियो ।



# लैङ्गिक मुलप्रवाहिकरण र महिला सशक्तीकरणः एक चर्चा



**प्रकाशप्रसाद पोखरेल**
प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून

८ मार्च अर्थात् अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस । महिला हक, अधिकार, समानता सशक्तीकरण आदिका पक्षमा विभिन्न समयमा मुखरित स्वरहरूलाई थप सशक्त रूपमा विश्वसामु प्रस्तुत गर्ने औपचारिक दिन । महिला मुक्ति, विभेद, असमानता विरूद्धको विश्वव्यापी अभियानको यो वर्षको राष्ट्रिय नारा 'सामाजिक न्याय र लैङ्गिक समानताः दिगो विकासको सुनिश्चितता' रहेको छ भने संयुक्त राष्ट्र संघले "Gender equality today for a sustainable tomorrow" तय गरेको छ । ११२ औं अन्तर्राष्ट्रिय महिला दिवसका लागि तय दुवै नाराको साइनो लैगिंक मुलप्रवाहिकरण र महिला सशक्तीकरणसँग जोडिएको छ । त्यसको लागि ऐक्यबद्धताको संक्षिप्त तर बुलन्द आवाज Break the Bias कायम गरिएको छ ।

महिला सशक्तिरण एक प्रक्रिया हो जसले महिलाभित्र रहेको अन्तरनीहित बहुआयामिक (आर्थिक, सामाजिक, राजनीतिक, मनोवैज्ञानिक, साँस्कृतिक इत्यादि) क्षमतालाई बाहिर ल्याई आफनो जीवनको बारेमा समानताको आधारमा निर्णय गर्न सक्षम बनाउँदछ । महिलाहरूमा प्रतिस्पर्धात्मक क्षमता विकासमार्फत सफलता प्राप्त गर्नुपनि खास अर्थमा सशक्तीकरण हो । यो कुनै व्यक्तिका लागि कसैले गरिदिने कार्य होइन स्वयं व्यक्ति नै जागरूक हुनु पर्दछ । उसको जागरूकतामा बाहिरी पक्षबाट आवश्यक सहयोगको निमित्त थप उत्साह दिनु पर्दछ । महिला सशक्तीकरणका लागि पाँच तहगत तत्वहरूः कल्याणकारी, पहुँच, धारणागत सचेतना, अर्थपूर्ण सहभागिता र नियन्त्रण आवश्यक पर्दछ ।

समग्र उचित तथा दिगो विकास महिला र पुरूषको समान सहभागिता विना संम्भव छैन । आधा बढी आकाश ओगटेका महिलाहरूलाई पर सारेर दिगो विकासको विश्वव्यापी लक्ष्य पूरा गर्नु असम्भव प्रायः छ । अलग अस्तित्व तर परिपुरक महिला र पुरूष बिना न त समाजको सृजना हुन सक्थ्यो नत विकास हुन सक्छ । विश्वमा तथा हाम्रो जस्तो विकासोन्मुख देश जसमा महिला सशक्तीकरणमा कमी, स्रोत साधनमा पहुँच तथा नियन्त्रणमा कमी, विभिन्न निर्णय प्रक्रियामा महिलाहरूको अर्थपूर्ण सहभागितामा कमी तथा लैङ्गिक हिंसाका कारण जति महिला सशक्त हुनु पर्ने थियो त्यो हुन सकेको छैन तर क्रमिक प्रगति भईरहेको छ ।

महिला बिरूद्धका सबै विभेद र हिंसाको अन्त्य गरी महिलाहरूको हक अधिकारको संरक्षण एवं प्रवर्द्धनका लागि राज्यले अधिकारबादी अवधारणाको अबलम्बन गरी नीतिगत, कानुनी र सस्थागत सुधारका साथै विकास कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । विभेदकारी कानुनहरूमा संशोधन गर्ने, महिला सहभागिता बढाई, आय आर्जन तथा स्रोत साधनमाथि महिलाहरूको पहुँच एवं नियन्त्रणमा वृद्धि गर्ने प्रयत्न समेत हुदै आएका छन् । आरक्षण, घरेलुप्रथा, परम्पराजन्य हिंसाहरूका बिरूद्ध सचतेना, हिंसाबाट प्रभावित महिलाका लागि परामर्श तथा उपचार र कानुनी सहयोग, द्वन्द्व समाधान तथा शान्ति स्थापनाको प्रक्रियामा महिलाहरूको अर्थपूर्ण सहभागिता, सीप तथा क्षमता विकासका कार्यक्रमहरू, लैङ्गिक उत्तरदायी बजेट प्रणाली लगायतका कार्यक्रमको कार्यान्वयनबाट पनि महिलाहरूको जीवनस्तर सुधारमा महत्वपूर्ण उपलब्धिहरू भएका छन् । विगतमा विपन्न ग्रामीण महिलाका लागि वैकल्पिक अवसर सिर्जना गर्ने गरी सञ्चालित महिला विकास कार्यक्रम देशका ३०४३ गाविसमा विस्तार भएको थियो । (रा.यो.आ. त्रिबर्षिया आधार पत्र, २०६७।६८ देखि ०६९।७०) । यद्यपि, ती उपलब्धिहरूका वावजूद महिलाहरूको राजनीतिक, आर्थिक र सामाजिक सशक्तीकरणका प्रयासहरू फैलावट र गुणस्तरका दृष्टिले अपर्याप्त रहेको जगजाहेर छ । हामीले

भोगेको सशस्त्रद्वन्द्व, लैङ्गिक हिंसा, एच. आई. भि. एड्स जस्ता कारणहरूले महिलाका समस्याहरू अझ बढाए ।

स्रोत र साधनमा महिलाहरूको पहुँच र नियन्त्रण स्थापना गर्न, विभिन्न प्रकारका विभेद र शोषणको अन्त्य गर्न, गैर कृषि क्षेत्रमा रोजगारीका अवसरहरू बृद्धि गर्न, निर्णय निरूपण प्रक्रियामा महिलाको सहभागितालाई सार्थक बनाउन, महिला भित्रका असमानतालाई हटाउन र महिलाको योगदानलाई राष्ट्रिय लेखा प्रणालीमा समावेश गर्न अझै पनि धेरै कार्यहरू गर्नुपर्ने अवस्था छ । सस्थागत व्यवस्थालाई सुदृढीकरण गर्न पर्याप्त मात्रामा भौतिक, वित्तीय एवं मानवीय स्रोत प्रदान गर्न सकिएको छैन । तापनि नेपाल सरकारले बेला बेलामा गरेका विभिन्न महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा सम्बन्धी पहलहरू, महिला आयोगको गठन एवं कार्यान्वयन, ३३ प्रतिशत सहभागिता, महिला अधिकार प्रति बढ्दो सचेतना एवं चासो, संवैधानिक, कानुनी, संस्थागत तहमा भएका पहलहरू, लैङ्गिक बजेट प्रणालीको कार्यान्वयन, महिला अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरूको सख्ंयात्मक र गुणात्मक क्षमतामा भएको बृद्धि, यस क्षेत्रमा भएका अन्तर्राष्ट्रिय उपलब्धि तथा सहयोगका प्रतिबद्धताले आगामी दिनमा यस क्षेत्रको विकासका लागि पर्याप्त सम्भावनाहरू छन् ।

लिङ्गको आधारमा हुने सवै प्रकारका शारीरिक, मानसिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, व्यवहारिक र यौन सम्बन्धी क्षति पुऱ्याउने खालका व्यवहार र भावनात्मक दुर्व्यवहार समेतलाई साधारणतया लैङ्गिक हिंसा भन्ने गरिन्छ । सूचना तथा तथ्यांकको आधारमा के भन्न सकिन्छ भने विशेषत महिला माथि हुने हिंसा नेपाल साथै जिल्लाको परिदृश्यमा समेत बढी हुनाले महिला माथि हुने हिंसालाई पनि लैङ्गिक हिंसाको रूपमा लिने गरिन्छ तर लैङ्गिक हिंसा भित्र महिला हिंसा पर्ने गर्दछ । विशेषतः लैङ्गिक मुद्दाहरूमा लिङ्ग र लैङ्गिक भूमिका, लैङ्गिक समता, लैङ्गिक समानता, लैङ्गिक मूलप्रवाहिकरण, लैङ्गिक बजेट, महिला सशक्तीकरण, सकारात्मक विभेद इत्यादि पर्दछन् ।

समाजमा महिला र पुरूषको समान अधिकार, अवसर, पहुँच, नियन्त्रण र अस्तित्व एवं पहिचान हुने अवस्था नै लैङ्गिक समानता हो त्यस्तै महिला र पुरूषबीच सवै क्षेत्र र तहमा समानता भएको आदर्श अवस्थालाई लैङ्गिक समानता भनिन्छ । यसका साथै महिला र पुरूषको अस्तित्व, पहिचान र समान अधिकारलाई समान महत्व दिनु, स्रोत साधनमा महिला र पुरूषको समान पहुँच र नियन्त्रण हुनु, महिला र पुरूषबीच सबै क्षेत्र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्था हुनु, नीति निर्माण, निर्णय तथा विकासको प्रक्रियामा महिला र पुरूषको समान सहभागिता हुनु र समाजमा महिला र पुरूषको समान हैसियत कायम भएको आदर्श अवस्था नै वास्तवमा लैङ्गिक समानता हो । जसको लागि सकारात्मक विभेद, लैङ्गिक उत्तरदायी बजेटको व्यवहारिक प्रयोगबाट समानता कायम गर्न सकिन्छ ।

लैङ्गिक समानता तथा महिला सशक्तीकरण विकास प्रक्रिया, सेवाप्रवाह र शासकीय प्रणालीका सबै क्षेत्रमा लैङ्गिक मूलप्रवाहिकरणमा समावेश गर्ने गरिन्छ जसको सुदृढताका लागि लैङ्गिक बजेट प्रणालीलाई सुदृढ गर्दै स्थानीय स्तरसम्म बिस्तार गर्ने, महिला विरूद्धका विभिन्न किसिमका हिंसा र विभेद रोकथाम तथा नियन्त्रणका लागि अभियानको रूपमा कार्यक्रम सञ्चालन गर्ने, ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाहरूको क्षमता अभिबृद्धि एवं जीवनस्तर सुधारका लागि लक्षित संरक्षणात्मक, सेवामुलक तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने, द्वन्द्व समाधान र शान्ति स्थापना गर्ने कार्यमा महिलाहरूको सार्थक सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

लैङ्गिक मूलप्रवाहिकरण समानता हासिल गर्ने एक रणनीति तथा सबै क्षेत्र र तहका कानुन, नीति, योजना, कार्यक्रम, आयोजना, कार्यविधि, संगठन, संरचना आदिको निर्माणको सबै चरणमा लैङ्गिक सवाललाई प्रमुख रूपमा समावेश गर्नु, महिलाको व्यवहारिक तथा रणनीतिक आवश्यकताको विश्लेषण गरी सम्बोधन गर्ने पद्धति नै लैङ्गिक मुलप्रवाहिकरणका उदाहरण हुन । जसमा केहि जोखिम, चुनौति तथा समस्याहरू छन् जस्तैः शारिरीक रूपमा देखिने अवधारणागत चुनौतिहरू, सामाजिक सांस्कृतिक कारण, कार्यालयहरूमा लैङ्गिक फोकल व्यक्तिहरूको व्यवस्था प्रभावकारी नहुनु, सिमान्तकृत बर्गको समस्या, व्यक्तिगत समस्याहरू जस्तै सीप, ज्ञान तथा प्रतिस्पर्धीको अवस्था, राजनीतिक हस्तक्षेप तथा असहयोग, लैङ्गिक प्रतिबद्धताहरू पालना तथा पुरा नगर्नु नकी कुरा मात्र गर्नु, बाह्य विशेषज्ञता, स्रोत तथा साधनहरूमा भरपर्नु, आर्थिक कारण एवं दिगोपनाको समस्या, सबै महिलाहरूलाई एउटै तहमा राखी हेर्नु, समुदायमा आधारित महिला संघसंस्थाहरूको कमी, महिलाहरूमा उद्यमशिलताको कमी आदि छन् भने लैङ्गिक मुलप्रवाहिकरणका अवसरहरूमा सबै क्षेत्र तथा अवसरमा महिलाहरूलाई प्राथमिकता प्रदान गर्नु, नीति निमार्णमा सम्बोधन गर्नु, विभिन्न क्षेत्र एवं जगतबाट प्रतिबद्धताहरू प्राप्त हुनु, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा सहयोग, नागरिक समाजहरूको जागरूकता तथा लैङ्गिक सवालहरूको उठान एवं वहस पैरवी गर्नु, राज्य पुर्नसंरचना तथा संघीयतामा लैजाने प्रयास हुनु, लैङ्गिक सवाललाई विकास निर्माणको आधारको रूपमा लिईनु, यस्ता सवालहरूलाई राज्यको प्रमुख योजनाहमा समावेश गरिनु, घरेलु हिंसा कसुर र सजाय ऐन, २०६६ लागू हुनु, विभिन्न अन्तर्राष्ट्रिय महासन्धीहरू (CEDAW- Convention on the Elimination of All Forms of Discrimination Against Women, BPFA-Beijing Platform For Action) आउनु तथा नेपालले हस्ताक्षर गर्नु तथा हाल भईरहेको विभिन्न क्रियाकलापले लैङ्गिक समानता कायम भई समाजको सन्तुलित विकास सम्भव छ यसको लागि सबैले आ–आफ्नो ठाउँबाट अधिकार उजागरको साथ साथै कर्तव्य निर्वाह गर्नु आवश्यक देखिन्छ । ११२औं अन्तर्राष्ट्रिय महिला दिवसले यस दिशामा नतिजामुखी काम गर्ने साहस, सम्भावना र सक्षमता विकास गरोस् । आजको यस महत्वपूर्ण दिनमा सम्पूर्ण महिलासँगै सबैमा हार्दिक शुभकामना ।

Feedback- pokharel.prakash@gmail.com

# चन्द्रागिरी साकोसको "भर्चुअल टुर" सम्पन्न

एसियाली ऋण महासंघ (अकू) एवम् नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को आयोजनामा फागुन २० गते काठमाडौंको थानकोटस्थित चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्था लि. को अभौतिक भ्रमण (भर्चुअल टुर) सम्पन्न भएको




छ । जुममार्फत आयोजित उक्त कार्यक्रममा एसिया भरका १ सय बढी क्रेडिट युनियनकर्मीहरूका साथै थाइल्याण्डस्थित क्रेडिट युनियन नियामक निकायहरू Cooperative Promotion Department and Cooperative Auditing Department को समेत उपस्थिति थियो ।

कार्यक्रममा अकूकातर्फबाट संस्थापक अध्यक्ष एन्ड्रिय सो, प्रमुख कार्यकारी अधिकृत एलेनिता भि स्यान रूके (लेनी), चीफ टेक्निकल अफिसर रञ्जित हिताराची, नेफ्स्कूनका तर्फबाट अध्यक्ष परितोष पौड्याल, प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल तथा चन्द्रागिरी साकोसका तर्फबाट अध्यक्ष योगेन्द्र कुँवर र प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठको सहभागिता थियो । कार्यक्रममा चन्द्रागिरि साकोसको सञ्चालक तथा लेखासमितिका पदाधिकारीहरूको समेत भर्चुअल सहभागिता थियो ।

कार्यक्रममा अकूका संस्थापक अध्यक्ष कुँवरले अकूले आयोजना गरेको भर्चुअल टुरबाट एसिया प्रशान्त क्षेत्रीय साकोसहरूलाई सिक्ने अवसर मिलेको भन्दै नेपालको चन्द्रागिरी साकोसले पाएको सफलताको प्रशंसा गर्नुभयो ।

नेफ्स्कूनका अध्यक्ष पौड्यालले अन्तर्राष्ट्रिय प्लेटफर्ममा चन्द्रागिरी साकोसको सफलता प्रस्तुत गर्ने अवसर साकोसको कडा परिश्रम र मिहेनतको बलमा प्राप्त भएको बताउनुभयो । उहाँले यो अवसर सम्पूर्ण नेपाली साकोस अभियानको लागि गर्वको विषय भएको उल्लेख गर्नुभयो । अध्यक्ष पौड्यालले समुदायमा आधारित चन्द्रागिरी साकोस नेफ्स्कूनको विगत लामो समयदेखिको सदस्य भएको र संघका मार्गनिर्देशनहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरेको उल्लेख गर्नुभयो । उहाँले चन्द्रागिरीको सफलता एसिया प्रशान्त क्षेत्रका अन्य साकोसहरूका लागि पनि प्रेरणा हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा, अकूकी प्रमुख कार्यकारी अधिकृत लेनीले दक्षिण एसियाली सुन्दर मुलक नेपालका बारेमा १० रोचक जानकारीहरू प्रस्तुत गर्दै नेपाल भ्रमण गर्नुपर्ने १५ वटा गन्तव्य बारे समेत रोचक प्रस्तुति गर्नुभएको थियो । यसैगरी, उहाँले अकूको 'सपोर्ट मेम्बर' चन्द्रागिरी साकोसले काठमाडौं शहरमा रहेर सहकारीको असल अनि अनुकरणीय अभ्यास गरेको धारणा राख्नुभयो । कोभिडका बाबजूद समुदायमा गरेको सेवा प्रवाहसँगै संस्थाको वित्तीय अवस्थामा पुगेको असरलाई जस्ताको तस्तै प्रस्तुत गर्न सक्ने साकोसको सीईओको गुणको पनि उच्च प्रशंसा गर्नुभएको थियो ।

चन्द्रागिरी साकोसका अध्यक्ष योगेन्द्र कुँवरले सहभागीहरूलाई स्वागत गर्दै संस्थाको इतिहास, वस्तुस्थितिसँगै आजको कार्यक्रममा संस्थाका तर्फबाट गरिने प्रस्तुतिहरूका बारे सबैलाई अवगत गराउनुभएको थियो । उक्त भर्चुअल टुरमा चन्द्रागिरी साकोसको सेवाका सम्बन्धमा सदस्यहरूको पृष्ठपोषण, संस्थाको गतिविधि समेटिएको वृत्तचित्रसँगै पावर पोइन्ट प्रस्तुतिकरणको तयारी रहेको अध्यक्ष कुँवरले जानकारी गराउनुभएको थियो ।

# साकोस व्यवस्थापक सम्मेलन २०७८, चितवनमा सम्पन्न




नेफ्स्कूनको आयोजना तथा चितवन जिल्ला बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (चिस्कून) को संयोजनमा सञ्चालित साकोस व्यवस्थापकहरूको सम्मेलन-२०७८, चितवन १५ बुँदे सामुहिक प्रतिबद्धता सहित भरतपुरमा फागुन २८ गते समापन भएको छ ।

नेफ्स्कून अध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित सम्मेलनको उद्घाटन बागमती प्रदेश भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम पौडेलले गर्नुभयो ।

राष्ट्रिय सहकारी विकास बोर्डका सह–अध्यक्ष मित्रराज दवाडी, बागमती प्रदेश भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव बलराम निरौला, बागमती प्रदेश सहकारी रजिष्ट्रार नारायण प्रसाद ज्ञवाली बिशिष्ट अतिथि रहनुभएको सम्मेलनमा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, नेफ्स्कूनकी उपाध्यक्ष, शान्ती अधिकारी, नेफ्स्कून महासचिव, दामोदर अधिकारी, लेखा सुपरिवेक्षण समित संयोजक, नवराज सापकोटा, सञ्चालक सदस्य बिद्या कोइराला, जिल्ला बचत संघ चितवनका अध्यक्ष हरिशचन्द्र सुवेदी, प्रदेश बचत संघका सञ्चालकहरू, जिल्ला बचत संघका पदाधिकारीहरू तथा सञ्चालकहरू, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, साकोस म्यानेजर्स क्लव चितवनका पदाधिकारीहरू, नियोसिस प्रालिका प्रमुख कार्यकारी अधिकृत डा. भोजराज घिमिरे, नेफ्स्कून तथा जिल्ला बचत संघका व्यवस्थापन टिम लगायतको सहभागिता थियो ।

नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले सञ्चालन गरेको कार्यक्रममा प्रमुख अतिथि मन्त्री पौडेलले नेफ्स्कूनले जिल्ला बचत संघ चितवनको समन्वयमा आयोजना गरेको कार्यक्रममा ऐक्यबद्धता जारी गर्न आफु उपस्थित भएको बताउनुभयो । नेफ्स्कूनले जिल्ला बचत संघ चितवनको रजत महोत्सवको अवसरमा व्यवस्थापकहरूको सम्मेलन गरी क्षमता अभिवृद्धिको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रशंसा गर्नुभयो । सहकारीले उत्पादनका क्षेत्रमा काम गर्नुपर्ने बताउँदै मन्त्री पौडेलले सहकारी क्षेत्रलाई सहयोग गर्न प्रदेश सरकार तयार रहेपनि स्रोत साधनको सीमितता रहेको बताउनुभयो । मन्त्री पौडेलेले सरकार र सहकारी अभियान मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बिकास बोर्डका सह–अध्यक्ष मित्रराज दवाडीले सहकारीका माध्यमबाट जिवनस्तर परिवर्तन गर्न सकिने बताउँदै समुदायमा आधारित सहकारीको खाँचो रहेको बताउनुभयो । उहाँले सहकारीको मुल्य मान्यता र सिद्धान्तका आधारमा रही सञ्चालन हुनुपर्ने भन्दै सुशासनको विषयलाई महत्वका साथ उठाउनुभयो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले प्रविधिकरणको महत्व माथि विशेष चर्चा गर्नुभयो । अबको युग प्रविधिकरणको भएको बताउँदै उहाँले सर्भिस विद् सफ्टवेयरको लागि नेफ्स्कूनले काम गरिरहेको चर्चा गर्नुभयो । अध्यक्ष पौड्यालले नेफ्स्कूनले सहकारीमा दक्ष मानव जनशक्ति विकासका लागि पोखरा विश्व विद्यालयसँग सम्झौता भएको

र त्यसले स्नातक तथा स्नातकोत्तर तहमा सहकारी विषयको पाठ्यक्रम तयारी हुने जानकारी गराउनुभयो । व्यवस्थापकहरू स्मार्ट हुनुपर्नेमा जोड दिदै उहाँले स्मार्ट ब्यवस्थापकले मात्र स्मार्ट साकोस बनाउन सक्ने उहाँले बताउनुभयो । अध्यक्ष पौड्यालले साकोस अभियानका दुई महत्वपूर्ण स्तम्भहरू स्तरीकरण र स्थिरीकरण कोषका सम्बन्धमा पछिल्लो समयमा भएका उपलब्धिहरू चर्चा गराउँदै चैत मसान्तसम्म कोष पूर्ण सञ्चालनमा ल्याउने गरी तयारी गरिएको उल्लेख गर्नुभयो ।

नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले चितवन जिल्ला बचत संघको रजत महोत्सवको अवसरमा हार्दिक बधाई दिदैं संघको थप उन्नयनको कामना गर्नुभयो । उहाँले जिल्ला संघहरूलाई नेफ्स्कूनले आवश्यक सहयोग गर्दै आएको उल्लेख गर्दै सहकार्य र समन्वयका आधारमा साकोस अभियानको दिशाबोध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । सहकारीको इतिहासमा चितवन जिल्लाको बिशिष्ट पहिचान रहेको बताउँदै बरिष्ठ उपाध्यक्ष ढकालले नेफ्स्कून र जिल्ला संघको सम्बन्ध आजको सम्मेलन जस्ता कार्यक्रमले थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो ।






बागमती प्रदेशका सहकारी रजिष्ट्रार नारायण प्रसाद ज्ञवालीले व्यवस्थापकहरू बलियो हुँदा संस्था बलियो हुने भन्दै नेफ्स्कूनले आयोजना गरेको कार्यक्रमले व्यवस्थापकहरू बीच सिकाइ आदानप्रदान हुने मौका मिल्ने र सिकाई महत्वपूर्ण हुने बताउनुभयो । उहाँले व्यवस्थापकहरूले क्षमता अभिवृद्धि भएमा नियामक निकायहरू संस्था अनुगमनमा जानुपर्ने वातावरण नआउने उल्लेख गर्नुभयो ।

नेफ्स्कूनका लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटाले व्यवस्थापकहरू सहकारी संस्थाको मियो भएको बताउँदै व्यवस्थापकहरू क्षमतावान हुँदा संस्था क्षमतावान हुने धारणा राख्नुभयो । चितवन जिल्ला सहकारीको जननी भएको बताउँदै उहाँले आजको सम्मेलन आयोजनाबाट जिल्लाका साकोस व्यवस्थापकहरूले धेरै भन्दा धेरै लाभ लिनुपर्नेमा बिशेष जोड दिनुभयो । सम्मेलनको पूर्ण सफलताको कामना नेफ्स्कूनका लेखा सुपरिवेक्षण समिति संयोजकले गर्नुभयो ।

सम्मेलनमा चिस्कूनका अध्यक्ष हरिशचन्द्र सुवेदीले स्वागत मन्तव्य राख्दै नेफ्स्कूनले जिल्ला संघको रजत महोत्सवको अवसर पारेर भव्य सम्मेलन आयोजना गरेको भन्दै हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । उहाँले चितवन जिल्लाको सहकारी अभियानलाई समृद्ध बनाउन नेफ्स्कूनले महत्वपूर्ण भूमिका खेलेको चर्चा गर्दै साझेदारीमा भैरहेका कार्यक्रमबारे पनि सम्मेलनमा जानकारी गराउनुभयो ।

नेफ्स्कून चितवन फिल्ड व्यवस्थापन उपसमिति सदस्य तथा बागमती प्रदेश बचत संघका सञ्चालक सदस्य तेजेन्द्र बहादुर खड्काले सहकारी पहिचान बनाएको जिल्ला चितवनमा व्यवस्थापक सम्मेलन आयोजना गरिएको भन्दै यसले व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गर्ने विश्वास व्यक्त गर्नुभयो । सहकारी ऐन र नियमावली कार्यान्वयनमा चुनौतिहरू रहेको उहाँले बताउनुभयो ।

साकोस म्यानेजर्स क्लब चितवनका अध्यक्ष मेघनाथ लामिछानेले नेपालको साकोस अभियान चुनौतिपूर्ण अवस्थामा रहेको बताउँदै नेफ्स्कूनले आयोजना गरेको व्यवस्थापकहरूको क्षमता अभिवृद्धिको कार्यक्रमले यस्ता चुनौतिहरूको सामना गर्ने सामर्थ्य विकास गर्न सक्ने उल्लेख गर्नुभयो । उहाँले सम्मेलनमा स्वागत सँगै अभियानले खेल्नुपर्ने भूमिकाका बारे चितवनका व्यवस्थापकहरूको तर्फबाट सुझाव पनि प्रस्तुत गर्नुभएको थियो ।

सम्मेलनको दोस्रो सत्रमा बागमती प्रदेश भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव बलराम निरौलाले सहकारी कानुनहरूको सन्दर्भ विषयमा, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले साकोस व्यवस्थापनका समसामयिक व्यवस्थापनका पक्षहरू विषयमा, नियोसिस प्रा.लि. का प्रमुख कार्यकारी अधिकृत डा. भोजराज घिमिरेले नेफ्स्कूनले विकास गर्न लागेको इआरपीमा आधारित रही बचत तथा ऋण सहकारीहरूमा प्रविधि व्यवस्थापन विषयमा र जनकल्याण साकोस धादिङका प्रमुख कार्यकारी अधिकृत डा. कृष्णकान्त मिश्रले बचत तथा ऋण सहकारीहरूमा मानव संशाधन व्यवस्थापन विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा चितवन जिल्लाका १ सय बढी साकोस व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।

# चितवन जिल्ला बचत संघको रजतमहोत्सव कार्यक्रम सम्पन्न




चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ले विविध कार्यक्रम सहित रजत वर्ष समारोह चैत्र ५ गते समापन गरेको छ । संघले स्थापनाको २४ बर्ष पुरा गरी २५ बर्ष प्रवेश गरेको अवसरमा गत बर्षदेखि घोषणा गरेका तालिकाबद्ध कार्यक्रम महिनाभर सञ्चालन गर्दै रजतमहोत्सव बर्ष समापन गरेको हो ।

बचत संघका अध्यक्ष हरिशचन्द्र सुबेदीको अध्यक्षतामा सम्पन्न समापन समारोहका प्रमुख अतिथि राष्ट्रिय सहकारी बिकास बोर्डका सह–अध्यक्ष मित्रराज दवाडी हुनुहुन्थ्यो ।


संघले रजत महोत्सव समापन समारोहका अवसरमा विहान भरतपुरको चौबीसकोठी देखी कार्यक्रम स्थलसम्म ऱ्याली तथा संस्थाका आ–आफ्नो भेषभुषा र झाँकी प्रदर्शन गरेको थियो । समापनका क्रममा संघले जिल्लाको उत्कृष्ट सहकारीकर्मी, बचत संघका पूर्व अध्यक्ष एवं वर्तमान सल्लाहकार तेजेन्द्रबहादुर खड्कालाई सम्मान गरेको थियो ।

रजतबर्ष समारोहको अवसर पारेर बचत संघको संयोजन र नेफ्स्कूनको आयोजनामा फागुन २८ गते चितवनमा साकोस व्यवस्थापकहरूको सम्मेलन २०७८ को समेत आयोजना गरिएको थियो ।

त्यसैगरी संघले गत बर्ष २४औं स्थापना दिवसका अवसरमा घोषणा गरेका कार्यक्रमहरू जस्तैः महिला स्वास्थ्य परिक्षण, रक्तदान, वतृत्वकला तथा हाजिरीजवाफ प्रतियोगिता, भलिवल प्रतियोगिता लगायत विविध क्रियाकलाप सम्पन्न गरेको थियो । रजत महोत्सवका अवसरमा संघ र सदस्य संस्थाहरूको आयोजनामा विभिन्न स्थानमा सञ्चालित रक्तदान कार्यक्रममा ३ सय ५६ जनाले रक्तदान गरेका थिए भने संघले बखान सहकारीका संस्थापक इन्द्र बहादुर गुरूङलाई गुरूङ निवासमै पुगेर अभिनन्दन गरेको थियो ।

रजत वर्ष कार्यक्रममा सञ्चालन गरिएका बिभिन्न प्रतियोगिताहरूमा बिजयी हुनेहरूलाई महोत्सव समापनका अवसरमा पुरस्कार बितरण गरेको थियो भने चितवन जिल्ला बचत संघका पूर्व अध्यक्ष, सञ्चालक र कर्मचारीहरूलाई समेत सम्मान गरेको थियो । बचत संघको स्थापना २०५३ चैत्र २९ गते भएको थियो ।





# सहकारी यात्रा
## डी.बी. बस्नेत

नेपालको सहकारी अभियानमा चिरपरिचित नामहरूमध्येकै एक गर्विलो नाम हो –डी.बी. बस्नेत । प्रारम्भिक संस्थादेखि लिएर जिल्ला सहकारी संघ, विषयगत केन्द्रीय संघ हुँदै हाल सहकारी अभियानको मुलुककै शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघको सञ्चालकको भूमिकामा रहनुभएका डी.बी. बस्नेत दोलखाली बचत ऋण सहकारी अभियानका अभियन्ता हुनुहुन्छ । स्वर्गीय तीर्थबहादुर बस्नेत र आमा जनककुमारीको कोखबाट २०१९ साल फागुन ११ गते रामेछापको बेतालीमा बस्नेतको जन्म भएको थियो । एसएलसी दिने बित्तिकैदेखि पारिवारिक जिम्मेवारी साथै व्यावसायिक जीवनमा क्रियाशिल बस्नेत सहकारी र राजनीतिमा पनि क्रियाशिल रहनुभयो ।

जिल्लामा प्रारम्भिक संस्था, जिल्ला बचत संघको संस्थापक अध्यक्ष हुँदै एक कार्यकाल नेफ्स्कूनको अध्यक्ष रहनुभएका बस्नेत हाल संघको सल्लाहकारमा हुनुहुन्छ । सहकारी अभियानका अग्रज व्यक्तित्व बस्नेतसँग सहकारी जीवनका बारेमा गरिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ :

**सहकारी क्षेत्रमा प्रवेश कसरी भयो ?**

सानोतिनो व्यापार व्यवसाय गरिरहेका ५ जनाको समूह बनाएर नेपाल बैंक लिमिटेडसँग ऋण लियौं । प्रतिव्यक्ति २५ हजारको दरले सामूहिक जमानीमा ऋण उपलब्ध भयो । त्यसबेलासम्म मसँग न जिरी न कही, आफ्नो नाममा जग्गा जमिन थिएन । धितो राख्ने केही थिएन । बैंकले ऋण दियो व्यवसायको आधारमा । त्यो लिएर एक वर्षमा हामी पाँचै जनाले ऋण तिर्‍यौं । त्यसपछि व्यवसाय विस्तारका लागि फेरि ऋणको आग्रह गर्‍यौं । पहिला ऋण दिने व्यक्ति नै म्यानेजर थिए । तर उनले 'तपाईलाई किन ऋण दिने, न तपाईले मलाई एक कप चिया खुवाउनुभयो ? न कुनै रेसपोन्स गर्नुभयो, तपाईलाई ऋण दिएर मलाई के फाइदा ?' भनेर दिएनन् । पसल फर्केर आएपछि मनमा सोचें 'अब त यो विषयमा केही गर्नुपर्छ, सधै बैंकको भर परेर त हुँदैन' भन्ने लाग्यो । थप सल्लाहका लागि एक दिन बेलुकी ३५–३६ जना व्यापारी साथीभाई भेला भयौं । प्रत्येक व्यक्तिबाट दिनको १ रूपैयाँ बचत उठाउने निर्णय गर्‍यौं । त्यसबेला त्यो रकम उठाएर के गर्ने भन्ने दीर्घ योजना थिएन । खाली रकम बचत गर्दै जाउ, एक दिन त्यो बचतले काम दिन्छ भन्ने मात्र थियो । केही न केही समस्या टर्छ भन्ने भयो । त्यो दिन २०४७ साल माघ १० गते थियो । त्यहाँबाट सहभागीहरू बढ्दै गयौं । त्यसको केही समयपछिको कुरा हो, त्यसबखत बजारमा हिमाली समाज सेवा समिति नामको क्लब थियो, म त्यसको सचिव थिएँ, त्यहाँ हुलाकबाट एउटा बुलेटिन आयो । त्यो बुलेटिन नेफ्स्कूनले पहिलो पटक प्रकाशित गरेको पत्रिका रहेछ । कुरा बुझ्दै जाँदा, समाज कल्याण परिषद्मा दर्ता भएका देशभरिका सबै संस्थाको ठेगानामा हुलाकबाट पत्रिका पठाएको रहेछ । टीकट टाँसेर सबै संस्थालाई पठाएको रहेछ । हाम्रो क्लब पनि समाज कल्याणमा दर्ता भएको कारण पत्रिका आएको रहेछ । त्यो बुलेटिन भेटेपछि भगवान भेटे जस्तै भयो ।

त्यो बुलेटिन पढेपछि काठमाडौं आएर कमलादी गणेशथान नजिकको नेफ्स्कूनको कार्यालयमा भोजराज

घिमिरेलाई भेटेँ । राष्ट्रिय बचत संघ भनेर सुरू गरिएको रहेछ त्यो बेला । बचत ऋणसम्बन्धी स-साना शिक्षा शिविर सञ्चालन आदि कामका लागि एसियाली ऋण महासंघले थोरै सहयोग गरेको रहेछ । भोजराज घिमिरेले 'खाजाको रकम हामी बेहोर्‍छौं, एउटा बचत ऋण शिक्षा शिविर सञ्चालन गर्नुस्' भनेर सल्लाह दिनुभयो । जिरीमा हामीले बचत ऋण शिक्षा शिविर गर्‍यौं । परिणामतः अरनिको तथा फ्रेन्डसीप बचत तथा ऋण सहकारीको जन्म भयो । जिल्ला प्रशासन कार्यालयमा २०४७ सालमा संघ संस्था ऐन अन्तर्गत दर्ता गरेर अरनिको बचत तथा ऋण सहकारी सुरू गरिएको थियो । म त्यसको संस्थापक अध्यक्ष थिएँ ।

अरनिको पनि हाम्रो पहलमा सुरू भएको बचत ऋण सहकारी संस्था थियो । अझै राम्रोसँग चलिरहेको छ । तर म त्यसमा हाल आबद्ध छैन । मैले छोडेको १० वर्ष जति भयो । पहिला मेरो गाडी हुँदा मैले यातायात क्षेत्रमा काम गर्दा त्यो सहकारीमा जोडिएँ र २० वर्षजति अध्यक्ष भएर काम गरेपछि त्यो रूट छोडें । म त्यसमा सक्रिय भूमिकामा छैन । अरनिको र फ्रेन्डसीप दुबैले नेफ्स्कूनको आबद्धता पनि लिए । सहकारी ऐन २०४८ आएपछि २०५० सालमा नेफ्स्कून दर्ता गर्न जाँदा ४७ वटा संस्था सदस्य थिए जसमध्ये अरनिको र फ्रेन्डसीप दुबै थिए ।

## तपाईहरू सहकारीमा लाग्दा जिल्लामा सहकारी अवस्था कस्तो थियो ?

जब मैले नेफ्स्कूनलाई भेटें, तब अभिमुखीकरण कार्यक्रम जिरीमा गर्‍यौं । त्यसले फ्रेण्डसीप जन्मायो । गोकुलध्वज कार्की दाई पछि नेफ्स्कूनको सञ्चालक पनि हुनुभयो, उहाँ अध्यक्ष र म संस्थापक उपाध्यक्ष भएर बसें किनकी म अरनिको को पनि अध्यक्ष थिएँ । अरनिको 'इम्प्लोइ बेस्ट' र फ्रेण्डसीप 'कम्युनिटी बेस्ट' बचत ऋण सहकारी थिए । अर्को वर्ष फेरि नेफ्स्कूनमा हामीले कुरा गर्‍यौं र ऋण शिक्षा शिविर सञ्चालन गर्‍यौं । करिब २०४९ तिरको कुरा हो त्यो । जिल्ला सदरमुकाम चरिकोटको जिल्ला विकास समितिको हलमा आायोजित त्यो शिविरमा जिल्ला भरका क्लबका अध्यक्षहरू, हाईस्कूल, स्कूलका हेडमास्टरहरू, जनप्रतिनिधि तथा अगुवाहरू सहभागी हुनुहुन्थ्यो । त्यो शिविरको स्रोत व्यक्ति ऋषिराज घिमिरे र विश्वमोहन आचार्य हुनुहुन्थ्यो । यज्ञराज ढुङ्गेल सरहरू त्यो अभिमुखीकरण कार्यक्रम पछि प्रभावित भएर सहकारीमा समर्पित हुनुभएको थियो । चरिकोटको ऋण शिक्षा शिविरपछि त्यहाँ मिलिजुली र मैनापोखरीमा जनसचेतन स्थापना भएका हुन् । त्यसपछि विस्तारै सहकारी अभियान विकास हुँदै गयो ।

पहिलो चरणमा हामीले जिरीलाई आधार मान्यौं । त्यहाँ एउटा कुखुरा समूह थियो त्यसलाई कुखुरा विकास तथा बचत ऋण सहकारी बनायौं । आलुको समूह हनुमन्ते बीउ आलु समूह थियो त्यसलाई हनुमन्ते बीउ आलु उत्पादन बचत तथा ऋण सहकारी बनायौं यसरी छरिएर रहेका स-साना समूहहरूलाई बचत ऋण सहकारीमा रूपान्तरण गर्दै गर्‍यौं । त्यस बखत दर्ता प्रक्रिया पनि सहज र सरल थियो । यसरी जिल्लाभर अभियानकै रूपमा सहकारीहरूको विकास र विस्तार गर्दै गयौं । त्यसबखत जिरी गाउँपालिका भित्र १४-१५ सहकारीहरू दर्ता भैसकेको अवस्था थियो । पछिल्लो समय करिब ५ वर्षअघि फेरि एकीकरण अभियानलाई प्रोत्साहन गर्‍यौं र १४ वटा सहकारी एकीकरणपछि फ्रेण्डसीप बचत ऋण सहकारी बनाइएको हो । त्यसबेला हामीले जिल्लाभर ७ वटा बचत तथा ऋण दर्ता भएपछि जिल्ला बचत तथा ऋण सहकारी संघ भनेर जिरीमै ठेगाना राखेर मेरै अध्यक्षतामा गठन गर्‍यौं । मैले करिब ३ कार्यकाल काम गरेपछि चरिकोटस्थित मिलिजुलीका अध्यक्ष रामदास श्रेष्ठ अध्यक्ष बन्नुभयो र कार्यालय पनि चरिकोट नै सारियो ।

> प्रारम्भिक संस्थादेखि लिएर जिल्ला सहकारी संघ, विषयगत केन्द्रीय संघ हुँदै हाल सहकारी अभियानको मुलुककै शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघको सञ्चालकको भूमिकामा रहनुभएका डी.बी. बस्नेत दोलखाली बचत ऋण सहकारी अभियानका अभियन्ता हुनुहुन्छ ।

## बचत ऋण सहकारीप्रति आकर्षण कसरी बस्यो ?

बैंकले ऋण नदिएको विषयले हामीलाई बचत गर्ने बानी विकसित गरायो । तर त्यसलाई कहाँ लाने कसरी वैधता वा दिगो बनाउने भन्ने विषयमा अनभिज्ञता थियो । त्यति नै बेला नेफ्स्कून भेटेपछि 'ढुङ्गा खोज्दा देउता मिले' झैं भयो । जब अभिमुखीकरणहरू भए तब सहकारीको महत्व, सिद्धान्त, आर्दश र व्यावहारिकता आदि विषयमा प्रगाढरूपमा बुझिदैं गइयो । अब बैंकको विकल्प विकसित हुँदै गयो । समुदायको आफ्नै बैंक निर्माण हुँदै गयो । आज त एक अर्ब भन्दा बढीको कारोबार गर्छ फ्रेण्डसीप साकोसले । बैंकले ऋण नदिएको कारण बचत ऋण सहकारीप्रति आकर्षण बढ्यो । त्यो बेला हामीलाई ऋण दिन अस्विकार गर्ने म्यानेजर बैंक छोडेर अहिले ललितपुरमा बहुउद्देश्यीयमा संलग्न हुनुहुन्छ । भन्नुको अर्थ उहाँ पनि पछि सहकारीमै जोडिनुभयो ।

## बेताली बचत तथा ऋण सहकारीको जन्म कसरी भयो ?

बेताली बचत तथा ऋण सहकारी पनि फ्रेण्डसीपको जस्तै इतिहास बोकेको

संस्था हो । बेतालीबाट काठमाडौं आएका साथीहरूबीच एकपटक भेटघाट भएको थियो । बेतालीबाट काठमाडौं आई बसोबास गर्नेहरू करिब ४० जना मिलेर क्लब दर्ता गर्नुभएको रहेछ, बचत गर्ने, गाउँको विकासमा खर्च गर्ने आदि भनेर । मैले उहाँहरूको कुरा सुनिसकेपछि पैसा पनि राख्ने, गाउँको विकास पनि गर्ने, ऋण पनि लिने, बचत गरेको पैसा पनि नमासिने, आफुले राखेको पैसाको ब्याजसमेत पाउने गरी क्लबलाई बचत तथा ऋण सहकारीमा परिणत गर्ने सल्लाह दिएँ र त्यसरी यसको विकास भएको हो । बेतालीको ठेगाना राखेर दर्ता भने काठमाडौंमा गरेका हौं । ३-४ वर्ष यहाँ चलाएपछि गाउँमा लगिएको हो । अहिले बेतालीको आफ्नै भवन छ, सदस्य संख्या बढ्दो छ, कारोबार बढ्दो छ । यसको स्थापनासँगै गाउँमा चर्को ब्याजमा पैसा लगाउने साहुमहाजन प्रथा त बन्दै भयो ।

## आफ्नो भूमिका वा नेतृत्वको स्वमूल्याङ्कन कसरी गर्नुहुन्छ ?

सहकारी क्षेत्रमा जुन जुन भूमिकामा र नेतृत्वमा बसेर काम गरें सफलनै भएँ भन्नेमा आत्मसन्तुष्टि छ । कही पनि मैले असहयोग र असफलता हात पार्नुपरेन । 'यति गर्न पाएको भए हुन्थ्यो, अझै यति पुगेन' भन्ने त जुनसुकै ठाउँमा हुन्छ । तर 'मैले गर्न सकिन, यति हुँदा पनि गरिन वा यो ठूलो कमजोरी भयो' भन्ने चाहि छैन । मैले जिम्मा लिएका संघ संस्थाहरू सबैले 'प्रोगेस' गरेका छन् । मेरो कार्यकालको सबैभन्दा आत्मसन्तुष्टि मिलेको वा स्वर्णिम समय नेफ्स्कून अध्यक्षताको ३ वर्ष नै हो । (नितान्त व्यक्तिगत आधारमा) सञ्चालक समिति पनि त्यतिकै बलियो र सहयोगी थियो भने व्यस्थापन समूह पनि चुस्त, मिहेनती र लगनशील थियो ।

अर्को महत्वपूर्ण कुरा भनेको मेरो कार्यकालमा सहकारी वा नियमनकारी निकायबाट पनि धेरै सहयोग पाएँ । ३ वटा मन्त्रीसँग काम गरें उहाँहरू सबै सहकारीप्रति विश्वास र सदाशयता राख्नेहरू हुनुहुन्थ्यो । गोपीनाथ मैनाली जस्तो सहयोगी सचिव पाएँ । रजिष्ट्रारहरू पनि सहयोगी नै हुनुहुन्थ्यो । २ अर्बबाट करिब १६ अर्बको ब्यालेन्स सीट पुगेको थियो । कर्मचारी संख्या ६० बाट करिब १६० पुग्यो । त्यही गतिमा सदस्य र सेवा केन्द्रहरू बिस्तार, विश्व ऋण परिषद्को सदस्यता, तालिम तथा शिक्षा, देशभरबाट प्राप्त उत्साह, एक्सेस र प्रोबेसन ब्राण्डिङमा प्राप्त सफलता, एकरूपता प्रणालीको लहर आदिबाट सन्तुष्टि मिलेको छ । मेरो समयमा साकोस शिखर गोष्ठी, लेखा सुपरिवेक्षण समिति गोष्ठी, व्यवस्थापकहरूको गोष्ठी लगायत ३ वटा ठूला गोष्ठीहरू आयोजना गरिएका थिए तिनले पनि अभियानबीचको ऐक्यबद्धतासँगै विकास र विस्तारमा भूमिका खेलेका थिए ।

त्यस्तै, स्थिरीकरण कोष, साकोस एकरूपता प्रणाली आदि धेरै कुराहरूमा म्यानुअल वा कार्यविधि बनाउने काम गर्नुपरेन बरू कार्यान्वयनमै जोड दिन पाएँ । मिनराज सर, ऋषि दाइको पालामा धेरै नीति, विधि बनाउने काम भएका थिए भने मेरो पालामा तिनको कार्यान्वयन पक्षमा बढी जोड दिन पाएँ । त्यसले पनि मलाई सहज बनायो । हुनत मेरो समयमा पनि केही नीति, विधिहरू नबनेका होइनन् तर अधिकांश पहिले बनेकाहरूलाई बिशेषत कार्यान्वयनमा लैजान पाएँ । मलाई त्यसले पनि सहज बनायो । जोसँगबाट जे काम लिनुपर्छ 'त्यो सानो मान्छे वा उसकोमा जानुहुन्न, म नेफ्स्कूनको अध्यक्ष' भन्ने थिएन । म उहाँ पुग्थें, लिन पठाउथें, उहाँसँग अनुनय विनय गर्थे, जोसँग जे जसरी र जहाँ जानुपथ्र्यो त्यसरी नै प्रस्तुत हुन्थें । तपाई पत्याउनुहुन्न होला, म ८ घन्टासम्म राष्ट्र बैंकमा बसेको छु । अर्थ मन्त्रालयमा घन्टौं टेबुलमा बसेको छु । स्थिरीकरण कोषको कार्यविधि बनाउने बेला । कर्मचारीहरू पनि ' तपाई जानुहोस सर म भोलि गरेर पठाउछु' भन्दा पनि नछोडेर काम फत्ते गरेरै ल्याएको छु । यदि मैले त्यो बेला त्यति काम नगरेको भए आज स्थिरीकरण कोष आज कर्जा सूचना केन्द्र जस्तो हुन्थ्यो । मैले पूर्वअध्यक्षहरू ऋषि दाई, मिनराज सर सँग बसें, 'यो यो कुरामा उल्झन छ, के गरौं' भनें । उहाँहरूले 'जति पाइन्छ त्यति चाहिं लिउँ भोलि अरू थप्दै संशोधन गर्दै जाउँला' भन्नुभयो । त्यो कुरा ठीक भएछ भन्ने लाग्छ आज मलाई किनभने 'यो पुगेन त्यो पुगेन' भन्न त आज पाइएको छ नि । अहिले नेफ्स्कून बोर्डलाई त्यति धेरै कठिन यसअर्थमा छैन कि उहाँहरूले पुराना विषयहरूलाई निरन्तरता दिनुभयो भने मात्र पनि धेरै राम्रो हुन्छ, आधार बनिसकेको अवस्था छ ।

म अध्यक्ष हुँदा कार्यक्रमहरूमा बोलाउँदा तोकेको समयभन्दा ढिलो कमै पुग्थें । उद्घाटन कार्यक्रमहरू एकदमै छोटा र उपयोगी हुन् भन्ने लाग्दथ्यो । लामोसमय बोलेर सहभागीहरूको समय बर्बाद गर्नुभन्दा र पट्यारलाग्दो भाषण भन्दा पनि अन्तरक्रिया गर्न रूचाउँदथें । हामीले जतिसुकै लामो बोले पनि श्रोताहरूको दिमागमा बस्दैन तर उहाँहरूको जिज्ञासाको सम्बोधन भने दीर्घजीवी हुन्छ । कतिपय साधारण सभा वा कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुँदा 'म बोल्दाबोल्दै तपाईहरूलाई केही मनमा लाग्यो भने सोधिहाल्नुस, प्रश्नहरूको जवाफ तत्कालै दिइहाल्छु' भन्थें ।

## कोभिडको प्रभाव, तरलता चाप आदि विषयमा केन्द्रीय निकायले गर्नुपर्ने काम र प्रारम्भिक संस्थाले पुऱ्याउनुपर्ने सावधानी के के हुन् ?

नेफ्स्कून बोर्डले पूर्व अध्यक्ष तथा सल्लाहकारहरूसँग निरन्तर सम्पर्क र समन्वय गर्नुपर्छ । अनुभवले खारिएका, सहकारीभन्दा इतर काम नगरेका व्यक्तिहरूसँग सल्लाह गर्नुपर्छ । आज पनि 'नेफ्स्कूनका लागि केही काम गर्न पाए हुन्थ्यो' भन्ने लाग्छ । कुनै दिन बोलायो भने जिम्मेवारी दियो भने खुसी हुन्छौं, नेफ्स्कूनको प्रगति सुन्दा खुसी हुन्छौं ।

नेफ्स्कून सञ्चालक समिति र पूर्व अध्यक्षहरू बसेर एक दिनभरि छलफल गरेर एउटा सोलिड्यारिटीको सन्देश दिनुपर्नेछ अभियानका लागि । बचत संकलन गर्न, ऋण लगानीको लागि, अभियानको अवस्था विश्लेषण गर्न, तरलता आदि विषयहरूमा छलफलसहित 'म्यासेज डेलिभर' गर्नुपर्छ ।

दोस्रो सोलिड्यारिटी नेफ्स्कूनको गुणस्तर सुनिश्चितता कार्यक्रममा आबद्ध तथा स्तरीकृत संस्थाहरूको तर्फबाट । जहाँसम्म प्रारम्भिक संस्थाहरूको कुरा छ, उनीहरूको पहिलो काम भनेको नेफ्स्कूनले दिएको 'टुल्स एण्ड टेक्निक' हरूलाई कार्यान्वयन गर्नुपर्छ । सबैको नेटवर्किङ र मुख्य ठाउँ नै नेफ्स्कून हो । नेफ्स्कूनलाई नै आधार मानेर अघि बढ्नुपर्छ । लामो इतिहास बोकेको छ नेफ्स्कूनले । अभियानलाई आजको अवस्थासम्म पुऱ्याउन नेफ्स्कूनको भूमिका छ । जसले जति नै कुरा गरेपनि नेपालमा सहकारी अभियानमा नेफ्स्कून नै हो 'कि एक्टर' ।

## विश्व ऋण परिषद् र एसियाली ऋण महासंघको विषयमा यहाँको धारणा ?

मेरो कार्यकालमा विश्व ऋण परिषद्सँग सम्बन्ध स्थापित भैसकेपछि नेफ्स्कूनलाई फाइदै पुग्यो । हामीले पठाएको प्रस्ताव, गरेको कुराकानीले सहयोग पनि प्राप्त गरेका थियौं । काठमाडौंमा पनि केही कार्यक्रम गऱ्यौं, 'प्रोजेक्ट' पनि उपलब्ध गराएको थियो ओकूले । ब्राजिलको टीम पठाइदिएर 'स्टडी' गराइदिएको थियो जसले नेपाल र ब्राजिलको क्रेडिट युनियनको मोडलबीच धेरै समानता रहेको देखायो । भूकम्पको बेलामा पनि हामीलाई केही सहयोग गरेको हो । ओकूसँग अहिले पनि हामी केही प्रोजेक्टहरू लिन सक्छौं जस्तो लाग्छ ।

जहाँसम्म अक्कूको कुरा छ, नेफ्स्कूनलाई यहाँसम्म यो अवस्थामा पुऱ्याउने अक्कू नै हो । एसियाली ऋण महासंघसँगको सम्बन्ध सधै राम्रो बनाइराख्नुपर्छ । अकूले मलाई पनि एक वर्षसम्म राम्रो 'सपोर्ट' नगरेको हो तर पछि मैले एकवर्ष राम्रो काम गरेपछि र उनीहरूलाई धुलिखेलमा बोलाएर 'प्रेजेन्टेसन' गरेको थिए जसमा म अध्यक्ष हुन आउँदा र हालको अवस्था भनेर 'प्रोगेस' देखाएपछि उनीहरू 'सपोर्टिभ' भएका हुन् ।

## सहकारी तथा बिशेषतः नेफ्स्कूनको अबको प्रमुख योजना वा रणनीति के हुनुपर्छ ?

एकीकरण र पूर्णतया सुशासित संस्था अबको प्राथमिक आवश्यकता हो । सहकारी क्षेत्रमै धेरै सहकारीहरूको एकीकरण आवश्यक छ । साकोस क्षेत्रको कुरा गर्दा, देशभरिमा १ सय ठूला संस्था बनाऔं तिनै संस्थाले नेफ्स्कून चलाऔं । ब्राजिलको मोडलमा जानुपर्छ जहाँ सदस्यहरूले फेडेरेशनलाई ४ प्रतिशत सेवा शुल्क तिर्छन् । 'देशभर १४ हजार बचत तथा ऋण सहकारी छन्, नेफ्स्कून ४ हजार बढी मात्रै सदस्य लिएर बस्छ' भनेर भन्छन्, उनीहरूले भनिरहुन केही छैन । सेवा त सबैलाई दिने तर सदस्य भने १ सय संस्था भए पुग्छ, अनि नेफ्स्कूनको सञ्चालक समितिमा आउने व्यक्तिहरू पनि त्यस्ता ठूला र सुशासित संस्थाका क्वालिफाइड व्यक्तिहरू हुन्छन् । खारिएका र छानिएका ती व्यक्तिहरूबाटै नेफ्स्कून सञ्चालन गरिनुपर्छ ।

बचत ऋण सहकारी आफै होइन सदस्यहरूलाई आर्थिक रूपमा सबल बनाउन सहकारी संघ र संस्थाहरूले बजारीकरण, सीपमूलक तालिम, ज्ञान, विज्ञतासँगै स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन गर्न सक्ने 'वे आउट' देखाइदिनुपर्छ । विगतदेखि नै मैले भन्दै आएको छु, 'एक गाउँ एक उत्पादन' मा विशेष जोड दिदैं सहकारी क्षेत्र यो अभियानसँग जोडिनुपर्छ भन्ने लाग्छ । अर्को एउटा विषय जोड्न चाहन्छु, सहकारीमात्र नभई हरेक क्षेत्रमा पढेको भन्दा परेको व्यक्तिले सफलता हात पारेका छन् । अनुभव र व्यावहारिक सिकाइको शक्ति बढी तागतिलो हुन्छ ।

## राज्यले गर्ने सहयोग सहकारी अभियानले पाएको छ ?

राज्यको जिम्मेवार ठाउँमा बस्ने व्यक्तिले 'सहकारीलाई किन सहयोग?' गर्ने भन्ने छ । राज्यबाट पर्याप्त सहयोग पाएको छैन सहकारी क्षेत्रले । यसको कारण देशको अर्थतन्त्रमा कति ठूलो टेवा पुगेको छ त्यो नसोच्ने अनि हरेक पटक नयाँ व्यक्ति आउने अनि सिक्ने सिकाउने काममै कार्यकाल बित्ने र सरूवा भएर जाने कारणले पनि महत्वपूर्ण विषयहरूमा बुझाइमा एकरूपता र समस्या समाधानतर्फ ठोस रुपमा केन्द्रित हुन सकेको छैन । सहकारी क्षेत्रबाटै प्रवेश गरेर सहकारी क्षेत्रबाटै अवकाश पाउने खालका मानिसहरू सरकारी सेवामा आवश्यक छ । कही सहकारीप्रति अत्यन्तै सकारात्मक मानिसहरू पनि छन् कही आफ्नो स्वार्थका लागि सहकारी बिगार्ने खालका, नीति नियमको बखेडा झिक्ने पनि छन् ।

यी विषयहरूमा मेरो अध्यक्षताकालमा भन्दा अहिले बढी देखेको छु । मेरो कार्यकालमा त मैले चाहे भन्दा बढी सहयोग सरकारी निकायबाट पाएँ । मैले लिएर गएकामध्ये मन्त्रालयबाट जम्मा एउटा मात्र काम बनेन जुन नेफ्स्कूनको होइन एउटा प्रारम्भिक संस्थाको विषय थियो, अलि 'लिङ्गरिङ' भयो । अरू कुनै काम नबनेको भन्ने थिएन । अवस्था अहिले त्यस्तो नहुनसक्छ । सहकारी ऐन, नियमावली आदि सबै बनाउने काम मेरै कार्यकालमा भयो । बचत तथा ऋणका लागि मात्र अनुकूल ऐन आयो भनेर सहकारी अभियानका साथीहरूले गाली पनि गर्नुभएको छ ।

## साकोस क्षेत्रको जनशक्ति खारिएको हो ?

एक हिसाबले खारिदै पनि आएको छ । अर्कोतर्फ समस्याहरू पनि छ ।

अनुगमनको पाटोको मुख्य जिम्मेवारी कि नेफ्स्कूनलाई दिनुपर्छ, कि सरकारले कडाइका साथ गर्नुपर्छ । एउटा रेञ्जमा राष्ट्र बैंकले गर्नैपर्छ । अरूलाई नगरेपनि नेफ्स्कूनलाई गर्दैउ भनेर मेरै कार्यकालमा पनि भनेको हो । यदि नेफ्स्कूनलाई मात्र राष्ट्र बैंकले गर्दिएको भए विश्वासको थप बढोत्तरी हुन्थ्यो ।

## प्रदेश र जिल्ला संघहरूको भूमिकाका सम्बन्धमा यहाँको राय ?

जिल्ला संघहरू ओझेलमा परेको संघीयताको 'प्राक्टिस' ले गर्दा पनि हो । प्रदेश संघ सक्रिय हुँदै गएका छन् । बचत तथा ऋणको प्रदेश तथा जिल्ला संघले वित्तीय कारोबार गर्नुहुन्न भन्ने बाटोको व्यक्ति हुँ म । बचत तथा ऋणको प्रदेश संघको संयोजक नेफ्स्कूनको सञ्चालक हुन्छ र हरेक प्रदेशबाट निर्वाचित नेफ्स्कूनको सञ्चालक त्यही व्यक्ति प्रदेश संघको अध्यक्ष हुने भनेर तदर्थ समिति बनाउन लगाएको पनि हो । मेरो उद्देश्य के थियो भने प्रदेश संघले वित्तीय कारोबार गर्दैन, बरू उनीहरूलाई सचिवालय सञ्चालनदेखि केही आवश्यक खर्च दिने भन्ने सोच थियो । आजको दिनसम्म पनि जिल्ला र प्रदेश संघहरूले वित्तीय कारोबार गर्नुहुन्न भन्ने पक्षको मान्छे हुँ । वित्तीय कारोबार भने एकद्वार प्रणालीबाट काम गर्नुपर्छ र जिल्ला र प्रदेशलाई अरू काममा सक्रिय बनाउनुपर्छ भन्ने हो ।

## राष्ट्रिय सहकारी महासंघको भूमिका र बहस पैरवीका विषयमा केही भन्नु छ कि ?

महासंघले आफ्नो तर्फबाट सकेको गरेको छ । श्रोत साधनको कमीका बाबजूत काम नगरेको भन्न मिल्दैन । सरकारसँगको बहसपैरवीमा भने अलि बढी गर्न सकिन्थ्यो भन्ने लाग्छ । केही कमजोरी भएका छन् भन्ने लाग्छ । हुनत हामी नै छौं 'लीडरशीप' मा । सरकारका मान्छेलाई हामीले आश्वस्त तुल्याउन सकेनौं वा उनीहरूमाथि कामको आधारमा हाबी भएर आफ्नो काम गराउन सकेनौं ।

जहाँसम्म महासंघले तालिम मात्र बिक्री गऱ्यो भन्ने बजारमा कुरा सुनिन्छ, त्यति नै बेला नेफ्स्कूनले १ हजार तालिम गरेको छ, महासंघले मुस्किलले ४० वटा तालिम गर्छ, तर महासंघको मात्र कुरा उठ्छ । यसको कारण के हो भने अभियानको बहसपैरवीको काम देखिने गरी भएको भए यस्ता कुरा उठ्दैनथ्यो । वर्षमा केही उच्चस्तरीय र महंगो शुल्क सहितको तालिमको कुरा छ, त्यसले त सानो सहकारीलाई केही असर गर्दैन, ठूला संस्थाहरूलाई लक्षित गरिएको हो । अनिवार्य गरेको छैन, जसले सक्छ त्यो सहभागी हुने हो । महासंघले गर्नुपनि पर्छ, सबैलाई हुने गरी सन्तुलित तालिम कार्यक्रमहरू सञ्चालन गरेको छ । साना, ठूला र निःशुल्क तालिमहरू पनि गरेको छ । सरकारसँग लिएका कार्यक्रमहरू जिल्लामै गएर गरेको छ ।

काठमाडौं विश्वविद्यालय र त्रिभुवन विश्व विद्यालयले पनि सहकारीको कोर्ष सञ्चालनको तयारी गर्दैछन् । यी महासंघको अगुवाईमा भएका पहल हुन् । कतिपय नमूना नीतिहरू बनाएको छ । सरकारकोमा गएको छ । हो कति कूरा उपलब्धि भएका छन् कति भएका छैनन् । सतप्रतिशत उपलब्धि हुँदैनन् । सहकारी ऐन पनि महासंघकै सक्रियतामा बाझिएका बुँदाहरूमा संशोधन गर्नुपर्छ भनेर सबै तयार भएर मन्त्रालय, महासंघ, विकास बोर्डका तर्फबाट तयार भएर बसेको छ तर संसद नियमित नहुनु, कोभिड, मन्त्रीहरू छिटोछिटो फेरबदल हुने आदिका कारणले रोकिएको हो । अभियानले जे खोजेको छ त्यति निश्चय पनि भएको छैन तर हुँदै नभएको भने होइन ।

## युवा र प्रविधिलाई कसरी जोड्ने सहकारीमा ?

हामी यी कुरामा धेरै पछाडि पऱ्यौं । युवाहरू हिजोको जस्तो सहकारीमा गएर पैसा बुझाएर रसिद काटेर आउँदैनन् । प्रविधि नै उनीहरूको प्राथमिकता र रोजाइ हो । प्रविधिको विकासमा लाग्नुपर्छ । सरकारसँगै पहल गर्नुपर्छ । म अध्यक्ष भएको बेला सफ्टवेयर विकास गर्ने सम्बन्धी प्रस्ताव मन्त्रालयमा लगेका थियौं । सुरूको लगानी सरकारले गर्दिने र त्यसपछिको सञ्चालन नेफ्स्कूनले गर्ने भनेर । त्यो अघि बढ्न सकेन । बचत तथा ऋण ऐन सरकारी ढिलासुस्ती वा अर्घेल्याइले भन्दा पनि सहकारी अभियान भित्रकै पहुँचवाला व्यक्तिहरूले रोकेका हुन् । सरकारले गर्दिएन वा सरकारी उल्झन भयो भनेर गाली गर्नुपर्दैन । युवा र प्रविधिलाई सहकारीसँग जोड्दा मात्र यसको गरिमा बढ्छ ।

## नेपालको सहकारी अभियानमा दोलखा जिल्लाको योगदान कसरी मुल्याङ्कन गर्नुहुन्छ ?

सहकारी र बचत ऋण सहकारीको क्षेत्रमा दोलखा जिल्लाको अग्रणी योगदान छ । बचत तथा ऋणको लागि पनि नमूना जिल्लाको रूपमा घोषणा गरेर काम गरेको हो । एकीकरणको लागि पनि नमूना जिल्ला नै हो । जिल्लामा जति चलेका सहकारीहरू छन् वा 'फ्रन्टलाइन' मा देखिएका छन् निक्कै राम्रा छन् । गोकुलजी, यज्ञराज सर, रामदास श्रेष्ठ, जीवस राज खड्का लगायत लीडरशीप पनि जन्मिनुभयो र जिल्लाले पनि सहकारी क्षेत्रमा योगदान दिएको छ । नेफ्स्कूनमा पनि कोही न कोही लीडरशीपमा बसेर काम गर्न पाइरहेका छौं । नेफ्स्कून सञ्चालक समितिमा २०५० सालपछि दोलखा जिल्लाबाट लगभग निरन्तरजसो प्रतिनिधित्व भैरहेको छ । अनुभवहरू केन्द्रीय संघमा खर्चिन पाएका छौं ।

# बखान सहकारीका संस्थापक इन्द्र ब. गुरुङलाई चितवन बचत संघद्वारा अभिनन्दन





नेपालको सहकारी अभियानमा जेठो इतिहास बोकेको सहकारी संस्था "बखानपुर सहकारी ऋण समिति" शारदानगर, चितवनको स्थापनाकालीन सदस्य इन्द्र सिंह गुरूङलाई चितवन जिल्ला बचत संघले फागुन २७ गते अभिनन्दन गरेको छ ।

नेपालको सहकारी अभियानको शुभारम्भ, विकास र सम्वर्द्धनमा बखान सहकारीका स्थापनाकालीन सदस्य गुरूङले पुऱ्याउनुभएको बिशेष योगदानको उच्च मूल्यांकन गर्दै चितवन बचत संघले आफ्नो रजत महोत्वसको विशेष अवसरमा उहाँकै निवास भरतपुर-१९, शारदानगर पुगेर सम्मान स्वरूप अभिनन्दन गरेको हो ।

२०१३ साल चैत २० गते स्वर्गीय बखानसिंह गुरूङको अगुवाईमा चितवनको तत्कालीन बखानपुरस्थित बखानटोलमा 'बखानपुर सहकारी ऋण समिति' स्थापना भएको थियो ।

चितवन जिल्ला बचत संघका अध्यक्ष हरिशचन्द्र सुबेदीको अध्यक्षतामा आयोजित अभिनन्दन कार्यक्रम बागमती प्रदेश सहकारी संघका सञ्चालक तेजेन्द्र खड्काको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा नेफ्स्कूनका सञ्चालक विद्या कोईराला, जिल्ला बचत संघका सचिव रामराज पौडेल, सहसचिव इश्वरी शर्मा ढकाल, सञ्चालक प्रमिला ढकाल, आनन्द पाण्डे, भरतपुर महानगर साकोस सञ्जालका संयोजक नारायण कंडेल, बखान सहकारी संस्थाका अध्यक्ष रेशम गुरूङ, संरक्षक द्वय चन्द्रध्वज गुरूङ, तोपमान गुरूङ र सञ्चालकहरूको विशेष उपस्थिति रहेको थियो । संघका सचिव रामराज पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

सहकारी इतिहासमा जननी जिल्लाको रूपमा रहेको चितवनमा अवस्थित जिल्लाका बचत तथा ऋण सहकारीहरूको छाता संघ चितवन जिल्ला बचत तथा ऋण सहकारी संघले रजतमहोत्सब समारोह सम्पन्न गरेको छ । फागुन २९ गते संघको स्थापना दिवस हो ।

# सर्वशक्ति साकोस एक्सेसमा आबद्ध



भरतपुर महानगरपालिका - १२, चितवनस्थित सर्वशक्ति बचत तथा ऋण सहकारी संस्था लि.एक्सेस कार्यक्रममा आबद्ध भएको छ । नेफ्स्कूनले सञ्चालन गरेको पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम प्रोबेसनमा आबद्ध संस्था अब एक्सेस कार्यक्रममा पनि आबद्ध भएको हो । एसियाली ऋण महासंघले विकास गरेको उक्त कार्यक्रम नेफ्स्कूनको प्राविधिक सहजीकरणमा लागु गरिएको साकोसहरूको गुणस्तर सुनिश्चितता सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिकीकरण कार्यक्रम हो । चैत्र ११ गते सम्पन्न सम्झौता कार्यक्रममा साकोसका बरिष्ठ उपाध्यक्ष तिर्थराज घिमिरे लगायत उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र प्रमुख कार्यकारी अधिकृत हुनुहुन्थ्यो भने नेफ्स्कूनको तर्फबाट कार्यक्रम अधिकृत सुरज चालिसे उपस्थित हुनुहुन्थ्यो ।

# सहकारीको सन्दर्भ ब्याजदर १६ प्रतिशत तोकियो



सहकारी विभागले सहकारीको सन्दर्भ ब्याजदर १६ प्रतिशत तोकेको छ । फागुन १३ गते बसेको सन्दर्भ ब्याजदर निर्धारण समितिको बैठकले १६ प्रतिशत ब्याजदर तोकेको सन्दर्भ ब्याजदर निर्धारण समितिका सदस्य एवम् नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले जानकारी गराउनुभयो । पटक पटक सन्दर्भ ब्याजदर निर्धारण समितिको बैठक बसेको भए पनि निस्कर्षमा पुग्न सकेको थिएन । सहकारीले अभियानले बैंक तथा वित्तीय संस्थामा देखा परेको तरलता अभाव तथा बढेको ब्याजदर र सहकारीमा क्यापिङको रूपमा रहेको १४.७५ प्रतिशत सन्दर्भ ब्याजदरले गर्दा सम्पत्ति दायित्व व्यवस्थापन चुनौतिपूर्ण बन्दै गएको भन्दै दबावमूलक अभियान सञ्चालन गरेको थियो । सहकारी विभागले गठन गरेको सन्दर्भ ब्याजदर निर्धारण तथा सिफारिस समितिले फागुन १५ गतेदेखि लागु हुने गरी उक्त निर्णय गरेको हो ।

सन्दर्भ ब्याजदर निर्धारण समितिको बैठकमा राष्टिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेललाई समेत आमन्त्रण गरिएको थियो । सो बैठकले अब चार/चार महिनामा नियमित रूपमा बैठक बसी सन्दर्भ ब्याजदरको विषयमा छलफल गर्ने निर्णय समेत गरेको थियो । बजारमा ब्याजदर बढ्दै गएमा फेरी तत्काल बैठक बसी निर्णय गर्ने समेत सहमति भएको हो । यस अघि सन्दर्भ ब्याजदर १४.७५ प्रतिशत तोकिएको थियो । यस अघि प्राविधिक उपसमितिको बैठक बसेको थियो । सहकारी संस्थाहरूका लागि तोकिने सन्दर्भ ब्याजदर सहकारी संस्थाहरूका लागि निर्देशक ब्याजदरका रूपमा रहेन व्यवस्था छ । धेरै छलफल पछि सरकार र अभियानबीच १६ प्रतिशतमा सहमत भएको हो ।

ब्याजदर अध्ययन गर्न प्राविधिक उप समितिमा छलफल भएको थियो । प्राविधिक समितिले पछिल्लो तथ्यांकका आधारमा छलफल गरी सहकारीको सन्दर्भ ब्याजदरको टुङ्गो लगाएको हो । प्राविधिक उपसमितिका सदस्य एवम् नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले समितिले प्राविधिक छलफलका लागि बल उपसमितिकै कोर्टमा उपलब्ध गराएको स्थितिमा आज बिहान थप छलफल भएको बताउनुभयो । उहाँले इन्फ्लेसन रेट, राष्ट बैंकले जारी गरेको निर्देशन, तरलताको स्थिति आदि कारणले ब्याजदर बढाउन आवश्यकता भएको निष्कर्ष उपसमितिको रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, 'बजारको आधारमा ब्याजदर स्वचालित निर्धारण हुने व्यवस्था कायम गरिनुपर्छ । आधार दर अनुसार ब्याजदर कायम गरिनुपर्छ ।'

# टेवा साकोस कर्ब्समा आबद्ध




सुनसरीको, इटहरी-६ मा अवस्थित टेवा बचत तथा ऋण सहकारी संस्था लि. कर्ब्स कार्यक्रममा आबद्ध भएको छ । कर्ब्स कार्यक्रम नेफ्स्कूनले सञ्चालन गरेको जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम हो । जिल्ला बचत संघ सुनसरी र नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत टेवा साकोस चैत्र १४ गते कर्ब्समा आबद्ध भएको हो । कार्यक्रममा साकोसका अध्यक्ष इश्वरी प्रसाद पराजुली, व्यवस्थापक सुनिता श्रेष्ठ, ऋण अधिकृत प्रज्वल लम्साल, नेफ्स्कूनको तर्फबाट कार्यक्रम अधिकृत मुकेश दाहाल र जिल्ला बचत संघ सुनसरीबाट कार्यक्रम अधिकृत सुमन सुवेदीको उपस्थितिमा सम्झौता सम्पन्न भएको थियो ।

# अक्कूको आयोजनामा भर्चुअल गोलमेच बैठक सम्पन्न

एसियाली ऋण महासंघ (अक्कू) को आयोजनामा सदस्य संघ संस्थाको मुलुकका सहकारीका नियामक निकाय एवम् ससदस्य संघ संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूको भर्चुअल गोलमेच बैठक सम्पन्न भएको छ । जुम प्लेटफर्ममार्फत आयोजित बैठकमा नेपाल, दक्षिण कोरिया र जापानको तर्फबाट सहकारी तथा साकोस अभियान, नियामक निकायको भूमिका र कानुनी व्यवस्थाहरू, अनुगमन, निरीक्षण लगायतका व्यवस्थाहरू समेटिएको प्रस्तुतिकरण गरिएको थियो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल सहभागी बैठकमा सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले नेपालको सहकारी तथा साकोस अभियान, सहकारीको संवैधानिक प्रावधान, बचत ऋण सहकारीहरूका कानुनी प्रावधानहरू, आन्तरिक लेखा परिक्षणको व्यवस्था, नेफ्स्कूनले साकोसहरूको गुणस्तर प्रमाणीकरणका लागि सञ्चालन गरेको स्तरीकरण कार्यक्रम, सहकारी ऐनमा व्यवस्था गरी पूर्ण सञ्चालनको संघारमा रहेको बचत ऋण सहकारीहरूका लागि स्थिरीकरण कोष, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण लगायतका ऐन कार्यान्वयनका विविध विषयसँगै चुनौति र सम्भावनाहरूबारे अत्यन्त सान्दर्भिक प्रस्तुतिकरण गर्नुभएको थियो । उहाँले सहकारी विभाग नेपालको सहकारी अभियानको प्रवर्द्धन र विकासमा सहयोगी निकाय भएको बताउँदै अभियानका सरोकारवालाहरूसँगको सहकार्यमा जोड दिनुभयो ।

रजिष्ट्रार पण्डितले नेफ्स्कूनले सञ्चालन गरेको स्तरीकरण कार्यक्रमले साकोसहरूमा गुणस्तरीयता कायम गर्न सघाउ पुऱ्याएको, अक्कूको सहयोगमा सञ्चालित एक्सेस कार्यक्रमको महत्व तथा अक्कूले नेपालको साकोस अभियानको संस्थागत विकासमा खेलेको भूमिकाको समेत प्रशंसा गर्दै विभागमा एक महिना अघि मात्र आएको आफुलाई आजको कार्यक्रमबाट खासगरी एसियाली सहकारी तथा बचत ऋण सहकारी अभियान बुझ्न सहयोगी भएको धारणा राख्नुभयो ।

उहाँले आबद्धता तथा करारीय ऐक्यबद्धता, स्रोतहरूमा पहुँच र एकरूपता, कार्य सञ्चालनमा स्तरीयता र स्वनियमन र अनुशासन गरी नेफ्स्कूनको रणनीतिक मार्गचित्रमा समावेश बचत ऋण सहकारीका चार आयामहरूमा आधारित रही आफ्नो प्रस्तुतिकरण गर्नुभएको थियो ।

सन् २००३ यताको यस प्रकारको ७ औं सम्मेलनमा एसिया प्रशान्त क्षेत्रका सहकारी नियामकहरू, संघ संस्थाका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतहरू गरी ८० जना बढीको सहभागिता थियो । कार्यक्रममा अक्कूकी प्रमुख कार्यकारी अधिकृत एलेनिता भी स्यान रूकेले आगामी अगस्टको अन्त्यमा थाइल्याण्डको राजधानी बैंककमा आयोजना हुने अक्कू फोरममा सदस्य संघ संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारी




अधिकृतसँगै नियामक निकायहरूलाई पनि सहभागी गराइने तयारी भएको जानकारी गराउनुभयो । उक्त विषयमा बैठकमा सहभागी अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूले सहमति जनाउनुभएको थियो । यस्तै, उहाँले एसियाली मुलुकका सहकारी तथा क्रेडिट युनियनका नियामक निकायहरूको औपचारिक समूह (Asian Credit Union/Cooperative Regulators' Alliance–ACCRA) लाई फेरि सक्रिय बनाइने सोच पनि सहभागीहरूमाझ राख्नुभएको थियो । सन् २०१२ देखि नै दिगो तथा एकीकृत क्रेडिट युनियन सञ्जालको विषय उठाउँदै आएको अक्कूले सोही अवधारणालाई सदस्य तथा नियामकहरूबीच व्यापकता दिन यस प्रकारको सम्मेलन आयोजना गर्दै आएको छ ।



# सहकारी एकीकरणमा बर्दियामा अर्को सफलता, सिकोसँग गाभिए दुई साकोस

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याले सिको साकोस एकीकरणसभाले बर्दिया जिल्ला मात्रै नभएर लुम्बिनी प्रदेशमै 'सिको' एकीकरण अभियानमा पहिलो भएको दाबी गर्नुभएको छ । बर्दियास्थित सिको एकीकरण सभालाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथि पौड्यालले बर्दियामा साकोस एकीकरण अभियानमा अर्को सफलता प्राप्त भएको बताउनुभएको हो ।

फागुन २६ गते राजापुर ४, मानपुर टपरामा आयोजित साकोस एकीकरण घोषणासभाबाट बर्दियाको सिको साकोससँग बर्दियाकै राजापुर नगरपालिकामा रहेका मौसमी महिला बचत तथा ऋण सहकारी संस्था र डल्फिन बचत तथा ऋण सहकारी संस्था गाभिएका हुन् ।

एकीकरण पछि सिको साकोस डल्फिन सेवा केन्द्र र सिको साकोस मौसमी सेवाकेन्द्र को उद्घाटन नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले गर्नुभएको थियो । एकीकरणमार्फत सहकारीको संख्यामा न्यूनिकरण तर सेवाको विविधिकरण एवम् बढोत्तरी गर्ने सोचका साथ अगाडि बढेको एकीकरण अभियानलाई प्रोत्साहन गर्दै नेफ्स्कूनले दिगो एवम् गुणस्तरीय बचत तथा ऋण सहकारी अभियान सञ्चालनमा जोड दिदैं आएको अध्यक्ष पौड्यालले बताउनुभयो ।

एकीकरण घोषणा सभा सिको साकोसका अध्यक्ष एवम् नेफ्स्कूनका महासचिव दामोदर अधिकारीको अध्यक्षतामा भएको थियो । घोषणा सभामा नेफ्स्कूनका सञ्चालक माधव प्रसाद जोशी, राष्ट्रिय सहकारी बैंकका सञ्चालक विजया धिताल, लुम्बिनी प्रदेश सहकारी संघका अध्यक्ष प्रेम सुबेदी, लुम्बिनी प्रदेश बचत संघका अध्यक्ष कृष्ण नेपाल, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल लगायत स्थानीय सहकरीकर्मी र साकोसका सञ्चालकहरूको विशेष आतिथ्यता रहेको थियो ।

साकोसका अध्यक्ष दामोदर अधिकारीले सहकारीका माध्यमबाट सदस्यहरूको आर्थिक समृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यसहित एकीकरण अभियान अगाडि बढाइएको बताउनुभयो । राजापुर क्षेत्रका सहकारीमा आबद्ध सदस्यहरूको सेवा प्रवाहमा सहजता ल्याउन दुई सेवाकेन्द्र शुभारम्भ गरिएको छ, उहाँले भन्नुभयो, "बर्दिया जिल्लामै सिको साकोस नेफ्स्कूनद्वारा सञ्चालित एसियाली स्तरको गुणस्तर सुनिश्चितताको कार्यक्रम एक्सेस र नेपाल स्तरको ब्राडिङ कार्यक्रम प्रोबेसनमा लगातार ५ पटक सम्म ब्राण्ड प्राप्त गर्न सफल संस्था हो । आबद्ध सेयर सदस्यहरू संस्थाप्रति बफादार भएर लाग्नुहोस्, सदस्यको सफलता नै संस्थाको सफलता हो ।"

संस्था एकीकरण घोषणा सभाबाट सिको साकोसका अध्यक्ष दामोदर अधिकारीको अध्यक्षतामा १५ सदस्यीय सञ्चालक समिति र जिवन कुमार शाहीको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति गठन भएको थियो । समितिका सदस्यहरूलाई प्रमुख अतिथि पौड्यालले सोही दिन सपथ ग्रहण समेत गराउनुभएको थियो ।

एकीकरण पश्चात १० हजार १ सय सेयर सदस्य रहेको सिको साकोसमा करिब ४ करोड १८ लाख ८९ हजार

६ सय सेयर पुँजी, १ करोड ८९ लाख ५६ हजार ९ रूपैया जगेडा कोष र करिब ४० करोड १७ लाख ६३ हजार कुल वासलात रहेको छ ।

ठाकुरबाबा नगरपालिकाबाट शुरू भएको सहकारी एकीकरण अभियान अहिले बर्दियाको राजापुर नगरपालिका, बारबर्दिया नगरपालिका र गेरूवा गाउँपालिकामा समेत तीब्र पारिएको साकोसले जनाएको छ । यसअघि २०७५ असार १ गते सिर्जना साकोस, कोशेली साकोस र लक्ष्मी साकोसबीच एकीकरण भई सिको साकोस कायम भएको थियो । सिको साकोसले पछिल्लो समय गुणस्तरीय र सहज वित्तीय सेवा उपलब्धताका साथै प्रविधियुक्त सेवा प्रवाहमा जोड दिँदै आइरहेको छ भने विभिन्न सामाजिक उत्तरदायित्वपूर्ण क्रियाकलापमा समेत क्रियाशिल छ ।

संख्यात्मक रूपमा उच्च बृद्धि भइरहेको सहकारीलाई एकीकरण अभियानमार्फत व्यवस्थापन गर्नु आफैमा चुनौतिपूर्ण रहेपनि एकै लक्ष्य, भावना र उद्देश्य मिल्ने सहकारीहरूलाई एकीकरण अभियानमा जोड्न सहकारी बक्ताहरूले जोड दिएका थिए । बर्दियाबाट सुरू भएको सहकारी एकीकरण अभियान देशव्यापी बनाउन र सहकारी मार्फत गुणस्तर र दिगो विकासमा टेवा पुर्‍याउन बक्ताहरूको जोड रहेको थियो ।

# मोरङका दुई साकोसबीच एकीकरण

मोरङको कानेपोखरी गाउँपालिका ६ रमाइलोस्थित रमाइलो बचत तथा ऋण सहकारी र जनएकता बचत तथा ऋण सहकारीबीच माघ १० गते एकीकरण भएको छ । एकीकृत संस्थाको नाम रमाइलो जनएकता बचत तथा ऋण सहकारी संस्था राखिएको छ । एकीकृत सहकारीको १५ सदस्यीय तदर्थ सञ्चालक समितिको अध्यक्षमा भोला प्रसाद अधिकारी, उपाध्यक्षमा अम्बिका प्रसाद अर्याल र यशोदा लिम्बु, सचिवमा टङ्क बहादुर अधिकारी, सह सचिवमा युवराज दवाडी र कोषाध्यक्षमा त्रिभुनाथ फुयाँल रहनुभएको छ । त्यस्तै, सदस्यहरूमा इच्छा कोइराला, राजेश कार्की, गीता कार्की, नारायण काफ्ले, प्रमिला धिमाल, अनिल कार्की, तारा ओझा राजवंशी, कुमार फुयाँल र डिल्ली प्रसाद ओझा रहनुभएको छ भने लेखा सुपरिवेक्षण समिति संयोजकमा रविन्द्र पाठक र सदस्यहरूमा बोधनारायण राजवंशी र विमला कटुवाल रहनुभएको छ ।

साकोस एकीकरणसँगै कारोबार पनि बढेको छ । सहकारीको पुँजी तथा दायित्व ९ करोड ९४ लाख १५ हजार ८ सय रूपैयाँ रहेको छ भने कोष हिसाब १० करोड ३० लाख ४८ हजार ५४९






रूपैयाँ पुगेको छ । त्यसै गरी बचत तथा निक्षेप ६५ करोड ४५ लाख ४२ हजार २८९ रूपैयाँ पुगेको छ ।






# नवलपरासीका दुई साकोस कर्बर्स कार्यक्रममा आबद्ध

नवलपरासीका २ बचत तथा ऋण सहकारी माघ १३ गते कर्बर्स कार्यक्रममा आबद्ध भएका छन् । कर्बर्स कार्यक्रम नेफ्स्कूनले सञ्चालन गरेको जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम हो । रूपन्देहीको सुनवल नगरपालिका-९ स्थित भैरब साकोस तथा नवलपरासी पश्चिम पाल्हिनन्दन गाउँपालिका-२ स्थित हरपुर आय आर्जन साकोससँग कर्बर्स कार्यक्रम सम्झौता भएको हो । नेफ्स्कूनका कार्यक्रम अधिकृत मनोज खड्का तथा संघको भूमही सेवा केन्द्र इन्चार्ज नेत्र सापकोटासँगै दुबै साकोसका प्रतिनिधिहरूको उपस्थितिमा सम्झौता सम्पन्न भएको हो ।

# तरलता जोखिम व्यवस्थापन



**बल्लभ तिमल्सिना**
वरिष्ठ अधिकृत

आयरल्याण्डको मिचलस्टोन साकोस एउटा सफल संस्थाको रूपमा सञ्चालन भैरहेको थियो । सन् २००७ को विश्व आर्थिक मन्दिताका दुर्भाग्यवश एकजना पत्रकारले संस्थामा नगद अपुग हुँदै गएको भनेर एउटा झुटो समाचार बाहिर ल्याइदिएपछि सदस्यहरूमा एक प्रकारको नकारात्मक तरंग ल्याइदियो । समाचार प्रकाशन भएको भोलिपल्ट संस्थाको ढोकाबाहिर बिहानैबाट हजारौं सदस्यहरू आफ्नो पैसा निकाल्न जम्मा भए, पैसा फिर्ता गर्दा संस्थासँग नगद सकिंदै गयो । आफूसँग भएको कतिपय सम्पत्ति तुरुन्तै विक्रि गरेर बेचिहाल्ने र नगदमा परिणत गर्ने अवस्था थिएन । त्यसपछि साकोसले एउटा बैंकसँग छोटो अवधिको ऋण माग गऱ्यो । बैंकले पनि व्याजदर अत्याधिक बढाएर २५ प्रतिशतमा ऋण लाने भए दिने भनेर शर्त राख्यो । तर भाग्यवश आइरिस लिग अफ क्रेडिट युनियन (बचत ऋण सहकारीको केन्द्रीय संघ) ले यस्तै खाले समस्यासँग जुध्नको लागि भनेर वर्षौंदेखि स्थिरीकरण कोषको व्यवस्था गरेको थियो अनि मिचलस्टोन साकोसले यहींबाट कोषको रकम प्रयोग गर्ने निर्णय लियो । त्यसपछि लिगले प्रेस वक्तव्य जारी गर्दै मिचलस्टोनलाई तुरुन्तै पाँच मिलियन युरो निकासा गरेको र थप पचास मिलियन युरो जुनसुकै बेला पनि दिन सकिने गरी ठिक्क पारेर राखेको भन्ने जानकारी दियो । यो वक्तव्य प्रकाशन भएको दिन त्यहाँ रहेको सदस्यहरूको भिड हरायो । तर वास्तवमा त्यो पहिलाको पाँच मिलियन युरोको प्रयोग गर्नुपर्ने अवस्था नै आएन ।

यसले के देखाउँछ भने मानिसहरूमा आफूले जम्मा गरेको पैसा हराउँछ कि, नासिन्छ कि भन्ने चिन्ता रहिरहन्छ । आफूसँग रहँदा हराउने नासिने डर भएर नै हामीले वित्तीय संस्थामा रकम जम्मा गर्छौं । त्यसैले तरलता व्यवस्थापनमा नकारात्मक हल्लाले अप्ठ्यारो पार्न सक्छ ।

तरलता व्यवस्थापन भनेको माग भएको बखत भुक्तानी दिन सकिने गरी व्यवस्थापन गरिएको नगद वा नगदमा तुरुन्तै (सामान्यतया १ दिनभित्र) परिणत गर्न सकिने सम्पत्तिको व्यवस्थापनलाई जनाउँछ । गैर वित्तीय क्षेत्रका संघ संस्थाहरूको तरलता व्यवस्थापनले उचित मात्रामा तरल सम्पत्तिको व्यवस्थापनद्वारा छोटो अवधिका भुक्तानीहरू गर्न सक्ने सक्षमतालाई जनाउँछ । साकोसहरू वित्तीय कारोबारमा संलग्न हुने भएकोले यहाँ दैनिक रूपमै तरलताको माग हुन्छ । वास्तवमा तरलता व्यवस्थापन भनेको तरलताको माग र आपुर्तिको उचित व्यवस्थापन गर्नु हो । साकोसहरूमा तरलताको उचित व्यवस्थापन भैराख्यो भने सक्षम संस्थाको रूपमा विश्वास आर्जन हुन्छ ।

परम्परागत धारणाले तरलता भन्नाले लगानीको लागि योग्य रकम जनाउँछ जुन साकोसको नियन्त्रणमा हुन्छ । नयाँ अवधारणा अनुसार वचत फिर्ता गर्न वा छोटो अवधिका भुक्तानीको लागि पर्याप्त मात्रामा नगदको व्यवस्थापन गरेर सक्षमता प्रदर्शन गर्नु नै तरलता व्यवस्थापन हो भन्न सकिन्छ जुन साकोसको नियन्त्रणमा हुँदैन । विभिन्न अध्ययनले देखाए अनुसार संसारभर वित्तीय संस्थाहरू टाट पल्टनुमा तरलताको उचित व्यवस्थापन हुन नसकेर हो । संसारका ९० प्रतिशत वित्तीय संस्थाहरू तरलता जोखिम व्यवस्थापन गर्न नसकेरै टाट पल्टिएका दृष्टान्तहरू छन् ।

तरलता व्यवस्थापन वास्तवमा माग र आपुर्तिबीचको सन्तुलन र व्यवस्थापन हो । तलको टेबलबाट पनि माग र आपुर्तिको बारेमा छलफल गर्न सकिन्छ ।

### साकोसमा तरलता माग र आपुर्ति

| तरलता पुर्ति हुने अवस्था | तरलता माग हुने अवस्था |
|---|---|
| निक्षेप प्राप्त हुँदा | निक्षेप फिर्ता हुँदा |
| विभिन्न श्रोतबाट आम्दानी हुँदा | राम्रो परियोजनामा लगानी गर्दा |
| ऋण भुक्तानि प्राप्त हुँदा | सञ्चालन खर्चको लागि |
| सम्पत्ति बिक्रि गर्दा | विभिन्न करहरू भुक्तानीको लागि |
| वाह्रय ऋण लिंदा | लाभांश, वोनस, व्याज वितरण |
| सापटी लिंदा | वाह्य सापटी र ऋण भुक्तानी गर्दा |
| अनुदान प्राप्त हुँदा | भुक्तानी गर्नुपर्ने विलहरू प्राप्त हुँदा |

### तरलता जोखिम के हो ?

तरलता जोखिम नगद प्रवाहमा हुने नकारात्मक वित्तीय अवस्था हो । तरलता संकट त्यस्तो अवस्था हो जहाँ बचतकर्ताहरूको बचत फिर्ताको माग समान्य अवस्था भन्दा अत्याधिक ठूलो हुन्छ र वित्तीय संस्थाहरूले उच्च ब्याजदरमा बचत जम्मा गर्नमा बाध्य हुनु पर्दछ । साथै गैर वित्तीय क्षेत्रमा तरलता जोखिमले छोटो अवधिको भुक्तानी गर्न असक्षम हुनुलाई जनाउँछ । तरलता संकट सामान्यतया अप्रत्यासित रूपमा अनपेक्षित आवश्यकताका कारण पैदा हुन्छ । वास्तवमा तरलताको आपुर्ति गर्न सक्षम नहुनु नै तरलता जोखिम हो । तरलताका दुई प्रकारका जोखिमहरूको यहाँ व्याख्या गरिएको छ ।

**१) आपुर्ति जोखिम** :
आपुर्ति जोखिम भन्नाले कुनै पनि भुक्तानीको लागि तरलताको पुर्ति गर्न नसक्नु हो । माथि उल्लेख गरिएका वा अन्य कुनै पनि क्षेत्रको लागि तरलता आपुर्ति गर्न नसक्नु यो जोखिम अर्न्तगत पर्दछ ।

**२) बजार जोखिम** :
साकोससँग भएको सम्पत्ति बजारमा विक्रि गरेर तुरून्तै तरलतामा परिवर्तन गर्न नसक्नु तरलताको बजार जोखिम हो ।

तरलता जोखिमका कारण साकोसको छविमा नकारात्मक असर पर्न जान्छ । सञ्चालक, कर्मचारीहरूको प्रतिष्ठामा आँच आउन सक्छ । कतिपय अवस्थामा कानुनी झमेला हुने, संस्था नै खारेजी हुन सक्ने सम्मको अवस्था आउन सक्छ । तसर्थ तरलता व्यवस्थापनको लागि साकोसको व्यवस्थापन सँधै चनाखो भैरहनुपर्छ ।

**हाल देखिएको समस्या**ः
हालैका महिनाहरूमा खासगरी कोभिडको कहर पश्चात वित्त बजारमा तरलताको निकै ठूलो समस्या देखिएको छ । विशेषत उच्च आयात र घट्दो विप्रेषण नै अहिलेको तरलता समस्याको प्रमुख कारणको रूपमा देखिन्छ । त्यस्तै मौद्रिक नीतिले बैंकहरूको कर्जा निक्षेपको अनुपात ८५ बाट ९० प्रतिशत पुर्‍याउनुले पनि वित्तीय संस्थाहरूको मुद्रा आपुर्ति बढेको हो । साथै बैंक वित्तीय संस्था परिसंघको अनुसन्धानले देखाए अनुसार वित्तीय संस्थाहरूको कर्जा अनुत्पादक क्षेत्रमा धेरै प्रवाह भएकोले पनि बजारमा मुद्राको आपुर्ति नभएको हो । जब बैंक वित्तीय संस्थाहरूमा कर्जा निक्षेपको अनुपात ९० प्रतिशत भन्दा माथि गयो र लगानीयोग्य तरलता नपुग भएपछि कतिपय ऋण लिन चाहनेहरू सहकारीहरूमा पनि जान थालेको देखिन्छ । सरकारको पुँजीगत खर्च कम हुनु, क्रिप्टोकरेन्सी जस्ता डिजिटल मुद्राहरूमा लगानी बढ्नु, भुक्तानी असन्तुलनको खाडल झन् झन् गहिरो हुँदै जानुनै अहिलेको तरलताको समस्याको प्रमुख कारण हो । यस्तो अवस्थामा ऋण लगानी गर्दा सीमा निर्धारण गर्ने, असुलीलाई अझै बढि प्रयास गर्ने, नगरी नहुने खर्च बाहेकका खर्चहरू नगर्ने, स्थीर सम्पत्ति खरिद नगर्ने, भुक्तानी दिनुपर्ने रकमहरूलाई सकेसम्म तन्काउने लगायतका रणनीतिहरू लागु गर्नुपर्छ ।

### तरलता जोखिम व्यवस्थापनका उपायहरूः

**१. स्रोतको विविधिकरण** :
स्रोत भन्नाले साकोसमा तरलता प्राप्त हुने वा आपुर्ति हुने विविध बाटोहरू हुन् । जस्तैः बचत, सेयर आदि । यस्तो स्रोतहरूको विविधिकरणबाट भुक्तानीको अवधिहरूमा पनि विविधिकरण हुन्छ । तसर्थ लामो अवधि र छाटो अवधिका बचतहरू स्वीकार गर्ने, कुल सम्पत्तिको अनुपातमा सेयर कम्तिमा १० प्रतिशत राख्ने गर्नाले स्रोतको विविधिकरण हुन्छ । त्यस्तै अन्य स्रोतहरूको पनि अवधि अनुसार विविधिकरण गर्नुपर्छ ।

**२. पर्याप्त तरल सम्पत्ति**:
साकोसले पर्याप्त मात्रामा तरल सम्पत्तिको व्यवस्था गर्नुपर्छ । आवश्यक मात्रामा नगद, तुरुन्तै भुक्तानी पाउनेगरी राखिएको बैंक जम्मा, तुरुन्तै विक्रि गर्न सकिने अन्य सम्पत्तिहरूको पर्याप्ततामा ध्यान दिनुपर्छ ।

**३. वैकल्पिक योजना** :
तरलता आपुर्तिको लागि सँधै एकै प्रकारको स्रोतहरूमा भर पर्नु हुँदैन । त्यसैले स्रोतको आपुर्तिका लागि अन्य वैकल्पिक बाटाहरू पनि पहिल्याइ राख्नुपर्छ ।

**४. फिर्ता गर्नु नपर्ने कोषहरूमा वृद्धि** :
तरलता व्यवस्थापनमा सबैभन्दा महत्वका साथ ध्यान दिनुपर्ने विषय हो फिर्ता गर्नु नपर्ने कोषहरूको उचित व्यवस्थापन अर्थात संस्थागत पुँजीको व्यवस्थापन । जगेडा कोष लगायतका कोषहरूको उचित मात्रामा व्यवस्थापन भयो भने तरलता जोखिम न्यून गर्न सकिन्छ ।

यस बाहेक तरलता व्यवस्थापनमा पर्ल्स प्रणालीका निम्न उपायहरूलाई पनि अबलम्बन गर्दै जानुपर्नेहुन्छ ।

- ✓ खर्चहरूको प्राथमिकीकरण गर्ने,
- ✓ अनावश्यक स्थिर सम्पत्तिहरू विक्रि गर्ने,
- ✓ नगद प्रवाहको भविष्यवाणी गर्ने,
- ✓ कुल सम्पतिको अनुपातमा १०–१५% तरलता राख्ने,
- ✓ कुल बचतको अनुपातमा १५–२०% तरलता राख्ने,
- ✓ छोटो समयमा भुक्तानी दिनुपर्ने कूल बचतको कम्तिमा ५% भन्दा बढी नहुने गरी बचत सेवाको विविधीकरण गर्ने,
- ✓ कूल सम्पत्तिमा ऋण लगानी ८०% भन्दा बढी नबनाउने,
- ✓ कूल सम्पत्तिको आधारमा बचत निक्षेप ८०% बढी नबनाउने,
- ✓ वित्तीय बजार अनुसार सेवाको मुल्य निर्धारण गर्ने,
- ✓ नकमाउने सम्पती कुल सम्पतीको ५ % भन्दा कम बनाउने ,
- ✓ लगानी कूल सम्पतीको अनुपातमा २ % भन्दा कम राख्ने,
- ✓ आवधिक प्रकारका वचतहरू कुल वचतको २०% भन्दा कम राख्ने,
- ✓ कम्तिमा ९०% सदस्यले नियमित वचत गरेको हुनुपर्ने,
- ✓ ऋण असुली अनिवार्य किस्तावन्दीमा गर्ने,
- ✓ एउटै वित्तीय संस्थामा तरलता केन्द्रिकृत नगर्ने,
- ✓ गैरवित्तीय क्षेत्रको लगानी हटाउने,
- ✓ ऋण असुलीदर १०० % कायम गर्ने,
- ✓ भाखा नाघेको ऋण कुल ऋण लगानीको अनुपातमा ५ % वा सो भन्दा कम कायम गर्ने,
- ✓ ऋणको क्षेत्रगत र समयगत आधारहरू नीतिगत रूपमा तय गरेर मात्र लगानी गर्ने वास्तवमा तरलता व्यवस्थापन एउटा जटिल र महत्वपूर्ण कार्य हो । कतिपय संस्थाहरूले बैंकमा करोडौं राखेर घाटा हुन्छ भनेर महत्वाकांक्षी रूपमा लगानी गरेको पाईन्छ । सदस्यसँग स्वीकारेको विभिन्न अवधिका बचतको आधारमा तरलता कायम राख्नुपर्छ । अरबौं बचत स्वीकार गरको संस्थामा करोडौंमा तरलता हुनैपर्छ । बरू तरलतालाई समेत विविध वित्तीय संस्थाहरूमा राखी थप आय आर्जन गर्न सकिन्छ । व्यवस्थापनले तरलता माग हुने क्षेत्रहरूको बेलैमा पहिचान गरेर सोही अनुसार तरलता व्यवस्थापन गर्नुपर्छ ।

तरलता व्यवस्थापनको लागि निम्न औजारको प्रयोग गर्न सकिन्छ (उदाहरण):

| तरलता माग परिपक्व हुने क्षेत्र | तरलता माग हुने अवधि | | |
|---|---|---|---|
| | १ देखि ७ दिन | ८ देखि १४ दिन | १५ देखि २८ |
| साकोसको सम्पत्ति परिपक्वता | रू. १००० | १५०० | १८०० |
| साकोसको दायित्व परिपक्वता | १२०० | १४०० | १६०० |
| फरकता | –२०० | १०० | २०० |
| फरकताको जोड | –२०० | –१०० | १०० |

वित्तीय संस्थाहरूको छवि र प्रतिष्ठा जोडिएको तरलता व्यवस्थापन एउटा महत्वपूर्ण र प्राविधिक व्यवस्थापकीय कार्य हो । तरलता सक्षमता सँधैभरि प्रदर्शन गर्न सक्ने संस्थाहरूलाई मात्रै आम मानिसहरूले विश्वास गर्छन् । जटिल अवस्थामा साकोसहरूको तरलता व्यवस्थापन, विभिन्न प्रकारका जोखिमहरूको व्यवस्थापनको लागि हालै मात्रै सहकारी मन्त्रालयले स्थिरीकरण कोषको कार्यविधि पारित गरेको छ । साकोसहरूको तरलता व्यवस्थापन अबका दिनहरूमा स्थिरीकरण कोष मार्फत गर्न सकिन्छ ।



**केशव प्रसाद दंगाल**
**निवर्तमान अध्यक्ष, कास्कून**

# बलियो संघ निर्माणका लागि सक्षम टीम आवश्यक

२०७२ चैत्र ५ गतेदेखि २०७५ पौष २७ गते सम्म ३ वर्ष काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि (कास्कून) को नेतृत्व गर्नुभएका निवर्तमान अध्यक्ष केशव प्रसाद दंगाल शिक्षासेवी पनि हुनुहुन्छ । कास्कूनको गर्विलो वर्तमान निर्माणमा दंगालको कार्यकालको इतिहास पनि अन्तर्घुलित छ । २०६५ मंसिर ६ गते सञ्चालक समिति सदस्य निर्वाचित उहाँ २०७० जेठ १८ मा सचिव हुँदै २०७२ सालमा संघको अध्यक्ष बन्नुभएको थियो । कास्कूनका चौंथो अध्यक्ष एवम् वर्तमान सल्लाहकार दंगालसँग संघको इतिहास बारेमा गरिएको संक्षिप्त कुराकानीः

**सहकारी क्षेत्रसँग कहिले र कसरी जोडिनुभयो ?**

वि.सं. २०५३ सालमा MBA अध्ययन गर्ने क्रममा नै सहकारी क्षेत्रमा आवद्ध भएँ । उक्त संस्थाको नाम सरस्वती दुग्ध उत्पादन सहकारी संस्था हो जुन हालको शंखरापुर नगरपालिका १ मा अवस्थित छ ।

**कास्कूनसंग कहिलेबाट र कसरी जोडिनुभयो ? यसको विगत बारे केही बताइदिनुहुन्छ कि ?**

कास्कूनको २१ औं सदस्य संस्था श्री जोरपाटी साकोसमा मिति २०६४ साल पौष ३ गते सदस्यता भए पछि प्रतिनिधिको रूपमा संघसँग जोडिएँ । आर्थिक वर्ष २०६३/६४ मा कास्कूनको वासलात रू.२,६०,७०६ र सदस्य संख्या १७ थियो ।

कास्कूनका अगुवाहरूमा रवि शम्शेर ज.ब.रा, (मिति २०५९/०४/१० देखि २०६४/०२/१८ सम्म), केशव नरसिंह राजभण्डारी (मिति २०६४/०२/१८ देखि २०७०/०२/१८ सम्म) र शम्भु प्रसाद घिमिरे (मिति २०७०/०२/१८ देखि २०७२/१२/०५ सम्म) लाई पनि सम्झन चाहन्छु । अन्य धेरैको पनि यसको स्थापना र पथ प्रदर्शनमा भूमिका छ ।

सबैलाई ज्ञात भएको विषय हो, कास्कूनको विगत बलियो थिएन । संघर्षपूर्ण दिनहरू पार गर्दै संघले आज सफलता हात पारेको हो । बलियो विगत नहुनु पछाडि विविध कारणहरू थिए । समयमै कार्यालय स्थापना हुन सकेन । लामो समयसम्म सदस्यता वृद्धि भएन जसले गर्दा वित्तीय र गैह्र वित्तीय कारोबार सञ्चालनमा सक्रियता आएन । त्यस्तै, नयाँ सदस्यता वितरणमा सञ्चालकको उदासिनता र कास्कूनलाई अभियानको महत्वपूर्ण अंग बनाउन नसक्नु आदि कारणले संघ विगतमा आफ्नो ओजपूर्ण उपस्थिति देखाउन सकेन ।

**कास्कूनको कार्यालय सञ्चालनको प्रारम्भिक इतिहास कस्तो थियो ?**

२०५९ सालमा स्थापना भएता पनि लामो समय सम्म कार्यालय सञ्चालन गर्न नसकेको अवस्थामा २०६९ चैत्र १५ गते देखि नेफ्स्कून फिल्ड कार्यालय र कास्कूनको कार्यालय संयुक्त रूपमा सरस्वतीनगर, चावहिलमा पहिलो पटक सञ्चालन गरेका थियौं । पछि नेफ्स्कून कुमारी भवन चावहिलमा सरेपछि कास्कूनको केन्द्रीय कार्यालय चावहिल (हाल रहेको स्थानमा) स्थापना भएको हो ।

**कास्कूनका हिजोका चुनौतीहरू कसरी चिरिए भन्ने लाग्छ ?**

सदस्यता वृद्धि, केन्द्रीय कार्यालय स्थापना, वित्तीय र गैह्र वित्तीय कारोबारमा बृद्धि, सदस्य अभिमुखीकरण कार्यक्रम सञ्चालन, गोष्ठी, सेमिनार सञ्चालन, नाफाको आर्थिक विवरण, जिल्लाव्यापी पहिचान, नियमनकारी निकायसँगको सहकार्य, सञ्जाल विस्तार र पहुँच आदिका कारण चुनौतिहरू अवसरमा बदलिए ।

**तपाईको अध्यक्षता कालमा कास्कूनको वित्तीय अवस्था कस्तो थियो ?**

२०७२ चैत्र ५ मा अध्यक्षको कार्यकाल सुरू गर्दा रू.१६ करोड ११ लाख ९४ हजार ९ सय थियो । २०७५ पौष २७ गते अध्यक्षता हस्तान्तरण गर्दा रू.२८ करोड ४७ लाख २७ हजार ९ सय १५ रुपैयाँ थियो ।

**केही अविस्मरणीय घटना सम्झनुहुन्छ ?**

कास्कूनको सदस्यता विस्तारका क्रममा २०६९ सालमा एउटा संस्थामा गएका थियौं त्यो संस्थाले कास्कूनको विनियम, अडिट रिपोर्ट र सञ्चालकहरूको पृष्ठभूमि एक महिना अध्ययन पश्चात मात्रै सदस्य बन्ने निधो गरेको थियो ।

**आफ्नो अध्यक्षताकालका माइलस्टोनहरू के-के हुन भन्ने लाग्छ ?**

सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति, अभियान, कर्मचारी र सदस्यहरूको साथ सहयोगको बलमा तालिम शिक्षाको सुरूवात गर्नेदेखि, मुख्य कार्यालय चावहिलमा स्थापना गर्ने, सदस्य संस्थालाई लाभांश वितरण सुरू (घाटाको बजेट नाफामा), सेवा कार्यालय विस्तार, आक्रमक रूपमा सदस्यता विस्तार, भौगोलिक र आपसी सहमतिबाट समावेशी सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति निर्वाचित गरिनु लगायत माइलस्टोन थिए भन्ने लाग्छ ।

**संस्थागत सामाजिक उत्तरदायित्वतर्फ तपाईको कार्यकालमा के कस्ता कामको जग बस्यो ?**

रक्तदान कार्यक्रम, समसामयिक राष्ट्रिय एजेन्डाहरूमा सेमिनार तथा गोष्ठी सञ्चालन र सहकारी अभियन्ता सम्मान कार्यक्रमको सुरूवात गऱ्यौ ।


**कास्कूनमा आबद्ध पुराना संस्थाहरू कुन कुन हुन् ?**

सगुन सहकारी संस्था लि., नेपाल सहकारी संस्था लि., यती बचत तथा ऋण सहकारी संस्था लि., नवक्षितिज सहकारी संस्था लि., नेपाल सहकारी वित्तीय संस्था लि., हिमालय सहकारी संस्था लि., युनाइटेड बचत तथा ऋण सहकारी संस्था लि., नेशनल कोअपरेटिभ लि. र अमरावती सहकारी संस्था लि. कास्कून आबद्ध पुराना संस्था हुन् ।

**एउटा सहकारी संघ बलियो हुन के कस्ता कुराहरू आवश्यक हुन्छ भन्ने लाग्छ ?**

प्राथमिक विषय संस्थागत सुशासन हो । त्यस्तै, आर्थिक सक्षमता, अनुभवी र कर्मठ कर्मचारी, सदस्य सुविधा, विश्वसनीयता, समावेशी सञ्चालक समिति, क्षेत्रीय समावेशीकरण, संघहरूबीच समन्वय, सहकार्य र साझेदारी, नियमनकारी निकायसँगको हार्दिक सम्बन्ध, सदस्य सेवा केन्द्र विस्तार, ब्राण्ड निर्माण र प्रवर्द्धन, आवधिक योजना, अनुगमन र मुल्यांकन, बहस पैरवी आदिको उचित सम्मिश्रण हुनुपर्दछ भन्ने लाग्छ । बलियो सहकारी संघ बलियो टीमको बलमा निर्माण हुन्छ ।

# एक्सेस कार्यक्रमको प्राविधिक समिक्षा सम्पन्न




नेफ्स्कूनको आयोजना र एसियाली ऋण महासंघ (अकू) को प्राविधिक सहकार्यमा साकोसहरूमा सञ्चालित गुणस्तर सुनिश्चिता कार्यक्रम एक्सेसमा आवद्ध एवं ब्राण्डेड संस्थाहरूबीच छलफल एवं अनुभव सिकाई आदानप्रदान कार्यक्रम फागुन ९ गते अभौतिक रूपमा सम्पन्न भएको छ ।

नेफ्स्कूनका उपाध्यक्ष एवं सदस्य सेवा व्यवस्थापन उपसमिति संयोजक शान्ती अधिकारीको संयोजनमा सम्पन्न कार्यशालामा २४ वटा संस्थाहरूबाट ४२ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो । एसियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत इलेनिता भि.सान रूके र अकूका चिफ टेक्निकल एड्भाइजर रञ्जित हिताराचिले सदस्यहरूको बचतको सुरक्षाका लागि संस्थाको खराव ऋण व्यवस्थापन गर्दै ओभरकम योजना बनाएर संस्थाको वित्तीय अवस्थामा सुधार ल्याउने, सदस्य सेवाका कार्यक्रमहरूलाई निरन्तरता दिनको लागि अनुरोध गर्नुभएको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै नेफ्स्कून उपाध्यक्ष शान्ती अधिकारीले यस पहिलेको समिक्षा अभौतिक बैठकमा अकू मार्फत साकोस एवं नेफ्स्कूनलाई दिईएका सुझावहरूको कार्यान्वयको अवस्थाका बारेमा र नेफ्स्कूनले अहिले नेपालको साकोस अभियानको विषयमा गरिरहेको कार्य र हाल समस्याको रूपमा रहेको सन्दर्भ व्याजदर परिर्वतनका लागि राज्यसँगको लविङको अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमिल्सिना साथै बरिष्ठ अधिकृत तथा अधिकृतहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सहजिकरण नेफ्स्कूनका बरिष्ठ कार्यक्रम अधिकृत प्रेमनाथ वाग्लेले गर्नुभएको थियो ।

ACCESS

A-one Competitive Choice for Excellence in Service and Soundness

# सहकारीमा एनएफआरएसको प्रयोग




नेफ्स्कूनको आयोजनामा नेपाल वित्तीय प्रतिवेदन मानक-एनएफआरएस (Nepal Financial Reporting Standard) तालिम भक्तपुरको नगरकोटमा फागुन २७ गते सम्पन्न भयो । १ अर्ब भन्दा माथि वासलात भएका संस्थाहरूमा एनएफआरएस कार्यान्वयनमा ल्याउने प्रावधानसँगै वित्तीय सहकारीहरूमा पनि कार्यान्वयनमा लैजान संघले तीन दिवसीय आवासिय तालिम आयोजना गरेको हो ।

तालिम उद्घाटनका क्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले नेपालको साकोस अभियान अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाउन सफल भएको र गुणस्तर सुनिश्चितता कार्यक्रम एक्सेसमा आवद्ध संस्थाहरूले पठाउने प्रतिवेदनमा Disclaimer को रूपमा एनएफआरएस अनुरूपको प्रतिवेदन नभएको उल्लेख हुँदा अन्तर्राष्ट्रिय फोरमहरूमा हाम्रा उपलब्धिहरूलाई प्रतिवेदनमार्फत सार्वजनिक गर्दा बुझाईमा जटिलता हुने गरेको स्मरण गर्दै अब यी जटिलताहरू समाप्त हुने विश्वास व्यक्त गर्नुभयो । हाल प्रचलनमा रहेको लेखामान र एनएफआरएस मा देखिएका भिन्नताहरूलाई कानुनी रूपमा सम्बोधन गर्नुपर्ने विषयहरूमा विभागसँग छलफल गरी निष्कर्षमा पुग्न नेफ्स्कूनले पहलकदमी लिने समेत बताउनुभयो ।

तालिम समापनका क्रममा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले एनएफआरएस जस्तो नविनतम एवं प्राविधिक विषयमा व्यवस्थापनले सिकेर त्यसको आवश्यकता र औचित्यता सञ्चालकहरूलाई पनि बुझाउनुपर्ने बताउनुभयो । उहाँले नविन सीप साकोस सञ्चालनमा हुबहु कार्यान्वयनमा ल्याउन सके सिकाई उपलब्धिमूलक हुने बताउनुभयो । हाल सहकारी अभियानमा उपलब्ध सफ्टवेयरहरू एनएफआरएस बमोजिमको लेखाङ्कन र प्रतिवेदन तयार गर्न सक्ने गरी निर्माण नभएकोले नेफ्स्कूनले यो आवश्यकतालाई समेत सम्बोधन गर्ने र एनएफआरएस कार्यान्वयनका क्रममा देखिएका कुनै कानुनी जटिलता भएमा सहजीकरणका लागि पहल गर्ने समेत बताउनुभयो ।

तालिममा २० वटा बचत तथा ऋण सहकारी संस्थाबाट प्रमुख कार्यकारी अधिकृत एवं उच्च व्यवस्थापनका कर्मचारीहरूको सहभागिता रहेको थियो । तालिमको सहजीकरण सि.ए. प्रबिन बरालले गर्नुभएको थियो ।

सहजकर्ता बरालले संस्थाहरूले दीर्घकालमा भुक्तानी गर्नुपर्ने विभिन्न दायित्वहरू जस्तै उपदान, सञ्चित बिदाको लेखाङ्कन गर्दा Acturial Science को माध्यमबाट विश्लेषण गर्नुपर्ने, हाल अभ्यासमा रहेको लेखामानबाट एनएफआरएस मा जानुपर्ने वैज्ञानिक कारणहरू, ऋणमा ब्याज आम्दानी एवं सेवा शुल्कमा Effective Interest Rate मा गणना गर्नुपर्ने, स्थगन कर लेखाङ्कन हुने आधारहरू, सम्पत्ति एवं ह्रासकट्टिका आधारहरू, कर लेखाङ्कन र एनएफआरएस बमोजिमको प्रतिवेदनमा फरक पर्ने क्षेत्रहरू लगायतका विषयमा सहजीकरण गर्नुभएको थियो । तालिममा एनएफआरएस कार्यान्वयनमा लैजाने सन्दर्भमा हाल प्रचलनमा रहेको सहकारी लेखामान र एनएफआरएस मा देखिएका फरकहरूको बारेमा सिकाई एवं अभ्यासकार्य समेत भएको थियो ।

सहकारी ऐन-२०७४ को परिच्छेद १२ मा लेखा र लेखापरीक्षण अन्तर्गत दफा ७४ मा सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिमपालना गर्नु पर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ भनि उल्लेख गरेको छ ।

सहकारी संस्थाहरूले आफ्नो कारोबारको आकार अनुसार एनएफआरएस लागु गर्नुपर्ने अवस्था देखिन्छ । कुनै पनि सहकारी संस्थाको कुल वासलात एक अर्ब भन्दा माथि भएमा वा बाह्य ऋण पचास करोड भन्दा बढी भएमा वा एक अर्ब भन्दा माथि वार्षिक कारोबार भएमा ठूलो संस्था मानेर पूर्ण रूपमा एनएफआरएस लागु गर्नुपर्छ । नेपालको आईक्यान एक्ट अनुसार लेखामान निर्धारण गर्न लेखामान बोर्ड (Accounting Standard Board–ASB) र लागु गर्ने अधिकारी प्राप्त निकाय भनेको नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (The Institute of Chartered Accountants of Nepal–ICAN) हो ।

लेखामान बोर्डले नेपालको लेखा प्रणाली एनएफआरएस अनुसार राख्नको लागि अवधारणा विकास गरिसकेको छ

भने नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (आइक्यान) ले नेपाल वित्तीय प्रतिवेदन मानक (एनएफआरएस) लागु गर्न उत्प्रेरित गरेको छ ।

कोभिड महामारीका कारण लेखामानमा केही सहजता प्रदान गर्ने हिसाबले २०८० सम्म स्वेच्छिक र त्यसपछि अनिवार्य रूपमा एनएफआरएस कार्यान्वयनमा ल्याउन आइक्यानले जोड दिएको छ । अब सहकारी संस्थाहरूले आफ्नो कारोवार आकारका आधारमा नेपाल वित्तीय प्रतिवेदन मानक (एनएफआरएस) अनिवार्य रूपमा लागु गर्नुपर्ने भएको छ ।




# प्रशिक्षक प्रशिक्षण (TOT) सम्पन्न



को-अपरेटिभ म्यानेजर्स क्लब कास्कीको आयोजना तथा नेफस्कूनको प्राविधिक सहयोगमा कास्की जिल्ला स्थित सहकारी संस्थाका व्यवस्थापकहरूलाई लक्षित प्रशिक्षक प्रशिक्षण कार्यक्रम फागुन १३ गते समापन भएको छ ।

पोखराको लेकसाइडमा ७ दिन सम्म आवासिय रूपमा सञ्चालित उक्त कार्यक्रमको समापन मन्तव्य राख्नु हुँदै क्वलका संस्थापक अध्यक्ष मीलन ढकालले कास्की जिल्लामा सञ्चालित प्रारम्भिक सहकारीहरूलाई सहकारी सम्बन्धी तालिम प्रदान गर्नको लागि जनशक्ति अभाव भै तालिम आयोजना गरिएकोमा अबका दिनमा केही हद सम्म पुरा हुने विश्वास व्यक्त गर्नु भयो । कुनै पनि तालिमको लागु गर्ने अवधि बढिमा ३० दिने हुने हुँदा सबै सहभागी साथीहरूले भोलिबाट नै यसलाई प्रयोगमा ल्याउनु हुन अनुरोध गर्नु भयो । तालिम लिनु र प्रमाण पत्र ग्रहण गर्नु कुनै ठुलो कुरा हैन यसलाई व्यवहारमा उतार्नु महत्वपुर्ण कुरा हो । यस्ता प्रकारका तालिमले गर्दा समग्र सहकारी अभियानको लागि फाइदा पुग्ने भएको हुँदा यो तालिम आयोजना गरेकोमा CMC कास्की र नेफ्स्कूनलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

कार्यक्रममा सहभागीको तर्फबाट शंकर प्रसाद पौडेल र विद्याता श्रेष्ठले यस्ता खालका कार्यक्रमले व्यवस्थापकहरूलाई थप उर्जा प्रदान गरेको र आगामी दिनमा त्यसलाई व्यवहारमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नु भयो । तालिम कार्यक्रममा नेफस्कूनको तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल, प्राचार्य सञ्जय राज तिमिल्सेना, वरिष्ठ तालिम अधिकृत द्वय वल्लभ तिमिल्सिना र प्रेमनाथ वाग्लेले प्रशिक्षण दिनु भएको थियो । तालिमको ७ दिन पुरा समय रहनु भएका प्रमुख प्रशिक्षक वल्लभ तिमिल्सिनाले सहभागीहरूले राम्रोसँग शिक्षा लिन सक्नु भएको विश्वास गर्दै नेफस्कूनले आगामी दिनमा आयोजना गर्ने तालिममा यही जनशक्तिलाई नै सहभागी गराउदै लगिने जानकारी दिनु भयो ।

उक्त कार्यक्रमको अध्यक्षता गर्नु भएका क्लबका अध्यक्ष अपिल कोईरालाले क्लबको परिकल्पना अनुसार आफु निर्वाचित हुने वेलामा गरेको प्रतिबद्धता आज पुरा भएको र यसलाई पुरा गर्नको लागि सहभागिता जनाउनु हुने व्यवस्थापक साथीहरू र प्राविधिक सहयोग गर्नु हुने नेफ्स्कून परिवार प्रति आभार व्यक्त गर्नु भयो । हामीले आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ सशक्त बनाएर लग्ने छौ र नेफस्कूनसँगको सहकार्यलाई निरन्तरता दिने कुरा समेत व्यक्त गर्नु भयो । सिएमसि कास्की एउटा क्वालिटी सर्कलको रूपमा रहेको र यसले सहकारीमा कार्यरत कर्मचारीहरूलाई दक्ष बनाई गुणस्तरीय संस्था निर्माण गर्ने अभियानमा रहेको जानकारी समेत अध्यक्ष कोइरालाले व्यक्त गर्नु भयो । तालिम शुरू हुँदा १८ जना सहभागी रहेको प्राविधिक समस्याले गर्दा बीचमा २ जना साथीहरूले तालिम छोडनु परेको हुँदा १६ जना व्यवस्थापक साथीहरू आजबाट प्रशिक्षकको रूपमा तयारी हुनु भएको कुरा समेत व्यक्त गर्नु भयो । उक्त समापन कार्यक्रमको सञ्चालन सचिव मोहन प्रसाद अधिकारीले गर्नु भएको थियो ।

# वित्तीय स्थिरताका लागि तरलता व्यवस्थापन



**नरभूपाल भुसाल**
**प्रमुख कार्यकारी अधिकृत**
मध्य नेपाल साकोस, नवलपुर

कुनै बस्तु तथा सेवा खरिदका निमित्त वा सम्पत्तिको आकार परिवर्तन गर्नका निमित्त आफूसँग भएको नगद वा २४ घण्टा भित्र नगदमा परिणत गर्न सकिने सम्पत्तिलाई तरलता भनिन्छ । सहकारी संस्थालाई वित्तीय रूपमा स्थिरता कायम राख्न तरलता व्यवस्थापन गर्नु अति चुनौतिपूर्ण कार्य छ । सहकारीहरू मध्ये पनि वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाहरूमा पैसाको खरिद बिक्रिको कारोबार हुने भएकोले त झनै तरलताको सन्तुलन कायम गरिरहनु पर्ने हुन्छ । पर्ल्स अनुगमन प्रणाली अनुसार कुल बचतको अनुपातमा १० प्रतिशत देखि २० प्रतिशत सम्म तरलता व्यवस्थापन गर्न भनेता पनि संस्थाको छोटो अवधिको दायित्वहरू (Short term payables) को अवस्थाको आधारमा तरलताको व्यवस्थापन गर्नुपर्ने हुन्छ । यदि केहि दिनमा Maturity पुग्न लागेको मुद्दती बचत रहेछ भने उक्त रकम बाहिरीन सक्छ भन्ने मान्यताका साथ बढी तरलताको व्यवस्थापन गर्नु पर्ने हुन्छ भने Maturity समय बढी रहेको अवस्थामा कम रकम भए पनि हुन सक्छ तसर्थ संस्थामा आगामी महिना भित्र सेयर रकम संकलन, बचत संकलन, ब्याज संकलन र अन्य आम्दानी कति होला, कति रकम खर्च भई बाहिर जान सक्ला, संस्थामा Maturity पुग्न लागेका आवधिक बचतको रकम कति छ, तत्कालै भुक्तानी दिनु पर्ने दायित्व सम्बन्धी रकमहरू के कति छन् र कति रकमको आवश्यकता पर्ला भनि हरेक महिनाको Cash flow Analysis गर्दै संस्थाको दबाब परिक्षण (stress test) का आधारमा तरलताको व्यवस्थापन गर्नु पर्ने हुन्छ । तरलता कमी र बढी दुवै संस्थाको लागि हानिकारक हुन्छ कीन की तरलता बढी भयो भने संस्थाको ऋण लगानीबाट आउने प्रतिफल सरह आउन सक्दैन र संस्थाको मुनाफामा क्षति हुन्छ भने तरलता कमी भएमा संस्थाले दायित्व भुक्तानी गर्न सक्दैन र र जुनसुकै अवस्थामा पनि संस्था जोखिममा पर्न सक्दछ । नेपालमा धरै ठूला ठूला कारोबार गर्ने र नाम चलेका सहकारीहरू तरलता व्यवस्थापन गर्न नसकेको कारणले एकाएक जोखिममा परि संस्था नै बन्द भएका उदारहणहरू हामी बीच थुप्रै छन् । तसर्थ संस्थामा तरलताको व्यवस्थापनमा सम्बन्धित पक्षले दिनहुँ बिशेष ध्यान दिनु जरूरी हुन्छ । तरलताको कारणले ब्याजदर परिवर्तनमा समेत बिशेष भूमिका खेलिरहेको हुन्छ जस्तै गत बर्ष कोभिड–१९ का कारणले लगानी गर्न प्रतिकुल वातावरण भएको हुँदा ऋण मागमा कमी भई बैंक तथा वित्तीय संस्थाहरूमा Over liquidity हुँदा बजारमा ब्याजदर कमी हुन गयो भने हालको अवस्थामा liquidity crisis भई बजारमा ऋण माग बृद्धि हुँदा ब्याजदर अधिक भैरहेको छ । हामीले संस्थामा over liquidity हुँदाका बखत अधिकतम प्रतिफल उपलब्ध हुने ठाउँमा लगानी गर्न सकियो भने केही हदसम्म मुनाफामा बृद्धि गराउन सकिन्छ । जस्तै ३ महिने, ६ महिने मुद्दती बचत गर्ने, छाता संघहरूमा सेयर लगानी गर्ने आदि । यदि बढी तरलता भएको अवस्थामा रकम सही ठाउँमा लगाउन सकिएन भने संस्थामा आम्दानी कमी भई संस्थाका सेयर सदस्यहरूलाई उचित प्रतिफल दिन सकिदैन जसका कारण सदस्यले अन्य प्रतिस्पर्धी संस्था रोज्न सक्दछन । तसर्थ वित्तीय कारोबार गर्ने संस्थाहरूमा वित्तीय स्थिरता राख्न तरलताको अवस्था सधैं सन्तुलनमा राखेर चलाउन सकियो भने मात्र संस्थाको लक्ष्य पुरा गर्ने गरि कार्यसम्पादन गर्न सकिन्छ ।

संस्थामा तरलता संकट किन आउँछ र यसबाट कसरी बच्न सकिन्छ भन्ने बिषयमा केहिबुदाँहरू उल्लेख गर्न चाहन्छु ।

### संस्थामा तरलता संकट किन आउछ ?

१ नगद प्राप्ती र भुक्तानीको सन्तुलन नमिलेका कारण,
२. अधिक ऋण लगानी भएमा,
३. बस्तु तथा सेवाको मूल्य बृद्धिका कारणले,
४. अनुत्पादक क्षेत्रमा लगानी भई असुलीमा समस्या भएका कारण,
५. लगानी बिकेन्द्रिकृत नभएमा तथा उत्पादित बस्तु तथा सेवाको वजार उतार चढाव हुँदा ऋण असुलीमा कठीनाइ भएमा,
६. प्रतिस्पर्धी बीच अनावश्यक सौदावाजी भएमा,
७. अनिश्चिता सम्बन्धी आइपर्ने प्रकोपहरूका कारण,
८. संस्थाप्रतिको नकरात्मक प्रचार बाहिरीएका कारण ।

### तरलता व्यवस्थापन गर्ने केहि उपायहरू ?

१. संस्थाबाट निक्षेप रकम बाहिर जाँदा कहाँ जाँदैछ र कीन बाहिरीएको छ, चनाखो हुने,
२. तरलताको अवस्था हेरी अत्यावश्यक लगानी र खर्च मात्र गर्ने,
३. तरलता कमी हुँदा स्थिर सम्पत्ति खरिद नगर्ने,
४. नगद प्रवाहको पूर्वानुमान गर्ने,
५. संस्थाबाट भुक्तानी दिनुपर्ने दायित्वहरू सकेसम्म पछि धकेल्ने,
६. ऋण लगानीका लागि हतार नगर्ने र ठूला भन्दा साना साना आकारको ऋण लगानी गर्ने,
७. वैकल्पिक योजनाहरू तयार गर्ने (ब्यवसाय निरन्तरता योजना बनाउने BCP ),
८. श्रोतको विविधिकरण गर्न बचतका फरक फरक उत्पादनहरूको निर्माण गर्ने,
९. ऋण उत्पादनको विविधिकरण गरि लगानी गर्ने,
१०. लामो समय सम्म रहने बचतहरू मासिक बचत, बाल बचत जस्ता बचतहरूलाई नियमित गराउने,
११. ऋण असुली मासिक रूपमा सतप्रतिशत गराउन प्रयत्न गर्ने,
१२. संस्थाको पाउनु पर्ने सम्पत्तिहरूलाई सकेसम्म छिटो असुली गर्ने ।

**अन्त्यमा**

संस्थालाई वित्तीय रूपमा सुरक्षित र दिगो बनाइ राख्न तरलता व्यवस्थपनले ठूलो भुमिका निर्वाह गरेको हुन्छ । जसरी मानवीय शरिरमा रगत Blood कमी वा बढी हुँदा शरिर अस्वस्थ रहन्छ त्यसै गरि संस्थामा तरलताको कमी वा बढीले संस्थाको वित्तीय स्वस्थतामा गडवढ गर्दछ । हामीले सधैं आवश्यकता अनुसारको तरलता कायम राख्न सकेमा मात्र वित्तीय रूपमा संस्था स्थिर रहिरहन्छ । तसर्थ संस्थाको वित्तीय स्वस्थता मापन गर्ने औजार PEARLS मा एक महत्वपूर्ण औजारको रूपमा Liquidity लाई लिने गरिन्छ ।



# न्यूरोडका साकोसहरुबीच अन्तरक्रिया

नेफ्स्कून न्यूरोड फिल्ड कार्यालय अन्तर्गतका सदस्य संस्थाहरूबीच चैत्र ७ गते अन्तरलगानी प्रवर्द्धन विषयक अन्तरक्रिया गरियो । नेफ्स्कूनकी सञ्चालक सदस्य एवम् न्यूरोड फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक रिना आचार्यको अध्यक्षतामा आयोजित कार्यक्रमको उद्‌घाटन नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले गर्नुभएको थियो । आइएमइ लाइफको सहकार्य रहेको उक्त कार्यक्रममा नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरू, प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरले, आइएमइ लाइफ इन्सुरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि भूषाल, न्यूरोड फिल्ड व्यवस्थापन उपसमिति सदस्य ठाकुर आचार्य, नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख दुर्गाप्रसाद ढकाल, आइएमई लाइफ इन्स्योरेन्स कम्पनीका व्यवस्थापन समूहका प्रतिनिधिहरू लगायत सदस्य संस्थाका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो ।




कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले बचत तथा ऋण सहकारी संस्थाको सञ्चालन प्रणाली प्रभावकारी बनाउन वित्तीय सक्षमताका रणनीति अवलम्बन गर्नुपर्ने चर्चा गर्नुभयो । सहकारी क्षेत्रका समसामयिक विषयहरूको उठान सँगै अध्यक्ष पौड्यालले सहकारीको भविष्य सुनिश्चित गर्ने सवालमा अब सदस्यहरूबीच कसरी जागरण ल्याउन सकिन्छ भन्ने विषयमा घनिभूत छलफल आवश्यक रहेको बताउनुभयो ।

नेफ्स्कूनमा आबद्ध सदस्य संस्था वित्तीय रूपमा सक्षम र सुरक्षित बन्ने दिशामा के कस्ता समस्या छन् तिनलाई प्रष्टसँग छलफलमा ल्याउन र समाधानको स्वरूप खोज्न सहभागीहरूलाई आग्रह गर्नुभयो, उहाँले भन्नुभयो, सदस्यहरूमा छरिएर रहेको पैसा सहकारीमा कसरी ल्याउने हो त्यसको रणनीति विकासतर्फ लाग्नुहोस् ।



संस्थालाई सुरक्षित बनाउन र पर्नसक्ने सम्भावित दुर्घटनाबाट बच्न स्तरीकरण कार्यक्रमको अनिवार्यता सँगै दिगो संरक्षणका लागि स्थिरीकरण कोषको उपयोगितामाथी चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, अब सहकारी संस्था दुइवटा मापदण्डमा जानुपर्छ, एक स्तरीकरण जसले वित्तीय ढंगले संस्था सुरक्षित र सन्तुलित बन्छ, भने यसबाहेक पर्न सक्ने सम्भावित दुर्घटनाबाट स्थिरीकरण कोषले सुरक्षा प्रदान गर्दछ । सहकारी ऐन २०७४ ले गरेको व्यवस्था बमोजिम नेफ्स्कूनले स्थिरीकरण कोष सञ्चालनको तयारी पुरा गरी यहि चैत्रबाट कोषको औपचारिक सुरूवात गर्न गइरहेको जानकारी गराउँदै बागमती प्रदेश सहकारी मन्त्रालयद्वारा पनि

स्थिरीकरण कोषमा योगदान रकम जम्मा गर्न आव्हान गर्दै सोमबार सूचना जारी गरेको विषय प्रष्ट पार्नुभयो ।

त्यसैगरी साकोसहरूलाई प्रविधियुक्त बनाउन एकीकृत प्रविधि विकासमा नेफ्स्कूनले काम अगाडि बढाएको र अब एउटै सफ्टवेयर मार्फत 'ह्यूज रेन्ज' मा एकीकृत सेवाको उपलब्धता सहज हुने पनि उहाँले जानकारी गराउनुभयो ।

नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरूले विद्यमान तरलता संकट समाधानका लागि हालसम्म नेफ्स्कूनमा आबद्ध कुनैपनि संस्था समस्यामा नपरेको बताउँदै अब यसबाट पर्न सक्ने प्रभावमा गम्भिरतापूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले एक पछि समाधान निकाल्न र सहकारी क्षेत्रको आन्तरिक व्यवस्थापन, सुशासन सँगै गुणस्तर सुधारको प्रक्रियामा अगाडि बढ्न स्तरीकरण र स्थिरीकरणमा जोडिन सहभागी प्रतिनिधिहरूलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा स्वागत गर्दै नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले कोभिड प्रभावका कारण संघ र सदस्य संस्थाबीच पातलिएको भेटघाटमा पुनर्ताजगी ल्याउँदै अभियानका समसामयिक विषयहरूमाथी छलफल गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको जानकारी गराउनुभयो । उहाँले साकोस सञ्चालन प्रक्रियामा देखिएका जटिलताहरूलाई समाधान गर्दै सुशासन कायम गर्ने दिशामा



अर्को गरी देखिएका चुनौतिहरू जस्तैः लगातारको कोभिड प्रभाव, राजनीतिक अस्थिरता, रेमिट्यान्समा कमी, आर्थिक क्षेत्रमा परेको यूरोप युद्धको प्रभाव लगायतका विषयहरूले आर्थिक क्षेत्र गम्भीर समस्यामा परेकोप्रति ध्यानाकर्षण गराउनुभयो । उहाँले सहकारी क्षेत्रमा वित्तीय सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै हार्दिकता, विश्वास, समन्वय र आवश्यक छलफलको माध्यमबाट समस्याको मितव्ययिता र कुशलता प्रदर्शन गर्न सद्भावपूर्ण सहकार्यका लागि अनुरोध गर्नुभयो ।

आइएमइ लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत कवि भूषालले राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान रहेको सहकारी क्षेत्रलाई प्रविधि विकास मार्फत सदस्य केन्द्रीत सेवाप्रवाहमा मूल्य श्रृंखला अभिवृद्धि गर्दै जानुपर्ने बताउनुभयो । उहाँले आइएमी ग्रुपका सेवाहरूको अपनत्व ग्रहण गरी सदस्य जीवन सुरक्षा योजनामार्फत साकोसले सदस्य केन्द्रीत सेवामा जोडदिन अनुरोध गर्नुभयो । आइएमइ लाइफ इन्स्योरेन्स कम्पनी नेफ्स्कूनसँग विगत केही बर्षदेखि रणनीतिक साझेदारीको रूपमा काम गर्दै आइरहेको छ ।

कार्यक्रममा नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख दुर्गा प्रसाद ढकालले नेफ्स्कूनका सेवा तथा व्यवसाय र रणनीतिक मार्गचित्र प्रस्तुतिकरण गर्नुभएको थियो ।

त्यसैगरी आइएमइ लाइफ इन्स्योरेन्स कम्पनीका माइक्रो इन्स्योरेन्स प्रमुख ऋषिभक्त ढकालले जीवन विमा योजना र यसमा संलग्न सेवा सुविधासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन न्यूरोड फिल्ड कार्यालय इन्चार्ज मनोज कार्कीले गर्नुभएको थियो भने कार्यक्रमका सहभागीहरूको जिज्ञासालाई संघका अध्यक्ष परितोष पौड्याल र कोषाध्यक्ष दिपक पनेरूले सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष रिना आचार्यले सहकारी सञ्चालनमा देखिएका समस्याबीच आपसी छलफल र सहकार्यका माध्यमबाट समाधानको नजिक पुग्न सकिने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सहकारीका समसामयिक सबाल ठाउँ, परिवेश र परिस्थिति अनुरू सहजीकरण गर्न सहकार्य र सहयात्रा नै सहकारी अभियानबीचको अपरिहार्यता हो, एकका लागि सबै र सबैका लागि एकको सहकारी भावनालाई एउटै टेवलमा बसेर अन्तरंग छलफलबाट पहिचान र समाधान खोज्न पहल गरौं ।"

# सहकारीमा तरलता चाप



## तरलताको प्रभाव कायमै

**पुरुषोत्तम ढकाल**
**कर्ब्स कार्यक्रम अधिकृत**
चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

विश्वव्यापी फैलिएको कोभिड १९ महामारीका कारण नेपालमा पनि २०७६ चैत्र देखि हालसम्म यसको प्रभाव कायमै छ । यसको प्रत्यक्ष असर पुँजी बजार, अर्थतन्त्र, उद्योग, व्यापार, बैक तथा वित्तीय क्षेत्र साथै सहकारीमा परेको छ ।

कोभिड प्रभावका कारण सहकारीमा आवद्ध सम्पूर्ण सदस्य, कर्मचारी प्रत्यक्ष मारमा परेका छन् भने अर्कोतर्फ राजनीतिक परिर्वतन, सरकारको पुँजीगत खर्चमा कमी, विप्रेषणमा गिरावट, आयातमा बृद्धि जस्ता कारणले तरल पुँजी (लगानी योग्य रकम) अभाव कायम छ । कोभिडका कारण सहकारीका ऋणी सदस्यहरूको उद्योग व्यवसाय ठप्प भएका छन्, धेरैको रोजगारी गुमेको छ, कतिपय सदस्यहरूलाई लगानी छोडेर हिड्नुपर्ने अवस्था आइपरेको छ ।

सदस्यले सहकारीमा जम्मा गरेकोससानो बचत भिक्नु पर्ने अवस्था हुनु साथै बैंक तथा वित्तीय संस्थाले मुद्दतीमा चर्को व्याजदर कायम गरिदिंदा दुई/चार प्रतिशत नाफाको लोभमा सहकारीको बचत फिर्ता दर बृद्धिहुनु जस्ता कारणले पनि सहकारी क्षेत्रमा पछिल्लो समय तरलता चाप कायम छ । बैकले समयमा सहकारीको बचत फिर्ता नदिँदा सहकारीमा समस्या भयो । यो अवस्थामा कतिपय सहकारीले बचत फिर्ता गर्न नसक्ने, कोभिड प्रभावले ऋण, व्याज असुलीमा असर, भाखा नाघेको दर बढी हुनु सहकारीका लागि चुनौती बन्यो ।

आशा गरौं समयक्रमसँगै विद्यमान संकट विस्तारै कम हुँदै जानेछन्, सहकारी सञ्चालनमा सहजता आउनेछ, राजनीतिक परिवेशले सकारात्मक मोड लिनेछ र सहकारी क्षेत्रमा पनि सकारात्मक उर्जाको विकास हुनेछ ।



## सहकारीको पैसा सहकारीमै

**खगेन्द्र प्रसाद अधिकारी**
**लेखापाल**
बचत तथा ऋण सहकारी संघ लि., सुनसरी

सहकारीमा तरलता चाप कायमै छ । हामीले कारोबारमा कसिकसाउनै गर्नुपरेको छ । मुलुकमा देखिएको तरलता (लगानीयोग्य रकम) अभावले बैंक वित्तीय क्षेत्र, सहकारी सबैनै प्रभावित बनेको छ । सहकारीको पैसा सहकारीमै नरहनु पनि तरलता अभावको मुख्य जिम्मेवार पक्ष हो भन्ने लाग्छ । सहकारी अभियानलाई सवल र सक्षम बनाउन सहकारी को पैसा गैर सहकारी क्षेत्रमा जानुहुँदैन तर यसप्रति कसैको ध्यान गएको पाइदैन ।

कोरोनाको जोखिमबाट पनि आर्थिक क्षेत्र प्रभावित बनेको छ । लगातार तेस्रो लहरको कोरोना सामना गरिरहनुपर्दा यसको प्रत्यक्ष असर सहकारी क्षेत्रमा परेको छ । हामीले कोरोनाको प्रभावलाई समयमै आंकलन गर्न नसक्नु ठूलो कमजोरी भएको छ । कोभिड सिर्जित बन्दाबन्दी र निषेधाज्ञाका कारण पेशा, व्यपार, व्यवसाय, उद्योग कलकारखाना लगायत सम्पूर्ण आर्थिक क्रियाकलाप कम हुनु रोजगारीमा कटौती हुनु र बचत फिर्ताको मात्रा बढनुले सहकारी क्षेत्रमा तरलता अभाव सृजना भएको हो । कोभिडका कारण पनि सदस्यहरूबाट बचत फिर्ताको माग एकसाथ बढ्न जाँदा संघमा असर स्वाभाविक बन्यो भन्ने लाग्छ ।



# समयसापेक्ष योजना चाहिन्छ

**टेकराज लेखक**
**कार्यकारी प्रमुख**
जीवनज्योती साकोस, बैतडी

संस्थाले संकलन गरेका विविध शिर्षक अन्तर्गतका दायित्वहरू सेवाग्राहीको माग बमोजिम भुक्तान दिन सक्ने क्षमता राख्नुपर्ने हुन्छ त्यसका लागि संस्थाले नगद, बैंकमा रहेको रकम र फिर्ता झिक्न मिल्ने गरी अन्य वित्तीय संस्थामा राखेको निक्षेपलाई प्रयोग गर्न सक्छ । सामान्य अवस्थामा तरलताको अभाव नहोस् भन्नका लागि संस्थाले विविध वित्तीय ब्यवस्थाहरू गरेको हुन्छ जसका लागि संस्थाले कम्तिमा पनि कूल रकमको १५ देखी २५ प्रतिशत सम्म तरलताका लागि छुट्याउनुपर्ने हुन्छ । सामान्य अवस्थामा तरलताको अभाव नहुन सक्छ तर बजारको अवस्था संस्थाले गरेको लगानी, स्थिर सम्पत्ति खरिद तथा संस्थाको नकारात्मक सामाजिक आर्थिक वातावरणले तरलता अभाव हुन सक्छ भने संस्थाको साख समुदायमा सदस्यहरूको आर्थिक आर्जनमा बृद्धि जस्ता पक्षले तरलतामा बृद्धि गर्दछ । यसरी हेर्दा तरलताको अभाव तथा बढी रकम संकलनबाट पर्ने प्रभाव दुबै पक्ष संस्थाका लागि हानिकारक हुन सक्छन् । त्यसका लागि निम्नानुसारका उपायहरू अपनाउनु उत्तम हुनेछ ।

**तरलता अभावको समयमा**

- ऋण लगानी तथा बचत फिर्ताको सीमा निर्धारण गरेर
- बैंकहरूमा जम्मा गरिएको बचत ब्यवस्थापन गरेर
- ऋण असूलीका लागि विशेष कार्यक्रम सञ्चालन तथा ब्याजदरमा पुनर्विचार गरेर
- सेयर बृद्धिको कार्यक्रम सञ्चालन गरेर

**तरलता बढी भई समस्या भएको अवस्थामा**

- बैंक तथा वित्तीय संस्थाहरूको ब्याजदर आंकलन गरी विशेष बचत तथा आवधिक बचत खाताखोली रकमको ब्यवस्थापन गर्ने
- ऋण लगानीका प्रकार तथा सीमामा पुर्नरविचार गरी नयाँ लगानीका क्षेत्रहरू पहिचान गर्ने

यसरी वर्तमान परिवेशको मूल्यांकन गर्दा विश्वमा फैलिरहेको कोभिड १९ का कारणले बैंकहरूले माहामारीको कारण देखाई ऋण लगानीमा कटौती गरेका छन् भने सरकारी पक्षले माहामारी नियन्त्रण गर्न गरिएको विभिन्न रोकावटका कारणले खुम्चिएको आर्थिक मन्दीका कारणले सहकारी संस्थामा तरलता अभाव भएको देखिन्छ ।

यसका साथै कोभिडले निम्नानुसारका प्रभावहरू ल्याएको देखिन्छ ।

- समाजमा रोजगारीको कमी, दैनिक उपभोग्य वस्तुको खपत बढीका कारणले सदस्यको बचत गर्ने क्षमतामा कमी र खर्च बढीका कारणले बचत झिक्नेको संख्यात्मक बृद्धि जसका कारणले तरलता अभाव
- स्वास्थ्य जोखिमका कारणले उपचार खर्चमा बृद्धि हुँदा पनि तरलता अभाव हुनसक्छ
- ब्यापार ब्यवसायमा देखिएको मन्दीका कारणले समयमा बचत तथा ऋण जम्मा गर्न नसकेर पनि सदस्यको आर्थिक भार बढ्नगई संस्थामा जोखिम आउनसक्छ ।

सहकारी संस्थाहरू एक निश्चित समुदायमा सञ्चालन गरिने भएकाले ब्यक्तिको दैनिक जिवनसँग प्रत्यक्ष रुपमा जोडिएका हुन्छन् र  तिनको गाह्रो अप्ठेरोले संस्थाको बृद्धि विकासमा प्रत्यक्ष असर पार्ने भएकाले हालको कोभिड १९ वा भविष्यमा देखिन सक्ने कुनैपनि माहामारीले सहकारीको प्रगतिमा बाधा पुऱ्याउने निश्चित छ त्यसका लागि संस्थाहरूले सदस्यमा आईपरेको समस्या समाधानका लागि ठोस कार्यक्रमका साथ सदस्यमाझ जानुपर्ने देखिन्छ जसले यो संस्था भएर नै मैले केही गर्न सके भनेर सदस्यले गर्वसाथ भन्न सकुन ।

अन्तमा सहकारी संस्था समुदायका लागि हुने र समुदायको प्रगतिको आधार सहकारी संस्था हुने र यी दुवैको प्रगतिमा समुदायमा घट्ने विविध घटना तथा माहामारीहरूले प्रभाव पार्ने भएकाले तीनको समाधानका लागि तत्कालिन समय सापेक्ष योजनाका साथ अगाडि बढ्नुपर्ने प्रत्येक सहकारीको लक्ष्य हुनु पर्दछ ।



# निक्षेप र कर्जा बीच सन्तुलन आवश्यक

**कोपिला बजगाई**
**व्यवस्थापक**
बचत तथा ऋण सहकारी संघ लि., झापा

कोभिडका कारण सहकारी क्षेत्रले पनि थुप्रै चुनौती सामना गर्नुपर्‍यो । तरलताको अभाव सिर्जना हुनु, समस्या लामो समय रहनु, निक्षेप जम्मा र कर्जा लागानीको अनुपातमा धेरै फरक पर्न गई सन्तुलनमा आउन नसक्नु, कर्जामा अस्वस्थ प्रतिस्पर्धा हुनु र दुई बर्ष यता निक्षेप बृद्धि ज्यादै न्यून हुनुले पनि सहकारीमा चुनौति सृजना भएको पाइन्छ ।

विप्रेषण आप्रवाहमा कमी, उद्योग कलकारखाना सञ्चालन प्रभावित हुँदा उत्पादनमा गिरावट, रोगजगारीमा समस्या, बस्तु निर्यातमा कमी, उच्च आयातका कारण अर्थतन्त्र दिनानुदिन संकटग्रस्त बन्दै गएको छ । यीसँगै कोभिड महामारीका कारण कारोबारमा कमी, कर्जा लगानीमा अस्थिर ब्याजदर र ब्याजदरको प्रभाव, समयमा कर्जा लगानीको ब्याज असुली नहुनु, व्यापार व्यवसाय अगाडि बढ्न नसक्नु, खराब कर्जा बढ्ने उच्च सम्भावना, कोरोना रोकथाममा खर्च बृद्धि, कारोबार सुचारू राख्दा संक्रमण जोखिम, कोभिडको पहिलो, दोस्रो र तेस्रो लहरबाट लगातार प्रभाव पर्नु, ऋणको आकारमा बृद्धि हुनु, जस्ता समस्या थपिए जसले तरलता संकुचनमा सहयोग गरे ।

बैंक वित्तीय क्षेत्रको पहुँचबाट बाहिर रहेका गरिब र तल्लो बर्गका नागरिकहरूका लागि भने सहकारीमार्फत वित्तीय उपलब्धता सहज भए पनि कोभिडका कारण सेवा प्रभावित हुँदा ससानो बचतको भरमा संकट टार्नुपर्ने समुदायहरू मारमा परेका छन् । ससाना उद्यम व्यवसायहरू पनि कोभिडका कारण प्रभावित हुँदा व्यवसायमा गिरावट आएको छ भने कर्जा चुक्ता गर्न समस्या उब्जिएको छ । चालु आर्थिक वर्षको सुरूवात सँगै कोभिड १९ को जोखिम कम देखिएसँगै संकुचनमा रहेको अर्थतन्त्रमा ह्वात्तै सुधारको अवस्था सृजना भयो । बैंक वित्तीय क्षेत्रमा निक्षेप र कर्जा बीचको असन्तुलन बढेर गयो, जसका कारण पनि बैंक वित्तीय क्षेत्रले बढ्दो कर्जा मागलाई सन्तुलित बनाउन नसक्दा चालु वर्षको मध्यावधि नहुँदै तरलता अभाव चुलिनपुग्यो ।

सहकारी क्षेत्रलाई सशक्त ढंगले अगाडि बढाउन राज्यको गहन नीति आवश्यक छ । यससँगै बैंक वित्तीय क्षेत्र र सहकारीमा समय समयमा देखा पर्ने वित्तीय अस्वस्थतालाई कम गर्दै सुशासित र व्यवस्थित अर्थतन्त्र निर्माणमा राज्यको ध्यान जानु आवश्यक छ ।

# ५ साकोसद्वारा कर्बर्स कार्यक्रम सम्झौता

नेफ्स्कून-कास्कून साझेदारी कार्यक्रम अन्तर्गत कास्कूनको आयोजनामा फागुन ८ गते कीर्तिपुरमा सम्पन्न एक कार्यक्रमका बीच जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम (कर्बर्स) मा ५ साकोसबीच सम्झौता भएको छ । कीर्तिपुर र चन्द्रागीरी क्षेत्रका आठ वटा बचत तथा ऋण सहकारी संस्थाहरूका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा पाँचवटा साकोसहरूले एकसाथ कार्यक्रम सम्झौता गरेका हुन् ।

कास्कूनका अध्यक्ष दिपक पनेरूले जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम अन्तर्गत साकोसहरूको अनुगमन र सुपरिवेक्षण गरी संस्थालाई नीति, विधि र प्रविधि अनुरूप सञ्चालन गर्न र सुशासित संस्था निर्माणमा जोड दिइने कार्यक्रम भएकोले यसको पूर्ण कार्यान्वयनमा प्रतिबद्ध रहन अनुरोध गर्नुभएको थियो । कार्यक्रम साकोसहरूको दीर्घकालिन व्यावसायिक गतिशिलताका लागि भएको हुँदा अब सहकारीहरूको शैली, चिन्तन, वस्तु तथा सेवामा व्यापक परिवर्तन गर्नुपर्ने धारणा उहाँले राख्नु भएको थियो ।

उद्घाटन सत्रमा कर्बर्स कार्यक्रमको महत्व माथि प्रकाश पार्दै नेफ्स्कून सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमल्सिनाले कार्यक्रमको बैधानिकता, साकोसहरूको आबद्धता, कार्यक्रमले साकोसको सञ्चालनमा प्रदान गरेको व्यावसायिक दक्षता, सदस्यहरूको सन्तुष्टि लगायतका विषयमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रमका अध्यक्ष लेमन श्रेष्ठले कार्यक्रमको औचित्य र महत्वमाथि प्रकाश पार्दै सहभागी साकोसहरूलाई कार्यक्रम आबद्धताका लागि आव्हान गर्नुभएको थियो । कार्यक्रममा संघका व्यवस्थापक अरूण कुमार तिवारी, कीर्तिपुर सेवा कार्यालयका प्रमुख सविना न्यौपाने, कार्यक्रम अधिकृत नवराज सुवेदी, नेफ्स्कूनका कार्यक्रम अधिकृत सोविता मैनाली लगायतको उपस्थिति थियो । कार्यक्रममा नेफ्स्कूनका कार्यक्रम अधिकृत मैनालीले कार्यक्रमको सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा अभियानले विभिन्न ठाउँमा आयोजना गरेका कार्यक्रमहरू

## काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड (कास्कून)

कास्कूनले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस को अवसरमा 'सामाजिक न्याय र लैङ्गिक समानताः दिगो विकासको सुनिश्चितता' विषयक एक दिवसीय गोष्ठी ७ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न गरेको थियो ।

कास्कूनका अध्यक्ष एवम् नेफस्कूनका कोषाध्यक्ष दिपक पनेरूको अध्यक्षतामा आयोजित गोष्ठीको उद्घाटन प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघकी बरिष्ठ उपाध्यक्ष एवम् आइसिए ग्लोवल बोर्ड सदस्य ओमदेवी मल्लले गर्नुभएको थियो ।

गोष्ठीमा नेफस्कूनकी सञ्चालक मन्दरा मिश्र, राष्ट्रिय सहकारी बैंककी सञ्चालक सरिता भट्टराई, काठमाडौं जिल्ला सहकारी संघका अध्यक्ष ज्ञानबहादुर तामाङ, राष्ट्रिय सहकारी महासंघकी महाप्रबन्धक चित्रा कुमारी थाम्सुहाङ, काठमाडौं जिल्ला समन्वय समितिकी उपप्रमुख सिता दाहाल, बागमती प्रदेश बचत संघकी सञ्चालक राधा कडरिया लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा कास्कूनका सञ्चालक समिति सदस्य, लेखा सुपरिवेक्षण समिति सदस्य, विभिन्न उपसमिति सदस्यहरू सहित काठमाडौं जिल्लाभरका विभिन्न बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष, सञ्चालक समितिका सदस्य एवम् व्यवस्थापकहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।



कार्यक्रमका प्रमुख अतिथि मल्लले राज्यका निर्णायक तहमा अर्थपूर्ण र प्रतिस्पर्धी महिला सहभागिता हुनुपर्नेमा जोड दिनुभएको थियो । अबको महिला सहभागिता क्षमतावान, प्रतिस्पर्धी र प्रमुख निर्णायकको भूमिकामा रहनुपर्छ उहाँले भन्नुभयो, "हरेक क्षेत्रमा महिला सहभागिता बढ्दो रहेपनि अझै महिला पछाडि परेको र अर्थपूर्ण सहभागिता हुन नसकेकोमा मलाई सँधै यहि कुराले पोलिरहन्छ ।" हामीमा सूचना, समय व्यवस्थापन र अध्ययनको कमी छ, अगाडि बढ्न सर्वप्रथम महिलाले यो विषयमा दिगो समाधान खोज्नुपर्छ तवमात्र महत्वपूर्ण जिम्मेवारी लिनबाट महिला पछाडि धकेलिँदैनन् ।"

उहाँले १९९० सालको मुलुकी ऐन, २००४ सालको पहिलो संविधान, २००७ सालको संविधानमा पनि आधारभूत मौलिक हक, समान शिक्षा र समान अधिकारका विषय उठान गरेको प्रसङ्ग उल्लेख गर्दै २०७२ सालको संविधानमा महिला अधिकारका विषयमा सुनिश्चित व्यवस्था पयाप्त रहेको चर्चा गर्नुभयो । स्थानीय तहदेखि सर्वोच्च निकायका नेतृत्व तहमा महिला सहभागिता सुनिश्चित हुनुबाट आफूले नेपालका महिला भाग्यमानी महिलाको रूपमा लिएको दाबी समेत गर्नुभयो ।

उहाँले महिलाको नेतृत्व पुरूषको तुलनामा झनै अब्बल रहने उदाहरण प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय स्तरमा पनि महिला राष्ट्र प्रमुख र सरकार प्रमुख रहेका देशमा कोभिड महामारी नियन्त्रणमा राम्रो परिणाम प्राप्त भएको विभिन्न अध्ययनले देखाएको निश्कर्ष प्रस्तुत गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कास्कूनका अध्यक्ष पनेरूले हिजोको तुलनामा आज समग्र महिलाहरू हरेक क्षेत्रमा सशक्त रहेको र चेतना स्तर बृद्धि भएको प्रष्ट

पार्नुभएको थियो । महिलाहरूले आज प्रतिस्पर्धालाई स्वीकार्दै राज्यका विभिन्न तहमा र सहकारी क्षेत्रमा पनि निर्णायक सहभागिता सुनिश्चित गर्न दृढ भएर लाग्नुपर्छ, उहाँले भन्नुभयो, "दिगो विकास लक्ष्यका १७ आयामहरूमध्ये करिबन ५ बुँदामा सहकारीमार्फत सशक्तीकरण र समानताका विषयहरूलाई अगाडि बढाइएको छ, यसले सामाजिक न्याय र लैङ्गिक समानता मार्फत दिगो विकास सुनिश्चित गर्न सघाउ पुग्नेछ ।

कार्यक्रममा कास्कूनका सचिव शालिकराम पुडासैनीले सञ्चालन गर्नुभएको उद्‌घाटन सत्रमा संघकी सञ्चालक एवम महिला सशक्तीकरण उपसमिति संयोजक अनिता अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो र तेस्रो सत्रमा क्रमशः राष्ट्रिय सहकारी बैंककी सञ्चालक सरिता भट्टराई र अधिवक्ता कुमारी खरेलले दुई छुट्टाछुट्टै विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कास्कूनका उपाध्यक्ष नवराज अर्यालको अध्यक्षतामा सम्पन्न दोस्रो सत्रमा राष्ट्रिय सहकारी बैंककी सञ्चालक भट्टराईले सहकारी संस्थामा महिला सदस्यहरूको भूमिका र उद्यमशीलताको विकास विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने काठमाडौं जिल्ला समन्वय समितिकी उपप्रमुख सीता दाहाल र नेफ्स्कूनकी सञ्चालक मन्दरा मिश्रले कार्यपत्रमाथी टिप्पणी गर्नुभएको थियो । दोस्रो सत्रको कार्यक्रम सञ्चालन कास्कूनकी सञ्चालक विनिता अधिकारीले गर्नुभएको थियो ।

कास्कूनका कोषाध्यक्ष निरञ्जन सेढाइको अध्यक्षतामा सम्पन्न तेस्रो सत्रमा अधिवक्ता कुमारी खरेलले महिलाका संवैधानिक, कानुनी अधिकारहरू र सहकारीमा महिला सहभागिता विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने महिला शक्ति साकोसकी अध्यक्ष नानु बास्तोला र राष्ट्रिय सहकारी महासंघकी महाप्रवन्धक चित्रा कुमारी थाम्सुहाङले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो । तेस्रो सत्रको कार्यक्रम सञ्चालन कास्कूनकी सञ्चालक सिमा पुरीले गर्नुभएको थियो ।

कार्यक्रमका सहभागी बक्ताहरूले महिलाहरूलाई सहकारीमार्फत उद्यमशीलता प्रवर्द्धनमा जोड्दै आर्थिक सशक्तीकरण र लैङ्गिक समतामूलक समाज निर्माणका लागि आआफ्नो ठाउँबाट पहल गर्नुपर्नेमा जोड दिएका थिए । राज्यका हरेक क्षेत्रमा सक्षम महिलाको खाँचो औल्याउँदै उनीहरूले नेतृत्व तहमा महिला सहभागिता सुनिश्चित गर्न अब ३३ प्रतिशतको घेरामा मात्र सीमित नभएर प्रतिस्पर्धा मार्फत सय प्रतिशतकै खोजीमा लाग्नुपर्ने बताएका थिए ।

## घोषणा पत्र

११२औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर मा काठमाडौं बचत तथा ऋण सहकारी संघ लि. (कास्कून) ले आयोजना गरेको सामाजिक न्याय र लैंगिक समानताः दिगो विकासको सुनिश्चितता विषयक गोष्ठीबाट तपसील बमोजिम काठमाडौं घोषणा जारी गरियो ।

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यवस्था भएका लैङ्गिक समानता सम्बन्धी कानुनहरूको पूर्ण पालना गर्न प्रतिबद्धता जाहेर गर्दछौं ।

२. दिगो विकासको लागि सहकारीको माध्यमबाट लैङ्गिक समानता कायम गर्न सहकारी संघ संस्थाहरूले नीतिगत व्यवस्था गर्न, पालना गर्न तथा गराउन, चेतना अभिबृद्धि गर्न पूर्ण प्रयत्नशिल रहने छौं ।

३. व्यवहारमा देखिएका लैङ्गिक असमानता सम्बन्धी कार्यहरूको न्यूनीकरण गर्नका लागि हरेक सहकारी संघ संस्थाहरूले पहल कदमी गर्न सम्बन्धित निकाय समक्ष सूचना पुऱ्याउन प्रयत्न गर्ने ।

४. नेपालको संविधान एवम् प्रचलित कानुनहरूमा व्यवस्था भए वमोजिम सहकारी संघ संस्थाहरूको नेतृत्वमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्नेछौं र गराउन प्रयत्न गर्ने ।

५. प्रत्येक सहकारी संस्थाले सदस्यहरूमध्येबाट उद्यमी तयार गर्न प्रोत्साहित गर्ने उद्देश्यले अनिवार्य रूपमा प्रवर्द्धनात्मक कार्य गर्ने र वार्षिक २ प्रतिशत सदस्यहरूलाई उद्यमी तयार गर्ने गरि लाग्नेछौं ।

६. ऐन नियम र नियमालवी समय सापेक्ष राख्नेतर्फ यो गोष्ठीले अंगिकार गर्ने ।

७. उद्यमशिलता र व्यावसायिकताको लागि यो गोष्ठीले दिशानिर्देश गर्ने ।

## जिल्ला बचत तथा ऋण सहकारी संघ लि., मकवानपुर

जिल्ला बचत तथा ऋण सहकारी संघ लि.मकवानपुरले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा संघमा आवद्ध सदस्य संस्थाका अनुभवी व्यवस्थापकहरूबीच सिकाई आदान प्रदान कार्यक्रम आयोजना गरेको थियो ।

मकवानपुर जिल्ला बचत संघकी सञ्चालक एवम् महिला उपसमिति संयोजक जुना दंगालको अध्यक्षता र हेटौडा उपमहानगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुख गंगा कुमारी चौलागाईको प्रमुख आतिथ्यतामा कार्यक्रमको उद्घाटन भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि चौलागाईले सहकारी संस्थाका प्रमुख व्यवस्थापकको जिम्मेवारीमा रहेर काम गर्नुहुने महिला व्यवस्थापकहरूलाई अध्ययनमा निरन्तरता दिन जरूरी रहेको बताउनु भएको थियो । साथै प्रस्तुतीको क्रममा ५० करोडभन्दा माथिको कारोबार गरिरहेका सहकारी संस्थाहरूको व्यवस्थित कारोबारमा सफल  महिला व्यवस्थापकहरू देख्दा खुशी लागेको अभिव्यक्ति दिनुभएको थियो । साथै महिला व्यवस्थापकहरूले सहकारीमा ऋण लगानी र असुली गर्दा विषेश ध्यान दिएर अगाडि बढ्नुपर्नेमा समेत उहाँले जोड दिनुभएको थियो ।

कार्यक्रमका विशिष्ट अतिथि बचत संघ मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठले व्यवस्थापकहरूबीचको सिकाई आदानप्रदान कार्यक्रम अत्यन्त उपलब्धिमुलक रहेको विचार व्यक्त गर्दै यस्ता कार्यक्रम सञ्चालन विस्तार गर्न सके सहकारी अभियानको व्यवस्थापकीय क्षेत्रमा महिलाको नेतृत्व अभिवृद्धि गर्न सकिनेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा १० वटा पालिकाबाट ३२ वटा साकोसका महिला व्यवस्थापकहरूको उपस्थिति थियो । सो मध्ये ८ जना अनुभवी व्यवस्थापकद्वारा आआफ्नो संस्थागत एव वित्तीय अवस्थाबारे प्रस्तुतिकरण गरिएको थियो ।

## राष्ट्रिय सहकरी बैंक

राष्ट्रिय सहकरी बैंकले अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विभिन्न शाखामार्फत सहकारीमा महिला र युवाको सहभागिता विषयक लघु गोष्ठी सप्ताहव्यापी रूपमा आयोजना गरेको थियो । गोष्ठीले स्थानीयस्तरमा रहेका सहकारी संघ संस्थाको महिला सञ्चालक तथा कर्मचारीहरूको सहभागितामा सहकारीमा महिला र युवाको सहभागिताको अवस्था र संस्थाले यसका लागि लिएको रणनीतिक योजनाहरूको विषयमा छलफल एवम् प्रस्तुती गरेको थियो । सहकारी संघ संस्थामा महिला र युवाहरूको गुणस्तरीय सहभागिता गराउने उद्देश्यका साथ सबै शाखा कार्यालय मार्फत सप्ताहव्यापी लघु गोष्ठी कार्यक्रम आयोजना गरिएको बैकले जनाएको थियो ।

## ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा “सहकारीमा महिला सशक्तीकरण” विषयक एक दिवसीय गोष्ठी सम्पन्न गरेको छ ।

संघको महिला उपसमितिको संयोजनमा फागुन २४ गते लगनखेलमा आयोजित कार्यक्रमको उद्घाटन राष्ट्रिय सहकारी महासंघकी बरिष्ठ उपाध्यक्ष एवम् आइसिए ग्लोवल बोर्ड सदस्य ओमदेवी मल्लको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा सहकारीमा महिला सशक्तीकरण विषयमा लाईफ कोच लक्ष्मीउषा मल्ल सिंहले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

संघका अध्यक्ष रामहरी बजगाईको सभापतित्वमा सम्पन्न कार्यक्रममा संघकी संस्थापक अध्यक्ष रोहिणि जोशी, जिल्ला सहकारी संघका उपाध्यक्ष रामशरण बस्नेत, सञ्चालक अम्बिका थापालगायत संघका पदाधिकारी र कर्मचारीको सहभागिता रहेको थियो ।

## टुगा आस्था विकास साकोस-रूपन्देही

रूपन्देहीको ओमसतियास्थित टुगा आस्था विकास बचत तथा ऋण सहकारी संस्था लि. को आयोजना र महिला उपसमितिको संयोजनमा ११२औ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा महिला सदस्य भेला सम्पन्न भएको थियो ।

सामाजिक न्याय र लैङ्गिक समानताः दिगो विकासको सुनिश्चितता भन्ने मुल नाराका साथ मार्च ८ का दिन मनाइएको ११२औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा साकोसका उद्यमी एवं जेष्ठ सदस्यहरूलाई सम्मान समेत गरिएको थियो ।

महिला भेला महिला उपसमिति संयोजक तथा सञ्चालक लक्ष्मी देवी के.सी.को अध्यक्षता, लुम्बिनी प्रदेश बचत संघकी सञ्चालक तथा महिला उद्यमी फुल कुमारी गिरि (सीमा) को प्रमुख आतिथ्यतामा भएको थियो ।

प्रमुख अतिथि गिरिले नेपालमा महिला वर्गको लागि दुइ किसिमको बिधि बिधानले महिलाहरू प्रभावित भएको बताउदै कानूनले थुप्रै अधिकारको ग्यारेन्टी गरेता पनि परम्परागत विधि, संस्कारले महिला सशक्तीकरणमा बाधा पारेको बताउनु भयो । हाम्रो समाजमा बाबुआमाले सानै देखि छोरा र

छोरीमा गरिने व्यवहारले नै विभेदकारी मानसिकता बोकाउने संस्कार भएकोले महिला पछाडी पर्ने गर्छन भन्ने विचार राख्दै अब महिलाले आफ्नै घरबाट छोरीलाई सशक्त बनाउदै लैजानु पर्ने बताउनुभयो ।

कार्यक्रममा साकोसका प्रमुख सल्लाहकार तारा प्रसाद छन्तेल, सल्लाहकार धनमाया गुरूङ, उपाध्यक्ष परसुराम बाँस्तोला, सञ्चालक शशीकला गुरूङ, रानुका भण्डारी, कमला भण्डारी लगायतले महिला दिवसको अवसरमा शुभकामना व्यक्त गर्नु भएको थियो ।

## सयपत्री साकोस-नवलपरासी

### महिला सदस्यहरूका लागि प्रजनन् स्वास्थ्य परीक्षण शिविर सञ्चालन

सुनवन नगरपालिका-३, नवलपरासीका ९२ जना महिलाहरूले निःशुल्क स्वास्थ्य शिविर मार्फत प्रजनन् स्वास्थ्य परीक्षण गराउनुभएको थियो । सयपत्री साकोस सुनवलको आयोजना तथा स्थानीय जागृती आमा समुहको सहयोगमा सम्पन्न एक दिने निःशुल्क प्रजनन् स्वास्थ्य शिविरमा महिलाहरूको स्वास्थ्य परीक्षण गरिएको हो ।

११२औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा फागुन २४ गते सञ्चालित शिविरमा महिलाहरूको पाठेघर खस्ने समस्याको पहिचान, पाठेघरको मुखमा मासु पलाएको र फिस्टुलाको परीक्षणका साथै अन्य स्त्री रोगहरूका सम्बन्धमा बरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. सुर्यप्रसाद रिमालले परिक्षण साथै स्वास्थ्य सचेतना प्रदान गर्नुभएको थियो ।

समाजमा आर्थिक रूपान्तरणको अभियानलाई तीब्र रूपमा अगाडि बढाईरहेको सयपत्री बचत तथा ऋण सहकारी संस्थाले विभिन्न सामाजिक उत्तरदायित्वपूर्ण कार्यक्रमः निःशुल्क स्वास्थ्य शिविर, स्वस्थ वातावरण अभियान, वित्तीय शिक्षा सहित करिब ३५ सय सदस्यहरूमाफ गुणस्तरीय वित्तीय तथा गैरवित्तीय सेवाहरू प्रदान गर्दै आइरहेको छ ।




कास्की जिल्ला सहकारी संघ लि. महिला उपसमितिको आयोजनामा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस को अवसरमा सञ्चालित सहकारी अन्तरक्रिया कार्यक्रम




नव सिद्दार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि. पोखराद्वारा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस को अवसरमा सञ्चालित खुल्ला रक्तदान कार्यक्रम

Be READY to fight
#coronavirus
Be **SUPPORTIVE** Be **CAREFUL** Be **Alert** Be **KIND**
*For the latest health advice, go to:* **www.who.int/COVID-19**



# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको शुभकामना



**पार्वती अर्याल**
**प्राचार्य**
सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

## महिलाहरूको आत्मसम्मानको दिन हो

हरेक मान्छेको समृद्ध जीवन निर्माणका लागि सहकारी एउटा आधार हो । सहकारीमार्फत महिला दिदीबहिनीहरूको सीप, पुँजी, इमान्दारीता र समर्थन भाव रहन सक्ने, वस्तु तथा सेवा उत्पादन गर्ने, व्यवसाय प्रबर्द्धन गर्ने कार्यमा योगदान पुग्न सक्दछ । मार्च ८ को दिन विश्वव्यापी रूपमा मनाइने अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस महिलाहरूको आत्मसम्मानको दिन हो । यस दिनले महिला दिदीबहिनीहरूको हक, हित एवं अधिकारका साथै महिलाको बहुआयामिक पक्षसँग सरोकार राख्दछ ।

११२औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सहकारीको माध्यमबाट समृद्ध मानव जीवन निर्माणका लागि हृदयदेखि शुभकामना व्यक्त गर्दछु ।



**अमृता सुब्बा**
**सञ्चालक**
राष्ट्रिय सहकारी महासंघ

## समृद्ध जीवन निर्माणको आधार हो

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको ऐतिहासिक पृष्ठभूमि हेर्दाखेरी यसमा धेरै आन्दोलन र संघर्षका इतिहास भेटिन्छ । नेपालको संविधान २०७२ ले महिला अधिकार सम्बन्धी धेरै व्यवस्था सुनिश्चित गरेको छ । तर संविधानतः व्यवस्था गरिएका अधिकारहरू तल्लो तहसम्म पुग्नै सकेका छैनन् । ग्रामिण तहका धेरै महिलाहरू अफ्र पनि महिला अधिकारका बारेमा अनभिज्ञ छन् । अबको अभियान भनेको कानुनत सुनिश्चित अधिकारबारे चेतना अभिबृद्धि गर्दै त्यसको कार्यान्वयनमा जोड दिने र आर्थिक सशक्तीकरणको माध्यमबाट पूर्ण समृद्ध आर्थिक जीवन निर्माण गर्ने नै हो ।

विभिन्न राजनीतिक भातृ संगठनहरूले पनि कानुनत सुनिश्चित सवालहरूलाई पूर्णत कार्यान्वयन गर्ने सबालमा विशेष पहल गर्नुपर्छ भन्ने लाग्छ ।

सहकारीमार्फत महिलाहरूमा क्षमता विकासको काम धेरै भएको छ । महिला सहभागिताको दर पनि सहकारीमा उच्च छ, तर नेतृत्व तहमा हेर्ने हो भने अफ्रै पनि सन्तोषजनक अवस्था पाइँदैन । जतिपनि ठाउँमा महिलाहरू छन्, महिला सहभागिताको माध्यमबाट पुरुषसाथीहरू माथि पुग्ने आधार मात्रै बनेको छ, स्वयं महिलालाई नेतृत्वदायी भूमिकामा पुऱ्याउन कञ्जुस्याइ भइरहेको पाइन्छ । स्थानीय निकायमा ४० प्रतिशत महिला सहभागिता सन्तोषजनक हो तर कानुनी प्रावधान पुरा गर्न टपक टपक टिपेर ल्याइएको सहभागिताले केवल रवर स्ट्याम्पको मात्रै काम भएको छ ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस केवल मनाउनको लागि मात्र नमनाऔं, वास्तविक रूपमै महिलाहरूमा योग्यता, क्षमता बढाउने र नेतृत्व तहमा क्षमतावान महिलाको पहुँच सुनिश्चित गर्न कञ्जुसाइ नगरौं भन्न चाहन्छु ।



**देवकी नेपाल**
**अध्यक्ष**
रौतहट जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

# निर्णायक अधिकार आवश्यक हो

सम्पूर्ण सहकारीप्रेमी महिला दिदीबहिनीहरूलाई आफु सुहाउँदो सीपको विकास गरी आर्थिक आत्मनिर्भरताप्रति प्रेरणा मिलोस् भन्न चाहन्छु । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस केवल एक दिनको नभएर ३६५ दिन नै आर्थिक उन्नतिमा लाग्न र 'इन्कम जेनेरेसन' गर्नतर्फ केन्द्रित बनोस् । राज्यका हरेक संरचनामा महिलाको सम्मानजनक उपस्थिति आजको आवश्यकता हो, यससँगै आयआर्जनमा महिलाको पहुँच र आयमा नियन्त्रणको अधिकार सुनिश्चित हुनु पहिलो सर्त हो । समतामुलक समाज निर्माण गर्न निर्णयको अधिकारमा महिलालाई प्रोत्साहन गरिनुपर्छ । जति पनि कानुन छन्, तिनमा सुनिश्चित व्यवस्थाहरू पूर्ण कार्यान्वयन हुनुपर्छ भने बाँफिएका कानुनमा संशोधन आवश्यक छ ।

अब महिलाका मुद्दालाई दलगत स्वार्थमाट माथि उठाएर समग्र महिलाको क्षमता विकास, आर्थिक उन्नति, समृद्धि र निर्णायक सहभागितामा ऐक्यबद्धतापूर्ण ढंगले अगाडि बढ्नुपर्छ । सार्वजनिक फोरममा ठूला कुरा गर्ने र बास्तविक परिवेशमा महिलालाई अगाडि बढ्नबाट रोक्ने प्रवृत्तिको अन्त गरिनुपर्छ । छायाँमा पारिएका ५१ प्रतिशत महिलाहरू अब निर्णायक विन्दुमा आउनुपर्छ । नेपाली महिलाको बहुपक्षिय विकासमा चुनौतिहरू अवश्य छन्, तर जवसम्म निर्णायक तहमा महिला सहभागिता बृद्धि हुँदैन तबसम्म समतामुलक समाज निर्माण हुन सक्दैन । सहकारीको माध्यमबाट समतामुलक समाज निर्माण गरी आय अथवा धन सृजना र यसमाथिको नियन्त्रणको अधिकार महिलामा हुनुपर्छ ।



**संगीता गौतम तिमिल्सिना**
**अध्यक्ष**
कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि., पोखरा

# सुन्दर घर निर्माणको जग हो नारी

हामीलाई थाहा छ, सृष्टिको सञ्चालन स्त्री र पुरूषको मिलन बाट भएको हुन्छ । नारीले बच्चालाई जन्म दिन्छिन, पुरूषहरूको नाम अगाडि जोडिएर फलानो को छोरा भनिन्छ, आमाले गर्भधारण गरेको पल देखि नौ महिना सम्म, जस्तो भोजन गर्छिन् त्यस्तै पोषण तत्वबाट बच्चाको मस्तिष्क र शारीरिक बनोट तयार भएको हुन्छ । धर्ती जस्तो सहनशक्ति लिएर प्रसव पिडालाई आफ्नो मातृत्वमा परिणत गर्दै मरेर बाँचिन् नारी । अनि स्तनपान देखि शुरू हुन्छ, उनको बच्चा प्रतिको दैनिक कर्तव्य, हरेक पल, त्यो जिम्मेवारी लाई सम्माल्दै, घर-परिवार, इष्टमित्र, देउता-पितृ, सबैको जिम्मेवारी उत्तिकै रहेको हुन्छ । यो सबैलाई ब्यबस्थापन गर्दै समाज, टोल गाउँ हुदै राष्ट्रको पनि उत्तिकै चिन्तन रहेको हुन्छ । यस्ता महान् नारी देवी, लक्ष्मी, सरस्वतीको रूपमा रहेका छन् ।

सुन्दर संसार बनाउन लागि महिला र पुरूष को समान भूमिका भन्दा पनि अझै महत्वपूर्ण भूमिका महिलाको रहेको हुन्छ, किनकि बिहान उठे देखि नसुते सम्म एउटा महिलाको सम्पूर्ण जिम्मेवारी जुन सम्झन पनि निक्कै समय लाग्छ भने व्यबहारमा ल्याउन कति समय खर्चंदै आएका छौ हामीले ? परिवारको स्वास्थ्य एउटा असल गृहणिको हातमा रहेको हुन्छ । जुन श्रमको मुल्य नै छैन । श्रीमानले बाहिर काम गरेर घर फर्कदाँ, घरकी श्रीमतिको कुनै काम नभएको गुनासो श्रीमानको रहन्छ । घर धन्दा, बालबच्चा, बृद्ध बुवा- आमाको स्याहार-सुसारको कुनै मुल्य हुँदैन । नारी विनाको घर र माली विनाको फुलबारी उस्तै हो भने महिलाको श्रमको मुल्य अब खोजिनुपर्छ ।



**योगमाया सुबेदी**
**बरिष्ठ उपाध्यक्ष**
सुनसरी जिल्ला बचत संघ

# श्रमको उच्च मुल्यांकन हुनुपर्छ

नेपालमा राष्ट्र प्रमुख महिला, पूर्व प्रधानन्यायाधिश महिला, पूर्व सभामुख महिला, विभिन्न क्षेत्रका महत्वपूर्ण अंगमा महिलाको पहुँच सर्वविदितै छ । केही उच्च स्थानमा पहिलाको पहुँच सुनिश्चित भएपनि तुलनात्मक रूपमा निर्णायक तहमा महिलाको सहभागिता सन्तोषजनक छैन ।

अधिकांश महिला आफ्नो घरपरिवार र व्यवहारको व्यवस्थापन गर्दै समाजमा, कार्यालयमा, विभन्न संघसंस्थामा र विदेशी भुमिमा समेत जिम्मेवारी वहन गर्न सफल छन् । सफल महिलाहरूको सीमित संख्याकै बीचमा ५१ प्रतिशत महिला पनि अवसर पाएमा सक्षम बन्न सक्छन भन्ने पुष्टी हुन्छ । तर महत्वपूर्ण जिम्मेवारी पाउन योग्य हुँदा हुँदै पनि महिलामाथि विश्वासको प्रश्न सबै ठाउँमा उठ्ने

गरेको पाइन्छ । महिलाको श्रममाथी कमजोर मूल्यांकन गरिन्छ ।

महिला शक्ति महान छन् भन्ने कुरा हाम्रो धर्म शास्त्रले देखाएको छ । आफुभित्र रहेको अन्तरनिहित सीप, क्षमता र उर्जालाई उजागर गरि परिवर्तित समय र परिस्थिति अनुसार प्रतिस्पर्धा गर्न आज महिला सक्षम छन् । अब महिलाले अधिकार खोजेर हैन खोसेर लिनुपर्छ । पेसा, व्यवसाय र आर्थिक, सामाजिक तथा राजनीतिक बृत्तमा महिलाको सम्मानजनक सहभागिता आवश्यक छ । अब महिला आर्थिक सशक्तीकरणमा खरो उत्रनुपर्छ । सहकारी क्षेत्रमा सन्तोषजनक महिला आबद्धता संख्यालाई अब निर्णायक तहमा सुनिश्चित गर्न महिला पुरूष दुवैको ऐक्यबद्धता आवश्यक छ ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा सामाजिक न्याय, समतामुलक समाज निर्माण, आत्मसम्मान र स्वनियन्त्रण कायम गर्न प्रेरणा मिलोस्, सम्पूर्ण आमा, दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।



# बहुआयामिक पक्षसँग सरोकार राख्ने दिन हो

**तुलसा ज्ञवाली**
**सामाजिक अभियन्ता**

मार्च ८, अन्तर्राष्ट्रिय महिला दिवसले चिनिन्छ । यो दिवसले महिला हकहित एवं अधिकारका साथै महिलाको बहुआयामिक पक्षसँग सरोकार राखेको पाइन्छ । नेपालमा पनि अन्तर्राष्ट्रिय महिला दिवस विविध कार्यक्रमको आयोजना गरी मनाउन थालिएको धेरै भइसकेको छ । महिला दिवसको अवसरमा प्राय महिला शिक्षा, स्वास्थ्य, रोजगारी र स्वतन्त्रताका विषयमा आवाजहरू उठ्ने गरेको पाइन्छ ।

महिला कमजोर हुनुमा सर्वप्रथम महिलाले महिलालाई दबाएको अवस्था पनि एक जिम्मेवार पक्ष हो भन्ने मलाई लाग्छ । सदियौदेखि महिलाले महिलामाथी गर्ने व्यवहार सवै ठाउँमा सकारात्मक नरहेको पाइन्छ । सासु, बुहारी, देवरानी जेठानी, नन्द, भाउजु विशेष गरी यी नाता सम्बन्धहरूमा एकले अर्कोलाई थिचोमिचो र शोषण गर्ने परिपाटीको विकास नेपालमा भएको पाइन्छ । सोचमा परिवर्तन आवश्यक छ । एकै नारी छोरी, बहिनी, बुहारी, आमा, सासुको भूमिकामा रहन्छिन् । समान विकासमा यसको भूमिका महत्वपूर्ण हुनुपर्छ ।

पछिल्लो समयमा यस्ता गतिविधिहरूमा केहीहदसम्म कमी आएको भएपनि यो प्रचलन गाउँ सहर जतातै त्यस्तै नै छ भन्ने लाग्छ । यसले गर्दा नै घर र समाजमा महिला सबल सक्षम र निर्णायक भूमिकामा रहन नसक्नुको परिणाम हो ।

शिक्षाको कमी, चेतनाको अभाव, आर्थिक रूपमा कमजोर र महिलाले महिलामाथि गर्ने व्यवहार नकरात्मक हुनुले महिला पछाडि पर्नुको प्रमुख कारण हो । अर्कोकुरा महिलामा शिक्षाको आवश्यकता छ । महिलाहरूलाई सीपमूलक प्राविधिक शिक्षा दिएर आर्थिक रूपमा आत्मनिर्भर र सक्षम बनाउनु जरूरी छ । महिलाले जवसम्म आफ्नो घर सुन्दर बनाउने निर्णय आफै गर्न सक्दैनन् तबसम्म महिला अगाडि बढ्न सक्दैनन् । महिला आर्थिक रूपले सक्षम हुनुपर्छ । नेतृत्व दिन सक्ने खुबी महिलामा हुनुपर्छ । अझैपनि धेरै महिलाहरू श्रीमान्सँग आश्रित छन् ।

सहकारीमा महिलाको सहभागिता दर बढ्दो छ । सहकारीले महिलाहरूमा आत्मनिर्भरता र आत्मविश्वास बढाएको छ । सहकारीको साथ पाएर महिला उत्थानमा सहयोग पुगेको छ । यसको विस्तार अझै आवश्यक छ । सहकारीमा लागेर धेरै महिलाहरूले आफ्नो आर्थिक स्तरमा सुधार ल्याएका छन् । अझ सहकारी मार्फत शुलभ ऋण प्रदान गरेर महिलाहरूलाई बढीभन्दा बढी स्वरोजगार मुलक उद्यमहरूमा लगाउन सकेमा यसले महिलाहरूको आर्थिक विकासमा ठूलो परिवर्तन ल्याउन सक्छ । अब महिलालाई आरक्षण होइन क्षमता विकास मार्फत सक्षम बनाउन जोड दिनुपर्छ । आरक्षणलाई भन्दा प्रतिभा र दक्षतालाई महत्व दिन सकियो भने बास्तविक रूपमा महिलाको विकास सम्भव छ ।

नेपालको राजनीतिक विकासक्रमलाई हेर्ने हो भने २००७ साल, २०१७ साल, २०४६ साल र २०६२-२०६३ को जनआन्दोलनमा महिलाको बलिदानी र योगदान उल्लेख्य रहेको छ ।

हरेक क्षेत्रमा महिलाको सहभागिता ३३ प्रतिशत कानुनत व्यवस्था छ । तर अझैपनि निर्णायक तहमा महिला सहभागिता सन्तोषजनक छैन । महिलामाथि विश्वासको कमी छ । राजनीतिक सहभागितामा पनि नेतृत्व लिन सक्ने महिलाको पहिचान गरेर पठाउनुपर्ने आवश्यकता छ । यसले गर्दा महिलाका बास्तविक मुद्दाहरू अगाडि बढ्न सहज हुन्छ । अन्य विविध क्षेत्रमा पनि नेतृत्व लिन सक्ने महिला पुगे भने हरेक निर्णयमा महिलाको सहभागिता सुनिश्चित हुन्छ ।

आज योग्यता पुगेका महिला एकातिर छन् टिका लगाएका र निर्णायक तहमा कुनै भूमिका स्थापित गर्न नसक्ने महिलालाई माथि पुऱ्याइएको छ । यसले महिलाको समग्र विकासमा बाधा पुऱ्याएको छ ।

# संस्थागत दिगोपनका लागि स्थिरीकरण कोष र स्तरीकरण कार्यक्रम



सुनसरीको इटहरीमा माघ १८ गते 'नेफ्स्कूनसँग साकोस' विषयक अन्तरक्रिया सम्पन्न भएको थियो । नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल प्रमुख व्यक्तित्व रहनुभएको कार्यक्रम नेफ्स्कूनकी सञ्चालक सदस्य एवं इटहरी फिल्ड कार्यालय व्यवस्थापन उपसमिति संयोजक गोमा नेपालको अध्यक्षतामा भएको थियो भने नेफ्स्कूनका निवर्तमान कोषाध्यक्ष केशव पोखरेल अतिथिको रूपमा रहनुभएको थियो । कार्यक्रमको उद्घाटन नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष ढकालले गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै बरिष्ठ उपाध्यक्ष ढकालले अभियानलाई पूर्ण रूपमा विश्वास गरेर सदस्य संस्थाहरूले कारोबार गर्नुपर्ने बताउनुभयो । साकोसको समस्या अभियानको समस्या भएको बताउँदै बरिष्ठ उपाध्यक्ष ढकालले आफ्ना सदस्यहरूलाई जस्तोसुकै सहयोग गर्न नेफ्स्कून तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो । बजारमा देखिएको तरलता संकुचनतर्फ संकेत गर्दै उहाँले सञ्जाल सहकार्यमा विश्वास गरी अभियान भित्रबाटै निकास निकाल्नुपर्नेमा जोड दिनुभयो । साकोस अभियानको सुरक्षा कवच स्थिरीकरण कोषमा योगदान गर्न पनि उहाँले बिशेष आग्रह गर्नुभयो । त्यस्तै, नेफ्स्कूनले सञ्चालन गरेका स्तरीकरण कार्यक्रममा सहभागी भई संस्थालाई सुरक्षित, दिगो र विश्वासिलो बनाउन बरिष्ठ उपाध्यक्ष ढकालको अनुरोध थियो । नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष ढकालले नेफ्स्कून र सदस्य साकोसहरूबीच सदैव हार्दिकताको सम्बन्ध रहेको भन्दै संघका उत्पादन तथा सेवा सदैव सदस्य केन्द्रीत रहने विश्वास दिलाउनुभयो ।

साकोसका अध्यक्ष र व्यवस्थापक गरी २५ जना सहभागी अन्तरक्रियात्मक कार्यक्रममा अतिथि नेफ्स्कूनका निवर्तमान कोषाध्यक्ष केशव पोखरेलले विषम परिस्थितमा आन्तरिक र बाह्य कारणले पुँजीगत खर्च नभएका कारण पनि वित्तीय संकूचन पैदा भएको बताउँदै यस्तो अवस्थामा साकोसहरूले बिशेष सावधानी पुऱ्याउनुपर्ने धारणा राख्नुभयो । उहाँले सहकारीहरूले सदस्यहरूलाई फिर्ता गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन बचतको सही विश्लेषण गरेर पुँजी परिचालन गर्न सक्दा राम्रो हुने जानकारी गराउनुभयो । अभियानको ऐक्यबद्धता, नीति, विधिको परिपालना र सहकार्यले वित्तीय संकूचनको अवस्थाबाट पार पाउन सकिनेमा उहाँको पनि जोड थियो ।

स्वागत मन्तव्य राख्दै नेफ्स्कून सञ्चालक गोमा नेपालले छाता संघले सदस्य साकोसहरूको सहभागितामा अपेक्षा संकलनका लागि कार्यक्रम आयोजना गरेको बताउनुभयो । उहाँले केन्द्रीय संघलाई चलाउने नै सदस्य साकोसहरू भएको बताउँदै सोही कारण सदस्य संस्थाहरूलाई नेफ्स्कूनले सदैव विशेष महत्व दिने गरेको उल्लेख गर्नुभयो । संघकी सञ्चालक नेपालले नेफ्स्कूनका लागि आवश्यक पृष्ठपोषण र अनुभव आदान प्रदान गर्न कार्यक्रम राखिएको बताउनुभयो ।




तरलता चाप व्यवस्थापनका लागि सबैको सहयोग र सञ्जाल सहकार्यमा उहाँको पनि बिशेष जोड थियो । नेफ्स्कूनका व्यवसाय अधिकृत मुकेश दाहालले सञ्चालन गर्नुभएको कार्यक्रममा संघको विराटनगर सेवा केन्द्र इन्चार्ज विन्दा भट्टराईसँगै इटहरी फिल्ड कार्यालयका कर्मचारीहरूको पनि व्यवस्थापन सहयोग रहेको थियो ।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले पृष्ठपोषण प्रदान गर्नुका साथै संघसँगको अपेक्षाहरू पनि राख्नुभएको थियो ।

# सहकारी मन्त्री श्रेष्ठका सय दिने उपलब्धि सार्वजनिक

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले पदबहाली पछिका सय दिनका उपलब्धिहरू माघ २५ गते सार्वजनिक गर्नुभएको छ । मन्त्रीद्वारा सार्वजनिक गरिएका ५० बुँदामा २१ देखि २९ सम्मका ९ बुँदा सहकारी सम्बन्धी उपलब्धिहरूमा समेटेर सार्वजनिक भएका हुन् । जसहन्तर्गतः

सहकारी मार्फत उद्यमशिलता विकास गर्न र स्वःरोजगारी सृजना गर्न ५६० जनालाई व्यवसाय प्रवर्द्धन सम्बन्धी विभिन्न किसिमका तालिम प्रदान गरिएको ।

सहकारी संघ संस्था र स्थानीय तहसँगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना गरी कृषकलाई आय श्रृंखलामा जोड्ने क्रममा सहकारी बजार विकास कार्यक्रम अन्तर्गत एक सहकारी बजार सवलीकरण कार्य सम्पन्न गरिएको र दुई संकलन केन्द्र निर्माण कार्य सम्पन्न भएको । सहकारी बजार व्यवस्थित रूपमा सञ्चालन गर्न नमुना कार्यविधि तयार भएको ।

सहकारी संस्थाहरूलाई सामाग्री तथा प्राविधिक सहयोग गर्ने कार्य अन्तर्गत नुवाकोट तथा धादिङ जिल्लाका ६ विभिन्न कृषि सहकारी संस्थालाई तरकारी तथा फलफूल बजारसम्मको सुरक्षित ढुवानीका लागि ढुवानीका साधन उपलब्ध गराईएको ।

सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) प्रणालीमा सहकारीको तथ्यांक सम्पुष्टी, प्रविष्टी तथा प्रमाणीकरण गर्ने कार्य अन्तर्गत थप १५०० सहकारी संस्थाहरूलाई प्रणालीमा आवद्ध गरी ८ हजार ७ सम्म पुऱ्याइएको ।

सहकारी संस्थाको प्रवर्द्धन तथा व्यवसाय विस्तारका लागि नेपाल सरकारबाट प्रदान गरिने अनुदानलाई सरल, पारदर्शी र प्रभावकारी तुल्याउन सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८ स्वीकृत भएको । अनुदानको अन्तिम किस्ता दिन बाँकी रहेका सहकारी संस्थालाई सोही कार्यविधि बमोजिम अनुदान उपलब्ध गराइएको ।

समस्त सहकारी क्षेत्रको नियमन, क्षमता अभिवृद्धि, सहकारीमा सुशासन प्रवर्द्धन, सहारी क्षेत्रको सहभागिता तथा विकास मार्फत तीब्र आर्थिक बृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने लगायतका विषय समेटी सहकारी सम्बन्धी Vision Paper तयार गर्ने क्रममा प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ।

विद्यमान सहकारी नीतिमा पुनरावलोकन तथा समयानुकूल परिमार्जनका लागि राष्ट्रिय सहकारी नीति, २०६९ परिमार्जन कार्यदल गठन गरिएको ।

बचत तथा ऋण सहकारी संस्थाहरूको जोखिम विश्लेषण अध्ययनको लागि कार्य अगाडि बढाइएको ।

सहकारी संस्थाहरूले वित्तीय कारोबार गर्दा लिने व्याजदरमा सीमा कायम गर्नका लागि सन्दर्भ व्याजदर निर्धारण कार्यको लागि आवश्यक अध्ययन विश्लेषण भइरहेको ।

संघ, प्रदेश र स्थानीय तहको सहकारी कानुनको तुलनात्मक अध्ययनको लागि कार्य अगाडि बढाइएको । साझा सहकारी संस्थाहरूको सम्बन्धमा अध्ययन गरी सुझाव र सुधारका उपाय सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्न सहकारी विभागको रजिष्ट्रारको संयोजकत्वमा कार्यदल गठन भई अध्ययन भइरहेको मन्त्रीको कार्यप्रगतिमा उल्लेख छ ।

# ६५औं राष्ट्रिय सहकारी दिवसको नाराः गत वर्षकै निरन्तरता

राष्ट्रिय सहकारी महासंघले गत वर्षकै निरन्तरता स्वरूप ६५औं राष्ट्रिय सहकारी दिवसको थिम (नारा) 'मर्यादित व्यवसाय र प्रविधिमा सहकारी' तय गरेको छ । चैत्र ७ गते बसेको संघको सञ्चालक समितिको बैठकले ६५ औं राष्ट्रिय सहकारी दिवसको लागि गत वर्षकै थिम (नारा) लाई निरन्तरता दिने निर्णय गरेको हो ।

महासंघले फागुन ११ गते एक राष्ट्रिय दैनिक पत्रिकामा सूचना जारी गर्दै थिम प्रस्ताव आव्हान गरेको थियो । तर चित्तबुझ्दो प्रस्ताव नआएपछि पुरानै थिमलाई निरन्तरता दिइने जनाएको थियो ।

नेपालमा सहकारी स्थापना भएको दिनको सम्झना गर्दै हरेक वर्ष चैत्र २० गते सहकारी दिवस मनाइन्छ । हरेक सहकारी वर्षमा नारा तय गरी सहकारीलाई दिशानिर्देश गर्ने काम महासंघले गर्दै आएको छ । ६४औं राष्ट्रिय सहकारी दिवसमा तय भएको नाराले सार्थक रूप पाउँदै गरेको अवस्था छ । धेरै सहकारी संस्थाहरू प्रविधिमा समेत प्रवेश गरेको छ । नेपाल सरकारले पनि सहकारीलाई प्रविधिमा जान नीतिगत व्यवस्था गरेको छ ।

# सक्षम सञ्जाल साकोस प्रोबेसनमा आबद्ध



जोरपाटीस्थित सक्षम सञ्जाल साकोस नेफ्स्कूनले सञ्चालन गरेको प्रोबेसनमा माघ १० गते आबद्ध भएको छ । नेफ्स्कूनका सञ्चालक सदस्य न्हुच्छे नारायण मिलन श्रेष्ठ, संघका बरिष्ठ अधिकृत भरत प्रसाद न्यौपाने, संस्थाका अध्यक्ष नवराज पौड्याल, प्रमुख कार्यकारी अधिकृत राजकुमार कार्की लगायत सहभागी कार्यक्रममा सम्भौतामा हस्ताक्षर गरिएको थियो ।

संस्थालाई वित्तीय रूपमा सुरक्षित, सबल र दिगो बनाउन नेफ्स्कूनले सञ्चालन गरेको साकोसहरूको गुणस्तर प्रमाणीकरण सम्वन्धी कार्यक्रम प्रोबेसनमा सहभागी भएको साकोसले जनाएको छ । सहकारी ऐन २०४८ बमोजिम २०६५ साल माघ २७ गते डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता भई २०६६ साल बैशाख २७ गतेदेखि कार्यालय स्थापना गरी सञ्चालनरत सक्षम सञ्जाल साकोसको गोकर्णेश्वर नगरपालिकाका सबै वडा तथा बुढानिलकण्ठ नगरपालिकाको कपन कार्यक्षेत्र रहेको छ । साकोसमा हाल १३ सय बढी सदस्य छन् भने कुल कारोबार ४४ करोड बढीको छ ।

# महोत्तरीमा 'आधारशिला' र 'कर्ब्स' सम्भौता



प्रदेश नं २ को महोत्तरी जिल्लामा नेफ्स्कूनले सञ्चालन गरेका दुई कार्यक्रममा सम्भौता भएको छ । नेफ्स्कून-औरही नगरपालिकाबीच आधारशिला कार्यक्रममा सम्भौता भएको छ भने बिषहारामाई साकोससँग कर्ब्स सम्भौता भएको हो ।

औरही नगरपालिकाको तर्फबाट नगर प्रमुख सुनिल कुमार यादव र निमित्त प्रमुख प्रशासकीय अधिकृत निलाम्बर मिश्र तथा नेफ्स्कूनका तर्फबाट अनुगमन अधिकृत श्यामराज तिमल्सिनाले आधारशिला कार्यक्रम सम्भौतापत्रमा हस्ताक्षर गर्नुभयो । जिल्ला सहकारी संघ महोत्तरीका संचालक सदस्य तथा औरही सहकारी सञ्जालका संयोजक रामनारायण साह पनि त्यस अवसरमा उपस्थित रहनुभएको थियो ।

औरही नगरपालिकाका सबै प्रकृतिका सहकारीहरूको स्तरोन्नति तथा नीति, विधि र प्रविधिमा संचालन गराउने उद्देश्य अनुरूप कार्यक्रममा सम्भौता भएको हो । तीन वर्ष अवधिमा सञ्चालन हुने उक्त कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका सहकारीहरूको अवस्था मापन ,नीति तथा संस्थागत परामर्श सेवा प्रदान, सहकारी सचेतना कार्यक्रम सञ्चालन ,आधारभूत लेखा व्यवस्थापन तालिम, स्थानीय तहलाई नीतिगत तथा संस्थागत क्षमता विकास परामर्श, बचत तथा ऋण व्यवस्थापन तालिम ,व्यवसाय विकास तालिम आदि सञ्चालन हुनेछ । आधारशिला कार्यक्रममा सम्भौता गर्ने औरही नगरपालिका महोत्तरी जिल्लाको पहिलो नगरपालिका हो । प्रदेश २ का सबै स्थानीय तहलाई विविध कार्यक्रमहरूमा आवद्ध गराई सहकारीहरूको स्तरोन्नतिमा सहयोग तथा सहजीकरण गर्ने लक्ष्य आधारशिला कार्यक्रमको रहेको छ ।

यस्तै, बिषहारामाई साकोसको कार्यालयमा कर्ब्स कार्यक्रम सम्भौता भएको हो । संस्थालाई नीति, विधि र प्रविधिमा संचालन गरी गुणस्तर साकोस निर्माण गर्न सहयोग पुग्ने उद्देश्य अनुरूप कर्ब्समा आवद्ध भएको साकोसका अध्यक्ष जितेन्द्र यादवले जानकारी दिनुभयो ।

सम्भौता पत्रमा साकोसका तर्फबाट अध्यक्ष जितेन्द्र यादव, सचिव राम नारायण साह र व्यवस्थापक दिनेश कुमार यादवले तथा नेफ्स्कूनको तर्फबाट अनुगमन अधिकृत श्यामराजा तिमल्सिनाले हस्ताक्षर गर्नुभएको थियो ।



# कालिगण्डकी गाउँपालिकासँग आधारशिला सम्झौता

कालिगण्डकी गाउँपालिका गुल्मीले नेफ्स्कूनले सञ्चालन गरी रहेको आधारशिला कार्यक्रमको लागि कार्यान्वयन सम्झौता गरेको छ । माघ १८ गते पालिका अध्यक्ष बेद बहादुर थापा, उपाध्यक्ष तारा थापा, प्रमुख प्रशासकीय अधिकृत बाबुराम पल्ली, शिक्षा शाखा प्रमुख अग्रिधर पराजुली, सहकारी शाखा प्रमुख ऋषि राना, नेफ्स्कूनका फिल्ड कार्यालय इन्चार्ज छत्र प्रसाद धमला र कार्यक्रम अधिकृत रिता सुवेदीको उपस्थितिमा नगरपालिकाको कार्यलयमा आधारशिला कार्यक्रममा सम्झौता सम्पन्न भएको हो । सम्झौता पत्रमा संघको तर्फबाट फिल्ड कार्यालय इन्चार्ज छत्र धमला र नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत बाबुराम पल्लीले हस्ताक्षर गर्नु भएको थियो भने रोहबरमा पालिकाका तर्फबाट प्रमुख र उप-प्रमुख र संघको तर्फबाट कार्यक्रम अधिकृत सुवेदी बस्नु भएको थियो । ११ वटा सहकारी रहेको पालिका गुल्मी जिल्लाको सदरमुकाम भन्दा सबैभन्दा टाढाको दूरीमा अवस्थित छ । सम्झौता कार्यक्रममा पालिका अध्यक्ष थापाले सहकारीको विकास बिना आर्थिक र सामाजिक विकास सम्भव नभएको र पालिकाको सीमित जनशक्तिबाट सहकारी नियमन तथा प्रबर्द्धनका कामहरू प्रभावकारी हुन नसकेकोले सहकारी अभियानको अनुभवी संघ सँगको सहकार्यले उक्त अभावले पूर्णता पाउने विश्वास व्यक्त गर्नुभयो ।



सोहि दिन जिल्लाको गुल्मीदरबार गाँउपालिकाको आयोजनामा आधारशिला कार्यक्रमको अभिमुखीकरण सम्पन्न भएको छ । पालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेको अध्यक्षतामा सम्पन्न अन्तरक्रियाका प्रमुख अथिति कार्यबाहक पालिक अध्यक्ष मिना भण्डारी रहनु भएको थियो । अन्तरक्रिया कार्यक्रममा गाउँ पालिकाको सामाजिक शाखा प्रमुख नवराज घिमिरे, सहकारी शाखा प्रमुख विभिन्न सहकारी संस्थाका प्रतिनिधिहरू र संघका फिल्ड कार्यालय इन्चार्ज छत्र धमाला र कार्यक्रम अधिकृत रिता सुवेदीको सहभागिता थियो । कार्यक्रममा आधारशिला कार्यक्रमको परिचयात्मक र प्रक्रियागत सहजिकरण फिल्ड इन्चार्ज र कार्यक्रम अधिकृतले गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि पालिका अध्यक्षले विभिन्न वित्तीय संस्थाहरूको अस्वस्थ प्रतिस्पर्धाले ग्रामिण क्षेत्रका महिलाहरू ऋणमा डुबी रहेको बिभिन्न घटनाहरू समेत घटिरहेकोले समुदायलाई वित्तीय रूपमा साक्षर बनाउन आवश्यक वित्तीय सेवा प्रदान गर्न उपयुक्त विकल्प सहकारी भएको धारणा राख्नु भयो ।

पालिकाले संघको प्राविधिक सहयोगमा सहकारीको क्षमता विकास गर्ने र सञ्चालनमा आउन नसक्ने संस्थाहरूलाई एकीकरण वा खारेजीको प्रकृयामा लाने धारणा राख्नु भयो । प्रमुख प्रशासकीय अधिकृत पाण्डेले भौतिक विकासका साथै आर्थिक र सामाजिक विकास विना समग्र विकास अपूर्ण हुने भएकाले सहकारी मार्फत आर्थिक तथा सामाजिक विकास गर्न सकिने धारणा राख्नु भयो । सहकारीको संस्थागत विकास र ऐनको परिपालना गर्ने सम्दर्भमा नेफ्स्कून हेल्पिङ ह्याण्डको रूपमा रहने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रममा सहभागी सहकारीकर्मीहरूले आधारशिला असाध्यै राम्रो कार्यक्रम भएकोले पालिकाले छिटो सम्झौता गरी कार्यान्वयनमा जानु पर्ने सुझाव ब्यक्त गर्नु भयो । प्रमुख प्रशासकीय अधिकृत र पालिका अध्यक्षले कार्यपालिकाको बैठकबाट निर्णय गरी सम्झौता गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । उक्त कार्यक्रमको सञ्चालन सहकारी शाखा प्रमुखले गर्नु भएको थियो ।



# काभ्रे जिल्ला बचत संघका नवनिर्वाचित सञ्चालक समितिलाई बधाई तथा शुभकामना

नेफ्स्कूनले काभ्रेपलाञ्चोक बचत तथा ऋण सहकारी संघ लि. को पुस १० गते सम्पन्न २४ औं वार्षिक साधारण सभाबाट निर्वाचित सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिलाई माघ ३ गते एक औपचारिक कार्यक्रम गरी बधाई तथा शुभकामना ज्ञापन गरेको छ । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, सञ्चालक सदस्य जिवसराज खड्का, प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल लगायतको टोलीका तर्फबाट जिल्ला बचत संघका अध्यक्ष जितेन्द्र नकर्मीसहितको १३ सदस्यीय सञ्चालक समिति र शिवप्रसाद आचार्यको संयोजकत्वको ३ सदस्यीय लेखा सुपरिवेक्षण समितिका सदस्यहरूलाई हार्दिक बधाई सहित कार्यकाल सफलताको शुभकामना व्यक्त गरिएको हो ।




बनेपामा आयोजित एक कार्यक्रममा नेफ्स्कूनले काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को २४ औं वार्षिक साधारण सभाबाट नवनिर्वाचित सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिलाई बधाई तथा शुभकामनासहित साकोस अभियानका समसामयिक विषयमा संक्षिप्त अन्तरक्रिया समेत गरेको थियो । कार्यक्रममा संघका सल्लाहकारहरू इन्द्र प्रसाद अधिकारी, प्रदीप थापा, तीर्थमाया प्रधान, बागमती प्रोस्कूनका सदस्य प्रकाश बञ्जारा लगायतको उपस्थिति थियो ।

# नेफ्स्कून म्याग्दी सेवा केन्द्र उद्घाटन तथा कारोबार सञ्चालन




नेफ्स्कून म्याग्दी सेवा केन्द्रको उद्घाटन तथा कारोबार सञ्चालन भएको छ । म्याग्दी सदरमुकाम बेनी ८, न्यूरोड अवस्थित संघको ११ औं सेवा केन्द्रको माघ ८ गते शनिबार उद्घाटन भएको हो भने माघ ९ गतेबाट कारोबार सुरू भएको हो । नेफ्स्कूनका सञ्चालक सदस्य चण्डी प्रसाद शर्मा पौडेल र पोखरा फिल्ड व्यवस्थापन उपसमिति सदस्य रामजी प्रसाद सुवेदीको उपस्थितिमा कारोबार सञ्चालन भएको हो । पहिलो दिन कारोबारकर्ता सदस्य संस्थाको तर्फबाट मिना आचार्यले दीप प्रज्वलन गरी कारोबार शुभारम्भ गर्नुभएको सेवा केन्द्र प्रमुख धर्मराज जोशीले जानकारी गराउनुभयो ।

# लघु उद्यमबाटै नरमायाको नसोचेको सफलता



"पहिलो स्वीटर विक्रिबाट प्राप्त गरेको १५ सय रुपियाँले मेरो जीवनमा परिवर्तन ल्याइदियो । जुन मेरा लागि १५ हजार पाएसरह भयो ।"

**-नरमाया खनाल दंगाल, उद्यमी**





उर्लाबारी-७, मोरङ निवासी नरमाया खनाल दंगालको दैनिकी निकै फेरिएको छ । "हातमा सीप भएपछि यो दिन आउँदो रहेछ, यस्तो होला भन्ने कहिल्यै सोचेकी पनि थिइन, उहाँले भन्नुभयो, काँटी खेलाउने, स्वीटर बुन्ने सोख थियो, त्यसमा निखार ल्याउँदा सफल भएँ ।"

झापाकी नरमायाको १९ बर्षकै उमेरमा झापाकै स्थानीय खड्कप्रसाद दंगालसँग विवाह भयो । एस.एल.सी. परीक्षा दिएर बिबाह भएकी नरमायाको पढाइ एस.एल.सी. फेल र बिहे पाससँगै रोकियो । रातदिन घरको दुख, घाँस र कुटो कोदालोमै दैनिकी टयी । घर–गृहिणीको काम सम्हालेर मात्र बस्ने मन थिएन । त्यो दिन सम्झन पनि मन लाग्दैन, दुख त कति गरियो गरियो नि भनिसाध्ये छैन, उहाँ सम्झनुहुन्छ, "त्यतिवेलाको दुख र अभाव सम्झँदा त आज कहाँबाट कहाँपुगे जस्तै लाग्छ ।"

उद्यमी नरमायाको सफल उद्यम हो (हस्तकला उद्योग), उनको धागोबाट बनाइने सामग्रीहरू । नरमाया हस्तकला उद्योगबाट उहाँले उलनका माग अनुसारका लेडिज, जेन्ट्स स्वीटरहरू, विभिन्न डिजाइनका टोपी, स्कूल ड्रेसका स्वीटर, झुमर, कुसन, व्याग, ऐना, फुलदानी, फुल रोप्ने ढकी लगायतका सामग्री निर्माण गर्नुहुन्छ । सानो लगानी तर तुरून्त प्रतिफल प्राप्त हुने व्यवसायबाट आज उहाँ एक सफल उद्यमी साथै तालिम प्रशिक्षक बन्नुभएको छ ।

"सधैं दुख मात्र गरेर केही हुने भएन अब केही गनुपर्छ भन्ने सोचले २०५२ सालमै म र श्रीमान दमक झर्यौं । दमकमा रहेको चन्द्रसूर्य सीप विकास केन्द्रबाट ३ महिने स्वीटर बुन्ने तालिम लिँए, उहाँले भन्नुभयो, ऋण धन गरेर त्यही बेला श्रीमान पनि पैसा कमाउने सोचले दुवई जानुभयो ।" स्वीटर बुन्ने तालिम लिएपनि घरको जिम्मेवारी र साना छोराछोरी हुर्काउँदा पढाउँदा सिकेको सीप त्यतिकै पछाडि परेको उहाँले सुनाउनुभयो ।"

"नारी संकल्प साकोससँगको मेरो साइनो जीवनमा वरदान सावित भयो ।"

तीन बर्ष दुवई बसेपछि उहाँका श्रीमान पनि नेपालमै केही गर्ने सोचले घर फर्किनुभयो । उर्लाबारी–७, मोरङमा घर बनाएर उहाँहरू झापाबाट बसाई सर्नुभयो ।  २०६३ सालमा उर्लाबारी–७ मा अवस्थित नारी संकल्प बचत तथा ऋण सहकारी संस्था (साकोस) मा नरमाया सदस्य बन्नुभयो । नारी संकल्प साकोससँगको साइनो उहाँको जीवनमा अमूल्य वरदान सावित भयो । "आफुँसँग भएको सीपका बारेमा कुरा गर्दै जाँदा साकोसका तत्कालिन अध्यक्ष सीता कार्कीले हातको सीप खेर नफाल्न र केही काम गरेर देखाउन थप्नुभएको उत्साह आज दिनरात सम्झिएको छु, उहाँले भन्नुभयो, मेरो जिवनमा नारी संकल्प साकोस, अध्यक्ष सीता कार्की दिदी, उपाध्यक्ष गोमा नेपाल र तत्कालिन कोषाध्यक्ष सोभितमाया तामाङ प्रेरणाको स्रोत हुनुहुन्छ ।"

हातमा सीप, परिवारको साथ सहयोग र सहकारीकर्मी साथीहरूको हौसला र प्रेरणाले उहाँलाई व्यावसायिक बन्न प्रेरित गर्यो । सुरुमा ३०० रूपियाँमा धागो खरिद गरी बुनेको पहिलो स्वीटर उहाँले श्रीमानलाई लगाइदिनुभयो । स्थानीय पसलमा उहाँका श्रीमानले लगाउनुभएको स्वीटरको निकै तारिफ भयो र त्यस्तै स्वीटरका लागि अर्डर आयो । "स्वीटर तयार गरेँ, पैसा कति ? उहाँले सोध्नुभयो, तर कति पैसा लिने मैले भन्नै सकिन, धागोको पैसा दिनुस् न भने उहाँले १५ सय दिनुभयो, मेरा लागि १५ हजार पाएसरह भयो ।" उद्यमी नरमाया भन्नुहुन्छ, स्वीटर बुनेर पहिलोचोटी प्राप्त कमाईबाट ५ सय राखेँ, एक हजारको धागो खरिद गरें । मैले बुनेको दोस्रो स्वीटर स्थानीय ड्राइभर भाइले किन्नुभयो । त्यसपछि साच्चिकै व्यावसायिक सोचको विकास भयो ।"

उर्लाबारी–७ नं वडा कार्यालयले उद्यमीका लागि बजेट दिन्छ भन्ने जानकारी पाएपछि उहाँमा निकै उत्साह थपियो । "वडामा प्रस्ताव पेश गरे, वडाले ७५ हजार बजेट पास गरिदियो । प्राप्त बजेटबाट मैले सोही वडाका १४ जना दिदीबहिनीहरूलाई तालिम दिएँ । उहाँले भन्नुभयो, २०७५ सालदेखि लगातार वडाबाट बजेट उपलब्ध भएको छ, त्यसैबाट वडाभित्रका महिला दिदीवहिनीहरूलाई तालिम दिइरहेकी छु । दोस्रो वर्ष १८ जना र तेस्रो बर्ष २० जना दिदीबहिनीहरूले मबाट सीप सिक्नुभएको छ । यस वर्ष पनि वडाबाट प्राप्त बजेट अन्तर्गतको तालिम कार्यक्रम बाँकी छ ।"

टोलमा निस्कँदा आज कोही पनि दिदीबहिनी खाली हात नवसेको देख्दा अत्यन्त खुसी लाग्छ उहाँ भन्नुहुन्छ, "आर्थिक अभावका कारण घरेलु हिंसामा परेका र श्रीमानबाट पीडित दिदीवहिनीहरूमा पनि आर्थिक परिवर्तन भएको छ, यही सीपको प्रयोगबाट उहाँहरूको जीवन हाँसीखुसी भएको छ । लोप भैसकेको काँटी बुन्ने र स्वीटर तयार पार्ने यो पेसाले आम दिदीबहिनीको जीवनमा आर्थिक परिवर्तन ल्याएको देख्दा गर्व महसुश हुन्छ ।"

उद्यमी नरमायाले सायौंको संख्यामा स्थानीय दिदीबहिनीहरूलाई सीप सिकाउनुभएको छ । "दिदीबहिनीहरू जति सक्नुहुन्छ, सीप सिक्नुहोस् भन्छु, आजसम्म मैले सीप सिकाएर कसैसँग एक सुका लिएको छैन, उहाँ भन्नुहुन्छ, मसँग आएको अर्डरको काम उहाँहरूलाई दिन्छु, धागोको पैसा दिनुहुन्छ र सामानको पैसा उहाँहरूलाई नै हुन्छ ।

उद्यमी नरमायाले आफ्नो व्यवसाय सञ्चालनका लागि ठूलो ऋण लिनुपरेको छैन । उहाँले ससानो लगानीबाट धागो खरिद गर्ने र सामग्री विक्रि गरेर आएको पैसा पुन लगानी गर्ने गर्नुहुन्छ । घर र संघ संस्थामा परेका सम्पूर्ण कामहरू भ्याएरै पनि उहाँले मासिक ५० हजार सहजै कमाउनुभएको छ । २०६३ सालमा नारी संकल्प साकोसको सदस्य बन्नुभएकी नरमाया एक कार्यकाल उपसमिति र लगातार ४ कार्यकालसम्म सञ्चालक समिति सदस्यमा हुनुहुन्छ । त्यसैगरी जिल्लाकै घरेलु तथा साना उद्योग समितिकी सदस्य समेत हुनुहुन्छ ।



उद्यमी नरमायालाई भने यतिवेला माग अनुसारको सामान पुर्‍याउन भ्याइनभ्याइ छ । "जाडोको लागि बर्खामा नै धेरै सामान तयारी गरेर राख्नुपर्छ, तर त्यसले मात्र पुग्दैन, जाडोमा झन् विभिन्न डिजाइनका टोपी र स्वीटरहरूको माग हुन्छ । उहाँ भन्नुहुन्छ, जाडोको समय विवाह भोजका लागि लङ पाटी स्वीटरको माग अत्याधिक छ, त्यसका लागि धागो किन्न इटहरी जान लाग्दैछु ।"

श्रीमानको साथ सहयोगले पनि उहाँलाई उलनका सामग्री निर्माणमा सहयोग पुगेको छ । "पसलको कमाईभन्दा मेरो कमाई राम्रो छ । मेरै कमाइले घर र अन्य खर्चपनि सहजै धानेको छ । उहाँ भन्नुहुन्छ, श्रीमानले पनि सिलाउने, धागो फुकाउने मिलाउने काममा सहयोग गर्नुहुन्छ । फुल स्वीटर बुन्न ३/४ दिन लाग्छ । बुट्टा भरेको टोपी एक दिनमा सकिन्छ । मेसिनमा बनाउन सजिलो हुन्छ, तर हातले बनाएको जस्तो राम्रो मेसिनको हुँदैन । सबैजना हातले नै बनाएको खोज्नुहुन्छ ।"

माग अनुसार सामान पुर्‍याउनै सकेको छैन । सजिलो होला

भनेर मेसिन पनि किनेकी छु, तर हातले बुनेकै माग हुन्छ । उहाँले भन्नुभयो, "नगरपालिकाको पहलबाट सामाजिक विकास मन्त्रालय मार्फत २ लाख अनुदान सहयोग पाएकी थिएँ । त्यसबाट १ लाख ८० हजारमा एउटा मेसिन किनेँ, पैसा थपेर ७० हजारमा अर्को मेसिन पनि किनेकी छु । हातले बुनेको स्वीटर २ हजारमा विक्रि हुन्छ, मेसिनले बुनेको सस्तो छ, ४/५ सयमै तयार हुन्छ ।"

"नारी संकल्प साकोस परिवारको साथ सहयोग र हौसलाको म सँधै ऋणी छु । संस्थाकी अध्यक्ष सीता कार्की, पूर्व अध्यक्ष मीना कार्की, उपाध्यक्ष गोमा नेपाल, सल्लाहकार सोभित माया तामाङ, व्यवस्थापक चित्र न्यौपाने लगायत साकोस परिवारका धेरै व्यत्तित्वहरू मेरा प्रेरणाका स्रोत हुनुहुन्छ, सबैप्रति आभारी छु । उहाँले भन्नुभयो, समुदायमै उदाहरणीय पात्र भनेर मेरो नाम संवोधन गरिदिँदा हर्ष लाग्छ ।"

उद्यमी नरमायाको परिवारमा एक छोरी, एक छोरा र श्रीमान हुनुहुन्छ । "छोरीको विवाह भएर नातिनी पनि पाइसकेकी छु, उहाँले भन्नुभयो, घरको परिस्थितिले गर्दा छोरीको विहे पनि सानै उमेरमा गर्नुपर्यो, छोरीले पढाई पनि पुरा गर्न पाइनन्, अब छोरीलाई पनि स्वीटर बुन्ने सीप सिकाउन खोजेकी छु ।" उहाँका २६ बर्षिय छोरा पनि स्थानीय बोर्डिङ स्कूलमा पढाउनुहुन्छ । श्रीमान्ले पनि स–सानो विउविजन पसल सञ्चालन गर्नुभएको छ ।


"सीप सिकौं । आत्मनिर्भर बनौं । मेहनत गर्नुपर्छ, जुनसकै कामबाट पनि सफलता हात लाग्छ । उद्यमी नरमाया भन्नुहुन्छ, उच्च शिक्षा र ठूलो लगानीमात्रै चाहिन्छ भन्ने छैन । सानोबाटै सुरू गरे, ठूलो सफलता भोलि अवश्य मिल्छ ।" हरेक ठाउँका महिलाले आर्थिक उपार्जन हुने काम गर्न उहाँ जोड दिनुहुन्छ । भन्नुहुन्छ, "काम गर्छु भन्ने संकल्प लिए महिलालाई दुई–चार पैसा कमाउन मुश्किल छैन । महिलाले घर मात्रै सम्हाल्नुपर्छ भन्ने हुँदैन ।"

# बचत ऋण र तरकारी उत्पादक कृषि सहकारीबीच एकीकरण

विराटनगर महानगरपालिका वडा नम्बर ८ मुख्य कार्यालय रहेको ईश्वर बचत तथा ऋण सहकारी संस्था लि. र कटहरी गाउँपालिका वडा नम्बर २ स्थित तरकारी उत्पादक कृषि सहकारी संस्था लि. बीच एकीकरण भएको छ । दुई भिन्न प्रकृतिका सहकारीहरूबीच माघ ९ गते एकीकरण कार्य सम्पन्न भई प्रदेश सहकारी रजिष्ट्रार कार्यालय सुनसरीबाट संस्था एकीकरण प्रमाणपत्र समेत प्राप्त भएको छ ।

एकीकरण पश्चात् संस्थाको नाम ईश्वर बचत तथा ऋण सहकारी संस्था लि. बिराटनगर-८ हाटखोला कायम भएको छ भने अध्यक्ष धर्म लाल सिंह कोइरी र अनिरूद्र प्रसाद राजबंशी सहित २० जनाको सञ्चालक समिति कायम भएको छ । कानुनतः ९० दिनभित्र एकीकृत साधारणसभा आयोना गरी नयाँ सञ्चालक समिति गठन गरिने तयारीमा संस्था जुटेको व्यवस्थापक बल बहादुर घिमिरेले जानकारी गराउनुभयो । विगतमा पनि ईश्वर साकोस र सपोर्ट नेपाल बचत तथा ऋण सहकारी संस्था लि., कटहरी ४ बीच एकीकरण भएको थियो । ईश्वर साकोसले सहकारी विभाग, नयाँ बानेश्वर काठमाडौंबाट २०७६ साल फागुन २२ गते एकीकरणको स्वीकृति प्राप्त गरेको थियो ।

पछिल्लो एकीकरणसँगै अब ईश्वर साकोसको कुल सम्पत्ति १० करोड २८ लाख रूपैयाँ र सदस्य संख्या साढे १२ सय पुगेको व्यवस्थापक घिमिरेले साकोस आवाजलाई बताउनुभयो । एकीकृत कारोबार सुरू भैसकेको बताउँदै उहाँले अब सदस्यहरूको कृषि उपज उत्पादनको बजारीकरणका लागि साकोसले काम गर्ने बताउनुभयो । साकोसको कार्यक्षेत्र विराटनगर महानगरपालिकासँगै कटहरी, जहदा र ग्रामथान गरी ३ वटा गाउँपालिका पुगेको छ भने हाल २ सेवा केन्द्र सञ्चालनमा छ । ईश्वर साकोस हाल नेफ्स्कूनले सञ्चालन गरेको साकोसहरूको गुणस्तर सुनिश्चिततासम्बन्धी पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम प्रोबेसनमा आबद्ध छ । २०७८ साल कार्तिक २६ गते सम्पन्न दुबै संस्थाका सञ्चालक तथा लेखा समिति, उपसमिति, सक्रिय सदस्यहरूको भेलाले एकीकरण प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो ।


प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सहकारी रजिष्ट्रार कार्यालय
प्रदेश नं. १, इटहरी, सुनसरी

संस्था एकिकरण प्रमाण पत्र

एकिकरण दर्ता नं. ६५/०७८-०७९

प्रदेश सहकारी ऐन, २०७६ तथा नियमावली २०७६ बमोजिम ईश्वर बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर-८, मोरङ लाई सीमित दायित्व भएको सहकारी संस्थामा दर्ता (एकिकरण) गरी प्रदेश सहकारी नियमावली २०७६ को नियम ३६ (क) बमोजिम यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

वर्गिकरण:- बचत तथा ऋण

एकिकरण भएको मितिः- २०७८/१०/०९

साविक दर्ता नं.:- ५१२(४४२)०६८/०६९

मितिः- २०६९/०२/०२

कार्यालयको छाप

दस्तखत:-

दर्ता गर्ने अधिकारीको नाम:-

पदः- रजिष्ट्रार

द्रष्टव्य:- मिति २०७८/१०/०९ को निर्णयानुसार निम्न सहकारी संस्थाहरु बीच एकिकरण भै यो संस्था कायम हुन आएको ।

१) ईश्वर बचत तथा ऋण स.स.लि. विराटनगर - ८, मोरङ

२) तरकारी उत्पादक कृषि स.स.लि. कटहरी गा.पा. २, मोरङ

यो प्रमाण पत्रलाई मात्र कारोबार गर्ने इजाजत पत्र मानिने छैन । विनियममा उल्लेखित उद्देश्य तथा कार्य बमोजिम कामकाज गर्दा सम्बन्धित निकायको स्वीकृति लिनु पर्ने भए सोही बमोजिम कार्य गर्नु पर्नेछ ।

# गुल्मीको रेसङ्गा नगरपालिकासँग आधारशिला कार्यक्रम सम्झौता

गुल्मीको रेसुङ्गा नगरपालिकासँग माघ १६ गते आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता भएको छ । नगरप्रमुख डिल्लीराम भुषाल, प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीसँगै वडा नं १, ५, १० र ११ का वडा अध्यक्षहरूसमेत सहभागी रहनुभएको सम्झौता हस्ताक्षर कार्यक्रममा नेफ्स्कूनकातर्फबाट रूपन्देही फिल्ड कार्यालय इन्चार्ज छत्र प्रसाद धमला र कार्यक्रम अधिकृत रिता सुवेदी सहभागी हुनुहुन्थ्यो ।

नेफ्स्कूनले स्थानीय निकायसँगको सहकार्य र समन्वयमा सबै प्रकृतिका सहकारीहरूको सक्षमता विकास तथा सशक्तीकरणका लागि विकास गरेको नयाँ कार्यक्रम हो आधारशिला । गुल्मीबाट प्रोबेसन ब्रान्ड प्राप्त गरी एक्सेस कार्यक्रममा सहभागी लेकाली स्वावलम्बन साकोसका कोषाध्यक्ष एवं सहकारी अभियन्ता कृष्ण पोखरेलले समन्वय गर्नुभएको कार्यक्रमममा नगरपालिकाको वडा नं १ का वडा अध्यक्ष अभिलेषण प्रसाद पाण्डे, वडा नं ५ का अध्यक्ष हरिप्रसाद शर्मा खनाल, वडा नं ११ का अध्यक्ष खुम राना र नगरपालिकाका प्रवक्ता समेत रहनुभएका वडा नं १० का अध्यक्ष पद्म अर्याल सहभागी हुनुभएको थियो । कार्यक्रममा नगरप्रमुख ले आधारशिला कार्यक्रमले समग्र सहकारीहरूको शुद्धीकरणमा योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । सहकारी अभियन्ता एवं लेकाली स्वावलम्बन साकोसका कोषाध्यक्ष पोखरेलले जिल्लाभरका सबै पालिकासँग आधारशिला कार्यक्रम सम्झौताको लागि समन्वय गर्न आफुले सहयोग गर्ने पनि बताउनुभयो । सम्झौतामा नगरप्रमुख भुसाल र नेफ्स्कूनका फिल्ड इन्चार्ज धमलाले प्रमुख मरासिनी तथा संघकी कार्यक्रम अधिकृत सुवेदीको रोहवरमा हस्ताक्षर गर्नुभएको थियो । उक्त कार्यक्रममा सहकारी अभियन्ता पोखरेल पनि सहभागी हुनुहुन्थ्यो ।

पछिल्लो समयमा आधारशिला कार्यक्रममा देशैभरका स्थानीय निकायहरूको चासो बढेको छ । स्थानीय निकायहरूसँगको सम्झौताका आधारमा जागरण, विकास, प्रवर्द्धन र सञ्जालीकरण गरी ४ चरणमा सहकारीहरूका लागि कार्यक्रमहरू तय गरी क्षमता अभिवृद्धि, सुशासन, तालिम र शिक्षासँगै उद्यमशीलता प्रवर्द्धनमा आधारशिला कार्यक्रमले काम गर्नेछ ।

# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अनुशिक्षण कार्यक्रम सम्पन्न




काभ्रे तथा काठमाडौं जिल्लाभर कार्यक्षेत्र रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत आफ्नो छुट्टै पहिचान बनाउन सफल विन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लि. ले १ दिने सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । संस्थाका अध्यक्ष प्रदिप थापाको सभापतित्वमा फागुन २८ गते सम्पन्न उक्त कार्यक्रममा नेपाल राष्ट्र बैकका पूर्व निर्देशक श्यामकृष्ण दाहालले सहजीकरण गर्नुभएको थियो ।

सहजीकरण गर्नुहुदै निर्देशक दाहालले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ऐन–२०६४, नियमावली– २०७३ तथा सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ (दोश्रो संशोधन, २०७७) तथा सहकारी विभागबाट जारी भएको एकीकृत निर्देशिका–२०७८ सम्वन्धी अन्तरक्रियात्म रूपमा सहजीकरण गर्नुहुदै उहाँले यसमा सहकारीको दायित्व र जिम्मेवारी सम्वन्धी व्यवस्था स्पष्ट पार्नुभएको थियो । कार्यक्रममा उहाँले सम्पत्ति शुद्धीकरणको पूर्णपालना नगर्दा हुने जोखिम तथा कार्वाही सम्बन्धी विभिन्न घटनाहरू सहित प्रस्तुत गर्नुभएको थियो । सोही कार्यक्रमका अवसरमा संस्थामा स्थायी नियुक्ति हुनुभएका २१ जना कर्मचारीलाई संस्थाका अध्यक्ष प्रदिप थापाले नियुक्ति पत्र समेत प्रदान गर्नुभएको थियो ।

संस्थाका सञ्चालक समिति, उपसमिति एवं कर्मचारी सहित १३७ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष भिमसेन प्रसाद सापकोटाले राख्नु भएको थियो भने कार्यक्रम सञ्चालन नायव प्रमुख कार्यकारी अधिकृत त्रिलोचन घिमिरेले गर्नुभएको थियो ।

# एक्सेस अभिमुखीकरण




काभ्रेको बनेपास्थित बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्थाको शिक्षा तथा प्रकाशन उपसमितिको आयोजनामा एक्सेस अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

साकोसको २१ औं वार्षिक साधारणसभाबाट निर्वाचित सञ्चालक समीति, लेखा सुपरिवेक्षण समिति र तत्पश्चात नियुक्त उपसमिति सहित नयाँ कर्मचारीहरूलाई एक्सेस कार्यक्रमबारे जानकारी गराउने उद्देश्यसहित अभिमुखीकरण आयोजना गरिएको साकोसले जनाएको छ । एक्सेस कार्यक्रमका सम्बन्धमा ज्ञान तथा धारणा विकास गर्ने र पुराना समिति, उपसमितिका पदाधिकारी तथा सदस्यहरू र कर्मचारीहरूलाई समेत पुनर्ताजगी प्रदान गरी साकोसको गुणस्तर अभिबृद्धिमा थप उर्जा थपिने विश्वास लिइएको साकोसका शिक्षा तथा प्रकाशन उपसमितिका संयोजक प्रकाश भुर्तेलले जानकारी गराउनुभयो ।

११२औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा मंगलबार आयोजित कार्यक्रम शिक्षा तथा प्रकाशन उपसमितिका संयोजक भुर्तेलको सभापतित्व र साकोसका अध्यक्ष कैलाश के.सी.को प्रमुख आतिथ्यतामा भएको थियो । अभिमुखीकरण सहजकर्ता नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख दुर्गा प्रसाद ढकाल हुनुहुन्थ्यो ।

कार्यक्रममा सहजकर्ता ढकालले एक्सेसका ८६ वटै सूचकहरूको बारेमा सहभागीहरूलाई जानकारी गराउँदै सहकारी संस्था सञ्चालनमा सुरक्षित र गुणस्तरीय सेवा प्रवाहको संस्कार मार्फत सदस्यहरूको सन्तुष्टिलाई प्राथमिकतामा राखी बचत तथा ऋण सहकारी अभियानको गुणस्तरीय छवि सुनिश्चित गराउने कार्यक्रमको सोच रहेको जानकारी गराउनुभएको थियो ।

एसियाली ऋण महासंघ (अकू) को प्राविधिक सहजीकरणमा नेफ्स्कूनले २०६३ देखि एक्सेस कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । एक्सेस कार्यक्रम बचत तथा ऋण सहकारीहरूमा स्वः नियमनमार्फत गुणस्तर कायम गर्न अकूद्वारा विकास गरिएको गुणस्तर सुनिश्चितता एवं अन्तर्राष्ट्रिय प्रतिकीकरण (एक्सेस ब्राण्डिङ) कार्यक्रम हो ।

# डाक्नेश्वरी नगरपालिकासँग आधारशिला सम्झौता



सप्तरीको डाक्नेश्वरी नगरपालिकासँग आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता भएको छ । नगरपालिकामा माघ २४ गते आयोजित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राम किसुन यादव र नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमल्सिनाले आधारिशला कार्यक्रम कार्यान्वयन सम्झौतामा हस्ताक्षर गर्नुभयो । कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ अधिकृत नविनराज दाहालसँगै नगरपालिकाकी सहकारी शाखा प्रमुख, स्थानीय समाजसेवी लगायतको उपस्थिति थियो । आधारिशला कार्यक्रम स्थानीय निकायहरूसँगको समन्वय र सहकार्यमा सबै प्रकृतिका सहकारीहरूको सशक्तीकरण गर्ने नेफ्स्कूनको पछिल्लो कार्यक्रम हो । पछिल्लो समय यो कार्यक्रमको लोकप्रियता बढ्दै गएको छ । स्थानीय तहहरू पनि नेफ्स्कूनले सञ्चालन गरेको यो कार्यक्रममा सहभागिता जनाउँदै आफ्नो क्षेत्रका सहकारीहरूको जागरण, विकास, प्रवर्द्धन र सञ्जालीकरणका कार्यक्रमप्रति क्रियाशील छन् ।

# सदस्यहरुमा आर्थिक सशक्तीकरणको ज्योति फैलाउँदै सुदूरपश्चिमको जीवनज्योति

सुदूरपश्चिम प्रदेशको बैतडी भौगोलिक विकटताका बाबजूद पर्यटन, जलश्रोत, वनजङ्गल, जडिबुटी, बन्यजन्तु लगायत प्राकृतिक सम्पदाले धनी पहाडी जिल्ला हो । सुदूरपश्चिम खाद्यान्न उत्पादनमा पूर्ण आत्मनिर्भर बन्न नसकेपनि जिल्लाका उत्पादन जस्तै फलफूल, तरकारी, भटमास, ध्यू, मह निर्यात हुँदै आइरहेका छन् । पछिल्लो समय सडक सञ्जालको विस्तार, जिल्लाबासीहरूमा शिक्षा र चेतनास्तर बृद्धिका कारण साक्षरता दर, औषत आयु र प्रति व्यक्ति आय जस्ता सूचकहरूमा उकालो लाग्दो स्थितिमा छ । अन्य क्षेत्रसँगै जिल्लामा बचतको महत्व सिकाउन, व्यवसायका लागि पुँजी अभावको समस्यामा सहयोग गर्न, समुदायका सदस्यबीच सुख दुःखमा सहकार्यको भावना विकसित गराउन समुदायमा जरा गाडेका सहकारी संघ संस्थाहरू पनि लागिपरेका छन् । यस्तैमध्येको एक हो जीवनज्योति बचत तथा ऋण सहकारी संस्था लि. । सहकारी समर्पणको उत्कट अभिलाषा बोकेका युवाहरूले जिल्लाबासीहरूको दुःख सुखमा साथ दिन १६ बर्षअघि स्थापना गरेको जीवनज्योति साकोस लामो संघर्षपश्चात् उचाइको गतिमा लम्किँदो छ ।

**स्थापनाको चरण**:

नेपाल रेडक्रस सोसाइटीको स्थापना दिवसको अवसर पारेर २०६२ वैशाख २५ गते बैतडीका स्थानीय २२ जनाको सहकार्यमा जीवनज्योति बचत तथा ऋण सहकारी संस्थाको प्रारम्भिक चरण सुरू भएको थियो । स्थानीय २ महिला र २० पुरूषको सहभागितामा रू. २५ हजार प्रारम्भिक बचत संकलन भएको थियो । पारस्परिक, सामाजिक, आर्थिक समस्या समाधानमा सहयोग तथा बचत गर्ने बानीको विकास गर्ने उद्देश्यसहित विकसित अवधारणाले भने २०६५ सालमा मात्र पूर्णता पायो । ०६५ साउन १४ गते डिभिजन सहकारी कार्यालय वैतडीमा दर्ता गरी जिल्लामा बचत अभियानको सुत्रपात भएको हो ।

संस्थाका संस्थापक अध्यक्ष तर्कराज लेखक स्मरण गर्नुहुन्छ, "त्यतिबेला केही काम गरौं भनि रू.१०,००० ऋण खोज्दा, सबैतिरबाट यति ठूलो रकमको आवश्यकता किन पऱ्यो भन्ने प्रश्नले हामी सबै अचम्मित भएका थियौं ।"

**संस्थागत सफलता**

२ कर्मचारीबाट सुरू भएको संस्थामा हाल ७ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । ३२ महिला र ३९ पुरूष सदस्यबाट आजभन्दा १६ बर्ष अगाडि सुरू भएको बचत अभियानमा ६७२ महिला र ६६२ पुरूषगरी करिब १३ सय ३४ सदस्य जोडिएका छन् । सदस्य बृद्धिदर औषत १२ प्रतिशत रहेको छ । करिब ८ लाख सेयर पुँजी रहेको संस्थाको ९ करोड बढी ऋण लगानी छ । संस्थाले हाल आफ्नै जग्गा खरिद गरी भवन निर्माणको कार्य समेत अगाडि बढाइरहेको छ ।

जीवनज्योतिले जिल्लाकै स्थानीय जनसमुदायमा आर्थिक सशक्तीकरणको ज्योति फैलाउँदै सदस्यहरूको सुख दुखमा साथ दिइरहेको छ । साकोससँग हाल बचत र ऋण गरी १० प्रकारका सेवाहरू सञ्चालनमा छन् । व्यापारिक, व्यावसायिक तथा लघुउद्यम व्यवसाय ऋण लगानी कार्यक्रम सञ्चालन गरी साकोसले सदस्यहरूलाई लघुवित्त साथै कृषि ऋण प्रदान गर्दै आइरहेको छ ।

सञ्चालक समिति र व्यवस्थापनबीच सुमधुर सम्बन्ध रहेको छ । सदस्यता बृद्धिदर उकालो लाग्दो छ, समुदायमा साकोसको छवि उच्च छ । एक आपसमा सुमधुर सम्बन्ध



विकास भएको छ । सदस्यता बृद्धि साकोसको सकारात्मक पक्ष हो भने यसले समुदायमा पनि बचत शिक्षाको ज्ञान विस्तार गर्दै बर्तमान पुस्ताबाट भावी पुस्तासम्मलाई आर्थिक सशक्तीकरणको बाटो पहिल्याउन सहयोग पुऱ्याएको छ ।

सदस्यता बृद्धिसँगै सदस्यहरूको आर्थिक सशक्तीकरणको क्षेत्रमा सहकारीमार्फत भएका कामहरू समुदायमा प्रशंसनीय बनेका छन् । सदस्यरूमा बचत गर्ने बानीको विकास भएको छ । बैंकिङ कारोवारमा महिला सहभागितामा बृद्धि भएको छ, व्यावसायिक आर्थिक लगानी मार्फत स्वरोजगार सृजना भएको छ ।

साकोसका अध्यक्ष कैलाश कुमारका अनुसार, "साकोसले सञ्चालक एवम् कर्मचारीहरूको क्षमता विकासका लागि निरन्तर तालिम शिक्षाका कार्यक्रमहरूमा जोड दिँदै आएको छ । सहकारी विभाग र नेफ्स्कूनबाट सञ्चालित लेखा सम्बन्धी तालिम, पर्ल्स अनुगमन प्रणाली तालिम, रणनैतिक योजना निर्माण तालिम, सफ्टवेयर सञ्चालन तथा ब्यवस्थापन लगायत विविध तालिमहरूमा साकोस सञ्चालक एवम् कर्मचारीहरूको सहभागिता रहेको छ ।"

सुरक्षा कवचको रूपमा रहेको स्थिरीकण कोषमा साकोसले गतबर्ष बाटै आफ्नो लागि योगदान सुनिश्चित गरिसकेको छ । सहकारी ऐन, २०७४ ले गरेको व्यवस्था अनुरूप दिगो सहकारी निर्माणमा कोषको योगदान उल्लेख भई विषयगत केन्द्रीय संघ नेफ्स्कून अन्तर्गत रहनेगरी कोष सञ्चालन हुनुसँगै साकोस अभियानको सबलता चुलिएको छ ।

नेफ्स्कूनले प्रत्येक बर्ष प्रदान गर्ने प्रदेशस्तरीय उत्कृष्ट पुरस्कारबाट जिवनज्योति साकोस सुदूरपश्चिम प्रदेश उत्कृष्ट पुरस्कार २०७५ बाट पुरस्कृत भएको थियो भने संघको २८औं बार्षिक साधारणसभाबाट उक्त पुरस्कार प्राप्त गरेको थियो ।





त्यसैगरी व्यवस्थापक टेकराज लेखक सुदूरपश्चिम प्रदेश उत्कृष्ट व्यवस्थापक पुरस्कार २०७७ प्राप्त गर्न सफल हुनुभएको थियो ।

## अवसर र चुनौति

जिवनज्योति साकोसका सफलता सँगै अवसर र चुनौतिहरू पनि त्यतिकै सामुन्नेमा रहेका छन् । सदस्य सेवा र सहज वित्तीय उपलब्धतासँग जोडिने प्रविधि प्रयोगमा भने साकोसले चुनौतिको सामना गर्नुपरिरहेको छ । प्रविधिको युगमा समय अनुसार कार्यशैलीमा परिवर्तन गर्न नसक्नु संस्थागत चुनौतीको रूपमा रहेको छ । वित्तीय उपलब्धताको सुनिश्चिततासँगै प्रविधि प्रयोगमा देखिएको चुनौतिले कार्यशैलीमा परम्परा हावी छ ।

यति हुँदाहुँदै पनि साकोससँग सदस्यको अपेक्षा भनेको सरल र सुलभ तरिकाले बैंकिङ सेवाको उपलब्धता नै हो । ऋण लगानीका क्षेत्रहरूको बृद्धि सँगै सरल ऋण लगानीको अपेक्षा सदस्यहरूमा रहेको हुन्छ । संस्थाले सदस्यहरूको कारोबारको नियमितता तथा निजको बचतका आधारमा व्यावसायिक योजना अनुसार र संस्थाको तरलताको आधारमा ऋण लगानी गरिरहेको छ ।

साकोसको भावी रणनीतिक योजना भनेको समय अनुसारको प्रविधियुक्त बैंकिङ सेवाको उपलब्धता नै हो । ऋणको किस्ता अनुसारको भुक्तानी र वित्तीय शिक्षामा साकोसको जोड रहेको छ ।



# नेफस्कून फिल्ड कार्यालय तथा सेवा केन्द्र सम्बन्धी जानकारी

| क्र.सं. | फिल्ड कार्यालयहरू | स्थापना मिति | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|
| १. | चितवन | २०५८ कार्तिक २५ | ०५६-५९८८०४ | nefscunchitwanfo@gmail.com |
| २. | सुनसरी | २०६० षौष १३ | ०२५-५८४८०५ | sunsarifo@gmail.com |
| ३. | बाँके | २०६३ आश्विन १ | ०८१-५३७५९१ | nefscun.nepalgunj@gmail.com |
| ४. | दोलखा | २०६७ आश्विन २ | ०४९-४२१६८४ | dolakhafo@nefscun.org.np |
| ५. | सर्लाही | २०७० जेठ १८ | ०४६-५३०६८७ | nefscunsarlahi@gmail.com |
| ६. | चावहिल | २०७० असार १५ | ०१-४४७९५४४ | nefscunchabahil@gmail.com |
| ७. | ललितपुर | २०७१ वैशाख १० | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ८. | कञ्चनपुर | २०७१ वैशाख २४ | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| ९. | रूपन्देही | २०७१ असार २१ | ०७१-५३०३९० | rupandehifo@nefscun.org.np |
| १०. | पोखरा | २०७२ फागुन १२ | ०६१-५३३३८९ | nefscunpokharafo@gmail.com |
| ११. | झापा | २०७२ फागुन १२ | ०२३-५८५३५५ | nefscun.jhapa@gmail.com |
| १२. | कलंकी | २०७३ भाद्र १५ | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३. | डडेलधुरा | २०७३ आश्विन १८ | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १४. | दाङ | २०७३ आश्विन २० | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १५. | पर्सा | २०७३ मंसिर १२ | ०५१-५२८१०६ | parsafo@nefscun.org.np |
| १६. | लमजुङ | २०७३ पौष २० | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७. | सुर्खेत | २०७४ माघ ४ | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८. | बनेपा | २०७४ फागुन ७ | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९. | न्यूरोड | २०७५ वैशाख १० | ०१-४२२४७६२ | newroadfo@nefscun.org.np |
| २०. | जनकपुर | २०७५ असार २८ | ०४१-५९०५९० | nefscunjanakpur@gmail.com |
| २१. | धादिङ | २०७५ भाद्र १७ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२. | मकवानपुर | २०७५ आश्विन १७ | ०५७-५२३८१२ | makawanpurfo@nefscun.org.np |
| २३. | भक्तपुर | २०७५ मंसिर २६ | ०१-५०९३३०३ | nefscun.bhaktapurfo@gmail.com |
| २४. | गोंगबु | २०७७ श्रावण ३२ | ०१-४९५१५६५ | nefscun.gongabu@gmail.com |

| क्र.सं. | सेवा केन्द्रहरू | स्थापना मिति | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|
| १. | लेटाङ | २०७५ मंसिर १७ | ०२१-५६०६०५ | letangnefscun@gmail.com |
| २. | भुमही | २०७६ असार २० | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| ३. | टाँडी | २०७६ मंसिर १ | ०५६-५६०७८९ | tandisc.nefscun@gmail.com |
| ४. | मन्थली | २०७७ श्रावण २६ | ०४८-५४०४१० | nefscunramechhap@gmail.com |
| ५. | विराटनगर | २०७७ कार्तिक २३ | ०२१-५९०४१५ | biratnagarsc@gmail.com |
| ६. | खैरहनीटार | २०७७ कार्तिक २६ | ०६५-४१२२०५ | nefscunkhairenitar@gmail.com |
| ७. | सुर्यविनायक | २०७८ श्रावण ८ | ०१-६६१२९४० | nefscunsuryabinayak@gmail.com |
| ८. | विर्तामोड | २०७८ श्रावण १३ | ०२३-५९०४१९ | nefscun.birtamod@gmail.com |
| ९. | धनगढी | २०७८ श्रावण २५ | ०९१-५९०५१० | nefscun.dhangadhi@gmail.com |
| १०. | सिन्धुली | २०७८ मंसिर १४ | ०४७-५९०३०० | nefscunsindhuli@gmail.com |
| ११. | म्याग्दी | २०७८ पुस २८ | ०६९-५२२०८९ | myagdisc.nefscun@gmail.com |
| १२. | पेप्सीकोला | - | ०१-५९१०९९३ | pepsicola.nefscun@gmail.com |
| १३. | लहान | - | ०३३-५९००३३ | lahan.nefscun@gmail.com |
| १४. | चापागाऊँ | - | ०१-५२६५३६७ | chapagaunsc.nefscun@gmail.com |

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.**

नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७९१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np

वेबसाइटः www.nefscun.org.np

# IMELiFE कर्जा म्यादी
## जीवन बीमा योजना

## आइ.एम.ई. कर्जा म्यादी जीवन बीमा योजना
## I.M.E. Credit Term Life Policy

### विवरण:

मानव जीवन संग सम्बन्धित जीवन बीमा,लघुवित संस्थाहरुको बचत तथा ऋण सहकारी संस्थाहरुद्धारा आफ्ना ग्राहकलाई प्रदान गरिने विभिन्न कर्जाको सुरक्षणको लागि यो बीमा योजना बजारमा हामीले ल्याएका छौं ।

यस अन्तर्गत बिभिन्न ब्यक्ति, संस्थाका शेयर सदस्यहरु, बचतकर्ताहरु र संस्था मार्फत कर्जा लिएका ऋणीहरुको न्युनतम बीमाशुल्कमा जीवन बीमा गरी वितीय संस्थाहरुको कर्जा सुरक्षित समेत गर्न सकिनेछ । बीमित व्यक्तिको बीमा अवधि भित्र कुनै पनि कारण (कालगति, दुर्घटना, कुनै रोग वा अन्य कुनै अज्ञात कारण) बाट मृत्यु भएमा बीमा बराबरको रकम सहित भुक्तानी गरिने छ । साथै काजक्रिया खर्च वा दुर्घटनाको कारणबाट आंशिक वा पूर्ण स्थायी अशक्तताको समेत जोखिम बहन गरिने छ ।

| | |
|---|---|
| १. न्यूनतम प्रबेश उमेर: | १६ वर्ष |
| २. अधिकतम प्रवेश उमेर: | ६५ वर्ष |
| ३. न्यूनतम बीमा अवधि: | १ वर्ष |
| ४. अधिकतम बीमा अवधि: | ९ वर्ष |
| ५. अधिकतम उमेर परिपक्वतामा: | ६६ वर्ष |
| ६. न्यूनतम बीमाङ्क रकम: | रु. १०,०००/– |
| ७. अधिकतम बीमाङ्क रकम: | रु. २०,००,०००/– |
| ८. बीमा शुल्क भुक्तानी तरिका: | वार्षिक । |
| ९. चुक्ता मुल्यरसमर्पण मूल्यरकर्जा: | बीमालेख अन्तर्गत यी सुबिधाहरु उपलब्ध हुने छैन । |

**IME Life Insurance Company Ltd.**
3rd Floor, Hathway Complex, Lainchaur, Kathmandu | P. Box 740 | 977-01-4024071
info@imelifeinsurance.com | www.imelifeinsurance.com



www.iginepal.com

निर्जीवन बीमा सँग सम्बन्धित
हरेक प्रकारको
जोखिम वहन गर्ने
जिम्मेवारीका साथ अगाडी बढ्दै



IME GENERAL INSURANCE

**IME General Insurance Limited**
Corporate Office : Narayanchaur, Naxal, Kathmandu, Nepal
Phone (Hunting) : +977 1 4511510 | Fax : +977 1 4511736 | Email : info@iginepal.com